
साई साहित्य

एक चिन्तन

– प्रा. अनिलकुमार




अनुवादकहरु

बलराम पौड्याल   निरञ्जन पौड्याल

મિહિરા સ(

મહેશ ઉપાંગ
૦૨૯।૪।૨૬



साई साहित्य

एक चिन्तन

— प्रा. अनिलकुमार



प्रा. अनिलकुमार भगवान् श्री सत्य साईबाबाको साथमा

"भगवान्को सन्देशवाहकको रुपमा तिमीले प्रेम र विनम्रताकासाथ
सेवा गर्दैजाउ । प्रेम र सेवाको माध्यमबाट तिमी
भगवान्को सामिप्यमा आएर उनीसँग
एकाकर हुनेछौ ।"

- भगवान् श्री सत्य साई बाबा -

प्रकाशक : सत्य साई नेपाली पुस्तक तथा प्रकाशन समिति नेपाल।

यस पुस्तकका निम्ति : सत्य साई केन्द्र, गौशाला
काठमाडौं-९, नेपाल।
फोन नं. ४८७७२४
४७०५९०

प्रकाशन मिति : भगवान् श्री सत्य साई बाबाको ७३ औं शुभ-जन्मोत्सव
नोभेम्बर २३ , १९९८
मंसीर ७ , २०५५

Title of the Book : Reflections on Sai Literature
(-Talks by Prof. K. Anil Kumar.)

Transcription by : Madhuri D. Kara


संस्करण : प्रथम

प्रकाशित प्रति : २००० थान

सहयोग स्वरुप : ने. रु.:- ६०।-
भा. रु.:- ४५।-

मुद्रण : सम्झना प्रेस
क्वालिटी प्रिन्टर्स एण्ड बाइण्डर्स
ठमेल, काठमाडौं।
☎ - ४१४८७६
- ४१९०९५

कम्प्यूटर कम्पोज : बिकास बस्नेत
सफ्टेक कम्प्यूटर ई.प्रा.लि.
नयाँ बानेश्वर, काठमाडौं
फोन नं. ४८४२५०



समर्पण



भगवान् श्री सत्य साई बाबाको ७३ औं शुभ-जन्मोत्सवको उपलक्ष्यमा
भगवान्को चरणकमलमा सादर समर्पित

कृतज्ञता

भगवान् श्री सत्य साई बाबाले दिनु हुने सन्देश तथा प्रवचनहरुलाई बाबाको निकटमा रही अंग्रेजी भाषामा रुपान्तर गरी स्पष्ट बुझाउनु हुने प्रा. के. अनिलकुमारद्वारा लिखित यो "साई साहित्य एक चिन्तन" भन्ने पुस्तकबाट समाजका सबै वर्गलाई आध्यात्मिक ज्ञान तथा नैतिक उत्थान गर्नुको साथै भगवान् बाबा र उहाँका कार्यहरुसँग परिचित हुन ठूलो सहयोग मिल्नेछ ।

यस पुस्तकका विद्वान लेखक प्रा. अनिलकुमारले विभिन्न स्थान र विभिन्न शिर्षकमा दिनुभएका बाबा सम्बन्धी आफ्ना अनुभवहरुबाट सर्वसाधारण नेपाली समाज, यूवा तथा प्रौढहरु सबैलाई ठूलो मद्दत पुग्ने आशा लिएका छौं ।

अन्तमा यस पुस्तक प्रकाशन गर्नमा प्रत्यक्षरुपमा सहयोग गर्नुहुने सफ्ट टेक कम्प्युटर ई.प्रा.लि. का प्रबन्ध निर्देशक श्री जनार्दन घिमिरे ज्यू तथा श्री बिकास बस्नेत ज्यू, सम्झना क्वालिटी प्रिन्टर्स एण्ड् बाइन्डर्सका श्री तिर्थ ज्यापु ज्यू तथा अन्य सहयोग पुऱ्याउनुहुने महानुभावहरु लगायत अप्रत्यक्ष रुपमा यस पुस्तकलाई जनमानसमा पुऱ्याउनु हुने सम्पूर्ण सबैलाइं धन्यवाद टक्र्याउँछौं ।

यसमा हुन गएको भूल त्रुटीहरुको लागि क्षमा प्रार्थी छौं । आशा छ यस पुस्तकको माध्यमबाट पाठकवर्गले अवश्य बाबाको अमूल्य सन्देशहरुबाट व्रहुमूल्य लाभ उठाउनुहुनेछ । साथै, यहाँहरुको अमूल्य सुझावहरुको आशा गर्दछौं ।

ॐ श्री साई राम ।

अनुवादकहरु
तथा
प्रकाशन समिति

भक्तजन हो,

यस अभियानमा लागेका तिमीहरु प्रत्येकले आफ्नो जीवनकालमा नै अपूर्व र महत्वपूर्ण भूमिका निभाउनु छ। याद गर जसलाई म आव्हान गर्छु त्यसले मात्र मेरो सेवा गर्न सक्छ।

अहिले मेरो अभियान तिमीहरु प्रत्येकले काम गर्नु पर्ने स्थानमा आइपुगेको छ। यो महान् ब्रम्हाण्डमा (Galaxy) यो शरीर (Planet) ले एउटा लक्ष्य लिएर आएको छ। त्यो लक्ष्य यहाँ तिमी हामी सबैको अगाडि प्रस्तुत छ। म तिमीहरु सबैलाई यहाँ आउने अरुहरु भित्रको अदृश्य शक्ति हेर्नको लागि तिमीहरु (आफु) भित्र रहेको अदृश्य भक्तिको ज्योति बाल्न आव्हान गर्दछु।

मेरो यस प्रकारको लक्ष्य बिल्कुलै मौन रहेर मात्र पूरा गर्न सकिन्छ। मेरो प्रेमका श्रोत तिमीहरु नै हौ। एउटा कुरा याद राख तिमीहरुमा अहङ्कार आउने बित्तिकै मेरो काम रोकिन्छ। तिमीहरुद्वारा नकारात्मक प्रवृत्तिको बिजय हुनासाथ तिमीहरु पुनः मेरो श्रोत बन्ने छौ।

मेरो प्रेम विश्वभरि जतातती फैलिएर सबैले थाहा पाउनेछन्। मैले तिमीहरुलाई यो काम गराउन कति जुनी फेराउँदै आफूकहाँ खिचेर ल्याएको छु। मैले यो मेरो अभियानको लागि पूर्व अवतारहरुदेखि नै ठूलो फड्को मार्दै आएको छु। मेरो र तिमीहरुको यो काम निरन्तर चलिरहने छ।

याद गर म तिमीहरुको भित्र र बाहिर जतातती हुन्छु। यसमा कुनै फरक छैन। सानातिना कुराको आसक्तिबाट टाढै रहु। अब तिमीहरु म र म तिमीहरु भई सक्यौं। यसमा पनि कत्ति सन्देह छैन। म र तिमीहरु एकै भएको हुँदा सबैले हामी दुवै थरीमा भएको भगवान्को दर्शन

पाउनेछन् । तर तिमीहरुले थाहै नपाइकन यो कार्य निरन्तर भइरहनेछ । तिमीहरुले आफ्नो हृदय र मन शुद्ध र चोखो राख्यौभने तिमीहरुकै जीवनकालमा सबै मानव जातिले तिमीहरुको अपूर्व गुणबाट लाभ उठाउनेछन् ।

मैले आव्हान (बोलावट) गरेपछि अरुहरु पनि मलाई सहयोग गर्न यस अभियानमा आउनेछन् । सबै मानवजाति एकजुट भईरहने समय आएको छ । त्यो समय मानिसले आशा राखेको भन्दा पनि छिटै आउने छ । त्यो समय आउनुभन्दा पहिले नै सबै जना प्रमुख उद्देश्य प्राप्तिकोलागि आवश्यक पर्ने सबै कुरा ठीकठाक पारी तयार भई बस । यो अरुहरुले ठानेको जस्तो सामान्य कुरो हुने छैन । यो कसैले प्राप्त गर्न खोज्दैमा पाइने कुरो होइन । यो सबैको पहुँचदेखि बाहिर छ । म यसको सौन्दर्य यति राम्रो र अपूर्व छ कि कसैले सपनामा पनि देखेको छैन होला भन्नसक्छु । जसै तिमीहरु शान्त भई आ-आफ्नो काम पुरा गर्न लाग्छौ त्यसबेला म तिमीहरुलाई हृदयदेखि नै अङ्कमाल गर्नेछु र तिमीहरुको आत्मा उच्च भई माथि उठ्ने छ अनि तिमीहरु मलाई आफू भित्रै देख्ने छौ ।

म यो कुरा माथि सबै ब्रम्हाण्ड मिली एक हुने ठाउँ कैलाश पर्वतबाट भन्दैछु । प्रिय भक्तहरु हो ! मेरो अभियानमा लाग । तिमीहरुको स्वास प्रश्वासमा स्वर्गको फूलको सुगन्ध आउने छ । तिमीहरुको कार्य देवदूतले गरेझैं अनुकरणीय हुनेछ । तिमीहरुको आनन्द नै मेरो आनन्द हुनेछ ।



श्री सत्य साई बाबा

OM SRI SAI RAM

TO   Date: 25.10.96.

Sri: Bala Ram Poudyal
&
Sri: Niranjan Poudyal

Dear and Respected Brothers,

Sai Ram. In all humility and reverence I deem it a privilege on coming to know that you are translating my talks titled "Reflections" into Nepali language. The contents are absolutily Bhagawan Baba's divine discourses and every one has a birth right to know and a duty to practice.

I most gladly pray Baba to guide and inspire you so that you will bring in the true spirit behind my talks.

I have the pleasure to permit you with all respectful prayers to Swamy. you are free to alter/modify/change/rewrite for clarity and improvement.

Sai Ram.

Prasanthinilayam.   Yours in Sai forever
25-10-1996.

(signature)

(K. ANILKUMAR)

विषय-सूची



१.

उहिले र अहिले (Then & Now)

आजको यो उहिले र अहिले भन्ने विषयमा बाबाले पहिलेको र अहिलेको धार्मिक अवस्था र त्यसको पृष्ठभूमि सम्बन्धी कुरामा यसरी व्याख्या गर्नु भएको छ। उहिले प्रत्येक धर्म र समाजमा बाजे, बज्यैहरुले आफ्ना केटाकेटी नातिनातिनाहरुलाई राम्रा राम्रा कविताहरु, कथा, लोरी, भगवान्का भजनहरु सुनाउँथे। बालकहरु पनि उनीहरुले मौखिक भनेको सुनेर नै सिक्दथे। उनीहरु धार्मिक कथा, भजन आदि सुन्दा सुन्दै निदाउँथे। त्यसबखतको चलन नै त्यस्तो थियो। त्यसको विपरीत आजकल सिकाउनुको नाममा, "बाबा ब्ल्याक सीप ह्याभ यु एनी उल (Ba... Ba... Black Sheep......)" अर्थहीन र अनुपयोगी बाल गीतहरु सिकाइन्छ। पवित्र धार्मिक ग्रन्थहरुको वास्ता गरिदैंन।

सनातन धर्ममा वेदलाई पवित्र मानिन्छ तर आज यस्तो पवित्र वेदका वाक्यहरु विवादका विषय बन्न पुगेका छन्। कुरान, बाइबल, धम्मपद जस्ता पहिलेका प्रसिद्ध धार्मिक ग्रन्थहरु सबै अपहेलित अवस्थामा छन्। मानिसहरु त्यसका नियम उपदेशको वास्ता नगरी मनपरी उद्देश्यहीन, अर्थहीन जीवनयापनतर्फ प्रोत्साहित हुन पुगेका छन्। तिनीहरु सजाएर राख्ने अलङ्कार भएका छन्। शिक्षाप्रद सनातन कविताहरु अर्थहीन र खल्लो बन्न पुगेका छन्।

पहिलेका धार्मिक ग्रन्थहरु, वीर कथाहरु, ऐतिहासिक घटनाका किताबहरु सबै अपहेलित छन्। कोही पनि यस्ता किताबहरु अध्ययन गर्न मन गर्दैनन्। पहिले तिनै किताबहरु ज्ञान र प्रेरणाका स्रोत मानिन्थे भने अहिले भिडियो, रेडियो, टि.भी. जस्ता उपकरणलाई प्रेरणाको श्रोत मानिन्छ जसमा हत्या, उपद्रव, लडाई तथा हिंसात्मक दृश्यहरु आदि देखाइन्छ। त्यसबाट केटाकेटीहरुले दुर्गुणहरु सिक्दै छन्।

गुरु या शिक्षक आज समाजमा बोझ झैं ठानिन्छन्। दैविक कुराहरु सुन्न कसैलाई पनि समय छैन तर मानिसहरु कम्प्यूटर विज्ञान र खाद्य प्रविधिको कुरा गर्न भने तम्सन्छन्। के हामीले कहिल्यै सोचेका छौं कि चरा चुरुङ्गि र जनावरहरुले कुनै प्रविधि वा विज्ञान विना नै पनि त खाइरहेका छन्, बाँचिरहेका छन्। मानवीय गुणका कुरा गर्छु भन्दा सुन्न कसैलाई फुर्सद छैन। तर सबैलाई अमानव बन्न चाहिं प्रशस्त समय छ। मानवबाट जनावरहरुको स्तरमा झर्न भने फुर्सद छ।

त्यही कारणले गर्दा आज ईश्वर गुरुको रुपमा आउनु भएको छैन । गुरु या सन्त कसैले पनि पवित्र ग्रन्थको विषयमा केही भन्छु भन्यो भने कम्प्यूटर विज्ञानको जमाना भएकोले भन्न खोज्नु भएको कुरा छोटकरीमा भन्नुहवस् तथा त्यसको सारांश लेखिदिनु भएमा म यहाँलाई धन्यवाद दिनेथिएँ भन्छन् । आज गीता बारे केही सुन्न पनि मन गर्दैनन् तर गीताको उल्टो "तागी" (तेलेगु भाषामा मादक पदार्थ (जाँड रक्सी) मस्त पिएर बस्न भने चाहन्छन् ।

भगवान् बाबाले एकपल्ट बैकुण्ठमा हुँदाको विष्णु भगवान् र महालक्ष्मीको कथा सुनाउनु भयो । एकदिन विष्णु भगवान् पल्टिरहेको अवस्थामा लक्ष्मीले पाउ दावी सेवा गरिरहनु भएको थियो । त्यसबखतमा नारदजी त्यहाँ पुग्नु भयो । भगवान् विष्णुले हालखबर के छ भनी सोद्धा नारदजीले हजूरको दयाले सबै राम्रो छ भनेको सुन्दा लक्ष्मीलाई म धन दौलतकी देवी, मैले गर्दा सबै राम्रा भएका हुन् कसरी नारदले विष्णुलाई हजूरको कृपाले सबै राम्रो छ भनेका होलान् भन्ने लागेर नारदलाई, "मेरो कृपाले जनता खुशी भएका हुन्, म सबैलाई सुखी तुल्याउँछु भन्ने कुरा तिमीलाई थाहा छैन " भनी लक्ष्मीले नारदलाई भन्नुभयो ।

नारदले पनि लक्ष्मीसँग हजूरहरु दुईजनामा को ठूलो निर्णय गरिबक्सियोस् भन्नुभयो । विष्णुले पनि लक्ष्मीसँग, "विचार विमर्श गरी तिम्रो अथवा मेरो कसको कारणले जनता खुशी भएका रहेछन् आज निर्णय गरौं" भन्नुभयो । त्यसपछि विष्णु सन्तको भेष लिएर पृथ्वीतलमा आउनुभयो र जनतालाई, "म वेदको महत्वबारे तिमीहरुलाई बताउन आएको हुँ । वेद र विष्णु फरक छैनन्" भन्दै वेदको महत्व सुनाउँदा सुनाउँदै मानिसको भीड बढ्दै गयो । त्यो देखेर लक्ष्मी पनि आफ्नो पूरा शक्ति लिएर विष्णु भगवान्ले सभागरेको ठाउँको ठीक अगाडि आएर प्रवचन गर्न थाल्नु भयो । "हेर! म लक्ष्मी हुँ, मेरा निश्चित नियमहरु छन् । म बिहानको जलपान एउटा गृहस्थीको घरमा खान्छु, दिउँसोको खाना अर्कै गृहस्थीकहाँ र रातीको खाना अर्कैको घरमा खाने गर्छु । जहाँसुकै जाँदा पनि म सुनको असर्फी भएको घडा (गाग्री) लैजान्छु र स्वतन्त्रतापूर्वक आफूले खाएको घरपट्टीहरुलाई असर्फी दिँदै जान्छु" भन्नुभयो । यो सुन्नासाथ विष्णुको सभामा भएका जनता सबै लक्ष्मीको प्रवचन सुन्न गए । विष्णुको सभा रित्तो भयो । यस प्रकार लक्ष्मीले महाविष्णुलाई जित्नु भयो ।

त्यसपछि महाविष्णु केही काम नभएकोले वैकुण्ठमा फर्कनु भयो । लक्ष्मी पनि वैकुण्ठमा फर्केर महाविष्णुको सेवा गर्न लाग्नु भयो । एकदिन नारदजी पनि आइपुग्नु भयो । नारदजीलाई देख्नासाथ लक्ष्मीले, "तपाईं त तीनै लोकमा घुम्ने थाहापाई हाल्नु भयो होलो विष्णुको प्रवचन हजारौंजनाले सुने भने मेरो त लाखौं लाखजनाले सुने " भनी गर्वसाथ भन्नुभयो । त्यसपछि नारदजीले लक्ष्मीसँग मेरो एउटा सानो शंका छ भन्नु हुँदै सोध्नुभयो, "अहिले हजुर कहाँ होइबक्सन्छ ?" लक्ष्मीले, "देख्दैनौ! अहिले महाविष्णुको पाउ दवाईरहेको छु" भनी उत्तर दिनुभयो । नारदजीले फेरि सोध्नुभयो – "यो भन्दा पहिले हजुर कहाँ होइबक्सिन्थ्यो त ?" महालक्ष्मीले, "म पृथ्वीतलमा प्रवचन दिन गएकी थिएँ" भनी जवाफ दिनुभयो । त्यसपछि नारदजीले लक्ष्मीलाई पुनः, "त्यहाँ के भयो त ?" भनी सोध्नुभयो । महालक्ष्मीले, "भगवान् विष्णु जानु भएकोले पछि लाग्दै गएकि थिएँ, पछि महाविष्णु आउनु भएकोले म पनि फर्कि आएँ" भनी जवाफ दिनुभयो । "उसो भए विष्णु जता जानुभयो हजूर उतै पछि लाग्ने हुनाले सारा विश्व विष्णुकै कृपाको कारणबाट चलेको रहेछ । विष्णुको सेवा गर्दा लक्ष्मीको स्वतः पुजा हुँदो रहेछ । त्यसकारण विष्णु भगवान्को महत्व बढी देखिन्छ" भनी नारदले निष्कर्ष दिनुभयो । तर आज हामीलाई लक्ष्मी चाहिएको छ नारायण होइन । पहिलेका मानिस नारायणलाई मान्दथे र लक्ष्मी स्वतः पछि लाग्नु हुन्थ्यो । तर आज हामीलाई नारायणभन्दा लक्ष्मी चाहिन्छ । वास्तवमा नारायण भए पछि लक्ष्मी साथै आइहाल्नु हुन्छ र उहाँहरु दुवैबाट हामीलाई सुविधा र शान्ति प्राप्त हुन्छ । तर हामी यस तथ्यलाई नबुझी नारायणलाई छुट्याउन खोज्दछौं ।

अब आयो उहिले र अहिलेमा सबैभन्दा उत्तम र सफल व्यक्ति को हो भन्ने कुरा । पहिले सबैभन्दा उत्तम र असल व्यक्ति सत्य (Truth) अनुशरण गर्नेलाई मानिन्थ्यो । सत्यकोलागि प्राण आहुति गर्नेलाई असल र सफल मानिन्थ्यो । तर अहिले जो झुठो, फटाहा, लुच्चा र ठग छ त्यसैलाई असल र सफल ठानिन्छ ।

पहिले कसलाई इज्जत र आदर गरिन्थ्यो ?

पहिले जो धर्मात्मा, समभाव, असल र त्यागी थिए त्यसलाई इज्जत र आदर गरिन्थ्यो । आजकल बैंकमा जसले धेरै रुपैयाँ संचित गरेको छ त्यसलाई आदर गरिन्छ। त्यो नै आदरणीय हुन्छ। यसरी उहिले र अहिलेमा आकाश र जमीनको भिन्नता पाइन्छ। भगवान् भन्नुहुन्छ मानिस २ प्रकारका हुन्छन् – सज्जन र दुर्जन (खराब) । पहिले भगवान्‌ले दुर्जन मानिस जति सबैलाई मारिदिनु भयो र सज्जनलाई बचाउनु भयो। तर आज दुर्जन मानिस कसलाई भन्ने ? सज्जन र दुर्जन मानिस छुट्याउनै गाह्रो छ । बिहान त्यही सज्जन भएको मानिस साँझ परेपछि खराब (दुर्जन) हुन्छ । बिहान योगबाटै उसको दिन शुरु हुन्छ , सम्पूर्ण दिन सौंख र भोगमा बिताउँछ र अन्त्यमा रोगमा समाप्त हुन्छ। यसरी एउटै मानिसमा असल र खराब गुण दुवै मिश्रित हुन्छ । उहिले एकातिर सज्जन मानिस र अर्कोतिर खराब मानिस हुन्थे । भगवान्‌ले सज्जन मानिसलाई ढाडस र प्रेरणा दिनुहुन्थ्यो र दुष्टलाई दण्ड दिनुहुन्थ्यो। भगवान्‌लाई पनि काम गर्न सजिलो थियो। भौगोलिक हिसाबले पनि काम धेरै सजिलो थियो । जस्तै रामको पालामा (त्रेतायुगमा) लंकाका मानिस खराब र दुष्ट थिए । त्यहाँका खराब र दुष्ट मानिसहरुलाई नाश गरेपछि सज्जनहरु जोगिए । अहिलेका मानिसले भगवान्‌लाई जितेका छन् । आजकलका मानिस ईश्वरसँग तपाईंले मलाई बदल्न असम्भव छ भन्छन् ।

त्यसपछि आएर त्रेतायुगमा (रामको पाला) भन्दा द्वापरयुगमा (कृष्णको पालामा) काम अली जटिल भयो।हस्तिनापुरमा नै असल र खराब रहेको हुदाँ छुट्याउन कठिन परेको थियो। कौरव र पाण्डव एकै ठाउँमा बस्दथे। एकै ठाउँमा सज्जन र दुर्जन बस्ने हुँदा कृष्णलाई मुश्किल परेको थियो। आज भोलि झन कठिन र जटिल हुन गएको छ। त्यसबखत कृष्णले जरासंध, शिशुपाल जस्ता दुष्टहरुलाई मार्नुभयो । तर आज भगवान्‌ले दुष्ट भनेर मार्न लाग्नु भयोभने उहाँ आफू बाहेक एकजना पनि बच्ने छैनन्। आज सबैजना बाहिरबाट हेर्दा असल र भला देखिन्छन् तर भित्र खराब र कपटी हुन्छन्। हाम्रो एउटै शरीर दिनमा असल र राती दुष्ट हुन्छ। हामी जे विचार गर्छौं त्यस अनुसार मनमा लिंदैनौं। विचार र वचन अनुसार कार्य हुँदैन। मन, वचन र कार्य सबै मिल्नु पर्छ तर मिलाउने कोही छैनन् ।

त्यसकारण पहिले पहिले शल्यक्रियाबाट उपचार गरिन्थ्यो भने अहिले औषधि उपचार गरिन्छ। अहिले बाबा शल्य–चिकित्सकको रुपमा हुनुहुन्न। उहाँ चिकित्सकको रुपमा हुनुहुन्छ। पहिले उहाँ शल्य चिकित्सकमा स्नातकोत्तर (Master in Surgery) हुनुहुन्थ्यो तर अहिले उहाँ सामान्य चिकित्सा शास्त्रमा स्नातकोत्तर (Master in Medicine) हुनुहुन्छ। हामीलाई उहाँले अन्य प्रकारका औषधि दिनुभयो भने फालिदिने हुँदा उहाँ हामीलाई विशेष प्रकारको मधुर रस दिनुहुन्छ। उहाँ हामीलाई मिठो औषधि मिश्रित होमियोप्याथिकका गोली दिनुहुन्छ। त्यसैकारण बाबाको सन्देश तथा प्रवचन सुन्न विभिन्न वर्ग र समाजका मानिसहरुको भीड लाग्छ। हामीलाई थाहा छ कि हामी विमारी छौं तसर्थ मधुर रस उपचार चाहन्छौ। उहाँले भन्ने कथा तथा हास्य सबै हाम्रै भलाइकालागि हुन्छन्। उहाँले हाम्रो स्वार्थीपना तथा मूर्ख्याइलाई औंल्याइ दिनु पनि हाम्रै फाइदाकालागि हुन्। उहाँको प्रवचन सुनेर हामी हाँस्छौ, थपडी बजाउँछौ तर ती सबै हाम्रै सम्बन्धी कुरा हुन्छन्। हामी हाँस्छौ, आफै मूर्ख बन्छौं। उहाँले जति पनि हामी सम्बन्धी उपमा, हाँसो, नीति शिक्षा दिनुहुन्छ, सबै दुष्कर्महरु त्यागुन् भन्ने उद्देश्य लिई दिनुहुन्छ। उहाँले दिनु भएको मधुमिश्रित प्रेमरुपी चक्किले हामी प्रत्येकमा कस्तो परिवर्तन आउँदैछ, त्यो थाहा पाउँदै जान्छौं।

हामीमा कुन कुराको अभाव छ, के त्रुटी छ, के हुँदै छ सबै थाहा पाउँछौ। उपचार गर्दा औषधि मात्रले हुँदैन। त्यसको साथमा पथ्यको पनि आवश्यकता पर्छ। यदि कसैले औषधि मात्र सेवन गर्छ तर पथपरहेज ख्याल गर्दैन भने उसको अवस्था झन बिग्रन सक्छ। यहाँ पथ्य भनेको साधना र आध्यात्मिक प्रयासलाई भनिन्छ। यस धर्तीमा मानवको रुपमा आउनु भएको भगवान् श्री सत्य साईबाबाले प्रेमलाई औषधि र साधनालाई पथ्य भनी निर्दिष्ट गर्नु भएको छ। हामीले धनवान्, निरोगी र बुद्धिमीन बन्न यसको सेवन गर्नुपर्छ। हामीले उपचार कायम राख्नु पर्छ। उहिले र अहिलेको उपचार विधि भिन्न छ। त्यसबखतका मानिसहरु मन, वचन र कार्यलाई एकैसाथ मिलाएर ठीकसँग काम गर्थे। त्यसबखत मानिसको चित्त (हदृय) शुद्ध हुन्थ्यो भनी बाबा पटक पटक भन्नुहुन्छ। मन, वचन, कर्मको मेल नै चरित्र हो भन्नु हुन्छ। त्यसकारण त्यसबेला चरित्र थियो तर अहिले हराएको छ। उहीलेका मानिस

जे सोच्दथे त्यही बोल्दथे र बोलेका कुरा कामले पुरा गरी देखाउँथे तर आज भोलि हामीले जुन कुरा सोचेकै हुँदैनौं त्यो बोल्छौं र बोलेकाभन्दा फरक काम गरी हिडछौं ।

भर्खरै बाबाले भन्नुभयो, किताब पढेर कण्ठ पार्नकोलागि होइन । कोही कोही टेप रिकर्डरमा जस्तै धार्मिक पुस्तकका श्लोकहरु तथा बाइवलका वाक्यांशहरु कण्ठस्थ पार्छन् । पुस्तक कण्ठस्थ पार्न या पूजा गर्नकालागि लेखिएका होइनन् । तिनीहरु पढेर अभ्यासमा उतार्नकालागि मात्र हुन् । बाबाले पढेका सुनेका, विचार गरेका, बोलेका कुरा अभ्यास गर्नमा जोड दिनु भएको छ । उहिले जनसँख्या हजारमा हिसाब गरिन्थ्यो भने आज जनसँख्याको वृद्धि गुणात्मक रुपमा भएको छ । त्यसबखत जनसँख्या थोरै थियो तर आज यो विश्वकै समस्या बन्न पुगेको छ । अहिले संचारको माध्यमले गर्दा संसारमा सबैलाई निकट गराइसकेको छ । त्यसबखत भगवान् थोरै व्यक्तिसँग मात्र कुरा गर्नु हुन्थ्यो । रामले आफ्नो परिवार र गुरुसँग मात्र बोल्नु हुन्थ्यो । कृष्णले एकजना अर्जुनसँग मात्र बोल्नु हुन्थ्यो । तर आज ५/१० व्यक्तिसँग कुरा गरेर मात्र समस्याको समाधान हुने परिस्थिति छैन ।

वर्तमान अवस्थामा बाबाले अन्तर्राष्ट्रिय स्तरमा पनि चेतना जगाउने माध्यम अन्तर्राष्ट्रिय संचारको प्रयोग गर्नुहुन्छ । उहाँका दैविक वाणीहरु सुन्न हजारौं हजार मानिसहरु जम्मा हुन्छन् । उहिलेका मानिस बुद्धिमान हुन्थे । भगवद्गीतामा ७०० स्लोकहरु छन् । यिनीहरुलाई सिकाउने हो भने कति समय लाग्थ्यो होला ? किनभने त्यो कुनै सभा हल नभएर एउटा रणभूमि थियो । त्यसबखत कृष्णले अर्जुनलाई छोटकरीमा बताउनु भएको थियो । जुन पछि कवीहरुले व्याख्या गरेर ठूलो बनाए । पहिले यो सातसय श्लोकहरुको थिएन । किनभने स्वामीको भनाई अनुसार यसको मौलिकता भिन्नै खालको थियो । स्वामीले त्यसलाई सजिलो र बुझिने भाषामा व्याख्या गरिदिनु भए पनि हामी न त बुझ्दछौं न त अनुशरण नै गर्छौं । त्यसैले उहाँलाई एउटै कुरा बारम्बार दोहोऱ्याई रहनु परेको छ । उहाँ प्रेम, आत्मा, चेतना प्रत्येक विषयमा बराबर दोहोऱ्याई व्याख्या गरिरहनु हुन्छ । त्यसको कारण हामीमा एकाग्रता तथा ध्यान नहुनु हो । बाबाका दिव्य प्रवचन सुन्ने बेलामा पनि हामीलाई सँधै अरु नै सांसारिक कुराले पिरोली रहेको हुन्छ ।

त्यसबखत पूर्ण एकाग्रता हुन्थ्यो भने अहिलेको सम्बन्धमा बाबाले एउटा उदाहरण दिनु भएको छ ।

पूर्ण एकाग्रता :

पहिले पहिले राजा, गृहस्थीहरु र सर्वसाधारण जनता सबै प्रेरणात्मक प्रवचनहरु सुन्न आउँथे। एकपटक शुक ऋषिले प्रवचन गर्न व्यवस्था मिलाएको बखत राजा जनकले आउन ढिला गर्नुभयो र शुक ऋषि पर्खेर बसिरहनु भएको थियो। विद्यार्थीहरु चाहिं किन पर्खिरहने भनी छटपटाउनथाले। शुकले विद्यार्थीहरुको मनको कुरा बुझेर तिनीहरुलाई पाठ सिकाउन एउटा योजना गर्नुभयो। एकदिन राजा फेरि ढिलो गरी आउनुभयो। ऋषिले राजा आएपछि प्रवचन सुरु गर्नुभयो। प्रवचन गर्दागर्दै अकस्मात शुक ऋषिले ठूलो स्वरमा, "ओ हो ! मिथिला शहर त आगोले दन दन बलिरहेको छ, सबै घरहरुबाट आगो लागेर पत्यौल धुँवा आइरहेछ" भन्नुभयो । यो सुन्ने बित्तिकै सबै स्रोतागणहरु आ-आफ्ना धन सम्पत्ति जोगाउन दौडादौड गर्दै गए तर राजा जनक भने कुनै चिन्ता नगरी बसिरहनुभयो। त्यो देखेर ऋषिले सोध्नुभयो, "किन राजन ! हजूर आफ्ना श्री सम्पत्ति जोगाउन जानु भएन ?" राजा जनकले उत्तर दिनुभयो," स्वामी ! कुनै न कुनै दिन हामीले धनसम्पत्ति छोडेर जानै पर्छ अथवा धन सम्पत्तिले हामीलाई छोडेर जान्छ। सबै इन्द्रियसुख आदि हराउँछ र अचेत भएर बस्नु पर्छ। यी सबै कुरा बुझेर नै म यहाँ बसेको हुँ। आगोले सबै वस्तु डढाउँछ। तर आगोले पनि डढाउन नसक्ने, पानीले पनि बगाउन नसक्ने, हावाले पनि उडाउन नसक्ने वस्तु सबैमा एउटा आत्मा छ जसको विषयमा तपाई ज्ञान दिनुहुँदैछ, त्यसैले नै म यहाँ धैर्यसाथ बसेको हुँ भनी उत्तर दिनुभयो।

पहिले मानिसहरु एकाग्रता साथ काम गर्थे। असल र राम्रा कामहरु गरी तिनका फल समेत् सबै भगवान्मा समर्पण गर्थे। आज कसैको ध्यान केन्द्रित छैन। हामी असल काम पनि गर्छौं र खराब काम पनि गर्छौं। यसकोलागि अब हामीले के गर्ने त स्वामी भनी मैले (अनिलकुमार) कोडाईक्यानल (भारतको तामिलनाडु राज्यमा पर्ने ठाउँको नाम) जाँदा बाबासँग, "भगवान्लाई राम्रो कुरा के चढाउने ? हामीले हजुरलाई राम्रो कुरा मात्रै चढाउँ भने कुनै राम्रो कार्य गर्न सकेकै छैन र खराब नै भएपनि चढाउँ भने मनले मान्दैन" भनी अनुरोध गर्दा असल खराब दुवै भगवान्लाई चढाउ भनी बाबाले उत्तर दिनुभयो। मैले भने, "मेरा खराब विचार र भावनालाई कसरी हजूरलाई चढाउँ" । स्वामीले प्रष्ट पार्दै भन्नुभयो - "किन नहुनु हुन्छ ! मानिलेउ तिमीसँग रु. ५००।- को नोट छ। तिमी कतै जाँदा कसैले त्यो चोरिदेला भन्ने डरले जतिखेर पनि खल्तीमा हात हालिरहन्छौ। यदि त्यो रुपियाँलाई बैंकमा लगेर जम्मा गरिदियौ भने तिमी निर्भय हुन्छौ। त्यसैगरी भगवान्लाई जे

चढाउँछौ त्यसको हेरविचार गर्ने काम त भगवान्को नै हुन्छ । अब खराबको विषयमा कुरा गरौं । तिमीसँग च्यातिएको थोत्रो मैलो रु ५००।- को नोट छ रे । के त्यसलाई तिमी फाल्छौ त ? अवश्य पनि फाल्दैनौ होला । बजारमा पनि चल्दैन । तर त्यो नोटलाई रिजर्भ बैंक (राष्ट्र बैंक) मा लगेर साट्यौ भने सफा नोट पाउँछौ । यसैगरी भगवान्ले पनि खराबको बदलामा असल कुरा दिनुहुन्छ ।

उहिले मानिसहरु जे गरे पनि असल कार्य मात्र गर्थे र आफूले गरेका सबै भगवान्लाई चढाउँथे । आज ५०/५० अथवा ६०/४० भिन्ना भिन्नै अनुपात देखिन्छ । यस प्रकार हामीले असल खराब सबै भगवान्मा चढाउनु पर्छ । त्यसबखत मानिसले आफ्नो कर्मको फल मृत्यु पश्चात पाउँथे तर आजकल हामीले कुनै खराब काम गर्‍यौं भने त्यसको फल यसै जन्ममा पाउँछौं किनभने खराब काम यति धेरै छ कि त्यसको चक्र वृद्धि ब्याज तिर्न पनि हाम्रो जीवनले भ्याउँदैन । त्यसैले यही जीवन देखि नै दुःख शुरु हुन्छ । यस प्रकार दुष्कर्मको फल बारे उहिले र अहिलेमा धेरै अन्तर छ ।

उहिलेको जीवन सामान्य रहन सहन र उच्च विचारको थियो । आज जीवन विलासिता, खर्चिलो, ढाँचा, ठस्सा, देखौवा आदिको छ । त्यसबखतको जीवन सदगुणले भरिएको हुन्थ्यो । आजकल शक्ति, पद, उद्दण्डता, उत्ताउलोपना, बैंकमा भएको अर्थहीन नगदको तुजुक आदिले घेरिएको हुन्छ । उहिलेको जीवन आध्यात्मिकताले ओतप्रोत हुन्थ्यो । आज भोलिको जीवन स्वार्थी र स्वार्थपूर्ति बाहेक केही हुँदैन । पहिलेको जीवन सहयोगात्मक हुन्थ्यो र एकले अर्कालाई सहयोग गर्ने हुन्थया भने आजको जीवन एकले अर्कालाई कमजोर गराउने, बिगार्ने आदि हुन्छ । पहिलेको जीवन स्वच्छ प्रेममय हुन्थ्यो तर आज भइरहेको प्रेमलाई समेत् फुटाउने कार्य हुन्छ । उहिले वरपरका मानिसमा भ्रातृत्वको प्रेम र ईश्वर प्रति पितृत्वको प्रेम रहन्थ्यो र सबै एउटै आफ्नो खास परिवार ठानिन्थ्यो । आज प्रत्येक व्यक्तिमा छुट्टिएर बस्ने, अहंकार, घृणा, द्वेष, अनियंत्रित र अरुलाई थिचोमिचो गर्ने प्रवृत्ति हुन्छ । उहिले उहिले एउटा मात्र रोग लाग्थ्यो । आजकल जुन सुकै अवस्थामा पनि अनेक थरीको रोग लाग्न सक्छ । त्यसबखत केही व्यक्तिकोलागि भगवान्ले अवतार लिनु पर्थ्यो तर अहिले भगवान् जताततैको मानिसलाई सुधार्न भनी अवतार लिएर आउनु भएको छ ।

आज हामी कती भाग्यमानी र सौभाग्यशाली छौं । हामी दुःखित हुनुपर्ने कुनै कुरै छैन । त्यो जमानामा मानिसहरुलाई तपस्या गर्नु पर्थ्यो भने आज दयालु भगवान्ले हामीमाथि कृपा गरेर भगवान्को एउटा सानो नामस्मरण, भजन गर्ने सजिलो सूत्र दिनु भएको छ । यसकारण हामी सबै अन्तस्करणदेखि भगवत् नाम स्मरण गरौ ।

२.

पाँच थरी कोष र भगवान् बाबाको बाल्यावस्था एक झलक

(Five Sheaths and Glimpses of Baba's Childhood)

म सत्यको खोजी गर्ने काम र त्यसलाई प्रचारमा ल्याउनु सबैभन्दा उत्तम कार्य र परम कर्तव्य हो भन्ने कुरामा विश्वस्त छु। निरन्तर यस कार्यमा लागिरहनु धेरै लाभदायक हुन्छ। प्रत्येक व्यक्तिमा पाँच थरी कोष हुन्छन्। ती पाँच थरी कोषहरु – अन्नमय कोष, प्राणमय कोष, मनोमय कोष, विज्ञानमय कोष, र आनन्दमय कोष हुन्।

१. अन्नमय कोष

हामीलाई आवश्यक पर्ने खाद्यान्न पृथ्वीमाताले दिन्छिन्। हाम्रो स्थूल शरीर यही अन्नमय कोषले बनेको छ। पशुपक्षीं, मनुष्य सबैमा यो अन्नमय कोष हुन्छ। चराचुरुङ्गी र पशुहरु भोक लागेपछि मात्र खान्छन् तर हामी मनुष्य चाहिं भोकै नलागे पनि खान्छौं। चराचुरुङ्गी र पशुहरु तीर्खा लागेपछि मात्र पिउँछन् तर हामी तीर्खा नलागे पनि पेय पदार्थ पिउँछौ। साथसाथै जाँडरक्सी जस्ता मादक पदार्थ समेत् पिउने गर्छौं। मानव र पशु दुवैकालागि निन्द्रा आवश्यक छ। प्रजनन कार्य पनि मानिस र पशु दुवैमा समान छ। त्यसकारण पहिलोमा आउने अन्नमय कोषको विषयमा हामीले घमण्ड गर्ने कुनै ठाउँ छैन। यो कोष मानिस र पशु दुबैमा समान छन्। हामी सोच्दछौ कि शरीर सम्वन्धी विज्ञान र प्रविधिको विषय हाम्रालागि गर्वको विषय हो तर वास्तवमा त्यो होइन। यो त एउटा लाजमर्दो कुरा हो कि कुनै इन्जिनियरिङ्गको ज्ञान विनानै पनि चरा चुरुङ्गी र पशुहरुले आफ्नो बस्ने बास बनाउँछन्। कुनै कृषि विज्ञानको सिप विनानै खाना प्राप्त गर्छन् र कुनै आरामदायी ओछ्यान विना नै पनि हामीभन्दा राम्रोसँग सुत्छन्। किनभने उनीहरु भविष्यको बारेमा चिन्ता गर्दैनन्, जुन हामी सक्दैनौं। यसैलाई हामी सृष्टि (लीला) भन्छौं। सृष्टिलाई गायत्री पनि भन्न सकिन्छ। यस प्रकार गायत्री, सृष्टि र अन्नमय कोष सबै एकै समान हुन्।

२. प्राणमय कोष

यो कोष मनुष्यको प्राण रक्षक हो । यो कोष हामीले पिउने पानीमा निर्भर गर्छ । यो कोष पनि पशुपंक्षी दुवैकोलागि आवश्यक छ । हाम्रो स्थूल (बाह्य) शरीर खाद्यान्नले बनेको छ भने दोश्रो पानीबाट निर्मित छ । शरीर सुचारु रहनु पर्दछ, आँखा देख्ने हुनुपर्छ र कान सुन्ने हुनुपर्छ । शरीरले काम नगरी त्यसै बस्यो भने प्रदर्शनीमा राखेको मूर्ति जस्तो हुन्छ । शरीरले ठीकसँग काम गर्न सक्नुपर्छ यसकारणले पनि शरीरमा प्राण हुनु महत्वपूर्ण छ ।

उदाहरण: एउटा २० वर्षे केटाको आमाको मृत्यु भएछ । त्यो केटो भुईमा लडिरहेकी आमालाई, "ए आमा ! तिमी कहाँ गयौ" भन्दै डाँको छोडी रोइरहेको थियो । एकजना बुद्धिमान व्यक्ति त्यहाँ आए र" आमा त यहीं छिन् नी, किन रोएको भनी त्यस केटालाई सोधे । "प्राण गइसक्यो" भनेपछि अनि शिक्षित व्यक्तिले भने, "तिम्रो साँच्चैको आमा को हो त ? तिमी आमाको शरीरलाई नै साँच्चैको आमा मान्छौ भने, आमालाई भित्र लगेर राख । बाहिर किन राख्ने ? तिमीसँगै २० वर्षसम्म रहेको आमाको शरीरलाई चितामा किन हाल्ने ?" त्यसैले सास छउन्जेलसम्म मात्र शरीरको महत्व हुन्छ र प्राण गएपछि त दाउरा बराबर पनि महत्व हुँदैन ।

यसै सन्दर्भमा एउटा अर्को उदाहरण : एउटा मानिस सँधै मन्दिर जाने गर्थ्यो । पानी परेको दिन थियो । मन्दिर बाहिर राखेको चप्पल जुत्ता, बराबर साटिने या हराउने डरले गर्दा उक्त दिन उसलाई चप्पल त्यसै छोड्न मन लागेन र नजिकैको पसलेलाई एकैछिन चप्पलको ख्याल गरिदिन अनुरोध गर्दै पसलमा राख्यो । त्यसैदिन त्यसैबेला एउटा धनी मानिसको मृत्यु भयो । पानी झमझम परिरहेको हुँदा लास बोक्ने मलामीहरुले एकैछिन पसलमा लासलाई ओत राख्न पसलेलाई अनुरोध गरे । उनीहरुको कुरा सुनेर, "यो मसान घाट हो कि क्या हो ?" भन्दै त्यो पसले खुब रिसायो । त्यसकारण यो शरीरबाट प्राण जानासाथ यसको मूल्य चप्पल बराबर पनि हुँदैन, प्राण छउन्जेल शरीरलाई अत्तर, कपडा, लुगाले सौन्दर्य दिन्छ तर प्राण गएपछि सडकमा फ्याँकिएको फोहर बराबर पनि हुँदैन । त्यसैले अन्नमय कोषभन्दा प्राणमय कोष धेरै महत्वपूर्ण हुन्छ । दुई दिन पानी खाएन भने शरीर मरेतुल्य हुन्छ । हाम्रो प्राण वायु मेरुदण्डमा रहन्छ । विद्युतीय करेन्ट जस्तै वा बिजुलीको चमक जस्तै हरेक कोषमा अवस्थित हुन्छ । यो मेरुदण्डको नवौं र बाहौं करङको बीचमा हुन्छ । यो प्रकाश शरीरको जुन सुकै कोषमा भइरहन्छ । पागल मानिसमा मानसिक गडबढी हुने हुँदा कसैले पनि उसलाई वास्ता गर्दैन । त्यसैले शरीरभन्दा प्राण प्रमुख छ र प्राणभन्दा पनि महत्वपूर्ण मन छ ।

३. मनोमय कोष :

यो एउटा मनको कोष हो। जीवनभन्दा पनि महत्वपूर्ण भूमिका मनको हुन्छ। मन नभएको मानिस नै हुँदैन। संस्कृत भाषामा मनलाई मानस भनिन्छ। त्यसकारण मानस भएकोलाई नै मानिस भनिएको हो। भगवान् बाबा मन बारे भन्नुहुन्छ, "मन विचारहरुको पोको हो।" विचारहरु हाम्रो भोजनमा निर्भर गर्छन्। हामीले पशुको मासु खायौं भने हाम्रो बुद्धि पनि पशुको जस्तै हुन्छ। तसर्थ मानिसको मन जस्तै गराउने हो भने हामीले पशुको खाना या मासु खानु हुँदैन। मानिसहरु मनको लहडमा मात्र हिंड्छन्। तिनीहरु अरु पनि कोष हुन्छन् भन्ने कुरा बिर्सन्छन्। पहिलो तीन कोषहरु अर्थात् अन्नमय, प्राणमय र मनोमय कोषमा नै सन्तुष्ट हुन्छन्।

उदाहरण : बैंकमा तिम्रो वचत खातामा, मुद्दती खातामा, चक्रवृद्धि ब्याज आउने खातामा रुपियाँ छ रे ! तिमीले सुन पनि बैंकमा राखेका छौ। तिमीले विभिन्न पाँच खातामा रुपैयाँ राखेका छौ तर तिमी ३ वटा खाताको मात्र विचार गर्छौं। तिम्रो त अरु २ खाताहरु पनि छन् नि ? तिनीहरुबाट पनि त रुपैयाँ खिच्न सक्छौ। ती दुई खाता भनेको विज्ञानमय कोष (विवेक) र आनन्ददिने आनन्दमय कोष (खाता) हुन्। यदि तिम्रो तीनैवटा खातामा पैसा सकियो भने पनि तिमीले झन बढी ब्याज आउने विवेक अर्थात् बुद्वी तथा आनन्द दिने कोषरुपी दुई खाताहरुबाट झिक्न सक्छौ।

४. विज्ञानमय कोष :

यो चौथो कोषको सम्बन्ध विवेकसँग रहन्छ। यसले ठीक बेठिक छुट्याउने काम गर्छ। यो पशु र चरा चुरुङ्गीहरुमा पाइदैंन। यहाँ विज्ञानको अर्थ साईन्स (Science) होइन - ठीक-बेठीक, असल-खराब छुट्याउने विवेक हो।

कुन ठीक र कुन बेठीक भन्ने कुरा मानिसले मात्र छुट्याउन सक्ने हुनाले धर्म र पाप भन्ने कुरो पनि मानिससँग मात्र सम्वन्धित हुन्छ। हामी कहिल्यै पनि बाघले पाप गऱ्यो, सिंह ज्यानमारा भयो, साँढे स्वर्ग गयो, चितुवा नर्क जानेछ भनी भन्न सक्दैनौं किनभने तिनीहरु आफ्ना कर्मका भागी छैनन्। तिनीहरु त्यस क्षणको आवश्यकतानुसार काम गर्छन्। भोक

लाग्यो खान्छन्, निन्द्रा लाग्यो सुत्छन् । भविष्यको सन्ततीकोलागि केही सोच्दैनन् । वर्तमानलाई मात्र हेर्छन् । सबै पशुको यो स्वाभाविक गुण हो । तिनीहरुलाई पाप धर्मको केही मतलब हुँदैन । तर मानिसमा विवेक हुन्छ । त्यसैले असल काम गरेमा धर्म र खराब काम गरेमा पाप लाग्छ । जनावर र मानिसमा फरक नै यही हो । जनावरमा केही समझदारी पनि हुन्छ । तिनीहरुमा विशेष थाहा पाउने शक्ति (Extra Perceptional Knowledge) हुन्छ । तिमीले हातमा लठ्ठी लिनासाथ कुकुर भाग्छ र भोलिपल्ट तिम्रो छेउमा नआउन पनि सक्छ । कुकुरले आफ्नो मालिकलाई जहाँ भएपनि चिन्दछ । चराहरु सुरक्षित र सुविधाजनक स्थानमा गएर फुल पार्छन् । तिनीहरु आफू बस्ने गुण पनि बनाउँछन् । भर्खर जन्मेको बाच्छो माउको थुनमा गएर दूध चुस्न थाल्छ । दूध चुस्न पुच्छर या खुट्टा तिर लाग्दैन ।

मनमा अनेक विचारहरु आउँछन् । कहिले रिसको, कहिले साटो फेर्ने, कहिले उपद्रव गर्ने भाव आदि । तर यसलाई उत्निखेर प्रयोग गर्नु हुँदैन किनभने उत्निखेर प्रयोग गर्‍यौं भने हाम्रो स्वभाव पशुको जस्तो हुन जान्छ । मनमा विचार आउनासाथ विवेकको प्रयोग गरिहाल्नुपर्छ । तिमीलई कसैसँग रिस उठ्यो भने उत्निखेर के म ठीक छु या गल्ती गर्दैछु ? भनी विवेक लगाई हाल । एक छिन धैर्य गर । जो मानिस धैर्य गर्न सक्दैन त्यसलाई पशुभन्दा पनि पशु भने हुन्छ । बाबा विद्यार्थीहरुलाई बराबर भन्नु हुन्छ, "तिमीहरुको मनमा खराब विचार आउनासाथ म मानिस हुँ कि पशु हुँ भनी १० पटक आफूलाई सोध । १० पटक यो प्रश्न सोधेपछि तिमीले कहिल्यै नराम्रो काम गर्दैनौ । त्यसपछि तिमी सँधै राम्रो काम गर्छौ ।"

५. आनन्दमय कोष :

शीर्षकबाट नै यो कोषबाट आनन्द प्राप्त हुन्छ भन्ने बुझिन्छ । पशुपंक्षीमा यो कोष हुँदैन । पाँच कोषहरु मध्ये अन्नमय र प्राणमय कोष पशु र मानव दुवैमा साझा रहन्छन् । साँच्चै भन्ने हो भने प्रकृतिले मानिसलाई सँधै आनन्द दिइरहेको हुन्छ । तर मानिसलाई मानसिक अवस्थाले गर्दा उसको आनन्दलाई समेत् बिगार्छ । हामी; व्यक्ति व्यक्तिसँग, परिस्थितिसँग, पदसँग, आदिसित आवद्ध छौं । हामी जस्तो लहड चल्यो त्यसै अनुसार काम गर्न खोज्दछौं ।

उदाहरणकोलागि एउटा सेतो रुमाल छ । त्यसलाई प्रयोग गर्दा गर्दै कालो या मैलो हुनसक्छ । रुमाल फोहोर हुनु या मैलो हुनु रुमालको दोष होइन । यसलाई हामीले नै मैलो गराउँछौं । यस प्रकार हामी सँधै आनन्दित अवस्थामा रहेका हुन्छौं । हामीभित्र रहेको सच्चा आनन्दस्वरुप भगवान्लाई हामी इन्द्रियको बसमा परेर गुमाउँछौं । यसरी सबै मानसिक पीडा दुःख चिन्ता आदि सबैको जिम्मेवारी हामी आफै छौं अरु कोही यसका दोषी हुँदैनन् ।

बाबाले एक हप्तासम्मको व्याख्यान तथा प्रवचनको सिलसिलामा उपर्युक्त पाँच कोषहरुको व्याख्या स्पष्ट गरिसक्नु भएपछि आफ्नो बाल्यावस्थाको एक झलक पनि सुनाउनु भयो ।

बाबाको बाल्यावस्था (उहाँ स्वयं बाट) :

पुट्टपर्तिको गाउँमा एउटा मुखिया थिए । तिनको चरित्र र स्वभाव खराब थियो । बाबाले आफू पाँच वर्षको उमेर छँदादेखि उनको बानी सुधार्न खोज्नुभयो । त्यसकोलागि बाबाले केही गीतहरुको रचना गर्नुभयो । उहाँले केटाहरुलाई त्यो गीत गाउन पहिले सिकाउनुभयो पछि त्यो मुखियाको घर नजिकै गएर गाउन लगाउनुभयो । गीतको सारांशहरुमध्ये एउटा यस प्रकार को थियो – "तिम्रो चरित्र खराब भयोभने तिमीलाई तिम्रो आफ्नै मानिसले पनि घरभित्र जान दिने छैनन् । तिम्रो चरित्र बिग्रँदै गयोभने दाजुभाइले समेत् मुखमा थुक्ने छन् । तिम्रो चरित्रमा कुनै सुधार आएनभने साथीभाईहरुले पनि तिमीलाई छोड्ने छन् ।" त्यो मुखियाले यो गाना सुनेपछि ती केटाकेटीहरुलाई बोलाएर मिठाई बाँडे । उनले केटाकेटीलाई त्यो गीत कहाँ पायौ भनी सोद्धा उनीहरुले सत्यबाट पाएका हौं भनी बताए । भोलिपल्ट मुखियाले सत्यनारायण राजुलाई (बाबाको बाल्यकालको नाम) बोलाए र "तिमीले सबैको अगाडि मलाई चिनायौ, म मेरो चरित्रमा सुधार गर्नेछु । अबदेखि यस्ता गीत गाएर नहिंड है " भने ।

भगवान्ले आफ्नो बाल्यावस्थाको अर्को घटना पनि बताउनु भयो । उहाँले सानो बच्चालाई झोलुंगोमा सुताउने गीत रचना गर्नुभयो । आमाले केटाकेटीलाई काखमा राखेर सुताउने गर्छन् । विश्वयुद्धको समय हिटलरले सोभियत रुससँग लडाई लडिरहेको बखत बाबाले तीन श्लोकको गीत रच्नु भएको थियो । गीतको बोल यस प्रकार थियो :– "ए सानो बाबु किन निदाउँदैनौ ? के तिमी हिटलरले रुसमा आक्रमण गर्‍यो भनी डरायौ ? नडराउ ! फेरि रुसले हिटलर माथि आक्रमण गर्नेछ । त्यसैले निदाउ, सुत ।

ए बाबु ! के भारतमा स्वतन्त्रताको अनुभव गर्न पाइएन भनी जाग्राम बसिरहेको ? के मानिसमा बेमेल भएर स्वतन्त्रताकोलागि लड्दैनन् भन्ने लाग्छ ? चिन्ता नगर ! भारत एक भएर स्वतन्त्रताकोलागि लडाई लडनेछ । पुरुष र स्त्री सबै मिलेर स्वतन्त्रताकोलागि लड्ने छन् । चिन्ता नगर ! यसकारण सुत्न जाउ ।" यस प्रकार बाबाले पाँच वर्षको उमेरमा आफूलाई कविको रुपमा परिचय गराउनु भयो । उहाँले विद्यालयमा पनि अर्को गीत रच्नु भएकोथियो । त्यो गीतमा गाउँको सबै कुरा लेखिएको थियो । त्यसले समुदाय र विद्यालयको बारे नराम्रो प्रभाव पार्छ, सुन्नेले हाँसो गर्छन् भनी प्रिन्सिपलले (प्रधानाध्यापकले) त्यो गीत गाउन अनुमति दिएनन् र छात्राहरुले त्यो गीत गाउन पाएनन् ।

एकपटक एउटा औषधि पसलेले बाबालाई आफ्नो पसलकोलागि एउटा विज्ञापन लेख्न अनुरोध गरे । बालक साईले लेख्नु भएको त्यो विज्ञापनको सारांशमा, "ए भाई हो ! यहाँ एउटा कपाल दुख्ने, पेट दुख्ने तथा अपच तुरुन्त निको हुने किफायती औषधि छ । आउनुस् ! लैजानुस् " भनी लेखिएको थियो । त्यो औषधिको मोल सस्तो भएको हुँदा भएजति सबै औषधि सोह (१६) दिनमा नै समाप्त भयो । उहाँले आफ्नो शिक्षकको विषयमा पनि कविता लेख्नु भएको थियो । गुरुलाई त्यो कविता ज्यादै राम्रो लाग्यो । उहाँले गुरुको विषयमा "म राजाको पनि राजा हुँ" भनी सम्बोधन गरी लेख्नु भएको थियो । यसरी बाबा केटाकेटी अवस्थादेखि नै लोकप्रिय हुनुहुन्थ्यो । बाबाले त्यो कविता पढेर समाप्त गर्न आँटेको बखतमा मैले बाबालाई के तपाई, "यस्ता कामहरु रमाइलो र ठट्टाकोलागि बाल्यावस्था देखि नै गर्नुहुन्थ्यो ?" भनी अनुरोध गर्दा उहाँले, "तिनीहरुलाई बाल्यावस्थादेखि नै आफू पनि सुध्रिउन्, अरुलाई पनि सुधारुन् र ठीक बाटोमा आउन् भनी कहिलेकाँही रिसाएर हप्काए झैं पनि गर्छु" भन्नुभयो । उहाँले मलाई हेरेर "तिमीलाई पनि हप्काउँछु" भन्नुभयो ।

मैले भने "स्वामी! म त काँतर छु त्यसैले तपाईले गाली गरेको सहन सक्तिन ।" उहाँले भन्नुभयो, "जहाँ मानिस बिरामी हुन्छ त्यसलाई औषधि खान दिनुपर्छ ।" मैले, "म आफनो स्वास्थ्यको रक्षा गर्छु मलाई औषधि चाहिंदैन" भने ।

बाबाका कुराहरु रहस्यमय र विचित्रका हुन्छन् । उहाँका विचारहरु उहाँको प्रवचनमा झल्किन्छ । उहाँ सँधैको शाश्वत बालक हुनुहुन्छ । हामी चाहिं बालक, बाबु र बाजे सबै बन्छौं ।

आजको विषय अलि गहिरो नै पऱ्यो । तपाईहरुलाई थाहा छ, होमियोप्याथीको गोलीमा भित्रपट्टि औषधि हुन्छ ठीक त्यस्तै मेरो व्याख्यानमा पनि औषधिको रुपमा आध्यात्मिकता र दर्शनको साथै हँस्यौली र ठट्टा मिश्रण हुने भएकोले गहिरो विषय भएपनि त्यसलाई रोचक गराउने छ । भविष्यमा हामीले हँस्यौली र ठट्टा मिश्रीत रोचक ढङ्ग र सजिलो भाषामा आध्यात्मिकता र दर्शनको साथै सनातन धर्मका पवित्र ग्रन्थहरु सिकाउने एकजना पनि गुरु पाउने छैनौं ।

मैले ती पवित्र ग्रन्थहरुको पूजा गरी राखें तर दुर्भाग्यको कुरा केही बुझ्न सकेको थिइन । कति गुरुहरुले त्यसबाट व्याख्या गरेको सुन्दा मलाई निन्द्रा लागेर आउँथ्यो । तिनीहरु पूराना पाराले व्याख्या गरिने हुँदा निरस लागदथ्यो । तर भगवान्ले तिनै कुराहरुलाई हाम्रो दैनिक जीवनमा घटेका र घटने कुराहरु तथा अन्य सानातिना कथाहरुसँग जोडेर सरल र बुझिने ढंगबाट बुझाउनु हुन्छ । कुरो त त्यही हो तर बाबा नयाँ शैलीबाट सम्झाउनु हुन्छ । अवतारको उद्देश्य पनि यही हो ।

एक ठाउँमा सियो, धागो र केही फूलहरु छन् भन्ने सम्झौं । हामीलाई माला बनाउँनु छ । माला बनाउन कोही चाहिन्छ । बाबा माली हुनुहुन्छ । उहाँ दर्शनका फूलहरु जम्मा गर्नुहुन्छ तथा दैवत्वको धागो र शिक्षणरुपी सियो लिएर सदावहार सनातन धर्मको माला गाँस्नुहुन्छ । के सुन हुँदैमा औंठी तयार हुन्छ ? हुँदैन ! औंठी बनाउन सुनार या बाँडा हुनै पर्छ । बाबा सुनार हुनुहुन्छ र सनातन धर्म सुन हो । त्यो सुनबाट तयार भएका बहुमूल्य गहनाहरु उहाँका दैविक प्रवचनका रुपहुन् ।

के दियोमा तेल, कातेको बत्ती राख्दैमा बत्ती बल्छ ? त्यसलाई बाल्न कुनै व्यक्ति चाहिन्छ । भगवान् बाबाले हामी सबैको हृदयमा बुद्धि, विवेक र आनन्दको बत्ती बालिदिनुहुन्छ ।

अतः अवतारको अर्थ सत्यलाई सम्भव, आनन्ददायक र अर्थपूर्ण बनाउने व्यक्तिलाई भनिन्छ । पुस्तकहरु उपलब्ध भएपनि सिकाउने गुरु या शिक्षक चाहिन्छ । बाबा विश्वको गुरु हुनुहुन्छ । उहाँले नै सबैलाई आत्माको पुस्तक पढाउन आध्यात्मिकताको वर्णमाला सिकाउनु हुन्छ ।

"जीवनको रहस्य आनन्द र मनोरञ्जन गर्ने मात्र नभई अनुभव र अनुभूतिबाट शिक्षा लिनु हो ।"

– ॐ श्री साईराम

३.

साई अवतारको घोषणा

Declaration of Sai Avatar

(बाबाको विस्तृत जीवनीको लागि नेपाली भाषमा निस्केको चित्रकथा हेर्न सक्नुहुनेछ)

१९४० अक्टोबर २० तारिखमा साई अवतारको घोषणा भयो । यस दिनको सम्झना गर्नुमा पनि ठूलो महत्व छ । भागवद्‌गीतामा श्री कृष्णले पृथ्वीमा जब अधर्मले धर्मलाई, दुष्टले सज्जनलाई दुःख दिन थाल्छन् त्यसबेला अधर्मको नाश गरी सज्जनहरुको रक्षार्थ आवश्यकतानुसार आउने छु भन्नुभएको छ । क्रिस्चियन धर्ममा पनि जेसस क्राइष्टले, "जसले मलाई यहाँ पठाएका छन् उनी यहाँ आउँनेछन्" भनी बताएका थिए । त्यसकारण मानव कल्याणकोलागि सबै धर्ममा अवतार आउने कुरा उल्लेख भएको पाइन्छ । सबै साथीभाई र गुरुहरुको अगाडि बाबाले आफ्नो पाठ्यपुस्तकहरु फ्याक्ने वित्तिकै उहाँलाई आफ्ना साथीभाईहरु तथा मान्यजनहरुले घेरे । पछि उर्वाकोण्डा भन्ने ठाँउमा ढुङ्गामाथि बसेर " मानस भजरे गुरु चरणम् " अर्थात् "यो पारिवारिक जीवनरुपी भवसागरबाट पार पाउन आफ्नो गुरु (भगवान्‌को) चरण सँधै मनमा राखी प्रार्थना गर" भन्ने पहिलो भजन गाउनु भएको थियो । साथसाथै प्रत्येक बृहस्पतिवार उहाँको नामस्मरण तथा प्रार्थना गर्ने गर भनी सम्झाउनु भएको थियो । त्यसै बखत कसैले आएर साईबाबाको फोटो खिच्न खोज्दा बाबाले हुन्छ भनी आज्ञा दिनुभयो । तर पछि फोटो धुलाउँदा शिर्डी बाबाको फोटो देखापर्‍यो र तिनीहरु सबै चकित परेका थिए । कसैले चढाउन ल्याएको फूल सत्य साईले भूईमा फालिदिँदा "साई बाबा" भन्ने अक्षर लेखियो । कसैले पनि त्यसबखतसम्म साईबाबा भन्ने नाम सुनेका थिएनन् । त्यो खबर थाहा पाएर सत्यको दाजुले "म तिमीलाई अब यहाँ छोडदिन आमाबुबाकै जिम्मा लगाउँछु" भने ।

सत्यका दायाँ र बायाँ बस्ने दुईजना घनिष्ट साथीहरु थिए । तिमी यो स्कूलमा नपढ्ने भएपछि हामी पनि पढ्दैनौ भनी स्कूल छोडेर एकजनाको त बौलाहा भएर बाबाको नाम लिँदा लिँदै मृत्यु नै भयो । अर्को साथी चाहिं भौंतारिएर हिड्दा हिड्दै इनारंमा खसी मरे । हेडमास्टरले पनि सत्यनारायण नभएको स्कूलमा के जागीर खानु भनी राजीनामा गरे, त्यसपछि अरु दुईजना

शिक्षकहरुले पनि राजीनामा गरे । बावाको कद होचो भएको हुँदा स्कूलमा छँदा उहाँ जहिले पनि अग्लो ठाउँमा बसी भजनले नेतृत्व गर्नु हुन्थ्यो । बावाले स्कूल छोडेपछि भजनको नेतृत्व गर्न एउटा मुसलमान केटोलाई लगाइयो । अग्लो ठाउँमा बसी प्रार्थना नेतृत्व गर्नको सट्टा त्यो केटो बाबालाई सम्झी सम्झी रुन पो थाल्यो । तसर्थ सबै विद्यार्थीहरु एवं शिक्षकहरु समेत् रुन कराउन थाले । त्यो दिन सबैले मौन प्रार्थना गर्नु पर्‍यो । सत्यप्रति विद्यालय परिवारको कस्तो गहिरो प्रेम !

तिनताक बाबालाई पर्थी जाने निमन्त्रणा आइरहेको थियो । त्यसै वखत नगरपालिका प्रमुख आफ्ना परिवार सहित साईबाबाकहाँ हम्पी (Hampi) भन्ने ठाउँको प्रसिद्ध मन्दिरमा जाउँ भनी अनुरोध गर्न आए । सबैजना मन्दिर भित्र दर्शन गर्न पसे । बाबा चाहिं भित्र जानु भएन मन्दिर वाहिर नै उभिइर हनु भयो । मन्दिर भित्र दर्शन गर्न जाने नगरप्रमुख समेत् सबैले मूर्तिको स्थानमा बाबालाई पो देखे । सबै चकित परेर बाहिर आएर हेर्दा वाहिर पनि बाबालाई उभिइरहेको देखे । सबैजना फेरि भित्र पसेर हेर्दा त्यहाँ पनि बाबालाई देखे । एकै समयमा भित्र बाहिर बाबालाई देखेर सबै छक्क परे । सबैजना पत्याउनै नसकिने कुरा भयो भन्दथे । त्यस घटनाले गर्दा बाबाप्रति मानिसहरुको विश्वास झन बढ्यो ।

बाबा हिंड्दा भुइँमा मात्र हेरेर हिंड्नु हुन्थ्यो । उहाँ कुनै आईमाईको अनुहार हेर्नु हुँदैनथ्यो । कसैले उहाँलाई लाज लाग्छ कि क्या हो भनी सोद्धा लाग्दैन भन्नुहुन्थ्यो । सडकमा हिंड्दा बाटोमा पो हेर्ने अरु को अनुहार हेर्ने हो र ? भन्नुहुन्थ्यो ।

त्यसै वर्षको मई २० तारिखको दिन अर्को एउटा घटना घट्यो । त्यो दिन बाबालाई विच्छीले टोक्यो । उहाँ बेहोस भएर लड्नु भयो । उहाँलाई हेर्न धेरै मानिसहरु आए । उहाँ बरबराइरहनु हुन्थ्यो । उहाँको त्यो अवस्था देखेर कतिजनाले त उहाँलाई पागल हुनु भएछ समेत् भने । उहाँको परिवारले उहाँलाई पागल सम्झेर एउटा झारफुक गर्ने कहाँ लगे । त्यो झारफुकेले बाबाको कपाल खौरेर टाउकोमा चक्कुले घाउ गराएर रगताम्ये बनाइ नङ्ले टाउकोको छाला समेत् तान्यो । त्यतिले नपुगेर घाउमा कागतीको रस निचोरेर हाल्यो । भयङ्कर चहराउने र पोल्ने भएता पनि बाबा हाँसिरहनुभयो । बाबा हाँसेको देखेर, झारफुके झन रिसाएर राति पनि औषधि गर्नुपर्छ भन्न थाल्यो । राति १२ बजेको मध्यरातमा मसानमा लगेर २ वटा फलामे डण्डी रातो हुने गरी तताएर बाबाको ढाडमा डाम्यो । त्यसो गर्दा

पनि बाबा हाँसी रहनु भयो । बाबालाई त्यसरी दुःख र सास्ति दिएको देखेर आमाबाबु, इष्टमित्र सबै रोए । त्यो घाउबाट त्यसरी रगत बगिरहेकोले झन धेरैले थाहापाए ।

सबै भद्रभलाद्मी, महापुरुष तथा अवतारहरुले समाजमा आएका चुनौतीहरुलाई साम्य पारेको देखिएको छ । जेससलाई जिउँदै किला ठोकेर मारे, मुहम्मद्लाई मक्काबाट मदिना भाग्नु पऱ्यो । आदि शंकराचार्यलाई कतिजनाले दुःख दिए । वास्तवमा सज्जनले कहिल्यै दुःख पाउँदैनन् । सुनलाई आगोमा हाल्दा र हिरालाई काट्दा झन राम्रो र टल्कने भए झैं तिनीहरु सवैले झन बढी नाम र यश कमाए, तिनीहरु भित्र भएको गुण वाहिर प्रकट हुनगयो । यसैले गर्दा पनि अक्टोवर २० को महत्व अन्तर्राष्ट्रिय स्तरमा झन ठूलो छ ।

हिजोमात्र बाबाले अव उप्रान्त मे. २० देखि भारतीय संस्कृति र आध्यात्मिकता सम्बन्धी गृष्मकालीन कक्षाहरु शुरु गर्ने घोषणा गर्नुभयो । यस प्रकार सत्य साई बाबा मानव जातिकोलागि बहुमूल्य उपहार हुन आउनु भएको सत्य हामीले वुझ्नुपर्छ ।

राम अवतारको पालामा सबैले रामलाई चिनेका थिएनन् । रामको वुबा दशरथ पैतृक मोहमा पर्नु भएको थियो । रामको सौतेनी आमा कैकेयीले आफ्नो छोरा भरतलाई राज्य दिलाउन रामलाई वनवास जाने आज्ञा दिन वाध्य तुल्याइन् । रामसँगको विछोडको कारणले दशरथको मृत्यु भयो । रामलाई भगवान् हुन् भनी चिनेको भए कैकेयीले रामलाई जंगल पठाउन लगाउने थिइनन् होला । केवल उनमा सौतेनी आमाको भाव मात्र थियो ।

लङ्काका राजा रावण धुरन्दर विद्धान थिए । उनी ६ विषयमा एस.एस.सी.(M.Sc.) र ४ विषयमा डाक्टर (P.H.D) थिए । उनको १० वटा टाउका थिए भनेको उनी १० विषयमा विद्धान थिए भनिएको हो । बाबा भन्नुहुन्छ, कुनै मानिसको पनि १० टाउको हुँदैन । मानिसको त्यत्तिका टाउका भए कसरी बस्ने, खाने, सुत्ने इत्यादि । छ विषयमा एम.एस.सी. भनेको भौतिक ज्ञान र ४ विषयमा डाक्टर (पी.एच.डी.) भनेको आध्यात्मिक ज्ञानका प्रतीक हुन् । रावणले रामको दैवत्व चिन्न नसकेको हुँदा रामले उनको दशवटै टाउको काटिदिनु भयो । उनको दशवटै टाउकामा मोह र कामनाले भरिएको थियो । उनमा प्रेमको लेस पनि थिएन । उनको कमजोरी काम भावना (Lust) ले उनलाई पूर्ण रुपले नाश गरायो । यस प्रकार रामको पालामा रामलाई भगवान् भनी चिनेका थिएनन् ।

त्यस्तै कृष्णलाई पनि ईश्वर भनी कसैले चिनेका थिएनन् । उहाँलाई भगवान् भनी मान्दैनथे । उहाँका काका मामाहरु नै सबै विरोधी थिए । कंश, शिशुपाल, जरासंघ, सबै काका, मामा थिए । तन्त्रवत्र (Tantavatra) पनि कृष्णसित ज्यादै निकट थिए तर उनले उहाँको दैवत्व चिनेनन् । कौरवहरुले पनि कृष्णको दैवत्व चिनेनन् । कौरवहरुले कृष्णको दैवत्वलाई कहिल्यै स्वीकारेनन् ।

जेसस क्राइष्टलाई पनि किल्ला ठोकेर झुण्डाएको दिन शिष्यहरुले एक्लै छोडेर हिडे । शिरडी बाबाको पनि शामा भन्ने शिष्य थिए । उनी सँधै शिरडी बाबालाई उहाँको जीवनकालमा चिन्न सकिएन भनी रुने कराउने गर्थे । मैले बाबाबाट कुनै लाभ उठाउन पाइन भनी कल्पन्थे । शिरडी बाबालाई पनि उहाँको जीवनकालमा सबैले मान्दैनथे । कोही उहाँलाई मुसलमान फकीर र कोही पागल सम्झन्थे । तेलीहरुले (तेल बेच्ने व्यापारीहरु) उहाँलाई बत्ती बाल्ने तेल दिन पनि इन्कार गरेर मन्दिरमा पस्न पनि मनाही गरे । शिरडी बाबालाई पनि त्यसबखतको समाजले चिन्न सकेन ।

रामकृष्ण परमहंशलाई जीवनको अन्त्यकालतिर घाँटीको क्यान्सर भयो । त्यसले गर्दा उनलाई खान र पिउन समेत् बढो गाहो हुन्थ्यो । त्यस्तो अवस्था देखेर उनका नजिकका शिष्य स्वामी विवेकानन्दले आफैं भगवान् भएर पनि आफ्नो रोग किन निको नपारेको होला भनी सोधे । रामकृष्णले खुबै तेजिलो भएर जवाफ दिए, "विवेकानन्द ! तिमीले सही कुरा गरेनौ, तिम्रै अगाडि त्रेतायुगका राम र द्वापरयुगका कृष्ण यहीं छन्, कुरा बुझ्यौ ।" विवेकानन्दभने के भनेको होला भनी अलमल्लमा परे । उनले अझै कुरा बुझनेनन् । कृष्णले पनि प्राण त्यागने बेलामा अब म जाँदैछु यहाँ केही महिलाहरु छन् यिनीहरुलाई सुरक्षित ठाउँमा रक्षा गरी लैजानु भन्दै प्राण छोडिदिनु भयो । त्यसबखत अर्जुनले कृष्णसँग आत्तिदै, "हे भगवान् मलाई यस्तो पर्ला भनी सोचेको पनि थिइन" भने । अर्जुन वीर लडाकु थिए; उनले चौधवटा त उपाधि पाएका थिए । उनको अगाडि बल र वीरतामा कोहीपनि टिक्न सक्तैनथे । अर्जुनले ती महिलाहरुलाई रुदै कराउँदै लैजाँदै थिए । बाटोमा एकहुल गाउँले केटाहरुले उनीमाथि आक्रमण गरी बेसरी कुटे । त्यसबेला उनी तिनीहरुसँग लड्न खोजे तर सकेनन् । त्यस्तो वीर योद्दा पनि त्यसबखत त्यस्तो कमजोर भए । उनले भगवान्सँग म त हजूरको सहयोगले पो वलवान भएको रहेछु । मेरो समीपमा हजूर छँदा म बहादुर थिए तर अहिले त शक्ति हीन भएँ भने ।

यस प्रकार अर्जुन पनि शक्तिहीन भए। कुनै अवतार पनि आफ्नै समयमा पूर्ण परिचित भएर गएका छैनन्। रामलाई पनि खालि हिन्दूहरुले खास एउटा क्षेत्रमा मात्र पूज्दथे। त्यस्तै कृष्णलाई पनि एउटा सीमित क्षेत्र भित्र मात्र ईश्वर भनी मान्दथे।

यहाँ हामी भगवान् सत्य साई बाबालाई हेरौं। उहाँको अवस्था, पृष्ठभूमि हेरौं। उहाँलाई अहिले विश्व भरि नै भगवान्को अवतार मान्दछन्। यहाँ कैयौं देशका विभिन्न उमेर, धर्म, देश, पेशा गरेका शिक्षित अशिक्षित, जागिरे, ढाक्रे, क्रिश्चियन, मुस्लीम, महिला, पुरुष सबै छन्। मानव इतिहासमा नै यो पत्याई नसक्नु भएको छ।

के बाबा कुनै छुट्टै धर्म सिकाउँदै हुनुहुन्छ ? के उहाँले नयाँ धर्म निकाल्नु भएको हो त ? उहाँ केकोलागि आउनु भएको हो ? कसैले तपाईलाई कुन धर्म मान्नु हुन्छ भनी सोधेभने, म त प्रेमको धर्म मान्छु भन्नु होला भगवान् यसैमा अभ्यास गर भन्नुहुन्छ। बाबाको भनाइ अनुसार दैवत्वमा पुग्ने बाटो कुन होला ? के हामीले चौवीसै घण्टा प्रार्थना गर्ने ? हामीले दिनहुँ बिहान २ घण्टा भजन गर्ने कि ध्यान गर्ने ? हाम्रो मन एकित्रत हुँदैन त्यसकारण दैवत्वमा पुग्न के गर्ने त ? उहाँले दैवत्वमा पुग्ने एक मात्र बाटो सेवा हो भनी बताउनु हुन्छ। उहाँ प्रेम नै धर्म हो भन्नु हुन्छ। जुनसुकै अवतारले पनि एक एकवटा योजना लिनुभएको हुन्छ। भगवान् बाबाले यिनै दुई महत्वपूर्ण योजना लिनु भएको छ।

रामको पालामा रामले सत्य र धर्मको योजना लिनु भएको थियो। रामले यी दुई कुरा स्थापना गर्नुभयो। कृष्णको पालामा प्रेम र शान्ति स्थापना गर्ने योजना थियो।

आज विश्वमा सत्य, धर्म, शान्ति, प्रेम केही छैन। बाबालाई चार दोब्बर बढी काम गर्नु परेको छ। कृष्णको अर्ति अर्जुनले र बुद्धको उपदेश उहाँको शिष्यहरुलें ध्यान दिएर सुनेका थिए। आज हामी कसैको कुरा सुन्दैनौं। बाबाले केही कुराको उपदेश दिन लाग्नु भयो भने पहिले नै नाना थरीका प्रश्न गर्न थाल्छौं। हामीमा धैर्य, अनुशासन, भक्ति, विश्वास, श्रद्धा, केही छैन र शंकाले भरिएका छौं। हुन त यस्तै व्यक्तिहरुलाई ज्ञान दिन बाबाको अवतरण भएको हो। अर्जुन तीक्ष्ण बुद्धि भएकोले उनलाई बुझाउन कृष्णलाई ज्यादै सजिलो भयो। आज हामीहरु शारीरिक, मानसिक, बौद्धिक रुपमा अस्वस्थ्य र ज्ञान शून्य भएका छौ। त्यसैले बाबालाई ठूलो समस्या छ।

उहिले मानिसमा एकपल्ट विश्वास परेपछि आखिरीसम्म विश्वास रहीरहन्थ्यो तर आजभोलि हामी सोमबारको दिन विश्वास गर्छौं, मंगलबार विश्वास गर्दैनौं, बुधवार दृढ विश्वास हुन्छ, बिहीबार अर्धविश्वास र शुक्रबार विश्वास नै गर्दैनौं । शनिवार त नास्तिक भईसकेका हुन्छौ । आइतवार छुट्टी मनाउँदैमा बित्छ । हाम्रो जीवनमा जब सबैकुरा राम्रो भई सुचारु रुपले चल्छ, हाम्रो कुरा भगवान्‌ले जब ध्यान दिएर सुन्नुहुन्छ, हामीसँग कुरा गर्नुहुन्छ, हाम्रो चिठीपत्रहरु लिइदिनु हुन्छ, अन्तर्वार्तामा बोलाउनु हुन्छ, सपनामा दर्शन दिनुहुन्छ, जे माग्यो त्यही दिनुहुन्छ, अरुलाई वास्ता नगरी मेरो मात्र बिन्ती सुन्नुहुन्छ इत्यादि चित्तबुझ्दो सकारात्मक कार्य हुन्छन्‌भने हामी उहाँ प्रति भक्ति बढाउछौ । यसको विपरीत उहाँले हाम्रो बिन्ती सुन्नु भएन, कठिनाई र परीक्षाबाट सफल भई उत्रिएनौ, हामीलाई टुलुक्क पनि हेर्नु भएन, चिठी पनि लिनु भएन, कहिल्यै नदेखेको र नचिनेको जस्तो गरी वास्तै गर्नु भएनभने हामी उहाँलाई भगवान् होकि धोखा (Fraud) या जालसाजी के हो भनी नानाथरी प्रश्न उठाई शंका उपशंका गर्न थाल्छौ । उहाँ प्रति यस्तो छ हाम्रो व्यवहार ।

योभन्दा पनि समस्या कठिन छ । मानिसलाई विश्वास दिलाउन ज्यादै गाह्रो छ । उहिलेका मानिसको इच्छा सीमित हुन्थे । तिनीहरुको मनोकामना पूरा भएन भने जीवन भर भक्ति गरिरहन्थे । आज बाबाले तिमीलाई के चाहिन्छ भनी सोध्नुभयो भने मलाई धेरै कुरा बिन्ती गर्नुछ, मलाई केही समय दिनुपर्छ, पाउँ भन्छौं । यस प्रकार हाम्रा थुप्रै इच्छाहरु हुन्छन् । मन इच्छाले भरिएको हुन्छ । हाम्रो भक्ति यिनै इच्छाहरुको पूर्तिसँग गाँसिएको हुन्छ । हाम्रो ध्यान बाबालाई, चिठी दिनमा व्यस्त हुन्छ । हामी बाबाबाट अन्तर्वार्ता पाउने या नपाउने कुरामा चिन्तित हुन्छौं । यस प्रकार कसरी हामीले उहाँबाट सुख, सन्तोष, आनन्द र सुविधा पाउने आशा राख्ने ? उहाँकै अगाडि पनि हामी आफ्नो विषयमा मात्र विचार गर्छौं, उहाँको बारेमा अलिकति पनि सोच्दैनौं । त्यहाँ धेरैजसो मानिसको मन खिसिक्क पर्ने हुँदा उनीहरुको अनुहार लाम्चो र नराम्रो हुन्छ । बाबा त्यस प्रकारको अनुहारलाई Shakespeare faces या Castor oil faces भनी नामांकरण गर्नुहुन्छ । आजदेखि (बाबाको अवतारको घोषणा भएको अक्टोबर २०तारिखको दिन) हामी हाम्रो जीवनमा राम्रा राम्रा गुणहरु विकसित गर्दै व्यक्तित्वको विकास गर्ने प्रण गरौं । यो शरीर त्यसै बरालिएर हिंड्न सृष्टि भएको होइन । यो शरीर मानव जातिकोलागि सेवा गर्न दिइएको हो भन्ने सम्झी अगाडि बढौं । यो मनको उचित उपयोगिता बुझौं ।

यो मनले मागेको कुरा पुऱ्याई दियौंभने यसले दोहऱ्याउन माग्छ। उदाहरणार्थ एकबाजी कतै भजनमा गएर तिमीले मनको इच्छा पुऱ्याई दियौभने बारम्बार भजनमा जाने इच्छा जागृत भएर आउँछ। त्यस्तै एक बाजी नाइट क्लबमा गयौ भने बराबर जाने इच्छा हुन्छ। कुनै वस्तु जम्मा गर्ने इच्छा गऱ्यौ भने जम्मा गरिरहुँ भन्ने हुन्छ। तिमीले यो मनलाई अनुशासित गराई, "ए मन ! म त मनुष्य आफू पनि नबिग्रनु, मलाई पनि नबिगार्नु भन्नुपर्छ। आफूलाई बिगार्ने तिमी आफै हौ। ए मन ! ससांरबाट आफूलाई खिची भगवान् प्रति मेरो मन लगाई दे भनी आजको यो पुनित दिनमा प्रार्थना गर।

अब हाम्रो बुद्धिलाई प्रार्थना गरौं। ए बुद्धि ! तँ रुपियाँ कमाउने काममा धेरै बाठो छस्। तँ आफ्नो भूललाई पनि ठीक छ भनी सावित गर्न ज्यादै खप्पीस छस्। तँ आफ्नो बाहेक अरुहरुको दोष र त्रुटि फेला पार्न निकै चतुर छस्। ए बुद्धि ! तँ वास्तवमा सारै स्वार्थी छस्। तेरो बुद्धिको तीक्ष्णताको आधारमा कुन कुरा स्थायी र कुन अस्थायी छ आफै पत्ता लगा। भगवान् र विश्वमा के भिन्नता छ मलाई बता। तँ आत्माको ज्यादै नजिक बस्ने भएको हुँदा कुन असल र कुन खराब हो मलाई थाहा दे। तैले आफ्नो मनको स्वभाव या प्रकृति नदेखाई आत्माको स्वभाव देखाउनु। तँ मन र इन्द्रियहरुको पछि नलागी सच्चा आत्माको अनुशरण गर अनि मात्र तँ मालिक बन्ने छस्। मन र इन्द्रियको दास नबन वरु तिनीहरुलाई दास बना भन्ने हाम्रो प्रार्थना हुनुपर्छ। आज अवतारको घोषणा भएको दिन हामीले उहाँको महिमा निरन्तर जोडदार ठूलो स्वरमा गाउनु पर्छ।

एउटा सजिलो उदाहरणः– एउटा रुखमा काग र अरु चराहरु छन्। तिमीले काग धपाउनु पऱ्योभने थपडी बजाउनु पर्छ। ती चराहरु भनेका शरीरमा भएका इन्द्रिय जस्तै हुन्। तिमीले कराएर थपडी बजाएपछि तिनीहरु उडेर जान्छन्। त्यस्तै मादल, डफली या अरु कुनै बाजा या थपडीको सुरमा भगवान्को भजन ठूलो स्वरमा गर्दा इन्द्रियरुपी ती चराहरु अन्त कतै शान्त रुपमा गएर बस्छन्।

हामी बाबासँग उहाँको महिमा गाउने साहस, दृढ विश्वास र आस्था जगाउने शक्ति हामीलाई दिनुहोस् भनी अनुरोध गरौं। हामी साधनाको रुपमा मानवजातिको सेवा गर्ने शक्ति दिनुको साथै आशीर्वाद पाउँ भनी प्रार्थना गरौं भगवान्बाट सबैको कल्याण होस्।

४.

पूजाको विधि उद्देश्य र किसिम

आज हामी पूजाको विधि उद्देश्य र किसिमको बारे चर्चा गर्नेछौं। पूजा भनेको भक्ति मार्गमा गरिने एउटा कार्य हो। भक्तिं मार्गमा एउटा भक्त र अर्को भगवान् दुईजनाको कुरा आउँछ। भगवान्लाई भक्तले गरेको प्रार्थना र भक्तिलाई हामी पूजा भन्छौ। भक्तले स्रद्धा, भक्ति, र प्रेमले पूजा गर्छन्। श्रद्धा र भक्ति विनाको पूजनलाई पूजा भनिदैन। भगवान् प्रतिको प्रेमलाई भक्ति भनिन्छ। मानिसको भगवान् प्रतिको प्रगाढ प्रेमलाई नै वास्तवमा भक्ति भनिन्छ। आमा र छोरा छोरीको बीचको प्रेमलाई स्नेह (Affection), भौतिक वस्तुप्रतिको प्रेमलाई आसक्ति (Attachment), दुई लिंग (Sex) को बीचको प्रेमलाई कामना (Lust) भनिन्छन। वास्तवमा स्नेह, आसक्ति र कामना सबै भौतिक, अस्थायी र क्षणिक हुन्। तर भगवान् प्रतिको प्रेम अर्थात् भक्ति चाहिं आध्यात्मिक हो।

हामीले सांसारिक तथा भौतिक वस्तुप्रतिको लोभ या आसक्तिलाई त्याग गरेनौंभने तिनीहरुले कुनै दिन हामीलाई छोडिदिन्छ। यात तिमीले संसार छोड्नु पर्छ या संसारले तिमीलाई छोडिदिन्छ। बाबा सधै हाँसोगर्दै भन्नुहुन्छ। "मानिसले आफू मरेर जाँदा बालुवा, माटो लैजान पाउनेभए विश्वमा एक चिम्टी पनि बालुवा माटो पाइदैनथ्यो।" हामी बाबु आमाको हैसियतले आफ्ना छोराछोरीलाई माया प्रेम हेरविचार गरी हुर्काउँछौं। तर जति पछि हुर्कदै जान्छन् तिनीहरुको प्रेम हामीप्रति हटदै जान्छ। उनीहरु आफ्नै छोराछोरी र परिवार प्रति माया प्रेम बढाउँछन्। त्यसैले घरपरिवार छोराछोरी तथा सांसारिक वस्तु प्रतिको आसक्ति पनि स्थायी हुँदैनन्।

महान् अलेक्जेण्डरले आफू मरेपछि उनको हात सबैले देख्ने गरी बाहिर पारेर समाधिस्थ गर्न लैजानु भन्ने निर्देशन दिएका थिए। मुठ्ठी बाँधेर रित्तै हात आएपछि रित्तै जानुपर्छ भन्ने सबैले बुझुन भन्ने उनको मनसाय थियो। ओलसिक (Wolsick) भन्ने प्रधानमन्त्रीले राजाको खुब सेवा गरे, तर एकदिन उनीवाट कारणवश कुनै भूल हुन जाँदा राजाले उनलाई फाँसीको सजाय दिनु भनी आज्ञा दिए। फाँसीमा चढ्ने बखतमा ओलसिकले

"यो राजाको सेवा गरेकोभन्दा आधी मात्रै मैले परमेश्वरको सेवा गरेको भए यसरी यो बुढेसकालमा मलाई लत्याउने थिएनन्" भनी कल्पिए । बाबा भन्नुहुन्छ । "यस प्रकार हामीले पनि परिवार, साथीभाई, धन सम्पत्ती भनेर जुन मरिमेटछौं त्यसको सट्टा भगवान्को चरणमा दुई सेकेन्ड मात्र ध्यानकेन्द्रित गर्न सक्यौंभने मृत्यु देखि डराउनु पर्ने थिएन ।" हामी सँधै फुर्सद छैन भन्छौ । ईश्वरप्रति दुई सेकेन्ड समय दिन पनि फुर्सद हुँदैन । समयले हामीलाई पर्खदैन । हामीले नै समयलाई पर्खनु पर्छ । समयले राजादेखि रंकसम्म कसैलाई पर्खदैन । समय भगवान् हो । भगवान्ले मात्र समयलाई नियन्त्रण गर्न सक्छन् । उनी समयका मालिक हुन् । परिवार र सांसारिक सुख भोगमाभन्दा भगवान् प्रति समर्पित हुनु उत्तम र अनिवार्य पनि छ । वास्तवमा परिवारलाई खुशी गराउन धेरै गाहो छ । त्यसैले भौतिक सुख र परिवारतिर लाग्नुभन्दा भगवान्मा लाग्नु धेरै सजिलो पनि छ । भगवान्लाई केही दिन पर्दैन । मानिसलाई साधारण कुरो मन पर्दैन । एउटा उदाहरण लिउँ "भगवान्लाई चढाउने र केटाकेटीहरुलाई दिने कुरामा केटाकेटीहरुकोलागि हामी हाम्रो जीवन, समय, रगत, रुपियाँ र अन्य चीजले पनि दिन तयार रहन्छौ । बाबा भन्नु हुन्छ, "जब मानिसले जीवन साथी छान्दछ उसको श्रीमती (Wife) त उसको जीवनसाथी हुनुको सट्टा कुनै धारिलो चक्कु (Knife) समान दुःखको भागी बन्छे ।" पछि केटाकेटी र परिवार भएपछि त्यो आजीत हुन्छ । तिनीहरुबाट नै समस्या र बन्धनमा परी अनि मात्र उ भगवान्लाई सम्झन्छ ।"

आजभोलि विश्वमा जहाँ पनि साथीभाइ केटाकेटी हुनेहरु कोही पनि आफ्ना साथीभाइ तथा केटाकेटीहरुबाट आनन्द र सन्तुष्ट देखिदैनन् । किनभने ती केटाकेटीहरु ठूला र मान्यजनप्रति कृतज्ञ बन्न नै चाँहदैनन् । आज प्रत्येक, परिवार, समाजमा, देशमा नै आपसी सम्बन्धको विषयमा यस्तै स्थिति छ । एकक्षण ईश्वरको प्रेमबारे सोचौं त । अगस्तिन (Augustine) कै कुरा लिउँ । अगस्तिन बाल्यावस्था र जवानीमा साह्रै बदमास र उपद्रयाहा केटा थिए । उनको आमाले उनीदेखि आजीत भएर जेसस क्राइष्टसँग हे जेसस यो केटो सारै बदमास भयो, मलाई सहयोग गर्नुस् भनी पुकारिन् । न भन्दै जेससको अनुग्रहले त्यस्ता बदमास, अगस्तिन त पछि सन्त भए । भगवान्ले उनको बिन्ति सुनिदिनु भयो ।

बाबा पनि भन्नु हुन्छ "तिमीहरुले मेरो निम्ति एक थोपा मात्र आँसु चुहाउने काम गर्‍यौभने म तिमीहरुको हजार थोपा आँसु पुछि दिनेछु।" हाम्रो त परिवारमा छोराछोरीले मर्ने बेलासम्म आँखाबाट आँशु झार्ने काम गरिरहन्छन्। हामी उनीहरुलाई हर्षाश्रु आउने गराउँछौ तर त्यसको बदलामा उनीहरु हामीलाई झन रुवाउने काम मात्र गर्छन्। तर भगवान्‌बाबासँगको सत्संगमा त्यस्तो हुँदैन। हामीले उहाँको नामस्मरण गरी एक थोपा मात्र हर्षाश्रु चुहायौंभने उहाँ हामीलाई पछिसम्म पर्ने हजारौ दुःखका आँसु पुछिदिनु हुन्छ। हामीले आफ्ना छोराछोरीहरुले अब त घर गृहस्थी जमाएर बसे भनी उनीहरुबाट कुनै समस्या समाधान गर्ने कुरा उठायौंभने उनीहरु हाम्रो समस्या सुन्न तयार नै हुँदैनन्। त्यसको विपरीत उनीहरु आफ्नै समस्याहरु हामीलाई देखाउन थाल्छन्। तिमी आफ्नो दुःख र मनको बोझ हलुका गराउँ भनी आफ्ना छोराछोरी कहाँ गयौभने तिमी उनीहरु कहाँ गएकोभन्दा पनि बढी दुःख र गुनासोको भारी बोकेर घर फर्कन्छौ। तिनीहरु कहाँ जाँदा तिम्रो समस्या झन बढेर आउँछ। त्यसैले बाबा भन्नु हुन्छ, "तिनीहरु हाम्रा सम्पत्ति होइनन्, हामीले राम्रै व्यक्तिसँग सम्बन्ध गाँस्नु पर्छ।" अर्थात् भगवान्‌सँग सम्बन्ध राख्नु पर्छ। (They are not our properties, we must have proper ties)

भगवान् भन्नुहुन्छ, "म कहाँ आउँदा तिम्रो सबै काम र समस्या लिएर आउ र जाँदा आनन्द र सन्तुष्टि लिएर जाउ। के यस्तो उपहारदिने प्रतिज्ञा अरु कसैले गर्नसक्छु भन्छ। बरु उल्टो हामीलाई नै समस्या थपिदिन्छन्। आफ्नै परिवारले त बाँचुन्जेल र छउन्जेल सह्योगको आशा गरिरहन्छन्। अरु काम केही नभए घर अथवा बच्चा कुरुवा भएर पनि मद्दत गर्नुपर्छ। यस विषयमा बाबा भन्नु हुन्छ।" यदि तिमीले मतिर एक कदम मात्र अगाडि बढायौभने म तिमीलाई शय कदम अघि बढाउने छु। यो भौतिक विश्वमा तिमीले एक पाइला अघि बढाउन खोज्यौ भने तिमीलाई १० पाइला पछि धकेलेर पुर्‍याई दिन्छन्। वास्तवमा हामी जीवनमा हानि नोक्सानी हुने काम मात्र गरिरहेका हुन्छौ। तर हामी यो कुरा बुझ्दैनौ। यसैले मानिससँगको व्यवहारमाभन्दा भगवान्‌सँगको व्यवहारमा हामीलाई थोरै लगानीबाट धेरै लाभ हुन्छ। आजकल जहाँतही रुपियाँ पैसा अथवा सट्टापट्टामा मात्र काम कुरो हुन्छ। एउटा सानो कुरा गर्दा पनि आर्थिक लाभ कै कुरा गर्छन्। जीवन नै व्यापारिक दृष्टिले मात्र हेरिने गरिन्छ। व्यापारिक दृष्टिले नै हेर्दा पनि भगवान्‌सँगको व्यवसाय (आध्यात्मिक व्यवसाय) नै बढी लाभदायक हुन्छ। यसमा कहिल्यै नोक्सानी होला भन्नु पर्दैन। यो भौतिक युगमा तिमीले कसैलाई

मूल्यवान वस्तु उपहार स्वरुप नदिई कृतज्ञी बन्न सक्तैनौ तर आध्यात्मिक क्षेत्रमा यस्तो हुँदैन । रुक्मिणीले एउटा तुलसीको पात चढाउँदा श्री कृष्ण भगवान् प्राप्त गरेकी थिइन् जब कि सत्यभामाले आफ्नो सारा श्री-सम्पत्ति जुहारात चढाउँदा पनि भगवान् प्राप्त गर्न सकिनन् । उता कुचेला (सुदामा) ले अलिकति चिउरा टक्राउँदा अतुल सम्पत्ति र विशाल सुन्दर भवन प्राप्त गरे । आध्यात्मिक क्षेत्रमा थोरै लगानीबाट धेरै लाभ प्राप्त हुन्छ ।

एकपटक कृष्णजीले आफ्नो औंला काटिएको वहाना रच्नु भयो । औंलाबाट रगत बगिरहेको थियो । उहाँको वरिपरि आठ रानीहरु र अन्य भक्तहरु जम्मा भएका थिए । सत्यभामा झटपट उपचारक बोलाउन गइन्, रुक्मिणी (ब्याण्ड्रेज) पट्टी लिन गइन् । अर्कि केटी कृष्णजीको पीरले केही गर्न नसकी रोएर बसिन् । द्रौपदीले आफ्ना मूल्यवान सारीबाट एउटा धरो च्यातेर औंलामा पट्टि बाँधिदिइन् । पछि सभामा द्रौपदीलाई निर्वस्त्र गर्न खोज्दा भगवान्ले अनगिन्ती सारीहरुको सहयोग गर्नुभयो । यस प्रकार चोखो प्रेमरुपी एक टुक्रो सारीको धरोको बदलामा द्रौपदीले अनगिन्ती सारीको सहयोग पाइन् ।

यसै सन्दर्भमा एउटा अर्को कथा छ । एकपटक बनवासको क्रममा पाण्डव र द्रौपदी खाना खाएर भाँडाकुँडा माझेर बसिरहेका थिए । उनीहरुको भक्तिको परीक्षण गर्न भनी दुर्वासा ऋषि आफ्ना सयजना शिष्यहरु सहित उनीहरु कहाँ आएर भोजन गर्ने इच्छा प्रकट गरे । तिनताक पाण्डवहरु बडो संकटको अवस्थामा थिए । द्रौपदी लरतरो गृहिणी थिइनन् । उनी आज भोलिका जस्ता घरमा आएका पाहुनालाई आफूले खाने खानाको प्याकेट आफै बोकेर आउनुपर्थ्यो या यो सदावर्तको होटल होइन भन्ने खालकि गृहिणी थिइनन् । भगवान्प्रति उनको ठूलो भक्तिभाव थियो । उनले दुर्वासालाई नदीमा स्नान गरी आउनुस् त्यतिन्जेलमा भोजन तयार भइसक्छ भनिन् । ऋषि र उनका शिष्यहरु सबै स्नान गर्न गए । द्रौपदीले भण्डारमा सबै भाँडो रित्तो देखिन् । अब उनले तुरुन्त हृदयदेखि कृष्णजीसँग सहयोगको भीख मागिन् । उनको बिन्ती सुनेर कृष्णजी स्वयं त्यहाँ आउनुभयो र किन बोलायौ भनी सोध्नुभयो ।

द्रौपदीले सयजना शिष्यको साथमा दुर्वासा ऋषि पाहुनाको रुपमा भोजन गर्न आउनु भएको खबर र आफ्ना खाद्यान्नको कमी भएको दुःखेसो सबै बिन्ती गरिन् । त्यो सुनेर कृष्णजीले भन्नुभयो – "हेर त भाँडोमा केही छ कि ? द्रौपदीले भनिन्, "हामी ६ जनाले खाएर अघि नै सिध्याईं सक्यौं ।" त्यसपछि उनी यसो फर्किन्छिन् त एउटा पातमा अलिकति कृष्णजीले खाएर

जूठो राखिदिनु भएको देखिन् । एकै छिनपछि ऋषि र शिष्यहरु आइपुगे । सबैलाई भोजनकोलागि अनुरोध गर्दा त तिनीहरु सबैले अघाए जस्तो पेट टन्न भएको छ भने र आलस्य भई वालुवामा पल्टिएर बसे ।

यसबाट भगवान्ले के लिनु हुँदोरहेछ र के दिनु हुँदोरहेछ भन्ने स्पष्ट थाहाहुन्छ । उहाँ त हाम्रा सबै दुःख कष्ट, समस्या, चिन्ता लिएर त्यसको बदलामा हाम्रो हृदय भरि आनन्द र सन्तुष्टि पो दिनु हुँदोरहेछ । यसबाट भगवान्सँगको व्यापार र लेनदेन शत प्रतिशत अथवा हजार दोब्बर लाभदायक रहेन छ त ? मानिस आजको भोलि नै आफूले पाएको वस्तु बिर्सन्छ तर भगवान् कहिल्यै बिर्सनुहुन्न । द्रौपदीले ऐन मौकामा सारीको धरो औंलामा लगाएको गुन कृष्णजीले कहिल्यै बिर्सनु भएन । मानिसको बिर्सने बानी र भगवान्को गुन सम्भिफरहने स्वभाव नै हो । भगवान्को दिने र मानिसको लिने स्वभाव नै रहेछ । भगवान्को स्वभाव क्षमा गर्ने र मनुष्यको बानी बिर्सने हुँदोरहेछ । मानिसको स्वभाव स्वार्थी हुने र भगवान्को प्रेम वर्षाउने गुण हुन्छ। मनुष्य कुनै उद्देश्य पूर्तिकोलागि सेवा गर्छ। उसको सेवा केही समयकोलागि हुन्छ तर भगवान्कोलागि समय र स्थानको कुनै छेक बार रहँदैन । उहाँ निरन्तर सेवा गर्न तत्पर रहनु हुन्छ ।

केही दिन पहिले भगवान् बाबा तुमकुर (Tumkur) भन्ने ठाउँमा एउटा ठूलो पत्थर ढुङ्गाको कारखानामा जानुभएको थियो । त्यसबखत मैले (अनिलकुमार) पनि बाबासँग जाने सुऔसर पाएको थिएँ। त्यस कारखानाको निर्देशक बाबाका भक्त थिए । त्यहाँ ठूलो सामियाना टाँगिएको थियो, टेबुल मेचहरु सजाएर राखिएका थिए। बाबालाई हिंडन बाटो भरि कार्पेट ओच्छाईएको थियो। बाबा त्यहाँ पुग्नु हुने बित्तिकै निर्देशकले विनम्र पूर्वक उहाँको स्वागत गरे । बाबाले हात माथि उठाएर सबैलाई आशीर्वाद दिनुभयो । मंचमा गएर बस्नु भयो । एकै छिनमा बाबा जुरुक्क उठ्नुभयो र संगीतकारहरुकोलागि एउटा हीराको औंठी सृष्टी गर्नुभयो । त्यसपछि निर्देशकले आफ्नो स्वागत भाषणमा भने, "यो अपार भीडको एउटा कुनामा मेरी छोरी बसेकिछिन् । मैले उनलाई विश्वका धेरै ठाउँका डाक्टरहरुलाई देखाएँ तर कसैले पनि उनलाई निको पार्न सकेका थिएनन् तर बाबाले उनलाई विभूति प्रदान गरेर निको गराइदिनुभयो । अहिले उनको विवाह भइसकेको छ ।" बाबा प्रति आभारी बनी ह्वाइटफिल्ड (White field) वृन्दावनमा ६५ लाख खर्चको लागतमा उनले साई रमेश हल बनाइ दिएका छन्। उनले न्यूयोर्कमा छोरीको

अप्रेशन गर्ने बखतमा जुन डल्लोलाई डाक्टरले पहिले छ भनेका थिए त्यो पछि अकस्मात गाएब भएको भनी डाक्टरले भनेको कुरा पनि बताए। यो बढो रहस्यात्मक कुरो थियो। भगवान् स्वयं त्यहाँ पुग्नु भएको थियो। ती निर्देशकले उनको भाई बुहारीको रोग पनि भगवान् बाबाले कृपापूर्वक निको गराइदिनु भएको पनि बताए।

कार्यक्रम समाप्त भएपछि म एक छेउमा उभिइरहेको थिए। बाबाले मलाई वास्ता गर्नु भएन। म बाहेक अरु सबैलाई बाबाले हेरविचार गरेको देख्दा म ज्यादै चित्त दुखाएर बसिरहेको थिएँ। सजिसजाउ टेबुलमा खानाहरु सजाएर राखिएका थिए। त्यहाँ ठूलाबडा प्रतिष्ठित व्यक्तिहरु धेरै भएकाले हुन सक्छ मैले खाने ठाउँसम्म पनि पाइन। म भान्छा घरभित्र गए। त्यहाँ मैले एक गिलास कागतीको सर्वत पिउन पाएँ। त्यस दिन बिहानको खाना मेरो त्यही नै भयो। भोजनको कार्यक्रम पछि बाबा गाडी भित्र बस्नु भयो, गाडी अघि बढ्यो। मलाई बाबासँग गाडीमा जान नपाएकोमा सार्‍है चित्त दुख्यो। मनमा सार्‍है दुःखित भई बाबालाई प्रार्थना गरें, अकस्मात् बाबाले गाडी रोकाएर गाडी भित्र पस्ने संकेत गर्नुभयो। बाबाले गाडी भित्र मलाई खाना कस्तो लाग्यो त भनी सोध्नुभयो। मैले भनें "सार्‍है राम्रो स्वामी" बाबाले भन्नुभयो, "के कागती पानी ?"

बाटोमा आउँदा हामी सबै एउटा भक्तको घरमा गयौं। म बाबा सँगसँगै पछि लाग्दै हिंडिरहेको थिएँ। यसपटक उहाँ मलाई खुब हेरविचार गर्दै हुनुहुन्थ्यो। त्यहाँ हामी सबैलाई भोजन कोठामा लगियो। त्यहाँ प्रशस्त मिठाईहरु तयार राखिएका थिए। बाबाले घरधनीलाई बोलाएर यिनी साह्रै भोका छन् केही खाएका छैनन्। यिनलाई तीनवटा मिठाई तीनवटा नुनिलो वस्तु दिएर राम्ररी खुवाउनु भन्ने आज्ञा भयो। यसबाट भगवान्ले हाम्रो प्रार्थना र अनुरोधलाई तुरुन्त सुन्नुहुन्छ भन्ने स्पष्ट थाहा हुन्छ। तर भौतिक संसारमा चाहिं अनुरोध सुनेर पनि वास्ता गरिदैन। बाबा पुरस्कारको रुपमा आनन्दको आँशु (हर्षाश्रु) दिनुहुन्छ। विश्वमा हामी कति चीज दिन्छौ तर त्यसको अनुपातमा हामी केही पाउँदैनौं र रुनु पर्छ। भगवान्लाई हामी केही दिंदैनौं तर पनि उहाँबाट हामी सबैचिज पाइरहेकै छौं। वास्तवमा पूजा भनेको यही नै हो।

अर्काको आस्थामाथि आलोचना गर्ने अधिकार कसैलाई पनि छैन। तिमीलाई ती आस्था मनपर्दैनभने आफू त्यसबाट अलग रहु तर तिनलाई बिगार्ने काम नगर।

– साई बाबा

५.

मनन

(Recapitulation)

आज हामीलाई यहाँ भगवान् बाबाको दिव्य सन्देश र प्रवचनको सारांश सुन्ने निरन्तर प्रवल इच्छा भएको हुँदा नै जम्मा हुन सकेका हौं। स्वामीको प्रवचन सुन्ने, सुनेका कुराहरुलाई बरावर सम्झिएर याद गर्नु र मनन गर्नु मुख्य कुरा हुन्।

संस्कृत भाषामा सुन्नुलाई "श्रवणम्" भनिन्छ। श्रवणम्को अर्थ अनुसार हामी भगवान्को अगाडि बसेर सुन्नुलाई भनिन्छ। तर अहिले तपाईहरु जुन सुन्नुहुन्छ त्यसलाई "मननम्" (Recapitulation) भनिन्छ। अर्थात् स्वामीको दिव्य प्रवचनहरु सुनेर त्यस विषयमा सम्झिएर विचार विमर्श गर्नुलाई भनिन्छ। त्यसलाई पनि मनमा धारण गरी अभ्यासमा उतार्नु महत्वपूर्ण हुन्छ। त्यसैलाई "निदिध्यास" भनिन्छ। भगवान्का प्रवचनहरु बहुमुखी अर्थात्, जुनसुकै, क्षेत्रका जुनसुकै विषयमा पनि हुन सक्दछन्। राजनीतिक, सामाजिक, आर्थिक, तकनिकी/प्राविधिक, आध्यात्मिक सबै विषयमा रुचि राख्ने श्रोतागणहरु हुनेहुँदा बाबा जुनसुकै विषयमा पनि दिव्य सन्देश दिनुहुन्छ। आज हामी बाबाले दिनुभएका दिव्य सन्देशहरुको विषयमा संक्षेपमा मनन गर्नेछौं।

हालै मात्रै बाबाले बडो सान्दर्भिक र महत्वपूर्ण व्याख्या गर्नु भएको छ। आज विश्व अणु र शास्त्रको होड बाजीमा गइरहेछ। एउटा अणु बमले संसार कुन बखत ध्वस्त हुने हो थाहा छैन। हामी बम देखि डराउँछौ तर बम बनाउने वैज्ञानिकसँग डराउँदैनौ। भगवान्ले भन्नुभएको कुरामा बढो गहिरिएर विचार गर्नु पर्ने कुरा छ। भगवान्ले यो ब्रम्हाण्ड सृष्टि गर्नुभयो। हामी सृष्टिका कुरा गर्छौं तर सृष्टिकर्ताको कुरा गर्दैनौं। हामी सृष्टिदेखि डराउँछौ तर सृष्टिकर्तासँग डराउँछैनौ। आज मानिसको सोचाइमा ठूलो त्रुटि नै यही छ। मानिसले सृष्टिकर्तालाई बुझ्नुपर्छ। सृष्टिकर्तालाई बुझ्यौभने

सृष्टिबारे आफैं थाहा पाउने छौ । बाबाले भन्नुभयो, "वैज्ञानिकहरु सृष्टिको विषयमा अध्ययन गर्छन् जबकि सन्तले सृष्टिकर्ताको विषयमा मनन गर्छ । सन्तले सृष्टिकर्ताको खोजी गर्दागर्दै आफ्नो सृष्टि पनि बुझ्दछ । सृष्टिकर्तालाई पनि चिन्दछ । वैज्ञानिकहरु खालि सृष्टिको खोजी गर्छन् । सृष्टिकर्ताबारे केही जान्दैनन् । सृष्टि भन्ने कुरो स्थिर छैन । यो त परिवर्तन भइरहन्छ । सृष्टि भएका वस्तु सबै परिवर्तनशील छन् । यो सृष्टिको नियम नै छ । २० वर्ष अघि हाम्रो शरीर जस्तो थियो अहिले छैन । शरीर बदलिरहन्छ, तर मन सधैं जवान रहन्छ । मन भनेको विचारको पोको हो, शरीर भनेको पदार्थको थुप्रो हो । पदार्थ बढ्छ, कुहिन्छ, नाश भएर जान्छ । तर विचार समय र स्थानभन्दा टाढा रहन्छ । विचार सधैं ताजा र हराभरा रहन्छ । मृत्यु पछि पनि विचार रहिरहन्छ । संस्कृत भाषामा विचारलाई संकल्प भनिन्छ । वीजबाट वनस्पतिको स्थायी सुरक्षा भएझैं संकल्पलाई भावी जीवनमा पनि ल्याउन सकिन्छ । यसैकारणले गर्दा मानिसहरु कोही संत, कोही दैत्य, कोही पशु समान भएका छन् । पूवर्जन्मको विचार या संकल्प जसलाई वासना पनि भनिन्छ त्यसैको कारणबाट उनीहरुको अहिलेको जीवन व्यतित हुन्छ । त्यसैकारण हामीले सकेसम्म मन शुद्ध र चोखो राख्नु पर्छ भनेको कारण पनि यही हो । सबैमा जन्मदेखि नै संकल्प हुन्छ । त्यसैले शरीर मर्छ जान्छ तर मन मर्दैन । संकल्प भनेको विचार हो । यसको यात्रा कहिल्यै समाप्त हुँदैन । यो जीवनको वेदान्तिक दर्शन हो ।

हालैमात्र भगवान्ले आफूलाई गणितज्ञ, मनोवैज्ञानिक, वैज्ञानिक सबैको मिश्रण हुँ भनी प्रवचन दिनु भएको थियो । सबैमा शरीर, मन, आत्मा हुन्छ । यी तीन कुरा मिले पछि मनुष्य हुन्छ । शरीरले मात्र चल्ने व्यक्ति पशु हो । पशुहरु शरीरको भरले मात्र काम गर्छन । शरीरको पछाडि मात्र लाग्ने पशु स्वभाव हो ।

मनः– मनको लहडमा मात्र चल्ने व्यक्ति दानव हो । मनको मात्र पछाडि लाग्ने दानव स्वभावको हुन्छ । किनभने उसको मन संयोगात्मक, कामुक, रिसाहा, इर्ष्यालु डाहिल्ये, आक्रामक र बदलालिने स्वभावले भरिएको हुन्छ । उसमा ज्यादै राम्रो र अति नराम्रो दुवै स्वभाव (Extremes) हुन्छ । दानवहरु

मन लाग्योभने तपस्या पनि गर्छन् । झगडा र हत्या गर्न थालेभने सबैलाई निर्मूल पनि पार्छन् । उनीहरुमा दानवीय गुणले छाएको हुन्छ । शरीर, मन र आत्मा यी तीनैलाई समायोजन गरी काम गर्नेलाई मानव भनिन्छ ।

आत्माः– आत्मा चाहिं तेश्रो पक्ष हो । चौथो दैव हो । जसले आत्मा पहिल्याउँछ र आत्मामा मात्र रमाएर बस्छ त्यो दैव हुन्छ । "ब्रम्हविद् ब्रम्हैव भवति – तिमी जे छौ त्यो हुन्छौ ।" यदि तिमीले निरन्तर आत्माको मात्र चिन्तन र मनन गरिरह्यौभने तिमी आत्मा बन्न सक्छौ । मानिसमा यी सबै चार गुणहरु हुन्छन् भनी बाबा भन्नुहुन्छ । यस प्रकार शरीरको पछाडि मात्र लाग्ने पशु स्वभावको हुन्छ । मनको लहडमा चल्ने व्यक्ति दानव स्वभावको हुन्छ । आत्मालाई पहिल्याई निरन्तर त्यसैमा रमाइरहने व्यक्ति दैव हुन्छ । बाबा भन्नुहुन्छ, "हाम्रो विश्वास र श्रद्धा स्थिर हुँदैन यो घडीको रालो (पेन्डुलम्) जस्तै दायाँ बायाँ चलिरहन्छ । यसलाई स्थिर रसुदृढ राख्नुपर्छ ।"

एउटा उदाहरण : लहरामा फुलिरहेको फूलको चित्र कागजमा लेख्दा कागज हलचल गर्न सक्छ तर फूल यता उति गर्दैन त्यस्तै हाम्रो शरीर हलचल गर्न सक्छ, हाम्रो मन दोधारमा हुन सक्छ तर हाम्रो विश्वास र श्रद्धा त्यो कागतमा भएको चित्र झैं स्थिर हुनुपर्छ । एकपल्ट स्वामीलाई एउटाले, विश्वास पहिले आउँछ कि प्रेम पहिले आउँछ भनी सोध्यो । प्रेम गरेपछि विश्वास हुने हो वा विश्वास गरेपछि प्रेम आउने हो स्पष्ट गरिदिन अनुरोध गऱ्यो । बाबाले त्यस प्रश्नको उत्तरमा पहिलो विश्वास अनि प्रेम आउँछ भन्नुभयो । हामीले भगवान्सँग यस्तै कतैबाट पनि उत्तर नपाइने प्रश्नहरु सोध्नु पर्छ किनभने हामी मानवहरुलाई जटिल प्रश्नहरुको उत्तर स्पष्ट नहुन्जेल कुनै कुरामा विश्वासै गर्दैनौं, त्यसलाई वास्तै गर्दैनौं । यदि तिमीलाई यो तिम्रो आमा हो भन्ने विश्वास भएन भने तिमी उनलाई प्रेम गर्न सक्दैनौ, त्यस्तै लोग्नेको स्वास्नीमा र स्वास्नीको लोग्नेमा विश्वास नपरुन्जेल प्रेमको कुरा उठदैन त्यस्तै छोराछोरीमा पनि ..... । यस प्रकार पहिला भगवान्मा विश्वास अनि मात्र प्रेम पाइन्छ ।

एउटा अर्को उदाहरण : जाडोमा जुन कोटले तिमीलाई न्यानो तातो राख्छ त्यो मित्र हुन्छ र गर्मीमा त्यही कोट शत्रु तुल्य हन्छ । त्यस्तै जाडोमा हिटर मित्र र गर्मीमा शत्रु हुन्छ ।

यसै सन्दर्भमा बाबाले एउटा अर्को उदाहरण दिनुभयो - एउटा बाह्रौ कक्षासम्म मात्र पढेको केटाले एउटी एम. ए. (स्नातकोत्तर) पास गरेकी केटीसँग बिहा गर्न खोज्यो । केटाले आफू बाह्र कक्षासम्म मात्र पढेकोले डिग्री पास गरेकी केटीलाई विवाह गरें भन्दै घमण्ड गर्दै हिंड्नथाल्यो । उसले आफ्नी श्रीमतीलाई कफी बनाउन अह्रायो । म डिग्री पढेकीले कफी बनाउन सक्तिन वरु तिमी बाह्रकक्षा पढेकोछौ त्यसैले तिमीले कफी बनाउनु पर्छ भनिन् । अब कुरा बदलियो । त्यसकारण समय र परिस्थिति अनुसार शत्रुता र मित्रता बदली रहन्छ ।

त्यसैले मानिस भएपछि हामी शरीर, मन र आत्माको समन्वयबाट जीवन यापन गरिरहेका हुन्छौ । हामी जनावरले जस्तो शरीरको मात्र पछि लाग्नु हुँदैन । दैत्यले जस्तो मनको लहडमा जे मन लाग्यो त्यो गर्नु हुँदैन । हामीले तीन थरीलाई मिलाएर काम गर्नुपर्छ अनि मात्र मानव होइन्छ । हामीले आफ्नो चरित्र कस्तो छ भनी विचार गर्‍यौ भने हामी कतिजनामा मानव गुणै नभएको पनि पाउँछौ । कसै कसैमा एक दुईवटा मानवीय गुण होला बाँकी सबैमा पशुगुण मात्र पाइन्छ । कसैमा दानवीय गुण र कसैमा तीनै गुणको समिश्रण देखिन्छ । बाबा सबैमा मानवीय गुण होस् भन्ने चाहनु हुन्छ ।

मनमा कुनै कुरा गर्न मन लाग्यो भने, "सर्वप्रथम आफैलाई के म जनावर हुँ कि मानिस हुँ भनी प्रश्न गर । यो काम गरें भने म जनावर हुन्छु यो काम गरेंभने म मानिस हुन्छु भनी आफैसँग कुरा गर" । यदि हामी कसैमा आधा मानवीय गुण र आधा पशुवत गुण देखिन्छ भने पशुवत गुण पुरै त्याग्नु पर्छ तब मात्र मानव बनिन्छ ।

मानवीय गुणहरु के हुन् त ?

पहिलो मानवीय गुण हो - मानिसले मात्र आफूलाई को हुँ भनी सोध्न सक्छ । कुकुर या साँढेले आफूलाई यस्तो प्रश्न सोध्न सक्तैन । म कहाँबाट आएँ ? यहाँबाट म कहाँ जाने हो ? यस्ता प्रश्नहरु मानिसले मात्र सोध्दछ । यस्ता प्रश्नहरु नसोध, किन चाहियो भन्नेलाई पशु भने हुन्छ ।

भगवान्‌को सान्निध्यमा पुगेपछि बाँदर पनि हनुमान भएर ठूलो भक्त र चिल जस्तो चन्चल चरो भगवान्‌को वाहन गरुड भएर बस्छ। त्यस्तै रिसाहा र छाडा साँढे भगवान्‌को निकट पुगेपछि नन्दी (शिवको वाहन) र सिंह जस्तो हिंसक डरलागदो जनावर देवी कहाँ पुगेपछि उहाँको वाहन भएर बस्छ। दैत्य (राक्षस) को छोरो भगवान् कहाँ पुगेपछि भक्त प्रल्हाद हुन्छन्। यसरी सबै पशुहरु भगवान् कहाँ पुगेपछि सुध्रन्छन् तर मानिसहरु कयौं वर्षदेखि भगवान् कहाँ पुगेर पनि सुध्रिएका देखिदैनन्। भगवान्‌को समीपमा पुग्न खुब प्रयास गर। भगवान्‌कोलागि हामीले केही समय दिनै पर्छ। मानिसलाई जस्तो जनावरहरुलाई भविष्यकोलागि खाना र छोराछोरी नाति नातिनाहरुको चिन्ता हुँदैन त्यसैले उनीहरु धेरै खुशी हुन्छन्। हामी मानवहरु भोलिकोलागि पर्याप्त व्यवस्था हुन्छ हुँदैन भन्ने पीरले नै कहिल्यै खुशी देखिदैनौं। त्यसैले पहिलो प्रश्न मानिसले आफूलाई म को हुँ ? मलाई कहाँ जानु छ ? जस्ता प्रश्नहरु गर्‍यो भने उसमा मानवीय गुण भएको मान्नु पर्छ।

मानिसको दोश्रो मानवीय गुण उसमा परिवर्तन ल्याउन सक्नु हो। पशुलाई साम्बर, इडली, खाजा खाने भनी सोध्न सकिंदैन। पशुले आफ्नो खाने बानी पनि छोड्दैन। अरुलाई मार्ने बानी पनि छोडन सक्तैन। तर मानिसले साच्चै दृढ भएर आँट्योभने बानीमा परिवर्तन ल्याउन सक्छ। मुख्य कुरा उसमा आत्मबल हुनुपर्छ। यदि कसैले लागेको बानी छोड्न सकिंदैन भन्छभने ऊ चिडीयाघरमा राखिन योग्य हुन्छ।

मानिसले बिर्सिए पनि वास्तै नगरे पनि उसमा दैविक गुण अवश्य हुन्छ। तर पनि त्यो पशु गुण र दानवीय गुण देखाउँछ। दैवी गुण विरलै देखाउँछ। मानिसमा चारै गुण भए पनि सबैभन्दा उसले कम देखाउने गुण दैविक गुण हो।

मानिसले शरीर, मन र आत्माबाट दैवी गुण प्रदर्शन गर्नुपर्छ। त्यसकारण हामी सर्वप्रथम मानवीय गुण देखाउँ साथै दैविक गुणहरु प्राप्त गर्न सोधपुछ खोजीनीति गरौं।

दैवी गुणहरु के के हुन् ? सत्य, धर्म, शान्ति र प्रेम हुन्। सत्य नै भगवान् र भगवान् नै सत्य हुन्। सँधै सत्यमा जीवन बिताऊ। धर्म, सत्य र सदाचारमा मानिसहरु रहेमा सधै शान्ति हुन्छ। शान्ति एउटा प्राकृतिक देन हो। शान्ति कतै बाहिरबाट आउने होइन। यो मनुष्यको आफ्नै भित्र रहेको

हुन्छ । किताबमा जिल्लाको दुई भाग हुन्छ । भित्रका अक्षर हेर्नुपर्दा हामीले जिल्ला पन्छाउनै पर्छ त्यस्तै हाम्रो शरीरमा एकातिर इच्छा र अर्कोतिर अहंकार र बीचमा शान्ति रहेको हुन्छ । शान्ति प्राप्त गर्न दुवैतिरको अहंकार र इच्छालाई हटाउनु पर्छ । "मलाई शान्ति चाहिन्छ" यो वाक्यमा मलाई भन्ने शब्द अहंकार र "चाहिन्छ" भन्ने शब्द इच्छा हुन् । मलाई (अहंकार) र चाहिन्छ (इच्छा) लाई झिकिदिएपछि बीचको शान्ति मात्र बाँकी रहन्छ । आफ्नै साथमा भएको खानालाई झिकेर खान नसक्नु आफ्नै दोष हो, अरुलाई दोष दिने कुरै छैन ।

अर्को दैवी गुण प्रेम हो । प्रेम नै ईश्वर हो । प्रेमको साथमा हामीले बाँच्नु पर्छ । अर्कालाई टोक्ने र बदलालिने स्वभाव सर्पको र संग्रह गर्ने स्वभाव कुकुरको हो । लगातार अरुलाई डसिरहने विच्छीको स्वभाव हो । जतिखेर पनि निदाईरहने स्वभाव भैसीको हो । मानिसको स्वभाव यी हैनन् र हुनु पनि हुँदैन । मानिसमा प्रेम हुनुपर्छ । मानिसहरु भगवान्लाई प्रेम गर्छन् तर मानिसलाई घृणा गर्छन् । प्रत्येक प्राणीमा ईश्वर हुनुहुन्छ र भगवान्लाई प्रेम गर्ने व्यक्तिले मानिसलाई घृणा गर्न मिल्दैन । त्यसैले बाबा, "सबैलाई प्रेम गर, सबैको सेवा गर" (Love all Serve all) भन्नुहुन्छ । उहाँ, "दिनको शुरुवात प्रेमबाट गर, विहानदेखि बेलुकीसम्म प्रेमभावबाट नै दिन बिताउ र दिनको अन्त्य पनि प्रेमबाट नै गर; यही नै भगवान्तिर जाने उपाय हो" भन्नुहुन्छ । – " Start the day with love, Spend the day with love and end the day with love this is the way to God. " मानिसको प्रेम सीमित हुन्छ । भगवान्को प्रेम असीमित हुन्छ । त्यसैमा मानिसको सीमित प्रेम लगेर जोडनु पर्छ । पानीले भरिएको ठूलो टङ्कीमा एउटा धारा जडिएको हुन्छ । टंकिमा भएको पानीलाई भगवान्को र धाराबाट आउने अलिकति पानीलाई मानिसको सीमित प्रेम सम्झ । सानो धारा ठूलो टंकीमा जोडेर जाडेपछि अटुट प्रेमरुपी पानी आइरहन्छ । मानिसको सम्बन्ध पनि भगवान्सँग निकट र निरन्तर हुनुपर्छ । धारारुपी सीमित प्रेम टंकीरुपी असीमित प्रेमसँग मिलेपछि अटुट आइरहन्छ । त्यसैले प्रेम नै ईश्वर, मनुष्य नै प्रेम हो । ती दुवैको सम्बन्ध पनि प्रेम हो ।

६.

जीवनको उद्देश्य

मैले भगवान् बाबाको चरणकमलको सान्निध्यबाट जे जति बुझेको छु त्यो यहाँहरु सबैसित बाँडीचुँडी गर्ने भरमग्धुर प्रयास गर्नेछु । यो जीवन क्षणिक छ । शरीरलाई होटल र मनलाई पाले (चौकिदार) सम्झ । हामीहरु सँधै होटलमा बस्न सक्तैनौ । न त त्यसलाई किन्न नै सक्छौं । होटल भनेको सुविधाकोलागि केही दिन बस्ने व्यवस्थाकोलागि मात्र हो । हाम्रो जीवन वरफ. समान पग्लँदै जान्छ । हाम्रो जीवनलाई नदी सम्झे पनि हुन्छ । नदी भित्र थुप्रै गोहीहरु पनि हुन्छन् । तिनीहरुले तिम्रो खुट्टा समातेर तान्छन् पनि । यो भवसागर तर्न ज्यादै कठिनपूर्वक पौडी खेल्दै जानु पर्छ ।

हाम्रो जीवन बेसरी कसिएको गाँठो जस्तै छ । यसलाई खोल्न बढो गाहो छ । हामी जसलाई आनन्द भन्छौ, त्यो क्षणिक छ । त्यस्तै जुन दुःख हामी सम्झन्छौ त्यो पनि क्षणिक छ, स्थायी छैन । त्यसैले जीवन सुख र दुःखको समिश्रण हो । एक पछि अर्को आउँछ । भगवान् बाबा भन्नु हुन्छ, "दुःख पछि सुख र सुख पछि दुःख अर्थात् दुई दुःखको बीचमा सुख आउँछ ।"

अब हामीले जीवन के हो भन्ने बुझ्यौं । हामी आधुनिक सुख सुविधायुक्त अत्याधुनिक उपकरणले सुसज्जित नयाँ गाडी ज्यागुअर, मर्सिडिज गाडीहरु धेरै पैसा हालेर किन्छौं । के त्यो गाडीलाई हामी दिनहुँ धोएर, सफा गरेर ग्यारेजमा मात्र त्यसै थन्क्याएर राख्छौं त ? अवश्य राख्दैनौ, किनभने त्यो गाडी काम परेको बेला कतै जान किनिएको हो । हाम्रो शरीर र त्यो ज्यागुअर गाडी एकै समान हुन् केही फरक छैन । हाम्रो शरीर भगवान्ले बनाई दिनु भएको सुन्दर गाडी हो । मानिसले वनाएको गाडीभन्दा भगवान्ले बनाइदिनु भएको गाडी धेरै दिन टिक्छ । उहाँले वनाइदिनु भएको गाडीमा थाहा पाउने, विचार गर्ने, आनन्द इत्यादि सबैको अनुभव गर्ने शक्ति हुन्छ । मानिसले वनाएको गाडीमा पेचकिलाहरु आदिले कसिएको हुन्छ । गाडीको आँखारुपी दुई वत्तीहरु जस्तै हाम्रा पनि दुई आँखा हुन्छन् । गाडीको बत्तीको प्रकाश सीमित स्थानसम्म पुग्छ तर हामी टाढा टाढासम्म देख्न सक्छौ । हाम्रो दुई हात दुई खुट्टा जस्तै उसका पनि चार टायरका पाङ्ग्रा हुन्छन् । गाडीको आत्मिक शक्ति

हुँदैन तर हाम्रो चाहिं हुन्छ । गाडीको बोली हर्नको रुपमा एउटै स्वरको हुन्छ जब कि हामी मीठो बोल्ने, गाउने, कराउने गर्छौं । हाम्रो स्टीयरिंग (Steering) को रुपमा मन (Mind) भए झैं गाडीमा पनि दायाँ, बायाँ अगाडि, पछाडि लैजाने स्टयरिंग हुन्छ । हामीले आफ्नो मनलाई भगवान्तिर लगायौंभने मन्दिरमा पुग्छौं । त्यही मनलाई भौतिक संसार तिर फर्कायौंभने नाचगान गर्ने क्लवतिर पुग्छौं । सुमार्ग या कुमार्गतिर लैजाने स्टीयरिंग हाम्रै हातमा छ । त्यसलाई विवेकद्वारा ठीकसँग सञ्चालन गर्न सक्नुपर्छ ।

गाडीको पाँग्रामा हावा भरिएर गुडछ । हाम्रो शरीरमा पनि हावा हुन्छ । त्यो हो श्वास-प्रश्वास । हामी २४ घण्टा भित्र मा २१,६०० (एक्काइस हजार छ सय) पटक सास लिने र छोडने काम गर्छौं । पाङ्ग्रामा भएको हावाले हामीलाई केही सिकाउँदैन तर शरीरमा भएको हावाले श्वास भित्र तान्दा "सो" र बाहिर छोडदा "हम्" भन्छ अर्थात् "म नै ईश्वर हुँ" भन्ने सिकाउँछ । यस प्रकार टायर भित्र रहेको हावा यान्त्रिक, भौतिक र नक्कली मानव निर्मित हुन्छ । जबकि हाम्रो शरीरमा भएको प्राकृतिक हावामा आध्यात्मिक गुण हुन्छ । मानिसले बनाएको वस्तु भौतिक हुन्छ तर भगवान्द्वारा निर्मित वस्तु आध्यात्मिक हुन्छ । त्यसकारण शरीररुपी गाडीको काम कुनै लक्ष्यमा पुऱ्याउनु हो । त्यो लक्ष्य के हो ? त्यो कहाँ छ ? त्यहाँ पुग्न कति समय लाग्छ ? कति किलोमिटर छ ? हाम्रो हिडाईको गति कति छिटो गराउनु पर्ने हो ? कस्तो चालक चाहिने हो ? विचार गरी हाम्रो लक्ष्य जहाँबाट आएका थियौं त्यही पुग्ने हुनुपर्छ ।

एउटा उदाहरण लिउँ :- तिमीहरु लण्डनवाट आएका मानिस लण्डन नै फर्कन्छौ किनभने तिम्रो परिवार, घर, काम त्यही छ । लण्डनबाट आएका मानिस लसएन्जेल्स अवश्य जाँदैनौ । मुख्य कुरो तिमी जहाँबाट आयौ त्यही फर्किएर जानु पर्छ । तर यसबाट हाम्रो उत्पत्ति कहाँबाट भयो भन्ने प्रश्न उठ्छ ? यसको उत्तर महासागरसँग मिलाउन सकिन्छ । सूर्यको तापले पानी वाफ भएर उड्छ । वाफबाट बादल बन्छ । बादलबाट पानी वर्षन्छ । त्यो पानी नदीमा खस्छ । नदीहरु घुम्दै फिर्दै महासागरमा मिसिन्छन् । यस प्रकार पानीको उत्पत्ति महासागर भए झैं मानिसको उत्पत्ति भगवान् भएको हुँदा उसको उद्देश्य भगवान् कहाँ फर्किएर जानै पर्छ । अब हामी भगवान् कहाँबाट आएका

हौं भन्ने कुरा कसरी थाहा पाउने त ? उदाहरणकोलागि म जर्मनी या अर्जेन्टिना शहरबाट आएको हुँ, म त्यहाँको नागरिक हुँ, चुनावमा भोट हाल्ने अधिकार छ, त्यहाँ लाग्ने कर तिर्छु । म त त्यो शहरबाट आएको हुँ । कसरी तपाईले मलाई तिम्रो उत्पत्ति भगवान्‌बाट भएको भन्नुभयो ? म आफू आएको शहर देख्न सक्छु त्यहाँ जान सक्छु, त्यहाँबाट आउन सक्छु तर भगवान्‌लाई कहीं कतै देख्न सक्तिन भन्न सक्छौ । यसमा एउटा कुरा स्पष्ट बुझ्नु पर्छ । जर्मनी या अर्जेन्टिना कुनै एक निर्दिष्ट ठाउँमा हुन्छ तर सर्वव्यापी भगवान् भएकोले तिमी कहाँ जाने र कताबाट फर्कने भनी प्रश्न गर्न सक्छौ । यसकोलागि एउटा गाईको उदाहरण लिउँ, गाईको शरीरभरि रक्त सञ्चार हुन्छ । त्यही रगतले सेतो दूध बनाउँछ । रगतबाट दूध तयार हुन्छ । गाईको शरीरमा रगत त जतातत्तै हुन्छ तर जता ताने पनि दूध आउँदैन । दुध पाउनकोलागि थुन नै तान्नु पर्छ । त्यस्तै भगवान् जहाँ तही भए पनि उहाँलाई फेला पार्न कुनै स्थान,अबस्था,चेतना, विवेक र समझदारी आदि हुनुपर्छ । भगवान् प्राप्तिकोलागि व्यक्ति तयार भई बस्नु पर्छ ।

एउटा जमिन्दारको खेत, बारी, बगैंचा, घर, सडक, नहर (कुलो) आदि सबै छन् । उनी त्यहाँ कहाँ बस्लान् ? अवश्य पनि कुनै सफा ठाउँमा बस्लान् । उनी पानी, नहर, सडक या फूलमा गएर बस्ने छैनन् । त्यस्तै भगवान् जतातत्तै हुनु भए पनि सफा र शुद्ध हृदयमा मात्र बस्नु हुन्छ । उहाँलाई पाउन हामीले मन शुद्ध र हृदय विशाल राखी पुकार्‍यौंभने अवश्य पाउने छौं । तिमीले कसैलाई बोलाउनु पर्‍यो भने ए फलाना यता हेर भन्छौ । त्यस्तै भगवान्‌लाई बोलाउने (Calling) तरिका भजन र प्रार्थना हो । उहाँको स्वरुप माथि चिन्तन विचारगर्नु एकाग्रता (Concentration), उहाँको गुण माथि विचार गरी लगातार चिन्तन मनन गरिरहनु ध्यान (Meditation) हो । यस प्रकार आध्यात्मिक क्षेत्रमा एकाग्रता (Concentration), चिन्तन मनन (Contemplation) र ध्यान (Meditation) यी तीन खुडकिला हुन्छन् ।

भजन गर्नु आध्यात्मिकताको एउटा बाटो हो । भजन र ध्यान गर्दा मनमा कुरा खेल्ने या कुविचार आउनु हुँदैन । दुःखी मन लिएर ध्यान गर्न सकिदैन । त्यसैले शुद्ध र चोखो मन नगराई भगवान्‌को आराधना या ध्यान गर्न सकिदैन । भगवान् सर्वव्यापी हुनुहुन्छ, भगवान् नै हाम्रो जन्मदाता

हुनुहुन्छ, उहाँ नै हाम्रो जन्मको श्रोत हुनुहुन्छ । उहाँकोलागि स्वर्ग, नर्क, टाढा, नजिक केही छैन । तिमी स्वयं भगवान् हौ । तिम्रो भगवान् नै आत्मा (चेतना) हुनुहुन्छ । हामी जहाँबाट आयौ उही जानुपर्छ । हाम्रो गन्तव्य स्थान त्यही हो । हाम्रो जीवनको उद्देश्य पनि त्यही हो । आध्यात्मिक लक्ष्य पनि यही हो । कोही इटालीको भ्याटिकन शहरको पोप कहाँ, कोही मक्कामा हज गर्न, कोही जापान या थाइल्याण्डको बुद्धमूर्ति दर्शन गर्न, कोही पुट्टपर्ति बाबाको दर्शन गर्न जान्छन् । भ्रमणमा जाँदा पैसा जति खर्च भए पनि, नबुझिने भाषाको र बस्ने बासको जति समस्या परे पनि पुट्टपर्तिमा हामी के गर्छौं ? बाबा हाम्रो समीपमा आउनासाथ नमस्कार गर्दै आँखा चिम्लेर ढोग गर्छौं । हामी आँखा चिम्लेर ढोग गर्न उपयुक्त स्थानमा मात्र जानु पर्छ त ? कयौं दिन लगाएर त्यहाँ जाने हाम्रो उद्देश्य त्यही मात्र हो त ? अवश्य होइन, त्यो काम त हामी जहाँ बसेर पनि गर्न सक्छौं । त्यसो गर्नुको उद्देश्य अर्कै छ त्यसको खास उद्देश्य "हे भगवान् तपाई बाह्य जगतमा जुन रुपमा हुनुहुन्छ म भित्र पनि हुनुहुन्छ" भनी आत्मसात गरेको हो । भगवान्सँगको आत्मसात र आध्यात्मिकताको लक्ष्य भनेको नै यही हो । बाबाको उपदेश पनि यही हो ।

हामीमा विश्वास हुनुपर्छ । बाबाले हाम्रो रोग निको गराईदिनु भयो, हाम्रो पारिवारिक समस्या सुल्झाईदिनु भयो भने हामी उहाँकोपछि लाग्छौं । बाबा पनि हामीलाई आकिर्षित पार्न हाम्रा सबै इच्छाहरु पूरा गरिदिनु हुन्छ - (Baba fulfills all our wishes only to attract us to him). एक पल्ट उहाँको नजीक भएर हाम्रा समस्या समाधान भए पनि अर्को साँच्चैको समस्याको शुरुवात हुन्छ । त्यो समस्या हामी आफै भित्र रहेको भगवान्लाई फेला पार्ने समस्या हुन्छ । किन यो समस्या भयो त ? हामीले इच्छा बोकेर बाबाका गएको हुँदा उहाँले एक थरी समस्याको समाधान गरिदिनु भयो र अर्को आध्यात्मिक समस्या आफैले समाधान गर्न तिमीलाई दिनुभयो । वास्तवमा त्यसको समाधान तिमी आफैमा छ । बाबा, "सँधै जति थोरै झिटीझाम्टा बोकेर आउँछौ उति भ्रमण सुविधाजनक हुन्छ" भन्नु हुन्छ । त्यसैले इच्छा र आकांक्षा कुनै नराख समस्या स्वतः समाधान हुँदै जान्छन् । बाबा सँधै, जीवनमा इच्छा थपियोभने मानवको मानव नै भइरहन्छ । (Life + Desire = Man) र (Life - Desire = God). इच्छारहीत जीवन भयोभने त्यो मानव परमेश्वर हुन्छ भन्नुहुन्छ ।

मानिस ३ प्रकारका हुन्छन् । पहिलो प्रकारको मानिस संसारमा पशु जस्तै खाने, बस्ने, आनन्द साथ सुत्ने त्यत्तिकैमा मात्र रमाएर बस्छ । अर्को थरीको मानिस सांसारिक सुख या इच्छा पूर्तिकोलागि भगवान्को पछि लाग्छ । तेश्रो प्रकारको व्यक्ति आफ्ना सबै इच्छा र आकांक्षा त्यागेर भगवान्को भक्ति गर्छ । यदि मानिसले साँच्चै नै भगवान्को पछि लाग्योभने त्यो स्वयं भगवान् हुनसक्छ । त्यसैले भगवान्ले मानिसलाई कुन बाटो लाग्ने हो छुटदिनु भएको छ । मानिसले गर्दा संसार र संसार नै मानिसको आफ्नो भएको छ । मानिस नभै संसार नै हुँद्रैन । आजको यो प्रवचन कार्यक्रममा तपाईंहरु यहाँ हुनुहुन्छ र मेचहरु भरिएका छन् । तपाईंहरु नै नआउनु भएकोभए यी सबै मेचहरु रित्ता बस्ने थिए अनि त्यसबेला मेरो के काम हुने थियो ? मानिसले गर्दा आज संसारको महत्व छ ।

एउटा उदाहरणः- सबै ठाउँको जमिनको मोल (भाऊ) एउटै हुँदैन । शहरको जग्गाको मोल छोइसक्नु हुँदैन । गाउँतिर काँठतिरका जग्गा शहरकोभन्दा सस्तो हुन्छ । त्यस्तै जंगल पाखातिरको जमिनको भाउ ज्यादै सस्तो हुन्छ । यो सबै मानिसको कारणबाट हुन जान्छ । त्यसैले जमिनको मोलभन्दा मानिसको मोल ज्यादा हुन्छ । मानिसले गर्दा नै संसारको महत्व बढ्दछ ।

एउटा अर्को उदाहरण लिउँ :- सुँन, चाँदी, हीरा आदि सबै बहुमूल्य वस्तु छन् । वालुवा, शीशा, ढुंगा सस्ता हुन्छन् र कसैले वास्ता पनि गर्दैनन्, किन्दा पनि किन्दैनन् । सुँन चाँदी, हीरालाई पनि कसैले पनि किनिदिएन भने महत्वहीन हुन्छन् । मानिसले नै तिनीहरुलाई महत्व दिएर मूल्यवान् भएका हुन् । त्यसैले हामीले वस्तुकोभन्दा त्यसलाई महत्व दिने मानिसको स्वभाव र गुण चिन्नु पर्छ ।

महासागरको उर्लदो चञ्चल छाल जस्तै यहाँको भौतिक जीवन दुःख र आनन्द, नाफा र नोक्सान, अनगिन्ती इच्छा र कामना, लोभ र घृणा, रिस र राग, इर्ष्या र डाहले भरिभराउछ । यो भवसागर तर्न एक मात्र भर पर्दो र सुरक्षित डुङ्गा भगवान् र मनुष्यको प्रेममय हृदय हो ।

- साईं बाबा

७.

साईबाट परिवर्तन
(Sai Transformation)

भगवान् बाबाकहाँ जानेहरु अनेक थरीका हुन्छन् । कोही धेरै दिन देखिका अम्मली र खराब आदत र दुर्व्यसनमा चुर्लुम्म डुबेका, कोही सकारात्मक र कोही नकारात्मक प्रवृत्तिका आउँछन् । खराव र नकारात्मक आदत र प्रवृत्तिहरुलाई क्रमशः छोड्दै जानु पर्छ । एकैपल्ट अनायास छोड्ने अभ्यास गर्दा त्यसको असर झन खराव हुनगई बढी खराव आदतमा डुब्ने हुनसक्छ । त्यसैले बाबा, "बिस्तारै खराव र नकारात्मक प्रवृत्तिहरु छोड्दै जाउ" भन्नुहुन्छ । उहाँ, "जो हुनु भईगयो अब आजैदेखि सुध्रने कोशीश गर" भन्नुहुन्छ । उहाँ हामीलाई सुध्रन र हामीमा परिवर्तन ल्याउन समय दिनुहुन्छ । उहाँ एकैचोटि खराब आदत या बानी छोडेन भनी कुनै सजाय दिने या हप्काउने पक्षमा हुनुहुन्न । उहाँ एकैचोटि २० वटा बुँदाहरु दिएर ती सबैलाई अनुशरण गर्नुपर्छ भन्नु हुन्न । उहाँ कमसे कम एक दुई वटालाई छोड्ने अभ्यास गर भनी सभ्य र प्रजातान्त्रिक तवरले सल्लाह दिनुहुन्छ । बाबा विशाल हृदयी, दयालु, र सबैको कुरा बुझ्ने मर्मज्ञ अन्तर्यामी हुनुहुन्छ ।

एउटा मात्र राम्रो गुण ग्रहण गर्ने अभ्यास थाल्यौभने अरु राम्रा-राम्रा गुणहरु आफै विकिसत हुन थाल्छन् । त्यसैगरी एउटा नराम्रो बानी लाग्योभने त्यसले अनेक दुर्गुणहरु निम्त्याउँछ । त्यसैले हामी सानो दुर्गुणलाई हटाउने कामबाट शुरु गरौं । एकैचोटि हामीले ज्ञानी या संत बन्ने प्रयास नगरौं । हामी पहिलेकोभन्दा अलि बढी सुध्रियौ भन्न सक्छौ । एकपल्ट भगवान्ले भन्नुभयो, "म सच्चा भक्त खोज्दैछु, खोजिरहेछु" । विश्वको यत्रो बढ्दो जनसँख्या भएको वखत अडिटोरियममा ११० मुलुकबाट आएका मानिसले भरिभराउ छ तैपनि भगवान् एउटा भक्तको खोजीमा छु भन्नु हुन्छ । यसको अर्थ के उहाँ हामीलाई हेरविचार गर्नु हुन्न त ? त्यसको आशय उहाँले अहिलेसम्म दिनुभएका सबै उपदेशहरुको अनुशरण गर्ने भक्तहरु कोही पाइएन भनी खोजीमा छु भन्नु भएको हो ।

जीवनमा परिवर्तन ल्याउनु त्यति सरल र सजिलो छैन । स्वच्छ मनले मैले जानिन, मबाट भूल भएछ भनी भगवान् समक्ष आफ्ना गल्ती स्वीकार गरेमा उहाँको हृदय पग्लिएर आउँछ । तपाईहरुलाई एउटा उदाहरण दिउँ । हामीले यदि सबै कुरा व्यवस्थित या ठीक छ भनी सोच्दा स्वामीको विचार भिन्नै हुन्छ । आफू सन्तुष्ट छु भन्ने ठान्दा स्वामीले भएन भन्नु हुन्छ । स्वामीसँग म ध्यान गर्दैछु भन्योभने तिमी श्रीमतीलाई सम्झिरहेका थियौ भन्दिनु हुन्छ । म जप गरिरहेको थिएँ भन्यौभने होइन तिमी त धोवीको वारेमा विचार गरिरहेको थियौ भन्नुहुन्छ । म भजन गाइरहेको थिएँ भन्यौभने मलाई त त्यति बिधनराम्रो लागेन त्यस्तो धोत्रो र कानै खाने नमीठो स्वर सुन्न नपरोस् भनी मैले आफ्नो कपालले कान छोपेर बसेको हुँ भनी हामीलाई जवाफमा स्वामीको प्रतिकृया आउँछ । त्यसकारण अब देखि तपाईहरुले स्वामी मैले केही गर्न सकिन, मैले राम्रो गर्न सकिन, मेरो सबै प्रयास असफल भए, हजूरले सिकाइदिनु भएका कुनै उपदेश पनि अनुशरण गरी अभ्यासमा उतार्न सकिन; यसमा म साह्रै लज्जित छु, म पटमूर्ख भएँ भन्नुपर्छ अनिमात्र भगवान्ले ठीक छ, ठीक छ तिमीले जो सकेको गरेका छौ, राम्रो छ ठीक छ भन्नुहुन्छ । लौ त भनौं भने कति साधुसन्त, ऋषिमुनिहरु त दोषबाट मुक्त हुन सकेका देखिदैनन् भने तपाई हामी त जावो मनुष्य । त्यसैले बाबा "असल बन, राम्रो देख, राम्रो गर त्यति भए पुग्छ" भन्नुहुन्छ । त्यसैले हर कुरामा भगवान् वावाको अगाडि हामीले कुनै राम्रो काम गऱ्यौ भनी सन्तोष लिएर वस्ने या घमण्ड गर्ने कुरा छैन । हामी उहाँको दाँजोमा पुग्न सक्तैनौं । त्यसैले अरुले हाम्रो दोष या त्रुटि देखाईदिनुभन्दा पहिले नै हामीले आफ्नो भूल स्वीकार्नु पर्छ ।

आजभन्दा करीब २० दिन अगाडि स्वामी कलेजमा आउनुभयो । त्यहाँ २ वटा प्लाष्टिकका बोर्डमा तेलेगु भाषामा लेखिएका कविताहरु थिए । ती कविताहरुमा कतै कतै एक दुई वटा गल्तीहरु मैले देखेको थिएँ तर सच्चाएको थिइन । मैले स्वामी त्यसै दिन आउनुहोला भन्ने ठानेको पनि थिइन । स्वामी तीनै बोर्डको अगाडि उभिएर पढन थाल्नुभयो । मैले दुवै हात जोरेर एक दुई वटा गल्ती छन् नपढुँ कि स्वामी भनी अनुरोध गरे । तर उहाँ उभिएर दोहऱ्याई दोहऱ्याई पढ्न थाल्नुभयो । त्यसपछि उहाँ मुसुक्क हाँस्दै अघि बढ्नुभयो । यदि मैले त्यहाँ बोर्डमा कविताहरु छन् भनी अनुरोध गरेको भए म संकटमा पर्ने थिएँ । त्यसैले भगवान्को समक्ष हामीले बडो नम्र र सोझो भएर बस्नुपर्छ । हामीले सँधै भगवान्लाई लाग्ने छुरा जस्तै सम्झनुपर्छ ।

एउटा सानो उदाहरणः- एकपल्ट एउटा महाशयले स्वामीलाई आफ्नो घरमा पाल्नुहुन अनुरोध गरे। स्वामीले उनको आँखामा एकटक लगाएर "यो तिम्रो घर हो, भनी सोध्नुभयो। त्यसको उत्तरमा ती महाशयले, "हैन हैन हजूर को घर" भने। स्वामीले भन्नुभयो, "त्यसो भए मेरै घरमा मलाई किन निम्ता गर्यौं ?" केही बच्चाहरुले भोक लागेर चिच्याई चिच्याई नरुन्जेल आमाले समेत् केही खुवाउने वास्ता गर्दिनन्, त्यस्तै जेभएपनि हामीले बाबालाई निमन्त्रणा स्वरुप अनुरोध गर्नै पर्छ।

उहाँसँग केही अनुरोध गर्दा तिमीलाई लज्जित पनि हुनुपर्छ तर अनुरोध नै गरेनौ भने उहाँले पनि केही दिनु हुन्न। उहाँ तिम्रो आवश्यकता हेरी काम गर्नुहुन्छ। भित्री हृदय देखि नै तिमीले उहाँलाई पुकारा गर्‍यौभने उहाँ तिम्रो दुःख पुकारा धैर्यपूर्वक सुन्नुहुन्छ र सहयोग गर्नुहुन्छ। हामीले स्वामीको अगाडि रौं प्रमाण पनि घमण्ड देखाउनु हुँदैन।

कुनै एउटा भक्त प्रशान्ति निलयममा कैयौं वर्षदेखि कयौं पटक आएरे। उनी शान्त र चुप चाप भई बसे भने, बाबा उनलाई "यिनी पूराना भक्त हुन्, यिनी धेरै पटक यहाँ आइसके। म यिनलाई चिन्दछु," भन्नु हुन्छ। यदि तिमीले, "म यहाँको पूरानो भक्त हुँ, म १५ वर्षदेखि लगातार आइरहेछु" भन्यौभने कुराले अर्को मोड लिन्छ। त्यसको प्रत्युत्तरमा स्वामीले "तिमी यहाँ पन्ध्र वर्षदेखि लगातार आए पनि तिमीमा कुनै परिवर्तन आएन, के काम लाग्यो ? लाज मर्नु" भन्नुहुन्छ।

एकचोटि एकजनाले स्वामीलाई सोध्यो "म त भगवान्सँग साक्षात्कार गर्न चाहन्छु"। त्यसको उत्तरमा बाबाले, "तिमी त मूर्ख रहेछौं, कसरी भगवान् पनि तिम्रो अगाडि आउन सक्छन् ? भगवान् त तिमीभित्र, तिम्रो वरपर, जताततै छन्। तिम्रो अगाडि भगवान्ले आएर हाँसोको पात्र बन्नु छ र ? भगवान् त तिमी भित्रै छन्। तिमी नै भगवान् हौं। तिम्रो अगाडि उनी कसरी आउन सक्छन् ? भनी उत्तर दिनुभयो।

एकपटक एक अमेरिकन जोडी भगवान् कहाँ आए। तिनीहरुले आफूले पालेको कुकुर पनि लिंदै आएका थिए। अमेरिकामा जनावरहरुकोलागि विद्यालय, अस्पताल, पसल सबै हुन्छ। त्यहाँ पाल्तु जनावरहरुले पनि डिग्री, डिप्लोमा प्राप्त गर्छन्। तिनीहरुप्रति गरेको प्रेमको म प्रशंसा गर्छु। त्यो अमेरिकन

जोडीले ल्याएको कुकुर जतिखेर पनि उनीहरुकै साथ हुन्थ्यो। प्रशान्ति निलयममा एकातिर पुरुष र एकातिर महिलाहरु बस्नुपर्ने नियम नै छ। कुकुरलाई कहाँ राख्ने विलखबन्दपर्दै तिनीहरुले त्यो कुकुरलाई समातेर एउटा रुखमुनि उभिरहे। त्यसै बखत गाडीमा बाहिर जान लाग्नु भएको भगवान्ले तिनीहरुलाई देखी गाडी रोकी बाहिर निस्किएर तिनीहरुकहाँ आउनुभयो। दुवैले बाबालाई दण्डवत गरे। भगवान्ले ती दुबैलाई आशिर्वाद दिनुभयो। त्यसैबखत त्यो अमेरिकनको श्रीमतीले बाबासँग, "यो कुकुर यति टाढादेखि हामीसँगै भ्रमण गर्दै धेरै मन्दिरहरु पनि घुमिसक्यो यसलाई पनि आशीर्वाद दिनुहोस् न स्वामी !" भनी अनुरोध गरिन्। भगवान्ले उनीहरु दुवैको आँखामा हेर्दै यसले र तिमीहरुले यत्तिका मन्दिरहरु हुँदै आएतापनि तिमीहरुमा कुनै परिवर्तन आएन भन्नुभयो। धन्य भगवान् !

स्वामी हाँसोठट्टा पनि निकै गर्नुहुन्छ। उहाँ बेदान्तका कुरा गर्नेहरु लामा र भ्याउँटे अनुहार परेका हुन्छन् भनी हाँसो गर्नुहुन्छ। हुन पनि धेरैजसो वेदान्त सम्बन्धी कुरा सुन्न रमाइलो मान्दैनन्। कोही त भरसक बाँचुन्जेल सुन्न नपरे हुन्थ्यो भन्छन्। तर भगवान् भने वेदान्त जस्तो रुखो विषयलाई पनि दन्त्यकथा जस्तै सरल र सबैले बुझिने भाषामा रोचक ढंगबाट बुझाउनु हुन्छ। त्यसैकारण उहाँको प्रवचन सुन्न केटाकेटी, नवयुवकहरु तथा बूढाबुढीहरु समानरुपले आउँछन्।

भगवान् बाबा तपाईं हामी सबैको मनका कुरा विचार सबै थाहापाउनु हुन्छ। एकपटक उहाँ विद्यार्थीहरुसँग कुरा गर्दै हुनुहुन्थ्यो। विद्यार्थीहरुमध्ये कतिको भर्खरै परीक्षा समाप्त भएका र कतिजना पढाउने काम पनि गर्थे। हिंडदा हिंडदै एकजना विद्यार्थीसँग, तिम्रो श्रीमती कहाँ छिन् ? तिम्रो बिहा भएको हैन र भनी सोध्नुभयो। त्यो विद्यार्थीले आश्चर्य मान्दै "श्रीमती" भन्यो। बाबाले भन्नुभयो, "मलाई थाहा छ उसलाई तिमीले आफ्नो खल्तीमा राखेको छौ "। भोलिपल्ट पनि त्यसै विद्यार्थीलाई तिम्रो डिग्री के छ भनी सोध्नुभयो। विद्यार्थीले मैले एम.एस.सी. (M.Sc.) गरेको छु भन्यो। उहाँले त्यसो भए मिसेस (Mrs.) डिग्री कहिले पाउने त भनी सोध्नुभयो। विद्यार्थीले कुरा बुझेन र स्वामीले त्यो प्रश्न फेरि दोहराउनु भयो र "श्रीमती" (Mrs) कहिले पाउने भनी सोध्नुभयो।

एकदिन केटाहरुलाई, "तिमीहरु विवाह गर्न श्रीमती (Wife) ल्याउन बढो उत्सुक र चिन्तित छौ किन ?" भनी सोध्नुभयो । तिमीहरु श्रीमती (Wife) लाई जीवनसाथी (Life) हुन्छे भनी ठान्छौ तर त्यो पछि लाग्ने चक्कु (Knife) नबनुन्जेलसम्म तिमीहरु स्वामीलाई बिर्सन्छौ । विवाह हुनुभन्दा पहिले तिमीहरु मास्टर (Master) हुन्छौ तर विवाह भइसकेपछि तिमीहरु मिस्टर (Mister) बन्छौ । विवाह हुनुभन्दा अगाडि मास्टर छउन्जेल तिमीहरु दुई खुट्टाले हिड्थ्यौ । विवाह भएपछि तिमीहरु दुईजना गरी जम्मा ४ खुट्टाले हिंड्छौ । एउटा बच्चा पाएपछि तिमीहरु बिच्छी जस्तै ६ खुट्टाले हिंड्न थाल्छौ । दोश्रो बच्चा भएपछि माकुरो जस्तै आठ खुट्टाले हिंड्न थाल्छौ भनी सम्झाउनु भयो । क्रमशः बच्चाहरु बढ्दै अरिंगाल अथवा खजुरो जस्तै धेरै खुट्टा भएको किरा सरह हुन पुग्छौ ।

स्वामीको कुरा सुनेपछि मलाई आफूले भूल गरेको जस्तो लाग्यो किनभने स्वामी कहाँ आउनुभन्दा पहिले नै मेरो विवाह भइसकेको थियो । स्वामीले भन्नुभयो, "तिमीहरुलाई ५ मिनेट आनन्द लाग्ला बाँकी २३ घण्टा ५५ मिनेट चिन्तामा डुब्ने छौ । विवाह भनेको मृगतृष्णा हो – **Marriage is a Mirage."**

त्यो दिन त्यहाँ म मात्र एक विवाहित व्यक्ति थिएँ । स्वामीको त्यो विवाह सम्बन्धी शिक्षाप्रद उपदेश सुन्दा आफूले ठूलो भूल गरेको महशुस भइरहेको थियो ।

एकदिन स्वामीले अंग्रेजीमा वाइफको हिज्जे (Spelling) के हुन्छ भनी सोध्नुभयो । उहाँ आफैंले **WIFE** भन्नुभयो र पुनः अघिल्ला एक एक अक्षर बाट **Worry invited for ever** अर्थात् "सँधैकोलागि दुःख निम्ताएको" भनी अर्थ्याउनु भयो । त्यही स्वास्नी (Wife) जो पछि चक्कु (Knife) हुन्छे । त्यसले लोग्ने (Husband) लाई bend गराउँछे । Hus-Bend. अर्थात् श्रीमान्‌लाई उनीसीत अब Bend अर्थात निहुरने बनाउँछे" भनी भन्नुभयो ।

स्वामीको यी सबै कुरा सुनेर म मनमनै अब पुग्यो स्वामी, अब पुग्यो भनिरहेको थिएँ । पाँचौ दिनमा मैले स्वामीसँग हजूर नरिसाउने भए एउटा सानो कुरा बिन्ती गर्छु भनी अनुरोध गरें । राम, कृष्ण र हजूर समेत् सबै

अवतारहरुको आमाबुबा हुनुहुन्थ्यो । विश्वामित्र वशिष्ठ जस्तो ऋषिमुनिहरु सबै गृहस्थाश्रममा वस्नुहुन्थ्यो । तपाईंका भक्तहरुमध्ये धेरैजसो महिलाहरु नै पहिले भक्ति गर्छन् त्यसपछि श्रीमान्ले विद्रोह गर्ने गर्छन् । पहिले देखि नै श्रीमान् र श्रीमतीको पुट्टपर्ति आउने कुरमा वादविवाद चल्छ । धेरैजसो श्रीमान्हरु श्रीमतीहरुलाई घरै बस, पुट्टपर्ति जानु पर्दैन भन्ने गर्छन् ।

प्रो. अनिलकुमार आफ्नोबारेमा भन्नुहुन्छ, "म पनि मेरी श्रीमतीलाई त्यसै भन्दथें । तपाइंहरुभन्दा पनि झन वढी खराब थिएँ । मेरो श्रीमतीले मसँगै पुट्टपर्ति जान्छु भन्दा "त्यहाँ जाने काम छैन; मलाई छुट्टी नै छैन" भन्दथें । यस प्रकार धेरैजसो हामी हाम्रा श्रीमतीहरुले गर्दा नै स्वामीकहाँ आउन पाउँछौं । त्यसकारण के श्रीमतीहरुलाई सँधैकोलागि निम्त्याएको दुःख वा तिनीहरु लाग्ने चक्कु हुन् भनी स्वामीले भन्न मिल्छ ? म पनि सत्य साई संगठनमा लागेको व्यस्त व्यक्ति, राती अबेला घर जाँदा सबै व्यवस्था मिलाउने श्रीमती नै हुन्छिन् । त्यति मात्र नभई सासु ससुरा तथा मान्यजनहरुको पनि हेरविचार गर्छिन् । कतिजना यहाँ श्रीमतीहरुकै कारण आउन पाएका छन् । त्यसैले कसरी श्रीमतीहरुलाई दुःख ल्याउने भन्न मिल्छ स्वामी ? भनी मैले अनुरोध गर्दा उहाँले ॐ शान्ति ... ॐ शान्ति भन्दै मलाई बस त १ भन्नुभयो । म बसें । उहाँले फेरि उठ भन्नुभयो । तिमीले स्वामीको गाडीमा सुल्टो पनि घुम्ने, उल्टो पनि घुम्ने ग्यर (gear) देखेका छौ " भन्नुभयो । उहाँले ग्यर वदलेर गाडीलाई उल्टो दिशातिर लैजानु भयो । अर्थात् कुरा मोड्नु भयो । अनि उहाँले भन्नुभयो, "नारीको धेरै महत्व छ । व्रम्हचर्यकोलागि गृहस्थाश्रम आधारशीला हो । संन्यासीकोलागि गृहस्थाश्रम आधारशीला हो । गृहस्थीहरु धेरै असल र पवित्र हुन्छन् । नारीहरु त्याग र सहिष्णुताकोलागि प्रशिद्ध छन् । श्रीमान्लाई ज्यादै ठूलो दुःखकष्ट र पीर पर्दा नारीहरु उनीहरुकोलागि मर्न पनि तयार हुन्छन् । तर श्रीमान्हरु चाहिं गल्लीको कुकुर जस्तो कुनै कुराको वास्ता राख्दैनन् । कुनै नारीको श्रीमान्को मृत्यु भयो भने उनीहरु आफूलाई निःसहाय सम्झन्छन् र मकहाँ आएर श्रीमान् विना अब कसरी जीवन बिताउँ बरु मेरो ज्यान पनि लिइदिनुस् भनी रुने कराउने गर्दछन् । उनीहरुको श्रीमान् प्रति यस्तो प्रेम हुन्छ । कसैको श्रीमतीको मृत्यु भयोभने उ दगुर्दै म कहाँ आएर दोश्रो विवाह गर्न अनुमति माग्न आउँछ । तर यसको

विपरित मैले आजसम्म श्रीमतीको पीरले रुने कराउने श्रीमान् एउटा पनि देखेको छैन । नारीहरुको ७ गुण हुन्छ भने पुरुषको जम्मा ३ गुण हुन्छ भनी विश्वास राख्छन् ।"

कृष्णको कुचेला (सुदामा) भन्ने मित्र थिए । सुदामा ज्यादै गरिब थिए । उनका ९ जना त छोराछोरी थिए । सुदामा अलि लज्जालु स्वभावका थिए । उनको श्रीमती उनलाई साथी कृष्ण कहाँ गएर सहयोग माग्न भन्थिन् । उनी चाहिं त्यति ठूला भगवान्ले अब मलाई के चिन्नु होला भन्थे । सुदामा श्रीमतीको जोडले गर्दा कृष्णजी कहाँ गए । सुदामालाई आफ्नै सहपाठी भए पनि कृष्णप्रति धेरै विश्वास थिएन । सुदामाकी श्रीमतीले चाहिं कृष्णजीलाई नदेखेकी भए पनि उहाँप्रति अति विश्वास राख्थिन् । आइमाईको जत्तिको विश्वास र शुद्धता पुरुषमा हुँदैन । कृष्णले उनको सबै इच्छा पुऱ्याइदिनु भयो । यस प्रकार सुदामाको गरीबी र दुःख हरायो । कृष्ण आफ्नो मित्रलाई कहिल्यै बिर्सनु हुँदैन । कृष्णप्रति त्यस्तो सोझो सम्पर्क भएको श्रीमान्कोभन्दा श्रीमतीको बढी विश्वास थियो । एम. बी. ए. (M.B.A) को डिग्री नभइकनपनि प्रत्येक नारीले गृह विज्ञानमा एम. बि. ए. (M.B.A.) पास गरेका हुन्छन् । गृह विज्ञानमा उनीहरु सबै निपूण र पोख्त हुन्छन् । कुनै पनि घरको स्तर र स्थिति त्यस घरको गृहिणीको बरबन्दोवस्तोमा निर्भर गर्छ । श्रीमतीहरुले नै आफ्ना श्रीमान्हरुलाई धार्मिक पथमा लैजान्छन् । त्यसैले नारीहरु पुरुषभन्दा निश्चय पनि धेरै असल हुन्छन् । यसकारण विवाह गर्नुमा कुनै गल्ती छैन ।" (Only the woman will make the husband tread on the right path - the Dharmic Path. Therefore woman is certainly better than men. There is nothing wrong in marriage.)

रित्तो विचार गर्नेले यो विश्वलाई उपयोगी र मनन गर्नेले त्याज्य (छोड्ने) वस्तु हो भन्ने ठान्छ ।

उत्तम शिक्षणले मानवतालाई आनन्द प्रदान गर्छ ।

- श्री सत्य साई बाबा

"मलाई नपुग्दो भन्ने कुरो केही छैन । मेरो लागि सबै यथेष्ठ छ । मप्रति उति श्रद्धा र प्रेम राख्ने भक्तहरुले संधै मेरो अनुग्रह अथवा कृपा पाईरहन्छन् । म मानिसहरुको बीचमा हुन्छु, कुरा गर्छु, गाउंछु । तापनि मै हुं भन्ने पढेलेखेका विद्वानहरुले पनि मेरो सत्यता, शक्ति, महिमा तथा अवतारले गर्न सक्ने कामबारे केही बुझेका छैनन् म जस्तोसुकै कठिन र जटिल समस्या पनि सुल्झाउन सक्छु । मेरो विषयमा जांच्न जति गहिरिएर विचार गरेपनि मेरो रहस्या पत्ता लगाउन सक्दैनन् । जसलाई प्रेमद्धारा नै वास्तविकता थाहा पाइन्छ भन्ने थाहा छ र जसले मेरो प्रेमबारे केही बुझेको छ साथै अनुभूति प्राप्त गरेको छ त्यसले मात्र मलाई चिन्दछ । प्रेमपथ नै मकहां आउने राजमार्ग हो । म ईश्वरको सबै रुपमा छु । म पूर्ण शान्तिको प्रतीक हुं । म मानिसले बोलाउने र पूजा गरिने सबै नाममा रहन्छु । म सत, चित, आनन्द, निर्बिकल्प, सत्यम, शिवम्, सुन्दरम सबै हुं ।"

भगवान् श्री सत्य साई बाबा



८.

ज्ञातुम, द्रष्टुम, प्रवेष्टुम

जान्नु, हेर्नु, अनुभव गर्नु

आज हाम्री आध्यात्मिक पथकोलागि तीन अनिवार्य (नभई नहुने) कुराहरु वारे चर्चा गर्नेछौं। ती अनिवार्य कुराहरु के के होलान् भने तिनीहरु ज्ञातुम (जान्नु), द्रष्टुम (हेर्नु) र प्रवेष्टुम (अनुभव गर्नु) हुन्।

सर्वप्रथम ज्ञातुम आउँछ। यसको अर्थ जान्नु वुझ्नु हुन्छ। विश्वमा कुनै काम पनि नवुझी गर्न सकिँदैन। विद्यार्थीहरुले आफ्नो पाठ वुझ्नैपर्छ। डाक्टरले आफ्नो चिकित्सा सम्वन्धी काम जानेकै हुनुपर्छ। त्यस्तै इन्जिनियरले आफ्नो विषयमा निपुण हुनैपर्छ। लेखापालले हिसाव किताव राख्ने काममा दक्ष हुनैपर्छ। सांसारिक जीवनमा यस प्रकारको आ-आफ्नो विषयको ज्ञान सवैमा हुनुपर्छ। भौतिक जीवनमा यसको जति महत्व छ त्योभन्दा वढी आध्यात्मिक क्षेत्रकोलागि हुन्छ।

भगवान्ले तपाई हामी प्रत्येक व्यक्तिमा बुझ्ने शक्ति दिनु भएको छ। यो वुझ्ने क्षमता या समझदारी भन्ने कुरो कुनै देशले दिने अनुदान होइन। न त यो पसलमा किन्न पाइने वस्तु हो। गुरुले दिने दीक्षा मन्त्र पनि होइन। यो प्रत्येक व्यक्तिमा भएको नैसर्गिक दैवीकगुण हो। त्यसैले यस्तो भगवान्बाट प्राप्त गुणलाई हामीले विश्वको लाभ र कल्याणकोलागि प्रयोग गर्नुपर्छ। यदि कसैले, "म त आध्यात्मिकता भन्ने केही वुझ्दिन" भन्छ भन्ने त्यो ठग र वेकम्मा व्यक्ति हो। यदि उसले राजनीति, ललितकला, घरव्यवस्था आदि वारे सबै वुझ्न सक्छ भने आध्यात्मिकता मात्र वुझ्न किन नसक्नु। त्यसैले उपर्युक्त विषयहरुबाट तत्काल लाभ र सुख सुविधा प्राप्त गर्ने हुनाले ती विषयहरुमा आफ्नो ज्ञान र समझदारी प्रयोग गर्छ तर आध्यात्मिक क्षेत्रबाट तत्काल लाभ नपाइने हुँदा त्यसमा ध्यान दिँदैन। तपाईहरु कसैले पनि जागीर खाना साथ या कुनै काममा हात हाल्ना साथ तलब या पदोन्नति पाउन सक्नु हुन्न।

भगवान्बाट प्राप्त ज्ञानलाई भौतिक र आध्यात्मिक क्षेत्रमा प्रयोग गर्नुपर्छ। भगवान्ले हामीलाई यो ज्ञान उहाँलाई चिन्न र वुझ्न दिनुभएको हो।

यसबाट हामी कहाँसम्मका ठग रहेछौं त ? के हामीमध्ये कोही यहाँ आफूले आफैलाई चिन्न प्रयास गर्ने कोही छौं ? के पाचन विद्यामा यहाँ कोही नयाँ कुराको आफैले विकास गरे भन्न सक्ने कोही हुनुहुन्छ ? कोही हुनहुन्न । हामी सबै ज्ञान लिएर जन्मिएका छौं । उहाँले हामीलाई किन ज्ञान सहित यो जीवन दिनुभएको हो त्यो बुझ्नु पर्छ । सर्वप्रथम हामीले उहाँलाई बुझ्ने प्रयास गर्नुपर्छ । दैवत्व भनेको के हो ? दैवत्वका गुणहरु के के हुन्छन ? दैवत्वले के के गर्न सक्छ ? दैवत्वको आवश्यकता के छ ? सबै जान्नु पर्छ ।

हामीले यसबारे त्यसको आवश्यकता, विधि, कस्तो छ, भनी बुझ्नुलाई ज्ञान भनिन्छ । हामीमा त्यस्तो खुबी छैन । हामीमा धैर्य नै छैन । हामी जे बुझें भन्छौ वास्तवमा केही पनि बुझेका हुँदैनौ । ज्ञान भनेको पूर्ण हो, अंश होइन । यसबाट हामीले के त दैवत्वलाई बुझेका रहेछौं त ? छैनौ । हामीले भगवान्लाई व्यापार र लेनदेनको रुपमा प्रयोग गर्छौं । हामी जब असजिलोमा पर्छौं तब भगवान्लाई पुकार्छौं । आफूलाई चाहिएको वखत भगवान्लाई पूकार्छौं । हामी पानी चाहियो भने धारा खोल्छौ, आवश्यक नपरेको बखत धारा बन्द गरेर राख्छौं । यसरी भगवान् चाहिएको वखत काम लाग्नु हुँदो रहेछ भन्ने हामी ठान्छौं । हामी भगवान् जहिले पनि सहयोगी हुनुहुन्छ भन्ने ठान्दैनौ । के त्यस्तो समझदारी हुन्छ ? के भगवान्को महत्व बुझेको त्यस्तो हुन्छ ? सर्वप्रथम हामीले भगवान् धेरै टाढा बस्नु हुँदैन भन्ने बुझ्नुपर्छ ।

यहाँ एउटा कलम छ । यसमा यसको शरीर, टोपी, मसी सबै चीज छ । यो मभन्दा फरक छ । तपाईहरु आफूभन्दा अरुहरु के के कुरामा फरक छन् भन्ने जान्नु हुन्छ । तपाईहरु आफूमा नभएका गुणहरु पनि अरुमा भएको थाहापाउनुहुन्छ । जस्तै म अनिलकुमार छु तर मैले आफूलाई जान्दिन चिन्दिन भन्न थालेंभने तपाईहरु मलाई बिचरा अनिलकुमार त बौलाए छ भन्न थाल्नुहुन्छ । आफूले आफैलाई कहिले चिन्ने कहिले नचिन्ने हाँसो उठ्दो र लाजमर्दो कुरा हुनेछ । भगवान्लाई चिन्ने कुरो पनि यस्तै भएको छ ।

शरीर भनेको भगवान्को मन्दिर हो । यो मन्दिर मक्का अथवा भ्याटिकन या तिरुपतिमा छैन । शरीर घुम्ती मन्दिर जस्तै हो । भगवान् तपाईहरुबाट अलग भएर छुट्टै स्वर्गमा बस्नु भएको छैन । तपाई भित्र रहेको तपाईको आत्मा नै भगवान् हो । तपाईको शरीर चाहिँ मन्दिर हो । विश्वमा भएका सबै मन्दिरहरु अचल तथा भित्र भगवान् भएको मानव शरीर चाहिं घुम्ती मन्दिर

हो। यो कुरो गर्दा तपाईहरु हामी यहाँ चुपचाप बसिरहेका छौं, यो चाहिं यहाँ के के नचाँहिदो कुरा गरिरहेछ भनी छक्क पर्नु होला। त्यसो होइन। तपाई र हामी आफूहरुलाई भिन्न या फरक देख्छौं। यसको कारण तपाई र हाम्रो शरीरप्रतिको आसक्ति, इन्द्रियसुख र भौतिक संसारको मायाजालमा परेर भएको हो। हामी जो पनि आफूलाई म यस्तो र उस्तो भन्छौं तर कोही केही गर्न सक्ने छैनौ। जव हामीले यो हाम्रो हरीर केही होइन रहेछ मुख्य त आत्मा पो रहेछ, आत्मा भन्नु नै ईश्वर रहेछ भन्ने बुझ्छौं त्यसवखतको समझदारीलाई ज्ञातुम भनिन्छ। यो ज्ञातुम आध्यात्मिक क्षेत्रमा पहिलो खुड्किलो हो।

हिजो बाबाले हामीहरु जप-ध्यान कसरी गर्छौं त्यस बारे हाँसो गर्दै भन्नुभयो, "हातमा जपमाला लिई बसेको एउटा श्रीमान्‌ले जप ध्यान गर्दागर्दै, ए प्रिया ! तरकारी पाक्यो ? भनी चिच्याउँछभने त्यस्तालाई जपध्यान भन्ने ? लाजमर्दो कुरा ! कोही, म जतिवेर पनि बसेर ध्यान गर्न सक्छु भन्छ तर ढाडमा लामखुट्टेले टोक्योभने त्यसलाई मार्न तम्सन्छभने के त्यसलाई ध्यान भन्ने ? त्यो त लामखुट्टेको ध्यान पो भयो।" "दाजुभाइ दिदीबहिनीहरु ! हेरौं यस्तोलाई आध्यात्मिकता अथवा साधना भनिंदैन। सच्चा साधना र सच्चा आध्यात्मिकतामा ज्ञातुम अर्थात् आफू के गर्दैछु भन्ने कुराको स्पष्ट ज्ञान हुनै पर्छ।"

आध्यात्मिक साधनामा दाश्रो खुडकिलोमा द्रष्टुम आउँछ। द्रष्टुमको अर्थ हेर्नु या हेरेर बुझ्नुहुन्छ। उदाहरणकोलागि वासिंगटन शहर खुब राम्रो छ अथवा डिज्नेल्याण्ड एउटा आकर्षक पर्यटन स्थल हो या मैले स्वर्गको बारेमा कुरा सुने. भन्दैमा के हामीलाई आनन्द आउँछ। आउँदैन। सुनेर मात्र मानिसलाई आनन्द र सन्तोष आउँदैन। एउटा सामान्य उदाहरण - सम्झनुस् तपाईलाई राती एक बजे साह्रै भोक लाग्यो रे। मैले रोटी-तरकारी, हलुवा-पुरी, लड्डु-पेडा, बर्फी भन्दैमा के तपाईको भोक मेटिन्छ ? तिनीहरुको स्वादको सम्झना र अनुभवले मात्र के हुन्छ र ? तपाईले खानुभन्दा पहिले त त्यो के हो भनी बुझ्नुपर्छ। बुझेपछि त्यसलाई हेर्नुपर्छ। यही हेर्नुलाई आध्यात्मिक क्षेत्रमा द्रष्टुम भनिन्छ। कुनै कुरा सुनेपछि या बुझेपछि त्यसबारे आफ्नो आँखाले हेरी व्यक्तिगत अनुभव गर्नुपर्छ। ताजमहलको कुरा सुनेर ज्ञातुमपछि द्रष्टुम गरेर अर्थात् सुनेको र हेरेको कुरामा के कति मिल्छ

मिल्दैन थाहाहुन्छ ।

तपाई हामी यहाँ भगवान् बाबा, पुट्टपर्ती प्रशान्तिनिलयम, साई अभियान, साई सन्देश आदि भनेको बराबर सुन्छौ । त्यति सुन्दैमा चित्त बुझ्दछ त ? तपाईहरुले भगवान् बारे जे बुझ्नुभयो राम्रो भयो । तर तपाईहरु हवाइजहाजमा त्यत्रो खर्च, बाटोको दुःख, बसाईको असुविधा, बैंगलोरको लामखुट्टेको गाना र टोकाई सहेर यहाँ किन आउनु भएको छ ? तपाईंहरु यहाँ आफूले सुनेको, बुझेको र जानेको कुरो कहाँसम्म ठीक रहेछ भनी आफैले हेर्न आउनुभयो । खालि जान्नु भनेको कल्पना जस्तै मात्र हो । त्यो सैद्धान्तिक र अनुमान मात्र पनि हुन सक्छ । त्यो सत्य नहुन पनि सक्छ । अब तपाईहरु आफै यहाँ आउनु भएको छ, तपाईहरुले बाबाको विषयमा, पढेका र सुनेका कुरालाई, स्वामीलाई हेरी विचार गर्न सक्नुहुन्छ । उहाँ हिडेको देख्दा तपाईलाई भित्रैदेखि रोमाञ्चित भएर आउँछ । उहाँले तपाईलाई हेर्दा विद्युत शक्ति प्रवाह भए जस्तो लाग्छ । उहाँले् तपाईलाई अन्तरवार्तामा बोलाउँदा खुशीले गद्‌गद् हुनुहुन्छ । समझदारीले तपाईहरुलाई आनन्द प्रदान गर्छ, साँच्चै देख्दा दोब्बर आनन्द प्राप्त हुन्छ । दोब्बर आनन्द पाउन सुनेको र हेरेको हुनुपर्छ ।

हामीले हेर्नु पर्ने कुरा के हो ? के हामीहरुले बाबालाई भौतिक स्वरुपमा हेर्ने हो ? अवश्य होइन । हामीले उहाँलाई भौतिक स्वरुपभन्दा छुट्टै रुपमा हेर्नु पर्छ । तपाई हामी प्रत्येकमा बाबा हुनुहुन्छ । हामीलाई बोल्न, काम गर्न, विचार गर्न प्रेरणा दिने सबै उहाँ नै हुनुहुन्छ । उहाँ हामीलाई उहाँको भित्री रुप थाहा पाउन प्रकट हुनु भएको छ । हिजो बाबाले त्यसै विषयमा व्याख्या गर्नु भएको थियो । तिमी कुनै मन्दिरमा हवाइजहाज या ट्याक्सीमा थुप्रो रुपैयाँ खर्च गरी पुग्छौ र भगवान्‌लाई हेर्दा पनि नहेरी आँखा चिम्लेर बस्छौ । त्यसरी आँखा बन्द गर्न त घरैमा पनि सक्छौ । त्यतिका रुपैयाँ बाटोमा खर्च गरी आँखा मात्रै बन्द गर्ने हो भने मन्दिरमा नै किन आउनु पऱ्यो ? मैले यहाँ वक्ता भएर आउनु पऱ्यो भने मुख बन्द गरेर आउँदिन । मलाई भोक लागेर कुनै होटलमा गएँभने मुख बन्द गरेर जान्न । कुनै संगीत बजिरहेको छभने म कान बन्द गर्दिन । कतै सिनेमा हेर्न गएँभने आँखा थुनेर बस्दिन । तपाईंहरुले भगवान्‌को अगाडि आँखा किन बन्द गरेको ? त्यसको कारण सरल छ । हे मेरो अगाडि हुनुभएको भगवान् तपाई म भित्र पनि हुनुहुन्छ भनी स्मरण गरेको हो । तपाईहरुले उहाँलाई आफूभित्र देख्नु भएको हो । यस प्रकार प्रत्यक्ष आएर हेर्नु नै द्रष्टुमको खास अर्थ हो । । मैले उहाँलाई बाहिर देखिसकेपछि भित्र हेर्न थाल्छु । वास्तविक हेर्नु भनेको त्यही हो । तपाईंहरुले उहाँलाई बाहिर देखिसकेपछि

भित्र हेर्ने थाल्नु भएपछि तपाई द्रष्टा वन्नुहुन्छ ।

उदाहरणकोलागि त्यहाँ एउटा कृष्णको मूर्ति छ रे । कृष्णको मूर्ति देखिन्छ । देख्ने म छु । मैले मूर्ति देखिरहेछु । यस प्रकार १. देख्ने २. देखिने र ३. दृष्य जम्मा तीन कुरा हुन्छन् । जवसम्म भगवान् बाहिर हुनुहुन्छ भन्ने धारणा तपाईहरुमा भइरहन्छ त्यसबेलासम्म यी तीन त्यहाँ भइनै रहन्छन् । एकपटक ईश्वर आफू भित्र हुनुहुन्छ भन्ने भाव भएपछि यी तीन एक हुन्छन् । तपाईहरुले भगवान्लाई वाह्य दृष्टिवाट हेर्नुभयो भने देख्ने, देखिने र दृष्य यी तीनै कुरा त्यहाँ हुन्छन् । त्यसै गरी भगवान्लाई आन्तरिक दृष्टिले हेर्नुभयो भने यी तीनै एक हुन्छन् । यसैलाई त्रिप्ती (Tripathi) भनिन्छ । त्रिप्ति नै दैवत्व हो । तीनैवटा एकै ठाउँमा वसेर एकमा मिल्ने कृयालाई दैवत्व भनिन्छ । यसरी एक भई मिलेर दैवत्व भएकोलाई अद्वैत भनिन्छ । एक बाहेक अरु केही छैन भनी वुझ्नु नै सही ज्ञान हो । ईश्वर या भगवान्लाई बाहिर देखे पनि उहाँ र तिमी गरी दुई भन्ने नभई उहाँ एक नै हुनुहुन्छ । बाहिर एउटा ढुङ्गामा "दोमन गर्ने व्यक्ति कानो हुन्छ" भन्ने लेखिएको छ । हामी सबैको दृष्टि अद्वैत भाव हुनुपर्छ । एक देखि अर्को छँदै छैन भन्ने भावना जागृत हुनु अद्वैत भाव हो । त्यसैले तपाईहरुले आन्तरिक दृष्टिबाट हेर्न थाल्नु भएपछि तपाई र भगवान् एकै हो भन्ने ठान्नु हुन्छ । तपाईबाट भगवान् अलग हुन हुन्न । भगवान् देखिनु हुन्न । तपाईं हेर्ने दर्शक हैन । तपाईं भगवान्लाई देखिरहनु भएको छैन । यी सबै तीन वाक्य एकै हुन् अर्थात् त्रिप्ति (Tripathi) हुन् ।

आध्यात्मिक साधनामा पहिलो खुडकिलो ज्ञातुम्, दोश्रो खुडकिलो द्रष्टुम् र तेश्रो खुडकिलो प्रवेष्टुम् अर्थात् अनुभव प्राप्त गर्नु हो । यो सबैभन्दा अन्तिम सिंढी हो । यसवखत तपाई हामी के गर्दैछौं ? हामी यहाँ आध्यात्मिक विषयको एक शीर्षकमा चर्चा गर्दैछौं । यसवेला हामीले अरु सबैकुरा बिर्सेका हुन्छौं । तपाईहरु र म दैवत्वको विषयमा विचार विमर्श गर्दैछौं । त्यसबखत हामीले समय, स्थान र दुरी सबैलाई विर्सिएर विषय वस्तुसँग मात्र एक भएर बसेका हुन्छौ अर्थात् दर्शक, विषय र दृश्य सबै एक हुन्छन् । यस प्रकार तपाईहरु र म यही छलफलमा एक भई भाग लिइरहेका छौं ।

प्रवेष्टुम्को अर्थ अनुभव गर्नु हो भन्ने कुरा हामीलाई स्पष्ट भईसक्यो तर कसैले पनि कस्तो अनुभव भयो त्यो बताउन सक्तैन । म, ज्ञातुम् र द्रष्टुम्बाट पाएको अनुभव बताउन सक्छु तर प्रवेष्टुम्वाट पाएको अनुभव बताउन

सक्तिन। यसकोलागि आफैले लागिपर्नु पर्छ। आफैले अनुभव गर्नुपर्छ। यो हाम्रो मन र वचन देखि पर छ। गएको राती तपाईहरुलाई मस्त निन्द्रा लाग्यो कुनै सपना देख्नु भएन रे। मैले तपाईहरुलाई मस्त निन्द्रा भनेको कस्तो हुँदोरहेछ त भनी सोद्धा तपाईहरु यसको अनुभव बताउन सक्नु हुँदैन। यदि तपाईहरुले कसैलाई रक्सी किन पिएको ? यसबाट के पाउनु हुन्छ भनी सोध्नुभयोभने उसले तपाईलाई आफै खाएर हेर्नुस अनि स्वाद थाहा पाउनु हुनेछ भन्छ। तर दैवी अमृतले तपाईलाई एक योनीबाट अर्को योनीमा जन्म लिनुबाट जोगाउँछ। भगवान् बाबाले दिने सन्देशहरु नसामा दिईने इन्जेक्सन समान हुन्छन्। इन्जेक्सनरुपी ती सन्देशहरुले तपाईलाई सुने अनुसार नाचौं, गाऔं, कार्यक्रमहरुमा सबैसँग मिली भाग लिउँ जस्तो गराउँछ।

बाबाले तपाईहरु यहाँ छँदैमा तपाईहरुका सबै समस्या सुल्भाई दिनुहुन्छ। बत्तीको स्वीच थिच्ने बित्तिकै बत्ती बल्छ। बाबा भन्नु हुन्छ "म तिम्रो जीवनको गहिराइमा पुगेर तिम्रा समस्याहरुको समाधान गर्छु। तिमीहरुले मलाई हेऱ्यौ भने म पनि तिमीहरुको हेरविचार गर्छु। उहाँ प्रोत्साहन दिंदै अझ पनि केही बिग्रेको छैन, जो हुनु भइ सक्यो, बितेको कुरा जान देउ, बितेको कुरामा सुधार गर्न सकिदैन, भविष्यको कुरा हामीलाई थाहा छैन त्यसकारण आजैदेखि सुध्रने र आफूमा परिवर्तन ल्याउने प्रयास गर। त्यसैले सबैको भलो देख्ने, भलो गर्ने, भलो सुन्ने काम गर। भगवान् कहाँ जाने बाटो यही हो।"

हामी बाबालाई देख्नासाथ आफ्ना सबै समस्या बिर्सन्छौं। उहाँको चरण छुनासाथ हाम्रो समस्याहरु सुल्भिन्छन्। उहाँसँग कुरा गर्दा हामी आफूलाई बिर्सन्छौ। उहाँ का प्रत्येक शब्द अमृत समान लाग्छ। उहाँको दर्शन पाउँदा, उहाँको सुन्दर स्वरुप मात्र हेरिरहुँ जस्तो लाग्छ। उहाँलाई छुँदा आँफै सर्वोच्च आनन्दमा पुग्छौं।

यी सबै कारणले गर्दा आध्यात्मिकताकोलागि ज्ञातुम् (सुनेर जान्ने बुझ्ने), द्रष्टुम् (हेर्ने) र प्रवेष्टुम् (आफैले प्रत्यक्ष अनुभव गर्ने) अनिवार्य आवश्यकता हुन्। सबैलाई बाबाको आशीर्वाद मिलोस्।

यदि यहाँ संयुक्त राष्ट्र (U.N.O.) संघ छ भने हाम्रो पनि यहाँ संयुक्त धार्मिक संगठन (U.R.O.) हुनुपर्छ।

९.

तीन कुराबाट मुक्त होउ

आजको प्रवचनको विषय, "तीन कुराबाट मुक्त होउ" भन्ने राखिएको छ । भगवान्ले हिजो मानिसले आध्यात्मिक किन हुनु पऱ्यो ? भन्ने बडो गहकिलो शीर्षकमा व्याख्या गर्नुभयो । यस विषयमा मानिसहरु आ–आफ्ना तर्क र विचार लगाउँछन् तर बाबाले यसलाई बडो सरल र स्पष्ट बुझिने तरिकाबाट बताइदिनु भएको छ । मानिसले आध्यात्मिक किन हुनुपर्छ ? भन्ने प्रश्नको उत्तर तपाईहरुले पहिले कहिल्यै कतै सुन्नु भएको थिएन होला ।

भगवान् भन्नुहुन्छ "तिमीहरु पूनर्जन्मकोलागि जन्मिएका होइनौ" जन्मिसकेपछि यदि तिमीहरु आध्यात्मिक भयौ भने तिमीहरुले फेरि जन्मनु पर्दैन । मानिसलाई जन्म र मृत्युको चक्करबाट मुक्त गराउनु नै आध्यात्मिकताको उद्देश्य हो । जन्मनुको उद्देश्य अनगिन्ती इच्छा र कामनाहरुको पूर्तिकोलागि भएको होइन । यी इच्छाहरुले त मानिसलाई आफ्नो लक्ष्य देखि झन विमुख गराइ दिन्छन् ।"

तपाई हामीलाई भगवान्को समीपमा पुग्न बीचमा तगारो भई बाधा पार्ने तीन कुरा के के रहेछन् विचार गरौं । भगवान् बराबर भन्नुहुन्छ, "तिमी आफूलाई जुन एक ठान्छौ त्यो होइनौ । तिमी तीन छौ । अर्थात् पहिलो तिमी आफूलाई जुन ठान्छौ, दोश्रो अरुले तिमीलाई ठानेको (तिमी), तेश्रो तिमी आफै । तिमी के ठान्छौ ? तिमी के हौ ? धेरै जसोलाई शरीर ठान्छन् त्यहाँभन्दा बढी अरु केही ठान्दैनन् ।"

आफूलाई शरीर ठान्नेले शरीरलाई विशेष महत्व दिन्छ र शरीरलाई नुहाएर राम्रो गर्ने, सफा गर्ने, राम्रो लुगा लगाउने, सिंगार पटार गर्ने गर्छन् । शरीरलाई विशेष कदर गर्छन् । जन्मदा रुँदै जन्मन्छ । के त त्यसले पछि मृत्यु हुँदा पनि रुन जरुरी छ त ? छैन । रुँदै जन्मेको जीवले अन्त्यमा हाँस्दै जानु पर्छ । कसैले पनि अन्तिम अवस्थामा रुवावासी गर्नु राम्रो होइन । यस विषयमा बाबा भन्नुहुन्छ, "जीवन खबर पढ्ने अखबार जस्तै छ, आज पढ्यो भोलि फ्याँक्यो ।" आज पढेको अखबार दोहोऱ्याएर भोलिपल्ट कसैले पढ्दैन ।

मानौ तपाई होटलमा जानुभयो रे । त्यहाँ होटलमा तपाईले आफ्नो नाम, ठेगाना कहाँबाट आउनु भएको, कहाँ जाने सबै लेख्नु पर्ने नियम हुन्छ। तपाईले यदि नाम, ठेगाना केही थाहा छैन भन्नुभयो भने तपाईलाई त्यहाँ यो मानसिक अस्पताल होइन भनी बस्न दिँदैनन् । त्यसकारण हामीले आफ्नो जीवनको उद्देश्य र लक्ष्य के हो थाहा पाउनु पर्छ, नत्र बौलाहाको जस्तो लक्ष्य विहीन जीवन विताउनु पर्छ । मेरो शरीर भनुन्जेल अनेकौ भिन्नता भइहाल्छ । कुनै दुई शरीर शरीर एकै नासे हुँदैन । दुईवटा पात, दुई फूल, जुम्ल्याहा बच्चा कुनै पनि एक नाश हुँदैनन् । केही न केही फरक भइहाल्छ। एउटा अग्लो अर्को होचो, एउटा राम्रो अर्को नराम्रो, एउटा जेहेन्दार अर्को मन्द वुद्धिको हुन सक्छ। त्यसैले यो मेरो शरीर हो भन्ने भाववाट मुक्त रहनु पर्छ ।

दोश्रो तिमीलाई अरुले ठानेको -तिमी जोसुकै पनि आफूलाई अरुले खुव ठूलो ठान्छन् होला भन्ने सम्भन्छन् । वास्तवमा तिनीहरु तिमीलाई त्यस्तो ठान्दैनन् । तिनीहरु तिम्रो अगाडि मात्र त्यसो भन्छन् । जसले पनि दोश्रो व्यक्तिलाई भिन्नै सम्भिहाल्छ । यो मानिसको "म" भन्ने भाव हो । एकले अर्कोलाई भिन्दै देख्ने भावनाबाट तिमी मुक्त हुनुपर्छ किनभने जसलाई तिमी अर्को भन्ने सम्भन्छौ त्यो तिमी नै हो । खानु, बस्नु, सुत्नु सबैलाई अनिवार्य छ । त्यसैले पनि हामी सबै एउटै हौं । शरीरको रंग कालो, गोरो फरक हुनसक्छ तर इच्छा, भोक, प्यास सबैलाई उस्तै हुन्छ। हामीले अनेकतामा एक (Unity in Diversity) भन्ने सम्भनु पर्छ। हामीले उही होइनौ अलग हौ भन्ने पृथक भाव लियौंभने विभाजित मात्र हुन्छौ। त्यसैले भगवान् र हाम्रो बीचमा बाधाको रुपमा काम गर्ने हामी पृथक हौं भन्ने भाववाट मुक्त रहनु पर्छ।

मानिसमा म नै आत्मा हुँ भन्ने भावले हामी र भगवान्को बीचमा तगारोकोरुपमा बाधा पुऱ्याउने काम गर्छ। जोपनि मेरो आत्मा छ भन्छन् । हामीले त्यो भावबाट पनि मुक्त हुनुपर्छ । जब आत्मा स्थायी, अनन्त, अपरिवर्तनीय, अद्वैत छभने त्यसबाट अलग छु भन्ने कारण नै छैन । तिमी र अन्य जीव र प्राणीमा भएको आत्मा फरक छैन । सबै एकै हुन् । चरामा भएको आत्माले उसलाई उडाउँछ । रुख विरुवामा भएका आत्माले उनीहरुमा

फूल र फल दिन्छ। कुकुरलाई इमान्दार र स्वामी भक्त गराउने पनि उसको आत्मा नै हो। ती सबैमा भएको आत्मा र मानिसमा भएको आत्मा एकै हो। सबै नाम र रुप मात्र फरक हुन् आत्मा सबैको एक हो। म नै आत्मा हुँ भनी सम्झनु पनि संकुचित विचार हो। म नै आत्मा हुँ भन्ने भावनावाट मुक्त भई सम्पूर्ण चेतनाको एक भाग हुँ भन्ने सम्झनु पर्छ।

यसै सन्दर्भमा बाबा वेलुन र हावाको उदाहरण दिंदै स्पष्ट पार्नु हुन्छ। एउटा वेलुन लिएर फुक। त्यसलाई फुक्दा आकार बढ्दै गएर अन्त्यमा फुट्छ। यसमा भित्र पनि वाहिर पनि हावा थियो। वेलुन भित्र भएको हावा वाहिरबाट ल्याइएको वा सृष्टि गरिएको पनि हैन। त्यो वेलुन भित्र र बाहिर भएको हावा एउटै हो। नाम, रुप र आकारले गर्दा भिन्न र पृथकता देखिएको हो। एकपटक फुकेर हेरेमा भित्र र बाहिर भएको हावा एउटै हो भन्ने थाहा पाइने छ। बेलुन वरिपरी भएको हावा चेतना (होश) हो। त्यही वरिपरि भएको हावा व्यक्तिगत तहमा विवेकको रुपमा रहेको हुन्छ। विवेक व्यक्तिगत तहमा हुन्छ, चेतना सामूहिक तहमा हुन्छ। यसकारण यो चेतना जुन सर्वत्र छ त्यही चेतना वेलुनमा विवेकको रुपमा हुन्छ यसरी नै शरीरका विभिन्न अंगहरुलाई काम गर्ने होशको कारण बन्छ। हामी विभिन्न कर्तव्यहरु पूरा गरेर हाम्रो जीवन अगाडि बढाउँछौं त्यो नै सचेतता हो।

सचेत - होशहरु प्रयोग गरिने तहमा हुन्छ।

विवेक - होसहरुभन्दा पर हुन्छ।

चेतना - जो सबैतिर ब्याप्त हुन्छ।

यस प्रकार म एक्लै मात्र चेतना हुँ भन्ने भाव लिनु पनि एउटा सीमित विचार र सीमित हुन हो। हामीले त "म उही चेतना सर्वत्र त्यही हुँ भन्ने थाहापाउनुपर्छ।"

तिमीले; म शरीर हुँ, म जीवतत्व हुँ, म जीवात्मा हुँ भन्ने यी तीनै भावनाबाट मुक्त भई म त परमात्मा (Supreme Consciousness) हुँ भन्नुपर्छ।

अब अर्को किसिमबाट विचार गरौं। प्रत्येक व्यक्तिमा तीन गुण हुन्छ। तिनीहरु तामसिक, राजसिक र सात्विक गुणहरु हुन्। कसैले पनि मेरो एउटा

मात्र गुण छ भन्न सक्तैन । ती गुणहरुको मात्रा घटबढ हुँदा हाम्रो स्वभाव र प्रवृत्तिमा भिन्नता आउँछ । विभिन्न व्यक्तिहरु खराब र असल देखिनुको कारण उनीहरुमा भएको गुणहरुको विभिन्न अनुपातहरुले गर्दा हो । तिनै गुणले गर्दा हामी हामीमा सम्बन्ध स्थापना गर्न र चरित्र बनाउने काम गर्छ ।

तामसिक गुण - यो एउटा पशुवत गुण हो । तामसिक गुण भएको प्राणी ज्यादा खंचुवा र सुताहा हुन्छ ।

राजसिक गुण - यो गुण भएको व्यक्ति खुशी हुने, रिसाउने, झर्कने, ढाँचा र ठस्सा देखाउने गर्छ । हामी कहिले र किन संवेगात्मक हुन्छौ भन्न सक्तैनौं । मानिस जुनसुकै बेला पनि उपर्युक्त गुण देखाउन सक्छ । हामीमा आफ्नो मात्र स्वार्थ हेर्ने बानी हुन्छ । स्वामीलाई देख्नासाथ हाम्रो आँखाबाट हर्षाश्रु बग्न थाल्छ । तर ढोकाबाट बाहिर निस्कनासाथ चूरोट खाने, घर या डेरातिर जाने, किनमेल गर्न पसलतिर जाने या आ-आफ्नो कामतिर लाग्छौं । मन्दिर भित्र पाइने दैविक शक्तिलाई बाहिर गएर किन गुमाउने ? सच्चा आध्यात्मिकता, संवेगहीन, स्थिर र अपरिवर्तनीय हुन्छ । संवेगले मानिसलाई नकारात्मक गुणतिर लैजान्छ । त्यसकारण हामीमा तामसिक र राजसिक गुणलाई आउने अवसर दिनु हुँदैन ।

एकपटक हनुमानजी सीताको खोजी गर्दै लंकामा पुगे । त्यहाँ उनले जताततै फूलेका फूलहरुको रंग रातो मात्र देखे । तुलसीदासले रामचन्द्रजीसँग हनुमानजीले सबै फूल रातो मात्र देख्ने । तर आफूले चाहिं सेतो देख्ने कारण के होला भनी सोद्धा रामचन्द्रजीले भन्नुभयो, "त्यसबखत हनुमान रिसले क्रुद्ध र उनमा बदला लिने भाव भएको हुँदा उनले सबै फूललाई रातो देखे तर तुलसीदास धर्मात्मा, शान्त र ठंडा हृदय भएका र रामायणको श्लोकहरु लेख्नमा व्यस्त भएका हुँदा सबै फूलहरु सेता मात्र देखे भन्नुभयो ।" त्यसकारण संवेगले गर्दा मानिसको दृष्टि पनि धर्मराउने र रंग पनि फरक फरक देखिने हुन्छ । स्वच्छ र सकारात्मक जीवन बिताउने व्यक्ति संवेगात्मक हुनु हुँद्रैन ।

सात्विक गुण - तीन गुणमध्ये यो सबैभन्दा राम्रो गुण हो । यो शुद्ध र परिष्कृत हुन्छ । यसले समानता (Equanimity) र सन्तुलन ल्याउन खोज्दछ ।

सात्विक गुणले पनि बाधा ल्याउन सक्छ। यो धार्मिक स्वभावभन्दा पनि माथि रहनु पर्छ। उदाहरण लिउँ :- चोरले फलामे हतकडी लगाएको र मैले लगाएको चाँदी या सुनको बाजु एउटै कुरा हो किनभने ती दुवैको काम वन्धनमा पार्ने हुन्। फलामे हतकडीमा पाशविक र तामसिक गुण हुन्छ। चाँदीको बाजुमा राजसिक (संवेगात्मक) र सुनको बाजुमा सात्विक गुण हुन्छ। हामीले यी तीनै, राजसिक र सात्विक गुणबाट पनि मुक्त रहनु पर्छ।

हामी ३ एच (3-H) अर्थात् हात (Hand), शिर (Head) र चित्त (Heart) बाट पनि सावधान भई टाढै रहनु पर्छ। कसरीभने हातले काम गर्छ। यसको अर्थ हामीले सबै कामकाज गर्न छोड्नु पर्छ भनेको होइन। कर्मयोगबाट अलग हुनुपर्छ भन्ने होइन। "काम गर्ने म नै हुँ, मैले यो गरें, त्यो गरें" भन्ने अहंकार चाहे संगठनमा होस् या अन्यत्र कतै होस्, छोड्नु पर्छ।

हातपछि टाउको (शिर) आउँछ। टाउको ज्ञान योगको प्रतीक हो। यसले किताबी ज्ञान, विद्वत्ता, ध्यान, मनन, सामान्य ज्ञानसँग सम्बन्ध राख्छ। त्यसैले यो ज्ञान योगसँग सम्बन्धित हुन्छ। "मनै जान्ने हुँ" भन्ने भावना त्याग्नु पर्छ।

तेश्रो हृदय (चित्त) भक्ति योगसँग सम्बन्धित छ। यो भावनामा आधारित हुन्छ। भगबान्‌बाट अलग छु भन्ने भावना नलिई भक्तिको कुरो आउँदैन। भगवान् र भक्त दुई भएपछि मात्र भक्तिको कुरो आउँछ। तर जब भगवान् बाहेक अरु कोही छैन उहाँ अद्वैत हुनु हुन्छ भनेपछि आफू बाहेक कसकोलागि कसले भक्ति गर्ने ? यसको अर्थ भगवान् देखि आफू अलग छु भन्ने भाव त्याग्नु पर्छ।

सारांशमा काम गर्ने म नै हुँ, म नै जान्ने हुँ र भगवान्‌देखि म अलग छु भन्ने यी तीन भावनालाई हामीले छोड्नुपर्छ।

केही दिन अगाडि बाबाले भन्नुभएको थियो, "यतिका समय बितिसक्दा पनि मानिसहरुले अझपनि न अनुभव गर्न सकेका छन् न त आत्मसात नै गर्न सकेकाछन्। किन होला ? यसको कारण मानिसहरु विशलेषण गर्छन् तर


आत्मसात गर्दैनन्, अनुसन्धान गर्छन् तर अनुभव गर्दैनन् । तिनीहरु बाहिरी रुपबाट हेर्न खोज्छन् तर तत् त्वम् असि – तिमी त्यो हौ, अहं ब्रम्हास्मि – म ईश्वर हुँ, अयम् आत्म ब्रम्ह – म आत्मब्रम्ह हुँ ; यी कुराको प्रत्यक्ष अनुभव गर्दैनन् ।

जीव नै शरीर हो, जीव नै मन हो, जीव नै आत्मा हो भन्ने भावनाबाट मुक्त होउ । राजसिक, तामसिक र सात्विक गुणबाट अलग भई बस । कर्म योग, ज्ञान योग र भक्ति योगको गर्वबाट पनि टाढै बस । वर्तमान, भूत र भविष्य यी तीनै कालबाट भगवान् पर हुनु हुन्छ । उहाँलाई समय र दूरीले छेक्दैन । समय आएपछि प्रत्येक प्राणीले यो देह छोडेर जानै पर्छ । तर भगवान् आफ्नो समय निर्धारण गर्नुहुन्छ । उदाहरणकोलागि तपाईहरु यहाँ अमेरिकाबाट आउनु भएकाहरु यसबखतमा आफ्नो देश अमेरिकामा हुन सक्नु हुँदैन, किनभने तपाईहरु अहिले समय र दूरीको बन्धनमा हुनु हुन्छ । तर भगवान्कोलागि यो लागु हुँदैन ।

तपाईहरु यहाँ केही दिनकोलागि मात्र आउनु भएको छ, सदा सर्वदाकोलागि आउनु भएको छैन । त्यसैले वर्तमान, भूत र भविष्य प्राणीहरुकोलागि मात्र लागु हुन्छ । अहिले पनि धेरै बिग्रिसकेको छैन । भगवान् बाबा, “बितेको कुरा बितिसक्यो, जति बिग्रियो, बिग्रियो । बितेको कुरामा रुनेकराउने गर्दैमा के हुन्छ र ? रुने कराउने हो भने भगवान्सँग नै रोइकराई पुकारा गर” भन्नुहुन्छ ।

बाबा करुणासागर हुनुहुन्छ । उहाँ हाम्रा भूतकालका भूलहरु सबै क्षमा गरिदिनु हुन्छ । बाबा, “भविष्यको कुरा केही थाहा नपाइने हुँदा त्यसबारे चिन्ता नगर । कुनै काम पनि भोलिकोलागि साँच्ने बानी नगर । अहिले तुरुन्त गरिहाल” भन्नुहुन्छ ।

अन्त्यमा तीनै काल मनुष्यको नियन्त्रणमा नरहेको हुँदा तिनीहरुलाई पनि कुनै महत्व नदिई टाढै रहनु पर्छ । म नै सत्य हुँ । समयको साथसाथ हाम्रो शरीर मात्र बदलिन्छ । पहिले म बालक थिएँ । अहिले म बाबु छु पछि म हजूर बा हुनेछु । “म” भन्ने मात्र सत्य छ । त्यो “म” लाई समय र स्थानले निर्धारण गर्न सक्तैन । यस प्रकार तीनै कालबाट मुक्त भई बस्नु मोक्षको बाटो तिर लाग्नु हो ।



मन, वचन र कर्ममा सामञ्जस्य नै धर्म हो।
धर्मले मनको खराब विचार, खराब
भावना र कर्मलाई त्याग गर्ने
माग राख्छ।

-श्री सत्य साई बाबा

कसैले पनि भारतीय संस्कृतिको महत्ताबारे युवाहरूलाई सिकाउने
कुरामा वास्ता नगरेकाले संस्कृतिको महिमा र महत्ताको
विषयमा सिकाउने अभिभारा मैले लिएको छु।
भारतीय संस्कृति भन्ने कुरा कति पवित्र
र सूक्ष्म हुन्छ बुझ्न कोशिश गर।
यो सबै महानता र उच्चतमको
स्वरुप हो। यसको धर्मसंग
आत्मीय सम्बन्ध
हुन्छ।

-सत्य साई बाबा

१०.
दुर्गा – शक्तिकी देवी

हामी दशैंमा दुर्गा, लक्ष्मी सरस्वती तीन देवीहरुको पूजा गर्छौं । यी तीन देवीहरुको नाम भिन्ना भिन्नै भए पनि तिनीहरु सबैको गुण एउटै हुन्छ । किनभने उनीहरु एउटै भगवान्का तीन रुप हुन् । सबै देवीहरु एउटै दुर्गाका रुप हुन् । दुर्गा शक्तिकि देवी हुन् । विश्वमा पदार्थबाट तयार भएका सबै जैविक–अजैविक तथा चर–अचरकोलागि शक्तिको आवश्यकता पर्छ । प्रत्येक पदार्थ साना–साना परमाणुबाट तयार हुन्छ । प्रत्येक परमाणुमा प्रोटोन, इलेक्ट्रोन र न्यूट्रोन हुन्छ । यी प्रोटोन न्यूट्रन र इलोक्ट्रोनहरु स्थिर रहँदैनन् । तिनीहरु विभिन्न कक्षहरुमा दैवी शक्तिद्वारा घुमिरहन्छन् । यसबाट दैवी शक्ति नभएको ठाउँ नै छैन भन्ने बुझिन्छ । हामीहरुलाई भौतिक शक्ति, राजनीतिक शक्ति, कार्यालयको शक्ति, समुदायको शक्ति, धनको शक्ति हुन्छ भन्ने थाहा छ । यी सबै विश्वका विभिन्न भौतिक शक्तिका रुप हुन् । सारांशमा यी सबै शक्ति नै हुन् ।

शक्ति सुक्ष्म रुपमा पनि हुन्छ । प्रत्येक व्यक्ति शक्तिशाली बन्न चाहन्छ । शक्ति बिना कोही पनि बस्न चाहँदैन । कमजोरीका चिन्ह शक्ति नहुनु हो । शक्ति कहाँबाट आउँछ ? शक्तिको एउटा भण्डार स्थापना गरिएको हुन्छ । त्यहींबाट हामी विद्युत पाउँछौ । तपाईहरु नायग्राफल्सबाट विद्युत शक्ति पाउनु हुन्छ । के हामी त्यस्तो शक्ति निकाल्न सक्छौ त ? त्यस्तो शक्ति दिने भगवान् मात्र हुनुहुन्छ । उहाँ स्वयं शक्ति हुनुहुन्छ । यहाँ एउटा भिन्नता बुझ्नु पर्ने कुरा के छ भने तपाईहरु बाहिरबाट शक्ति पाएर शक्तिशाली बन्नु हुन्छ । त्यो बाहिरबाट शक्ति दिने भगवान् नै हुनुहुन्छ । उहाँलाई कसैले शक्ति दिनु पर्दैन । उहाँ आफै शक्ति हुनुहुन्छ । यसबाट शक्ति नै भगवान् हुनुहुन्छ भन्ने स्पष्ट हुन्छ ।

शक्ति भएको व्यक्ति चनाखो, फूर्तिलो, बहुमुखी प्रतिभाशाली र पथ प्रदर्शक गर्न सक्ने हुन्छन् । हामीहरुलाई हर कुरामा शक्ति चाहिन्छ । हाम्रो

शरीरमा मुटु चल्छ, रक्त सञ्चार हुन्छ, प्रत्येक अङ्गले आ-आफ्नो कार्य गरि रहेका हुन्छन् । हामी मस्त निदाएको बखतमा पनि मुटु चल्ने, पाचन कृया र रक्त सञ्चारको कार्य भइरहेको हुन्छ । हाम्रो शरीरलाई चाहिने सबै इन्धन या शक्ति भगवान्ले दिइरहनु हुन्छ । तपाईहरु बजारमा भिटामिनका चक्कीहरु किन्न सक्नुहुन्छ तर तिनमा भएका शक्ति धेरै दिन अड्दैनन् ।

एकैछिन हामी बाबाको दैनिकी नै हेरौं । शक्तिलाई वैज्ञानिक ढंगबाट क्यालोरीको हिसाबमा गरिएको हुन्छ । यति काम गर्ने व्यक्तिलाई यति क्यालोरी चाहिन्छ भन्ने हिसाब गरिएको हुन्छ । डा. भगवन्तम् भन्ने वैज्ञानिकले बाबाबाट हुने दिनभरिको कामको हिसाबबाट उहाँको शरीरलाई चाहिने क्यालोरीको हिसाब गरे । उनले बाबाले खाने भोजनबाट प्राप्त हुने क्यालोरिजको परीक्षण गर्दा परिणमा आश्चर्यजनक पाए । बाबाले विहान एघार (११:००) बजेसम्म एक गिलास पानी पिएको भरमा काम गरेको पत्ता लगाए । एघार बजे एक चम्चा दाल र अलिकती रसम (झोल पदार्थ), सँग अलिकति भात खानु भएको देखे । उहाँले खाने खानामा कति क्यालोरी होला के तपाईहरु हिसाब गर्न सक्नुहुन्छ ? त्यसपछि खानुभन्दा अगाडि सयौंजनासँग भेटघाट र कुराकानी गर्नुहुन्छ, हजारौं पत्र पढ्ने, हजारौसँग हाँस खेल गर्नुहुन्छ र साथै हिडेर धेरैलाई दर्शन दिनुहुन्छ । मन्दिरको वरण्डामा विद्यार्थीहरु र केटाकेटीहरुको बीचमा घुम्नु हुन्छ । उहाँ सारा मन्दिरको कामकाज, रेखदेख, वर-व्यवस्थामा आफैं ध्यान दिनुहुन्छ । त्यस्तो बाबालाई कति क्यालोरी शक्ति चाहिएला त ?

डा. भगवन्तमले गरेको परीक्षणमा बाबाले खानु हुने खानाबाट क्यालोरी प्राप्त नगरेको भेट्टाए । उनले उहाँलाई दुई खुट्टाले हिडंने स्वयं शक्ति प्राप्त पुरुष देखे । स्वामीले भोजनपछि एकै छिन आराम गरी आफ्नो उपस्थितिमा संस्थाको थुप्रै प्रशासनिक कार्यहरु हेर्ने र स्वीकृति दिने गरेको पाए । उहाँ कुनै कार्य पनि धेरै दिन नरोकिई सरासर भएको चाहनु हुन्छ । उनले बाबालाई हजारौं चिठ्ठीहरु पढिरहेको पनि देखे । उनले हेर्दा बाबालाई काम गर्न शक्ति नै नचाहिने देखे । बाबा आफै शक्ति हुनु भएकाले उहाँलाई खाएर शक्ति लिनु पर्ने आवश्यक नभएको पाए ।

यो शक्ति भगवान् बाबाको दुर्गा स्वरुपको प्रतीक हो। सत्य साई बाबा दुर्गा हुनुहुन्छ। दुर्गा भन्नु नै शक्ति र उर्जाको प्रतीक हो। त्यसकारण दशैंको अवसरमा धेरै हिन्दू नारीहरुले भगवान् बाबालाई दुर्गाको रुपमा पूजा गर्छन्। नारीहरुले देवी माताको रुपमा दर्शन गर्छन्। बाबा सिंहासनमा बस्नु भएको बखत हामी उहाँलाई साई माताको रुपमा दर्शन गर्छौं। उहाँ हेर्दा पुरुष भए पनि उहाँको चरण, हिंडाई, कोमल औंलाहरु सबै देवी माताको समान छन्। भगवान्को चरण चमेलीको फूलभन्दा पनि नरम र सुकोमल छन्। बाबा कहिले काहिं श्याम वर्णमा देखिनु हुन्छ तर उहाँको चरणहरु सँधै गोरा र कोमल रहन्छन्। भगवान् बाबाका चम्किला चरणले ब्रम्हाण्डको भार नै थामेको छ। त्यस्तै बाबाका हातहरु पनि सुन्दर र कोमल छन्। उहाँका हत्केला र औंला पनि सुन्दर र कोमल छन्।

अर्को शब्दमा भगवान् बाबा शक्ति र उर्जा शक्तिको प्रतीक दुर्गादेवीको स्वरुप हुनुहुन्छ। दुर्गाको अर्को पक्ष इच्छा शक्ति हो। एकदिन कसैले बाबासँग के मानिसको इच्छाशक्ति (संकलपशक्ति) हुन्छ भनी सोधे। त्यसको जवाफमा बाबाले "मानिसको संकल्प हुँदैन। संकल्प ईश्वरको हातमा मात्र हुन्छ संकल्प दैवी हो। एउटा सानो उदाहरण - यदि मानिसमा संकल्प हुँदो हो त पक्षघात भएको कुनै व्यक्तिले आफ्ना हात, गोडाहरु उठाउन सक्तथ्यो। असम्भव। यसकारण मानिसमा भएको संकल्प शक्ति हीन हुन्छ।

हामी जे जति इच्छा या चाहना गर्छौं, त्यो मनबाट उत्पन्न हुन्छ। हाम्रा प्रत्येक योजना मानसिक तहमा सीमित हुन्छ। मनले सोच्दछ, बुद्धिले इच्छा गर्छ। मनले विचार गर्छ बुद्धिले निर्णय गर्छ। मन संवेदनशील हुन्छ, बुद्धि विवेकशील हुन्छ। त्यसकारण संकल्प बुद्धि शक्तिसँग सम्बन्धित हुन्छ। तर हामी बुद्धिलाई प्रयोग गर्न मन पराउँदैनौ किनभने यसले खालि असल कार्यहरु मात्र गर्न अहाउँछ र असल मार्ग दर्शन गर्छ। हामी मन र इन्द्रियहरुको भरमा मात्र जीवन सञ्चालन गर्छौं। मनले जे भन्छ त्यसै अनुसार इन्द्रियहरु कार्य गर्छन्। मन योजना गर्छ, इन्द्रियहरु कार्य गर्छन्। यस प्रकार हामी बुद्धिको प्रयोग गर्दैनौं। जे जति बुद्धिले निर्णय गर्छ, आत्माबाट निर्देशित र मार्गदर्शित

हुन्छ। हामी संसारमा चुर्लुम्म डुब्दछौं। हामी दुई दुःख र सुखको साथ दुःख भोग्न चाहन्छौं। त्यसकारण बुद्धि अथवा इच्छा के हो भन्ने थाहा हुँदैन।

हामी अब दुर्गादेवीको अर्को स्वरुप संकल्पको चर्चा गरौं। बाबाको संकल्प कस्तो हुन्छ ? भगवान् बाबाले आफ्नो संकल्पले इन्स्टिच्युट अफ हाइएर लर्निङ खोलिदिनु भयो। भगवान् बाबाले अस्पतालको संकल्प गर्नुभयो र उहाँको संकल्पबाट अस्पताल खोलिदिनु भयो। भगवान् बावको संकल्प दृढ र अकाटय हुन्छ। अर्को तिर हामी इच्छा त गर्छौं तर भगवान्को इच्छा विना हामी केही गर्न सक्तैनौ। दुर्गाको वाहन के हो ? सिंह हो तर यो सांकेतिक मात्र हो। दुर्गाले सिंहलाई समेत् नियन्त्रणमा लिनु भएको छ। हामीमा भएको पशुत्व जस्तै रिस, घमण्ड, अहंकार र मोहलाई "हे दुर्गा ! हजुरले नियन्त्रण गरिदिनुहवस्" भनी प्रार्थना गर्नुपर्छ। आकाशमा वादल सफा नहुन्जेल सूर्यको दर्शन पाउन सकिंदैन। सूर्यलाई वादलले ढाक्दा देख्न नसकिए झैं पशुत्वगुणहरु नियन्त्रण नगरी मानवीय गुणहरु प्रस्फुटित गर्न सकिंदैन। भगवान्ले हामीलाई मन, बुद्धि र शरीर दिनु भएको छ। तिनीहरुको काम बुझेर त्यसै अनुसार चल्नु पर्छ। हामीलाई ठूला ठूला र वलको काम पर्दा दुर्गासँग सहयोग माग्नु पर्छ। दुर्गामाता वल र संकल्पको देवी हुनुहुन्छ। हामीले महा अष्टमीको दिन दुर्गाको पूजा गरेको अर्थ उहाँसँग हामीलाई ज्ञान, चेतना र शक्ति दिनुस् भनी प्रार्थना गरेको हो। हाम्रो वौद्धिक स्तर वलियो होस्, बुद्धि र वल वढोस् भनी प्रार्थना गरेको हो। दुर्गा पूजामा अष्टमीको दिन पूजा गर्नुको अर्थ पनि यही हो।

मानिसले आफ्नो विचारधारा र चरित्रमा सुधार ल्याउनु भनेको एउटा कठिन कार्य हो। मानिसले विभिन्न शास्त्र साधना सम्बन्धी अनेक किताबहरु पढेतापनि या कयौं व्याख्यान र उपदेश सुनेता पनि सांसारिक वस्तुप्रति लोभिन्छभने त्यसको कुनै महत्व हुँदैन। यसको वास्तविक उपचार के हो त ? यो कुनै खास धार्मिक विश्वास, नाम या आफ्नो आमाबाट सिकेको मातृभाष मात्र होइन। यो मानिस स्वयंमा भएको ब्रम्ह हो।

– साई बाबा

११.
लक्ष्मी माताको महत्व

दशैंको शुभ अवसरमा महानवमीको रुपमा लक्ष्मीको पूजा गरेर मनाइन्छ। सबै नामहरु एउटै ईश्वरका प्रतिनिधि स्वरुप हुन्।

भारतमा आध्यात्मिकतामा विविधता देखिएता पनि विचारमा एकता पाइन्छ। यही कारणले गर्दा नै भारतमा पूर्व शासकहरुले आध्यात्मिकता र धर्मलाई अतिक्रमण गरेर खल्बल्याउन खोज्दा पनि केही गर्न सकेनन्। मुश्लिमहरुले आफ्नो शासनकालमा हिन्दु धर्मलाई पूर्णरुपले निर्मुल पार्न भरमग्दुर प्रयास गरे तर सकेनन्। बरु यसको सट्टा हिन्दू र मुश्लिमको साथसाथै अर्को एउटा सुफिजम भन्ने धर्म आयो। भारतमा २०० वर्षसम्म अंग्रेजहरुले शासन गर्दा क्रिस्चियानिटी फैलियो। त्यति मात्र नभई बरु हिन्दु र क्रिस्चियनिटी मिलेर तीनवटा नयाँ धर्महरु ब्रम्ह समाज, आर्य समाज र थियोसफी भन्ने धर्महरुको शुरुवात भयो। विभिन्न धर्म भए पनि अनेकतामा एकता छ।

साधारणतया प्रचलनमा लक्ष्मीलाई धनकीदेवी भनी पूजा गरिन्छ। मानिसहरु केवल धनको इच्छा राख्छन्। किनभने लक्ष्मी (धन) विना हामी कतैका केही हुँदैनौ। त्यसकारण आज सारा संसार भरि नै लक्ष्मीले राज्य गरिरहेकीछिन्। धनले प्रमुख स्थान ओगटेको छ। धनले गर्दा धेरै प्रकारका समस्याहरु पनि उत्पन्न भएका छन्। धनको कारण धेरैको मानसिक सन्तुलन बिगारेको छ। लक्ष्मी सम्बन्धी हेर्दा हामीले बैंकमा जम्मा गरेको धनको अतिरिक्तः हाम्रो स्वास्थ्य बुद्धि, परिवार सुख शान्ति इज्जत प्रतिष्ठा, कला, संगीत आदि सबै लक्ष्मीकै स्वरुप धन हुन्। त्यसकारण हामीले बडो समझदारीको साथ लक्ष्मीको स्वरुपलाई लिनु पर्छ। हामीमध्ये कयौं व्यक्ति साईलक्ष्मी स्वरुपमा भगवान् बाबाबाट स्वास्थ्यरुपी धन प्राप्त

गर्छौ। कयौं मानिसहरु भगवान् बाबाको अनुकम्पाबाट क्यान्सर जस्ता घातक रोगबाट समेत् निको भएका छन्। भगवान् बाबाको दर्शन गरेपछि कयौं मानिसहरु नराम्रो बानीहरुबाट मुक्तिलिएका छन्। कैयौं परिवारहरुको घरमा भएको विसंगति र असंगति समेत् समाधान भएर शान्ति पाएका छन्। शान्ति पनि धन नै हो। एकता पनि धन नै हो। तसर्थ भगवान् साई लक्ष्मी स्वरुप हुनुहुन्छ।

भगवान् बाबाको समक्ष बिरालो र मूसा, आगो र पानी, सिंह र मूसा समेत् मिलिजुली वस्छन्। यो एकतारुपी धन नै साई लक्ष्मीको स्वरुप हो। भगवान् बाबा अनन्त हुनुहुन्छ। सबैलाई समान रुपले व्यवहार गर्नुहुन्छ। तपाईंहरुमध्ये धेरैजसो जो प्रशान्ति निलयम पुगिसक्नु भएको छ देख्नु भएकै छ। भगवान्‌ले मानिसहरुलाई अन्तर्वार्तामा लगेर राख्ने एउटा सानो कोठा छ। चाडवाड उत्सवहरुमा त्यो कोठाबाट कयौं थरीका थानका थान कमिजका कपडाहरु तथा अन्य कपडाहरु निकालिन्छन्। वास्तवमा त्यो सानो कोठामा त्यत्तिका कपडाहरु अटाउने ठाउँ नै छैन। भगवान् बाबा लक्ष्मी स्वरुप हुनु भएकोले न त कुनै आदि नै छ न त अन्त्य नै। भगवान् बाबाको दिव्यस्वरुप नै लक्ष्मी स्वरुप हो।

धेरै अगाडि एकपटक भगवान्‌ले १२० जना केटाहरुको उपनयन कार्य गराइदिनु भएको थियो। वटुकहरुका आमाबाबुहरु पनि आमन्त्रित गरिएका थिए। सबै गरी ५०० जना थिए। सबैलाई रात्रिको भोजनकोलागि पनि निम्ता गरिएको थियो। भगवान् बाबाले आयोजना गर्नु भएको भोज राजा महाराजाहरुले गरेको राजकीय स्तरकोभन्दा पनि अतुलनीय हुन्छ। उक्त ५०० जनालाई तयार गरिएको भोज पछि दुई हजार मानिसहरुले खाएको मैले (अनिलकुमारले) देखेको छु। भगवान् बाबा स्वयं धनलक्ष्मी हुनुहुन्छ। स्वास्थ्य नै धन हो भनी हामी जुन भन्छौ त्यो पनि भगवान् बाबा नै हो। मानिसहरु जसले बाबालाई ३०/४० वर्ष अगाडि देखि देख्दै आएका छन् उनीहरुको भनाई अनुसार बाबा अहिले पनि उस्तै देखिनु हुन्छ। हामीहरुको इन्द्रियहरु दिन पर दिन शिथिल हूँदै जान्छन् तर बाबा एउटा सानो कमिलासम्म

पनि टाढैवाट देख्नु हुन्छ । यदि उहाँले हेर्न चाहनु भएनभने पहाड जस्तो ठूलोलाई पनि वास्ता राख्नु हुन्न । उहाँको कानहरु पनि त्यत्तिकै टाठा छन् । कसैले कानेखुशी गरेको कुरा पनि उहाँ सुनि हाल्नुहुन्छ । कसैको राम्रो व्यवहार छैन भने उहाँ गाली पनि गर्नुहुन्छ तर त्यो अवस्थामा पनि उहाँको रक्तचाप जस्ताको तस्तै हुन्छ । वावाको नाम र कीर्ति हाम्रो कल्पना देखि टाढा छ । वावाको प्रख्याति अतुलनीय छ । बाबा जन्मनु भएको एउटा सानो गाउँ जसको नामसम्म पनि कसैलाई थाहा थिएन, ज्यादै अशिक्षित, गरिव, पानी र यातायात सडक तथा सबै कुरावाट वञ्चित गाउँ आज संसार भरि नै सुविख्यात छ । वावाको जीवनीलाई अवलोकन गर्ने हो भने जसलाई कसैले समर्थन नगरेको सबैले विरोध गरेको उहाँले आज संसारलाई समर्थन दिइरहनु भएको छ । पहिले पहिले उहाँको बुवा, दाजु, गाउँका सबैजसो मानिसहरुले समेत् प्रश्न माथि प्रश्न गर्ने, शंका गर्ने र विरोध गर्ने गर्थे । हरेक समस्या र हरेक चुनौतीको सामना गर्दै आज वावको कीर्ति संसार भरि फैलिएको छ ।

जब भगवान् वावालाई विष खान दिइयो त्यसबखत उहाँलाई विषले कुनै असर गरेन । त्यस्तै उहाँ बस्ने घरमा आगो लगाए त्यसबखत पनि वावालाई केही भएन । उहाँको बुबाले पनि अनेक शंका गरेर प्रश्नहरु गर्नु हुन्थ्यो र आमालाई पनि अनेकौं शंका थिए । पछि आमाबुबा समेत् सबै शंकालुहरु उहाँको भक्त हुनुभयो । बाबा आफू एकताको प्रतिमूर्ति स्वरुप हुनु भएकोले कसैसित शत्रुताको प्रश्न नै उठेन । उहाँले आफ्नो नाम र यश कसैको सहायता या सहयोग नलिई आफ्नै शक्ति र संकल्पबाट विश्व-विख्यात बनाउनु भयो । उहाँ स्वयं करुणामय दैवस्वरुप हुनु भएकोले इर्ष्या र डाहभन्दा माथि हुनुहुन्छ । त्यसकारण हामी जो साईलाई स्वास्थ्य, धन र वुद्धि प्रदाता लक्ष्मी स्वरुप मानेर पूजा गर्छौं हामी सबैको कल्याण हुनेछ ।

१२.

जब ईश्वर प्रेमस्वरुप भएर आउनुहुन्छ

त्रेता युगमा श्री राम हुनु भयो र द्वापर युगको श्री कृष्ण हुनु भयो। यो कलीयुग हो। रामले त्रेतायुगमा सामना गर्नु भएको समस्या सरल थियो। त्यसबखत सबै खराब र दुष्टहरु लङ्कामा थिए। उहाँले आफ्ना सहयोगीहरुका साथमा लङ्कामा गएर दुष्टहरुको नाश गर्नुभयो।

द्वापर युगमा कृष्णले अलि ठूलो समस्या भेल्नु भयो। दुष्ट र सज्जन कौरव र पाण्डवहरु एकै ठाउँमा बस्दथे। कृष्णलाई तिनीहरुमध्ये असल र खराब छुट्याउने समस्या परेको थियो।

अहिले कलियुगमा बाबालाई भन बढी जटील समस्या परेको छ। रामको पालामा जस्तो दुष्टरु एकै ठाउँमा मात्र छैनन्। कृष्णको पालामा जस्तो असल र खराब एकै साथ पनि बसेका छैनन्। आज समस्या भन जटील छ किनभने प्रत्येक मानिस भित्र असल र खराब दुवै छ। यसकारण कसलाई मार्ने र कसलाई बचाउने ? हामी बिहानमा ठीक हुन्छौं र साँभमा बेठीक हुन्छौं। कसरी बाबाले हामीलाई बिहान रक्षा गर्ने र साँभमा मार्ने ? ईश्वरलाई नै आज मानिसले चुनौती दिएको छ। यदि ईश्वरले मार्न शुरु गर्ने हो भने सबै सखाप नै हुने छन्। यसकारण ईश्वरले अर्कोबाटो अपनाउनु भएको छ। भगवान्‌ले मानिसको मन, व्यक्तित्व र जीवन शैली नै परिवर्तन गर्ने उपाय गर्दै हुनुहुन्छ।

कसरी बाबाले परिवर्तन ल्याउनु हुन्छ ? बाबाले प्रेमद्वारा परिवर्तन गर्नुहुन्छ। प्रेम बिनाको व्यक्ति कोही हुँदैन। बाबुले आफ्नो छोराछोरीलाई प्रेम गर्छन्, आमाले पनि आफ्नो छोरा छोरीलाई प्रेम गर्छिन् त्यस्तै पतिले पत्नीलाई प्रेम गर्छन्। प्रेमलाई छाड्न सकिंदैन। सबै प्रेमलाई एकै ठाउँमा एकित्रत गरेपछि दैविक प्रेम हुन जान्छ। परिवार प्रतिको प्रेमलाई मोह भनिन्छ। यो मोहलाई समय समयमा भूलले प्रेम भनी ठानिन्छ। सच्चा प्रेम जुन दैविक हुन्छ त्यो अपरिवर्तनशील हुन्छ। सच्चा प्रेम एउटै हुन्छ र भूत, वर्तमान र भविष्यमा एउटै हुन्छ।

आमावावुले समेत् केही आशा राखेर नै प्रेम गर्छन् । साथीहरुको वीचको प्रेम आपसी लिनु दिनुमा आधारित हुन्छ । आमावावु र वालबच्चावीचको प्रेम माया हो । पति र पत्नी वीचको प्रेम मोह हो । दैवी प्रेमलाई मात्र सच्चा प्रेम भनिन्छ । यसकारण भगवान् वावा भन्नु हुन्छ "प्रेम विनाको कर्तव्य दुखदायी हुन्छ । प्रेमसहितको कर्तव्य मनासिव हुन्छ । कर्तव्य विनाको (निस्वार्थ) प्रेम दैवी हुन्छ ।"

म मेरो छोरालाई प्रेम गर्छु किनभने त्यो मेरो कर्तव्य हो । तर वावाले तपाई हामीलाई जुन प्रेम गर्नुहुन्छ त्यो उहाँको कर्तव्य होइन । यस प्रकार कर्तव्य विनाको प्रेम दैवी हुन्छ । वावा भन्नुहुन्छ, "निस्वार्थता नै प्रेम हो । स्वार्थ भनेको के हो ? प्रेम रहित नै स्वार्थ हो । प्रेम भनेको दिनु र क्षमागर्नु हो । स्वार्थ भनेको प्राप्तगर्नु र विर्सिदिनु हो ।" एकपटक यी सवै प्रेमका विभिन्न रुपहरुलाई एकत्रित गरेर ईश्वरतिर उन्मुख गराएपछि त्यो प्रेम दैवी हुन्छ । त्यसपछि तपाई निर्धक्क र सफलतापूर्वक जीवन बिताउन थाल्नुहुन्छ । भगवान्ले सांसारिक प्रेमको एउटा उदाहरण दिनुभयो । एकपटक एउटा नव विवाहित जोडी साँझमा घुम्न जाँदै थिए । बाटोमा काँडा देख्नासाथ श्रीमान्ले श्रीमतीको नरम पैतालामा काँडा गढ्ला भनी, "ओहो प्रिया त्यहाँ काँडा छ, होश गर" भनेर चिच्याउँदै सावधान गराए । पत्नी पनि पतिको आफू प्रतिको त्यस्तो ख्याल विचार गरेको देखी खुशी भइन् । यसको ६ महिनापछि फेरि त्यसरी नै घुम्न जाँदै थिए । फेरि बाटोमा काँडा देखे । यस पटक पतिले भने, "हेर त्यहाँ काँडा छ, होश गरेर पाइला चाल ।" यस पटक आफू प्रति ५०% प्रेम घटेको पाइन् । यसको एक वर्षपछि आफ्नो सानो जन्मिएको बच्चा सहित तिनीहरु साँझ पख घुम्न निस्केका थिए । त्यसवखत पनि बाटोमा, काँडा देखियो र पति चिच्याए "कस्तो आँखा पनि के भयो ? राम्ररी आँखा हेरेर पनि हिंड्न सक्तिनौ ?" औषधिमा मात्र धेरै पैसा खर्च गरी दुरुपयोग गर्नु हुँदैन भनी गाली गरेको सुन्दा एक वर्षको अवधि भित्र शत प्रतिशत प्रेम हराएको अनुभव गरिन् । आजकलको प्रेम यस्तो छ ।

वावाले अर्को उदाहरण दिनुभयो : एकपटक एउटा गृहस्थी गुरुकुलमा जाने गर्दथे । त्यहाँ शिक्षकलाई बोल्न मन लाग्योभने उनी एक घण्टासम्म पनि बोलिरहन्थे । एक दिन शिक्षकले घण्टौसम्म प्रवचन गर्न लागेको देखेर तिनले शिक्षकसँग दुबै हात जोडेर बिदा मागे । गुरुले शान्तपूर्वक बस्न भने । अनि गृहस्थीले गुरुलाई सानै उमेरमा घरद्वार छोडी कुमार केटो भई बसेको हुँदा

आमाको प्रेम समेत् थाहा नपाएको तपाई पत्नीले प्रेमपूवर्क पर्खिरहेको के वुझ्नु हुन्थ्यो भन्ने तर्क दिए । उनको कुरा सुनेर गुरुले जवाफ दिए, "के तपाई यसलाई साँच्चैको प्रेम भनी ठान्नु हुन्छ । वास्तवमा कसैले पनि आफूले आफैलाई वाहेक अरुलाई प्रेम गर्दैन भने ।" गृहस्थीले यो कुरा सुनेर हजूरको वेदान्त सवै सुने अब कृपया मलाई जान दिनुस् भने । गुरुले जोड दिंदै भने "आज म तपाईलाई आमाको प्रेम कस्तो हुन्छ, श्रीमतीको प्रेम कस्तो हुन्छ देखाई दिने छु । म तपाइएको घर जानेछु । म तपाईलाई एक गिलास पानी मन्त्र फुकेर दिनेछु तपाई त्यो पानी पिएर मुर्छा परे झैं लडेर वेहोस जस्तै भएर आफ्नो वरिपरि हुने कुराहरु सवै सुनिरहनु होला । सवैको नजरमा तपाई मूर्दा तुल्य हुनु हुनेछ तर यो एउटा नाटक मात्र हुनेछ ।" गुरु र विद्यार्थी (गृहस्थी) घर फर्के । गुरुले एक गिलास पानी मन्त्र फुकेर दिए । तुरुन्तै पानी पिउनासाथ उनी मरेतुल्य भई लडे । पत्नी विलौना गर्दै रुन कराउन थालिन् । सवै दुःख मनाउ गर्न थाले । उनी एक मात्र छोरो भएकोले आमा पनि शोक गर्न लागिन् वरु ईश्वरले मेरो ज्यान लिइ दिएको भए हुन्थ्यो भनी रुन कराउन थालिन् । गुरुले "धन्दा नमान्नुस् एक गिलास पानी लिएर आउनुस् म मन्त्रले फुकिदिनेछु र जसले यो पानी पिउँछ त्यो मर्नेछ र यो मरेको मानिस बाँच्ने छ" भने । गुरुले भने "आमा तपाई वूढी पनि भइसक्नुभयो, मुटु पनि कमजोर भइसक्यो, किड्नी पनि कमजोर छन् । तपाईंको छोरा जवान छन् र उनले लामो आयु पाउने छन्, यो पानी पिउनुस् र आफ्नो छोरालाई वचाउनुस् ।" त्यसको जवाफमा उनले मलाई माफ गर्नुस्, मेरी कान्छी छोरीको नातिनीको विहा हेर्नु छ । मेरा अरु तीनवटी छोरीहरु पनि छन् त्यसैले हुँदैन भनेर जवाफ दिइन् । त्यसपछि गुरुले गृहस्थीको पत्नीलाई बोलाएर भने, "तपाईंको श्रीमान्को मत्यु भएको वियोगमा रोइरहनु भएको छ । उहाँ विना एकक्षण पनि वस्न सक्तिन भन्नुहुन्छ । तपाई यो पानी पिएर मर्नु तपाईको श्रीमान्ले पुनर्जीवन पाउनु हुनेछ ।" गुरुको कुरा सुन्ने वित्तिकै उनले जवाफ दिइन् "माफ गर्नुस्, म एकदम कम उमेरकी छु, म उहाँकोलागि स्वर्ग अथवा नर्कसम्म पछि लाग्न सक्तिन । म अझै बाँचेर जीवनको आनन्द लिन चाहन्छु ।"

अकस्मात मरेतुल्य वहाना गरी सुतेका ती गृहस्थी जुरुक्क उठे र आफ्नो आमा र पत्नीलाई भने "तपाईहरु दुवैलाई धन्यवाद छ भन्दै स दाकोलागि घर छोडी हिंडे । यस प्रकार उनलाई वैराग्य आयो । सांसारिक प्रेम अस्थायी छ र निश्चित रुपले घट्छ । त्यसकारण हामीले सँधै भगवान्को साथमा रहन पाउँ भनी आपसमा स्थायी प्रेम वढाऔं ।"

वावाले अर्को उदाहरण दिनुभयो। कंश कृष्णको मामा थिए। कृष्णको आमावुवालाई कंश आफैले विवाहको दिन रथमा हाँकि लैजाँदै थिए। कंश खुशीसाथ आफ्नो वैनी र ज्वाईलाई लैजाँदै थिए। अकस्मात् कंशले "ए कंश यिनीहरुवाट जन्मेको आठौं वच्चाले तिमीलाई मार्ने छ" भन्ने कतैवाट आएको आवाज सुने। तुरुन्तै कंशको अघिको प्रेम सवै हरायो र उनले देवकीको चुल्ठो समातेर तान्दै उनलाई त्यही मार्छु भन्न थाले। यस प्रकार प्रेम के हो ? त्यही प्रेम घृणामा परिणत हुन्छ। यसकारण सच्चा प्रेम के हो हामी वुझौं। सच्चा प्रेमलाई कुनै पनि ऋतु र कारणले परिवर्तन गर्न सक्तैन। यो सदावहार हुन्छ। यस्तो सच्चाप्रेम वावावाट मात्र प्राप्त हुन्छ। भगवान्को सवैभन्दा शक्तिशाली औजार प्रेम नै हो। भगवान्को सम्पत्ति नै प्रेम हो। भगवान् वावाको प्रेमकै कारणले संसारभरिका मानिसहरु जम्मा हुन्छन्। एकपटक कोडाईक्यानलको साईस्मृतिमा धेरै दिनसम्म लगातार पानी परेकोले विदेशीहरुको धेरै ठूलो भेला जम्मा भएको हुँदा भगवान् वावाले मलाई (अनिलकुमारलाई) वोलाएर "लगातार ठूलो वर्षा भइरहेको हुँदा भोलिदेखि भजन हुँदैन भनी सवैलाई जानकारी गराई देऊ" भनी आदेश दिनुभयो र माथि जानुभयो। सवै भक्तहरु निराश भई विस्मात गर्दै कराउन थाले। भोलिपल्ट पनि भक्तहरु, त्यस्तो झम-झम पानीमा पनि आफ्ना भन्ट्याङ भुन्टुङ केटाकेटीहरु सहित आएका देखेर वावाले फेरि भजन चालु राख्न लगाउनु भयो। के यो प्रेम र अरु प्रतिको चिन्ताको प्रतीक होइन र ?

एकपटक स्वामीले आफ्नो गाडी (कार) मैसुरमा रोक्नु भयो। त्यहाँ धेरै विदेशीहरु थिएँ। सवै केटाहरु र कर्मचारीलाई विहानको खाजा खुवाउनुभयो। स्वामीले विदेशीहरुलाई पनि वोलाउनुभयो र उनीहरुलाई पनि खाजा खुवाउनुभयो। के त्यो प्रेम होइन ?

प्रत्येकदिन प्राय सधै जसो वावा चकलेट र पिपरमेन्टरहरु बाँडनु हुन्थ्यो। अनि म (अनिलकुमार) चाहिं वावावाट प्रसाद स्वरुप पाएको चकलेटहरु सुटकेशमा लगेर थन्क्याउने गर्दथें। एकदिन सवैको समुपस्थितिमा वावाले भन्नुभयो, "यहाँ भेलाभएकामध्ये एकजना व्यक्तिले मैले दिएको चकलेटहरु नखाएर सुटकेशमा थन्क्याउने गर्छन्। ल अव सवै सुटकेसहरु खानतलासी गरौं।" वावाको यो कुरा सुन्ने वित्तिकै झटपट मैले, "स्वामी १ मैले खाएको छैन" भने। स्वामीले किन नखाएको त भनी सोध्नु हुँदा मैले घरमा छोराछोरीलाई स्वामीको प्रसाद पुऱ्याउन पाउँदा सवै खुशी हुनेछन् भनी नखाएको हुँ भने।

एकदिन त्यस्तै स्वामीले मलाई उहाँको रातो मर्सिडेज गाडी किन्छौ अनिलकुमार ? भनी सोध्नुभयो। मैले असम्भव, स्वामी भनी जवाफ दिएँ। स्वामीले जिस्क्याउँदै भन्नुभयो छि ! छि ! कस्तो सरम लाग्दो कुरा। स्वामी हजूरको अनुग्रहले किन्न पनि सक्ने छु, जब हजूर नै मेरो छेउमा हुनुहुन्छ त किन नसक्नु ? त्यति पनि भन्न सक्तैनौ। त्यसपछि स्वामीले मलाई उहाँको त्यो गाडी छेउमा राखेर फोटो खिचाउनु भयो र भन्नुभयो "अनिलकुमार ! तिमी मालिक जस्तो भएर उभिएका छैनौ, तिमी त ड्राइभर जस्तो भएर पो उभिएका छौ" भनी हाँसो गर्दै जिस्क्याउनु भयो।

म त एउटा मामुली लेकचरर हुँ। मसँग धनसम्पत्ति अथवा प्रतिष्ठा छैन। न त मेरो कसैमाथि प्रभाव नै छ। तर पनि भगवान्ले मप्रति गरेको यो व्यवहारलाई प्रेम नभनी अरु के भन्ने ?

एक दिन भगवान् वावाले मलाई वोलाएर मेरो चश्मा लिनु भयो। मेरो चश्मा लगाएर भगवान्ले मलाई फोटो खिच्न भन्नुभयो। अहिलेसम्म पनि म यो विश्वास गर्नै सक्तिन। तर जव म फोटो अल्वम पल्टाएर स्वामीले चश्मा लगाउनु भएको त्यो फोटोको दर्शन गर्छु अनि भ्रम नभई साँच्चै रहेछ भनी विश्वास गर्छु। एकपटक हामी स्वामीको साथ कोडाइ क्यानलमा भव्य भोजमा सरिक भएका थियौं। म चाहिं पीरो खानाको सौखिन भएको हुँदा कुन परिकार पीरो होला भन्दै सवै परिकारहरु हेर्दै थिएँ। त्यहाँ अरु वाँकी विद्यार्थीहरु सवै उत्तरभारतका भएकाले उनीहरुलाई पीरो खानाको मतलवै थिएन। म चाहिं धैर्यपूर्वक पीरोखाना कुरेर वसिरहेको थिएँ। अकस्मात् स्वामीले मलाई देख्नुभयो र मतिर आएर भन्नुभयो "ए किन तिमी पीरो खाना मात्र खान्छौ हँ ?" मैले भने, स्वामी मेरो वानी नै पीरो खाने छ। वावाले भन्नुभयो मलाई थाहा छ, त्यसैले त तिम्रोलागि अचार लिएर आएँ। त्यसपछि वावा भित्र जानुभयो र एक शीशी अचार ल्याएर आफ्नै दिव्य हातले मलाई भाग लगाएर दिनुभयो र भन्नुभयो, "तिमी वाहेक यहाँ पीरो खाने कोही छैनन् मैले विशेष गरी तिम्रै लागी अचारहरु ल्याएको हुँ। तिमीलाई साथ दिन म पनि खाने छु। किन तिमी धेरै पीरो खान्छौ ? पीरो खाँदा खाँदा अनुहार कालो भएर जाला। चर चिन्ता नगर आज खाउ।" कसरी म भगवान्को प्रेमको लेखा जोखा गर्न सक्छु एक दिन स्वामीले फिलिपिन्सवाट आयातभएको राम्रा कमिजहरु केटाहरुलाई वितरण गर्नुभयो। म चाहिं हेरेर वसिरहेको थिएँ। स्वामीले अकस्मात मलाई वोलाउनु भयो र एउटा कमिज दिनुभयो। म ज्यादै खुशी भए र उत्लिखेर

स्वामीको अगाडि कमिज लगाउन थाले । स्वामीले हप्काउँदै कमिज त आफ्नो कोठामा पो लगाउनु पर्छ भन्नुभयो । मानिसहरुको अगाडि सार्वजनिक ठाउँमा लुगा लगाउने या फेर्नु हुँदैन भनी शिक्षा दिनुभयो । म नयाँ कमिज फेरेर आएँ । स्वामीले भन्नुभयो, "यताउति घुम ।" म पनि छाति फर्काएर यता उती हिंडे । भगवान् ज्यादै खुशी हुनुभयो र भन्नुभयो, "ओहो ! यिनी कति खुशी भएका छन् र यिनलाई लुगा पनि कति सुहाएको, एउटा फोटो खिच्नु पर्‍यो ।

यी सबै यो जन्मकोलागि मात्र नभई आगामी धेरै जन्मकोलागि अविस्मरणीय क्षणहरु हुने छन् । एकिदन स्वामीले सबैलाई कोडाइक्यानलमा छँदा घोडा चढ्नेकालागि रु. ५० का दरले बाँडदै हुनुहुन्थ्यो । मलाई पनि पचास रुपैया दिनुभयो । मैले भने, "स्वामी, मलाई घोडा चढ्न डर लाग्छ म जान्न ।" स्वामीले भन्नुभयो, "होइन, होइन, तिमी जानै पर्छ तिमीले पनि फोटो खिचाउनु पर्छ अनि पो आफ्नी श्रीमतीलाई देखाउन पाउँछौ ।" भगवान् साईको रमाइलो ठट्टा कति आनन्द लाग्दो छ । हामी महासागरको गहिराइ या आकाशको बृहतता नाप्न सक्छौ तर साईको प्रेम नाप्न सक्दैनौं । यदि हामीले भगवान्को उपदेश र शिक्षा अनुशरण गर्‍यौ भने भगवान्बाट हामीलाई कति प्रेम बर्षाउनु हुन्छ वर्णन गरी साध्य छैन । हामी प्रत्येकलाई उहाँ सम्झनु हुन्छ । हाम्रो जीवनमा कति परिवर्तन आउँछ, हामीलाई कति लाभ र हित हुन्छ भनी साध्य छैन ।

हामी हवाईजहाजमा यात्रा गर्दा हाम्रा मालसमानहरु सबै हवाइजहाजको अर्को भागमा रहेर आफ्नो स्थानमा सुरक्षित साथ बसी यात्रा गरिरहेका हुन्छौ । त्यस्तै अहिले हामीसबै साईहवाईजहाजमा यात्रा गरिरहेका छौं । हवाईजहाजमा यात्रा गर्दा भीसा, पासपोर्ट आदिको आवश्यकता पर्छ । साई हवाईजहाजमा अनुशासनरुपी भीसा र विश्वासरुपी पासपोर्ट र भक्तिरुपी टिकटको आवश्यकता पर्छ । हामीलाई सुरक्षितसाथ जहाज उतार्ने पाइलटरुपी (हाम्रा) साई हामीले पाएका छौं । साई विना हाम्रो जहाज दुर्घटनाग्रस्त अथवा अपहरण हुन सक्छ । साईकोसाथ हाम्रो जीवनयात्रा वढो आनन्ददायक र सुखद हुनेछ । हामीले मानव सेवामा आफ्नो पहिलो जीवन विताउनु नै साई सेवा हो । हामीले पहिला चाल्नु पर्ने कदम सेवा हो । त्यसपछि हामी साईको समीपमा हुनेछौं । हामीले भक्तिपूर्वक साईले देखाएको बाटोमा हिंडेपछि उहाँकोसाथमा सँधै बाँचिरहेको हुनेछौ । पूर्ण शरणागत भई आफूलाई समेत् बिर्सिएर उहाँको नामस्मरण गरी बस्नु नै साईमा समाहित हुनु हो ।

१३.
शरीर

समझदारी कायम भएपछि नै सबै कुराहरु मिल्दछ । उदाहरणकोलागि केही मानिसहरु हामी मिल्न सक्तैनौं, मेरो श्रीमान् सारै डरलाग्दो छन्, म उनीसँग मिलेर वस्न सक्तिन; त्यस्तै कोही मेरी श्रीमती साह्रै डरलाग्दी छिन्, म उनीसँग मिलेर वस्न सक्तिन भन्छन् आदि । हामीमा समझदारी कायम भएमा किन मिल्न सक्तैनौं । जहाँ समझदारी हुन्छ त्यहाँ मेल हुन्छ । उदाहरणकोलागि घरमा पति ढिलो गरी राती घर फर्किए पनि समझदारी भएकी पत्नी छिन् भने उनी आफ्नो पतिलाई ओ हो ! आज किन ढिलो भयो, चिया, नास्ता खानु भएको थियो थिएन भन्दै सोधपुछ गरेर मूल ढोको देखि नै भलाकुसारी गर्दै हातगोडा धुन पानी तयार गर्छिन् । यस प्रकार ढिलो आएको पतिलाई पूर्ण समझदारीसाथ मिलाउँछिन् । यदि समझदारी छैन भने किन ढिलो आएको ? कहाँ गएका थियौ ? आदि रुखो वोली गरेर श्रीमान्लाई झोक उठाउँछिन् । हाम्रो जीवनमा प्रत्येक क्षण समझदारीको परम आवश्यक हुन्छ । त्यस्तै व्यापार, व्यवसायमा संलग्न व्यक्तिकोलागि व्यापारमा समझदारी हुनुपर्छ । कलकारखानामा काम गर्ने व्यापारीको कच्चा पदार्थ वनाउने प्रक्रिया, माल समान उत्पादन गर्ने प्रक्रिया, विज्ञापन बजार व्यवस्था र वितरणव्यवस्था आदिको बीचमा समझदारी भएमा मात्र त्यो कारखानाको मजदूरहरु र व्यवस्थापकहरु मिल्न सक्छन् । यदि त्यो व्यापारीलाई आफूले उत्पादन गर्ने सामग्री कार्य प्रक्रिया, वितरण प्रणाली, विज्ञापन कर्ताहरु, वजारको कुनै ज्ञान छैन भने नोक्सानी व्यहोर्नु पर्ने हुन्छ । शिक्षक र विद्यार्थीबीच पनि समझदारी आवश्यक हुन्छ । शिक्षकले के विषय पढाउने हो त्यसमा उनलाई राम्ररी दखल हुनुपर्छ, विद्यार्थीहरुको स्तर, क्षमता, शिक्षणको उद्देश्य, शिक्षण विधि, परीक्षाको निमित्त आवश्यक पर्ने कुराहरु आदि प्रत्येक चीजको जानकारी शिक्षकलाई हुनुपर्छ । शिक्षाको क्षेत्रमा विद्यार्थीहरुको मनोभाव वुझ्नु पर्ने आवश्यक हुन्छ । विद्यार्थीमा पनि पूर्ण समझदारी हुनुपर्छ । किन उ यहाँ छ ? उ के चाहन्छ ? कसरी सफल हुन अध्ययन गर्ने ? सफल हुन के गर्नुपर्छ ? सफल भएपछि के गर्ने ? आदि, शिक्षा क्षेत्रमा यी सबै कुरामा समझदारी हुनुपर्छ ।

आध्यात्मिकतामा पनि समभ्रुदारी आवश्यक हुन्छ। समभ्रुदारी भनेको के हो ? कसको वीचमा समभ्रुदारी ? किन, कसरी र के वुझ्ने ? समभ्रुदारी भएन भने के हुने छ ? नाफा अथवा नोक्सान के हुन्छ ? हामीलाई आफ्नो बारे पूर्ण समभ्रुदारी हुनुपर्छ। ईश्वर बारे पनि हामीलाई पूर्ण समभ्रुदारी हुनुपर्छ। म यहाँ भक्तको हैसियतले छु। बावा यहाँ ईश्वरको रुपमा हुनुहुन्छ मलाई दुवै कुराको समभ्रुदारी हुनुपर्छ। आध्यात्मिकतामा आवश्यक कुरा नै यिनै हुन्।

दुई दिन अगाडि मात्र वावाले भन्नु भएको थियो, "शताब्दियौं देखि मानिसले आफूलाई ईश्वरवाट अलग छु भन्ने सम्भ्रेको छ। जवसम्म तिमी आफूलाई ईश्वरवाट अलग ठान्छौ अथवा विचार गर्छौ तिमीले ईश्वरसँग साक्षात्कार कहिले पनि गर्न सक्तैनौ। यो समभ्रुदारी हो। मैले म को हुँ भन्ने जान्नु पर्छ। मैले त्यो को हो भन्ने जान्नु पर्छ। यहाँ चिनी छ। यहाँ पानी छ। पानी पानी नै हो र चिनी चिनी नै हो। जव हामी चिनी र पानी मिलाउँछौ यो गुलियो शर्वत बन्छ। यहाँ पानी मात्र पनि हुँदैन चिनी मात्र पनि हुँदैन। त्यस्तै एउटा भक्त खालि जीवात्मा मात्र हुँदैन। उ खालि शरीर मात्र होइन। उ खालि हाड छाला र मासुको थुप्रो मात्र होइन। आफ्नो निजी स्वरुप वुझ्नु आवश्यक छ। आफूले आफैलाई चिन्नु पर्छ।

भक्तको हैसियतले सर्व प्रथम हामीले जान्नुपर्ने कुरा म भन्छु। भक्तको हैसियतले म को हुँ भन्ने मैले जान्नु पर्छ। आज हामी सवैको खोजीनीति गर्छौं। तिमी को हौं ? कहाँवाट आएका हौं ? तिमी, के गर्छौ ? कहिलेसम्म यहाँ बस्छौ ? तिम्रा अनुभवहरु के के छन् ? हामी अरुको सवैकुरा जान्न चाहन्छौं तर आफ्नो बारे केही पनि जान्दैनौ। हामी सवै जानकारी लिन चाहन्छौ। तर हामी भित्रको वाधाहरुलाई उपेक्षा गर्छौं।

हामी आफूलाई यो शरीर भनी ठान्दछौं। जब म भन्छु, "म आएको छु" यसको मतलव शरीर आएको छ। जब म भन्छु, "म अनिलकुमार हुँ, यसको मतलव यो शरीर अनिलकुमार हो" जब म भन्छु, "म कुनै शिक्षक छु। यसको

मतलब यो शरीरले एउटा शिक्षकको भूमिका खेलेको छ"। जब म भन्छु, "म एउटा भारतीय हुँ यसको मतलब यो शरीर भारतमा जन्मिएको हो।" यस प्रकार हरेक कुरामा हामी शरीरसित चिरपरिचित छौं। तर राम्ररी खोजी गर्दै गएमा हामी यो शरीर होइनौं भन्ने वुझ्नेछौं।

हामी आफैं जाँच्दै जाऔं। वीस वर्ष पहिले हामी कति सुन्दर र राम्रो थियौं। प्रौढ अवस्था पुग्दा हाम्रा ५० प्रतिशत आकर्षण गुम्दछ। ६० वर्षपछि मानिसले तिम्रो साथ छोडिदिनेछन्। घुम्रिएको राम्रो कपाल भएको ठाउँ तालुखुइलेमा परिणत हुन्छ। नक्कली दाँतहरु लगाउनु पर्ने हुन्छ। चस्मा लगाउनु पर्ने हुन्छ। सुन्ने शक्ति कम हुँदै जान्छ। स्मरण शक्ति ह्रास हुँदै जान्छ। यस प्रकार यदि तिमी वास्तवमा शरीर हौ भने किन यसरी वदलिन्थ्यो त ? एक अवस्थामा त्यस्तो शक्तिशाली मानिस पछि गएर यस्तो दुर्वल हुन्छ। अन्ततोगत्वा शरीरको दाह संस्कार गर्नुपर्छ।

के त ! तिमी शरीर हौ ? के अब पनि शरीर हुँ भन्न सक्छौ ? के अव शरीरलाई लिएर घमण्ड, सुख अथवा धाक लगाउनु पर्ने ठाउँ छ त ?

यदि एउटा वूढो मानिसले आफूलाई एकदम राम्रो र जवान थिएँ भनी भन्छभने मानिसहरु उसलाई पन्छाएर उल्टो शंका गर्न थाल्ने छन्। के शरीर लाई नै सवै थोक हो भनी सम्झने सवै मानिसको यो रामकहानी हो। यदि तिम्रो वलियो शरीर छ भनेपनि पछि यो रोगी हुन्छ। जवानी छँदा शरीरमा खानाले पेट्रोलको काम गर्छ। पछि यो शरीर औषधि, क्याप्सुल र ट्यावलेटहरुको भरमा काम गर्छ। के हामी वास्तवमा शरीर देखि खुशी छौं ? यदि एक दिन नुहाइएन भने हाम्रो छेउमा मानिस वस्न नसकेर भाग्छन्। शरीरको गन्ध हटाउन हामी अत्तरको प्रयोग गर्छौं। विरामी परेपछि मासु सुकेर हाड मात्र वाँकी रहन्छ। मृत्युकोलागि उमेरको कुनै हद चाहिंदैन। कुनै पनि क्षण यो मानव शरीरको अन्त हुन सक्छ।

फोटो ग्राफरले क्यामेरावाट फोटो खिच्दा हाँस्नुस् भनी भन्छन्। कालस्वरुप परमेश्वर पनि एउटा तस्वीर उतार्ने क्यामेराम्यान नै हुनुहुन्छ। तर ईश्वरले

हामीलाई प्रत्यक्ष चेतावनी दिनुहुन्न । त्यसकारण कहाँनिर यो शरीरको सुनिश्चतता छ त ? कुनै वखत पनि स्वास्थ्य, सुन्दरता स्वच्छता अथवा यो शरीरसँग आवद्ध कुनै पनि चीजको भर छैन । यस प्रकार कसरी हामीले यो शरीर नै सवैथोक हो भनी सम्भने ? त्यसकारण हामीले यो शरीरलाई सवैथोक हो भनी कदापि सम्भनु हुँदैन । उदाहरण : खेतमा वीउ रोपिन्छ । अन्न वाली उब्जन्छ र तयार हुन्छ । शरीर पनि एउटा खेत जस्तै हो संस्कृतमा यसलाई "क्षेत्र" भनिन्छ । शरीरलाई संस्कृतमा "देह" भनिन्छ । जुन सजिलैसँग जल्दछ । जबसम्म हामी जीवित रहन्छौं इच्छै इच्छाले जलिरहन्छौ । जब जीवनको समाप्ति हुन्छ शरीरलाई जलाइन्छ । जिउँदै छँदा पनि हामी जल्दछौं र मृत्युपछि पनि जल्दछौं । यस प्रकार जुन जल्दछ त्यो नै देह अथवा शरीर हो । यसर्थ शरीरको तीन नामहरु छन् । क्षेत्र, देह र शरीर । के तिमी यस्तो शरीरसित आफूलाई परिचित गराउन सक्छौ ? यस प्रकार तर्कपूर्ण हिसावले भौतिक र वैज्ञानिक दृष्टिकोणले या कुनै दृष्टिकोणवाट पनि शरीर हुँ भन्न मिल्दैन । भक्तको हैसियतले बुझ्नु पर्ने पहिलो कदम नै यही हो ।

भगवान् बाबाले हालसालै सोध्नुभयो, "आध्यात्मिकता के हो ?" त्यसको उत्तरमा कसैले सेवा कसैले पूजा, कसैले ध्यान र तपस्या गर्नु आध्यात्मिकता हो भने । वावाले ती आध्यात्मिकता होइनन् भन्नुभयो । ती सबै समयको सदुपयोग गर्न गरिएका असल कार्यहरु हुन् । तिनीहरुको आध्यात्मिकतासँग कुनै सरोकार छैन । सच्चा आध्यात्मिकता भनेको खोजीमा लाग्नु हो । आफ्नो खोजी गर्नमा लाग्नु आध्यात्मिकता हो । हामीले यो शरीरसित आफूलाई चिर परिचित गराउन मिल्दैन भन्ने थाहा पाएर पनि किन हामी यसलाई नै अगाडि सारेर परिचय गराउँछौ । पहिलो कुरा त शक्तिशाली इन्द्रियहरुले हामीलाई प्रभुत्व जमाउँछन् । कारखानाको मुख्य सञ्चालकलाई कामदारहरुले प्रभुत्व जमाए जस्तै हो । कसैले पनि सञ्चालकको वास्ता राखेको हुँदैन । यस्तै प्रकार ले प्रत्येक व्यक्तिमा सञ्चालक उसको भित्र नै हुन्छ । इन्द्रियहरु कामदारहरु हुन् । कामदारहरुको मातहतमा सञ्चालक छ । साँच्चै भन्ने होभने इन्द्रियहरु

दास हुन् र आफू स्वयम् मालिक हो। अहिले यो अवस्था ठीक उल्टो छ। मालिक दास भएको छ र दास मालिक बनेको छ। यस प्रकार इन्द्रियहरुको शक्तिले गर्दा हामी आफूलाई शरीरसित आवद्ध गराएर परिचित गराउँछौं। शक्तिशाली इन्द्रियहरु इन्द्रियसुखभोगको लागि वाहिरी इन्द्रियजन्य सुखप्रति आकर्षित हुन्छन्। यो इन्द्रियसुख भौतिक संसारमा भौतिक वस्तुहरुवाट प्राप्त हुन्छन्। यदि हामी इन्द्रियहरुका पछाडि मात्र लाग्दछौं भने पशुको स्तरमा तल खस्दछौं।

भौतिक वस्तुहरु वाहिर हुन्छन्। आँखाहरुले वाहिर हेर्छन्, कानहरुले वाहिर नै सुन्छन्, मुख वाहिर नै वाउँछ। यस प्रकार सवै इन्द्रियहरु वाह्यमुखी छन्। र तिनीहरु सबै वाहिरी भौतिक वस्तुहरुवाट आकर्षित हुन्छन्। इन्द्रियसुख वाहिरी वस्तुहरुले दिन्छन्। यस प्रकार सम्पूर्ण व्यापार वाहिरी छ। म भोकाएको छु भने खाने इच्छा गर्छु। जिव्रोले स्वाद लिन चाहन्छ। खान पाएपछि म खुशी हुन्छु। तर यदि मैले धेरै खाएँभने म बिरामी परेर दुखी हुनेछु। यस प्रकार जिव्रोको सुख अस्थायी हो।

म पप संगीत सुन्छु। म नाच्दछु, त्यसको एक घण्टापछि हल्लाखल्लाले गर्दा म दुःखी हुन्छु। म घण्टौं घण्टौं टी.भी.र भि.डी.ओ. क्यासेटहरु हेर्छु पछि गएर आँखा दुख्न थाल्छ। त्यसकारण वाहिरी इन्द्रियसुखहरु सवै अस्थायी हुन्। तिनीहरले क्षणिक सखु दिन्छन् पछि तुरुन्तै दुःखमा परिणत हुन्छन्। तिनीहरुले पहिले आनन्द दिन्छन् पछि दुख दिन्छन्। तिनीहरु पहिले कदर गरिन्छन् पछि निन्दित हुन्छन्। तिनीहरु पहिले आनन्द दिन्छन् पछि विरक्त पार्छन्। हामी वाह्यमुखी व्यापारमा संलग्न हुन्जेल यही क्रम चालु भइरहन्छ। हामी यो शरीर हुँदैहोइनौं भन्ने विचार गरी सुनिश्चित हुनुपर्छ। खोजको वाटो यही नै हो।

विश्वास, श्रद्धा, भक्ति भावना, तीर्थ यात्रा सबै आध्यात्मिकताका प्रथम चरणहरु हुन।
— बाबा

१४.
मन

आध्यात्मिकतामा पहिलो वाधक शरीर हो भन्ने बारे माथि नै चर्चा गरि सक्यौ। हामीले शरीरलाई विशेष महत्व दिँदा त्यसवाट हुन गएका वाधाहरुले गर्दा आफै भित्र रहेको सत्यतालाई ढाकी हामीलाई जान्नेवुझ्ने हुनवाट असमर्थ गराइदिने कारणहरु वारे विस्तृत चर्चा गरिसक्यौं। शरीर सम्वन्धी पछि अव दोश्रो बाधा पर्खालकोरुपमा हामी र ईश्वरवीच उभिएर वस्ने मन वारे चर्चा गरौं। मानौं यदि हामीले छाती हेर्न चाहेमा आफूले लगाएको कोट, कमिज र गञ्जी फुकाल्नु पर्छ। त्यस्तै

कोटको रुपमा "शरीर" छ

कमिजको रुपमा "मन" छ

गञ्जीको रुपमा "वुद्धि (विवेक)" छ

यस प्रकार हामीले छलफलको क्रममा "कोट" रुपी शरीरलाई हटायौं। सिद्धान्तको कुरामा त म (अनिलकुमार) धेरै होशियार छु। म तपाईहरुको विषयमा त जान्दिन तर आफू भने अहिलेसम्म शरीरभाववाट स्वतन्त्र हुन सकेको छैन। मेरा केही पूराना वानीहरु र इच्छाहरु छन्। यसैले मैले सिद्धान्तमा हामीले कोट फुकाल्यौं अथवा शरीरभाववाट मुक्त पार्‍यौं भनेको हुँ।

वोल्नु अनुभव होइन। वोल्दैमा अनुभव गरेको हुँदैन। माउरीको उदाहरण लिउँ। यो कमलको फूल वरिपरि गुन गुनाउँदै घुमिरहन्छ। जुन क्षण माउरीले (असृत) फूलको रस चुस्दछ त्यसवेला कुनै आवाज सुनिंदैन। एक गिलास पानीमा एक चम्चा चिनी मिलाएपछि चिनी पानीमा छ छैन कसरी थाहा पाउने ? जिब्रोमा अलिकति त्यो चिनी मिश्रित पानी परेपछि मात्र गुलियो स्वाद थाहा हुन्छ। तिमीले भनेर, पढेर अथवा हेरेर मात्र थाहा पाउँदैनौ। तर स्वाद लिएर अनुभव गरेर मात्र थाहा हुन्छ। यो अनुभव वोल्दैन। मिठास अनुभव हो, वोली होइन। यसकारण म (अनिलकुमार) त्यो अवस्थामा पुग्न धेरै लामो वाटो हिडनु छ भन्ने महशुश गर्दछु। तपाईहरु नै कल्पना गर्नस् जब यस विषयमा कुरा गर्दा नै म यति आनन्द अनुभव गर्दछु भने

साँच्चै नै अनुभव गर्दा म कति आनन्दित हुलाँ ? सायद बाबा मबाट यस्तो बोल्ने कार्य भइरहोस् भन्ने चाहनुहुन्छ । तर यदि मैले पनि यो अनुभव गरेंभने फेरि त्यसपछि तपाईंहरुसीत कुरा कस्ले गर्ला नि ?

एकपटक कुराकानी हुँदै थियो, बाबाले सोध्नुभयो, "कसलाई मोक्ष चाहिन्छ ? कसलाई मुक्ति चाहिन्छ ? मैले, "मलाई चाहिंदैन स्वामी!" भन्दा उहाँले, "किन चाहिंदैन ?" भनी सोध्नुभयो । मैले भने," मलाई त यो कस्तो हुन्छ भन्ने अनुभव नभएको हुँदा मलाई किन चाहियो र ? यो गुलियो, उज्यालो अथवा अध्यारो, अग्लो अथवा होचो कस्तो हुन्छ भन्ने नै थाहा छैन । म यो पनि जान्दिन कि त्याहाँ म एक्लै हुने छु कि कोही हुने छन् । म त्यहाँ खाना पाउँछु कि पाउँदिन, त्यो पनि थाहा छैन । कसैले फर्किएर आएर मलाई मोक्ष यस्तो हुँदो रहेछ भनी बताएको पनि छैन । जुन विषयमा मलाई केही ज्ञान नै छैन भने किन मैले त्यस्तो चीजको चाहना गर्ने ? भगवान् जब म हजूरको सन्देश सबैसित बाँडचुँड गर्छु म आफू पनि प्रफुल्लित हुन्छु र अरु सुन्नेहरु पनि आनन्दित हुन्छन् । जब म हजूरबाट यो मीठो हुन्छ भन्ने सन्देश पाउँछु र अरुलाई बाँड्छु त्यसबेला यो झन मीठो हुन्छ । अरुलाई सुनाउँदा उनीहरु झन खुशी हुन्छन् । त्यसबेला यो झन मीठो हुन्छ । त्यसैले किन मलाई मोक्ष चाहियो ? स्वामी यदि मैले फेरि जन्मलिनु पर्नेहोभने कृपया मेरो अर्को जन्ममा पनि म हजूरको सन्देश बाँडन पाउँ । बाबा ! म हजूरको विषयमा मात्र बोलिर हने इच्छा राख्छु ।"

त्यसकारण साथीहरु हामी सिक्ने अवस्थामा छौं । हामीहरु अध्ययन प्रकृयामा छौं, अझ हामीले अभ्यासको बाटोमा लाग्नु त बाँकीनै छ । अझ हामीलाई अनुभवको झलक पाउनु बाँकी नै छ । कुनै दिन त्यो पनि हुनेछ ।

कोटपछि अब हामी "कमिज" रुपी मनतिर लागौं । मन भनेको के हो ? हामी यहाँ मनोवैज्ञानिकहरुको विचारहरु लिएर चर्चा गर्ने छैनौं । हामी बाबाका विचारहरुलाई चर्चा गर्नेछौं । बाबाको भनाइ अनुसार मन विचारहरुको एउटा कुम्लो (भारी) हो । यसले संक्षेपमा स्मरण गराउँछ । विचार भएनभने मन हुँदैन । विचार सहित र विचार रहित दुई अवस्था हुन्छ । तर विचार शून्य अथवा विचारहीन चाहिं हुँदैन । विचार खिच्नु, विचार शुन्य हुनु भन्दा फरक

छ। हाम्रो मन विचारहरुले भरिएको हुन्छ तर साधनाद्वारा हामीले हाम्रा विचारहरु खिच्न सक्छौं। संस्कृत भाषामा विचार खिच्नुलाई अमानसक (Amansaka) भनिन्छ।

मनवाट विचारहरु खिच्नु धेरै महत्वपूर्ण हुन्छ। मन कहिल्यै स्थिर हुँदैन। हालसालै भगवान्ले भन्नुभयो। "यो शरीरलाई स्थिर राख्न सजिलो हुन्छ तर यसलाई दौडाउँन र प्रयोग गर्न गाह्रो हुन्छ। अर्कोतिर यो मनलाई भौतिक संसार र भौतिक वस्तुहरुतिर दौडाउन सजिलो छ तर यसलाई स्थिर राख्न ज्यादै कठिन हुन्छ। यो स्वभाविक पनि हो। मन जहिले पनि हुत्तिन्छ, दोधारमा रहन्छ, उफ्रन्छ, तलमाथि गर्छ र दौडिन्छ। हामीले मनको प्रकृति वुझ्नु पर्छ। यसले के चाहन्छ, के चाहँदैन र कसरी यसलाई नियन्त्रण गर्ने ? इत्यादि।" धेरै गुरुहरुले यसलाई नियन्त्रण गर्न सकिन्छ भन्छन्। वावाको भनाइ अनुसार यो असम्भव छ। यसकारण वावाले किन यो धरमराउँछ, किन यो स्थिर हुँदैन किन यो धैर्य भई वस्दैन भन्ने नजानिकन कसरी हामी यसलाई नियन्त्रण गर्न सक्छौं। किन हामीले यसलाई नियन्त्रण गर्नुपर्छ र के हामीले नियन्त्रण गर्नें पर्छ ? भन्ने नथाहापाइकन वावा कसरी यसलाई नियन्त्रण गर्न सकिन्छ भनी सम्झाउनु हुन्छ।

उदाहरण :– धेरै पातैपातले झ्याम्म परेको एउटा रुख छ। पातहरु हल्लिन्छन्। किन ? हावाले गर्दा हल्लिन्छन्। हावा नचलेको वखत पातहरु हल्लिदैनन्। यसकारण पातहरु हावाको कारणले मात्र हल्लिन्छन् र उनीहरु आफ्नै कारणले आफू खुशीले हल्लिदैनन्। यसैकारण मन भनेको पात र इच्छा भनेको हावा जस्तै हुन्। त्यसैले हावारुपी इच्छाहरुले पातरुपी मनलाई हल्लाउँछन्। जति वढी हावा चल्छ त्यति धेरै रुखमा पातहरु हल्लिन्छन्। अलि अलि हावा चल्यो भने पातहरु पनि अलि अलि मात्र हल्लिन्छन्। यदि हामी पातहरु नहल्लिउन् भन्ने चाहन्छौं भने हावारुपी इच्छाहरु हुनु हुँदैन। वावा भन्नुहुन्छ, "जति झिटीझाम्टा कम हुन्छ त्यति नै यात्रा आरामदायी हुन्छ – Less luggage More Comfort " इच्छारुपी झिटीझाम्टाहरुले हाम्रो यात्रा दुःखदायी र असुविधाजनक हुन्छ। हाम्रो झिटीझाम्टा थोरै हुनुपर्छ। त्यसो भएमा मानसिक तनाव नियन्त्रण गर्न सकिन्छ। वावाको भनाई अनुसार मन

नियन्त्रण गर्ने अर्को उपाय पनि छ। रित्तो मन शैतानको कार्यशाला हो। यदि कोही काम नगरी त्यसै अल्छी भएर वस्छ भने उसको मनले बाँदरले जस्तै व्यवहार गर्न थाल्छ । त्यसैकारण पनि हामीले मनलाई नियन्त्रण गर्न शारीरिक कृयाकलापहरु गर्नु पर्ने हुन्छ। वावा त्यसैकारण सेवा गर भन्नु हुन्छ।

तिम्रो मनलाई सेवामा लगाउ र तिमी सफल हुनेछौ । सेवा सार्थक हुनेछ। सेवा उद्देश्यमूलक हुनेछ। सेवाको उद्देश्य पूरा हुनेछ। यदि मनले कुनै काम गर्न निर्देशित नगर्ने हो र शरीरले मात्र त्यो काम गऱ्यो भने सवै काम भताभुङ्ग भएर विग्रन्छ। त्यसैले शरीर र मनलाई साथसाथै काममा व्यस्त राख्नु पर्छ।

त्यसपछि मन सम्वन्धमा अर्को एउटा कूरा पनि छ। मन सोचिरहन्छ तर यसलाई समातेर राख्न पनि सकिन्छ। भगवान् उदाहरण दिंदै भन्नुहुन्छः टाउको उठाउँदै घस्रिरहेको एउटा सर्प छ। सर्प नचाउने मदारीले के गर्छ ? त्यसले संगीत वजाएर सर्पलाई नचाउँछ। त्यस्तो विषालु साँपलाई नियन्त्रण गर्न सकिन्छभने मानिसको मनलाई किन नियन्त्रण गर्न नसक्नु ? सर्कसमा हात्तीलाई तीन खुट्टे सानो टेवुलमा उभ्याउन सकिन्छभने, यो केवल अभ्यासको आवाश्यकताको कुरो मात्र हो। के हामीले मनलाई ठेगान लगाउन सक्तैनौ ? के हामी सर्प या हात्तीभन्दा पनि कमजोर छौं ? हामीले प्रयास गरेका छैनौ। त्यसैले हामीले आनन्दको अनुभव गरेका छैनौ। यो एउटा निरन्तर चल्ने प्रकृया हो। फेरि हामी हात्तीकै उदाहरण लिउँ। माहुतेले हात्तीलाई नुहाउँछ। एकै छिनपछि हात्ती सुँडले आफ्नो शरीरभरि वालुवा छर्छ। सफा गरेता पनि फेरि फोहर गराउँछ। त्यस्तै हाम्रो मनलाई पनि हामी सफा गर्न सक्छौ तर फेरि यो फोहोर भई हाल्छ किनभने जव मन संसारतिर ढल्कन्छ यो दुषित हुन्छ। जव यो संसारवाट वाहिर हुन्छ यो सफा (निर्मल) हुन्छ। मनको अर्को गुण हुन्छ। यसको प्रशंसा गर्नासाथ यो ज्यादै खुशी हुन्छ। यसको प्रशंसा गर्दा यो नाच्छ, तर आलोचना गर्दा खिस्रिक्क भई निराश हुन्छ। यसको स्वभाव अपूर्व हुन्छ।

हामी वावाको उपदेशमा ध्यान दिंदैनौ । हामी खालि वावाले हाम्रो चिठ्ठी लिनु हुन्छ कि हुँदैन भन्ने तिर मात्र चासो राख्दछौं। हामी वावालाई फूलहरु चढाउँछौ तर वावाका उपदेशरुपी फूलहरुलाई ध्यान दिंदैनौ। हामी

अन्तरवार्तासित मात्र वढी चासो राख्दछौं तर अन्तरदृष्टिसित चासो राख्दैनौं। जव वावाले हामीलाई केही वस्तु दिनुहुन्छ हामी घमण्डको भाव लिन्छौं तर जव केही पाउँदैनौ हामी निराश हुन्छौं।

वावा एउटा गुलावको फूलको उदाहरण दिँदै भन्नु हुन्छ। एकपटक दुई साथीहरु थिए। एकदिन एउटा साथीले अर्कोलाई एउटा गुलावको फूल दियो। केही दिनपछि ती दुईको विचारमा मतभेद भयो। उनीहरु अव साथी रहेनन्। जव त्यही साथीले फेरि गुलावको फूल दियो त्यसवखत अर्कोले गलत भावले त्यो गुलावको फूल लियो। उसले त्यो फूल उसको साथीले उसलाई छालामा घोचोस भनेर दिएको सम्भियो। उही फूल उही साथी एकपटक मित्रता अर्को पटक शत्रुता। के यो मन नै हैन त जसले यत्रो फाटो पैदा गऱ्यो ? यसकारण मनले नै प्रशंसा र दोषको उत्तर दिन्छ। मन सँधै असुरक्षित छ। जतिसुकै धन अथवा जतिसुकै अंगरक्षक भए पनि मन असुरक्षित नै हुन्छ किन ? यसको कारण मनलाई साथ दिने आफू वाहेक कोही हुँदैनन्। डर र असुरक्षा पन मनको स्वभाव नै हो। किनभने यसको कुनै अंकुश हुँदैन। मनको सुरक्षाकोलागि पाले, वन्दुक र वीमा गराएर हुँदैन। यसको अतिरिक्त मनको गर्व गर्ने स्वभाव हुन्छ। रोममा राजाले आफ्नो रथमा यात्रा गर्दा उनको पछाडि एक मानिस हुन्छ। त्यो मानिसले राजासित कानेखुशी गर्छ तपाई मानिस त हो नि, तपाई मानिस त हो नि। किनकि त्यसो भएपछि राजाले आफूलाई मानिस सम्भन्छन् र ईश्वर भनेर कल्पना गर्ने छैनन् र सोही मुताविक व्यवहार गर्नेछन्। त्यस्तै प्रकारले मनले भरपर्दो आधार पाउनु पर्छ।

भगवान् वावाले भन्नुभयो, "पहिले पहिले दाजुभाइहरुको वीचमा उत्कृष्ट प्रेम हुन्थ्यो तर आजकल दाजुभाइ दिदीवहिनीहरुको वीचको प्रेम सर्वोच्च अदालतमा पुग्छ। परिवारमा, समाजमा जताततै मन असुरक्षित छ। त्यसैले यसलाई वलियो आधार चाहिन्छ। यसकोलागि यसले पूर्ण शरणागत हुनुपर्छ। आंशिक शरणागतले पुग्दैन। जव मन पूर्णरुपले त्यो पूर्णमा शरणागत हुन्छ, अनि त्यसले पूर्ण सुरक्षा पाउने छ। त्यो के हो त ? को शरणागत हुने ? कसरी शरणागत हुने ? भगवद्गीतामा श्रीकृष्णले भन्नु भएको छ, "मन्मना भाव मद्भक्तो मद्याजी मां नमस्कुरु" अर्थात् "तिम्रो मन मतिर लगाउ। जव

तिमी आफ्नो मन ईश्वरतिर लगाउँछौ तिमी ईश्वरको सम्पत्ति हुन्छौ। त्यसपछि तिम्रो हेरचाह गर्ने कर्तव्य ईश्वरको नै हुन्छ।" मनलाई भगवान्को चरण कमलमा अर्पण गर्नु नै पूर्ण शरणागत हुनु हो। त्यसपछि तिम्रो मनोवृत्ति नै फरक हुन्छ। लाभ अथवा सफलता पाएको बखत तिमी नम्र हुनेछौ। त्यसवखत आफू कर्ता होइन रहेछु भन्ने थाहा भएपछि भगवान्प्रति पूर्णरुपले कृतज्ञता ज्ञापन गर्नेछौ। यस प्रकार सफलताको वखतमा कृतज्ञता र विनम्रताको मनोवृत्ति हुने छ। तर असफल, नोक्सानी अथवा हारेको वखतमा मनोवृत्ति फरक हुन्छ। शरणागतमा पर्ने भक्तले जीवनमा असफलतालाई एउटा पाठको रुपमा लिँदै यसलाई ईश्वरको सन्देशको रुपमा स्वीकार गर्ने छ। यसकारण नाफा नोक्सानभन्दा पनि पूर्ण स्वीकृतिका साथ स्वीकार गर्ने मानसिक मनोवृत्ति वढी महत्वपूर्ण हुन्छ। आज नाफा र भोलि नोक्सान हुन सक्छ अथवा आज दुःख र पीर भोलि सुख र आनन्द हुन सक्छ। सवै डुलुवा वादलहरु समान हुन् कुनै पनि स्थायी हुँदैनन्, आउँछन् जान्छन्।

सुख भन्ने कुरा दुई दुःखको बीचमा हुन्छ। यदि तिमी वातानुकुलित कोठामा वसेकाछौभने घाममा वाहिर ननिस्कुन्जेल त्यसको मूल्य वास्तवमा थाहा पाउनेछैनौ। यसकारण सुखको मूल्य दुःखद्वारा मात्र थाहा हुन्छ। अन्धकारमा मात्र जुनेली रातको महत्व थाहा पाइन्छ। यदि प्रत्येक रात पूर्णिमाको रात जस्तै हुने होभने हामीलाइ जुनेली रातको महत्व केही थाहा हुने थिएन। मृत्यु हुने कारणले गर्दा जीवनको मूल्य र महत्वको जानकारी हुन्छ। आमाले वच्चालाई माया गर्ने हुनाले निरन्तर उसको सुरक्षाकोलागि चिन्तित हुन्छिन्। आज वच्चा ठीक हुँदा तिनी खुशी हुन्छिन्। वच्चा भोलि ठीक नहुन सक्छ। यसकारणले जीवनमा सुखै सुख मात्र अथवा दुःखै दुःख मात्र हुनै सक्तैन। दुःख र सुख जीवनमा निरन्तर चल्ने प्रक्रिया हुन्। एक पछि अर्को पालै पालो आइ रहन्छन्।

भगवान् वावा एउटा सरल उदाहरण दिँदै वताउनु हुन्छ। तिमीले भात खाँदा कहिलेकाँही भातमा ढुंगा आउँछ। त्यसवखत श्रीमान्ले श्रीमतीसँग ढुंगा लाग्यो भनी कराउँछन्। कैयौं वर्षदेखि भात पकाउँदै ख्वाएर आएकी श्रीमतीलाई धन्यवाद दिँदैनन्। एकदिन एउटा सानो ढुंगा लाग्दा भातमा आयो भनेर उनी

कराउँछन्, झोक्किन्छन् । त्यसकारण जीवनमा धेरै सुख र थोरै दुःख हुन्छ । साधारणतया हामी कसैलाई पनि तपाई किन मुस्कुराउनु भएको ? भनेर सोध्दैनौं । तर कोही ज्यादै दिक्दार छ अथवा बिरामी देखियो भने तपाईंलाई के समस्या पर्‍यो भनी सोद्धछौं । स्वामी पनि किन यस्तो पहेलो अनुहार के भयो ? भनी सोध्नु हुन्छ । आनन्द हाम्रो वास्तविक स्वभाव हो । किन तिमी खुशी छौ, किन तिमी हाँसिरहेछौ ? भनी हामी सोध्ने गर्दैनौं । हामी, "किन तिमी दुःखी छौ ? किन तिमी दिक्दार छौ ?" भनी सोध्दछौं । दिकदारी, दुःख भनेका अस्वाभाविक हुन् । यसर्थ हामी एउटा दुईटा कारणले जीवनमा खलवली मचाउँछौं । तर हामीलाई ईश्वरले दिएको प्रशस्त आशीर्वादहरुप्रति धन्यवाद दिंदैनौं ।

हालसालै मात्र बाबाले भन्नुभयो, "तिमीलाई बिच्छीले टोक्यो भनी नकराउ बरु सर्पले डसेन भनी भगवान्‌लाई धन्यवाद देउ । त्यस्तै सर्पले टोक्यो भने मरिएन त भनी खुशी मान । तिम्रो गाडी छैन भनेर दिक्क नमान बरु खुट्टाले हिंड्न पाएको छु भनी आनन्द मान । काँडाले घोच्यो भनी दुःख नमान बरु आँखामा घोचेन र अन्धो हुनुबाट जोगियो भनी चित्त बुझाउ । प्रशस्त धन छैन भनी दुःखी नबन, दुई छाक खान लाउन पर्याप्त छ भनी खुशी होउ ।"

मनको प्रवृत्ति यस्तो हुन्छ । जति इच्छाहरु पूर्ति हुँदै जान्छन् उति अझ बढी इच्छाहरु पूर्ति गर्ने आकांक्षा बढ्दै जान्छ । बाबाले उदाहरण दिंदै भन्नुभयो, अमेरिकामा सबै गाडी माथि गाडी राख्दै जाने हो भने चुली भएर चन्द्रमामा पुग्नेछ । त्यस्तै हाम्रा इच्छाहरु पनि आकाशिंदै जाने गर्छन् । कहाँसम्म त ? कहिलेसम्म त ? हामीले संसारप्रति अकर्षित हुने मनको स्वभाव बुझ्नु पर्छ । यो मनको गल्ती होइन बरु त्यसको स्वभाव नै हो । जब हामी कसरी यो मनले कार्य गर्दैछ भन्ने बुझ्दछौं, यो कार्य गर्न बन्द हुनेछ ।

स्वामीले एउटा उदाहरण दिंदै सम्झाउनु भयो, एक ठाउँमा एउटा विवाहको समारोह भइरहेको थियो । एकातिर दुलहाको र अर्कोतिर दुलहीका जन्तीहरुको भींड थियो । एउटा भद्र नवयूवकले दुलही पट्टिका जन्तीतिर आएर

सबै वन्दोवस्तवारे सोधपुछ गरे । त्यसपछि उनले दुलहापट्टिका मानिसहरुतिर गएर कसरी जन्ती जाने भनी सबै कुरा सोधे । यस प्रकार दुवै थरी जन्तीले उनलाई प्रतिनिधि होलान् भनी सम्झे । विवाहपछि दुवै पट्टिका मानिसहरु जम्मा भएर कुरा गर्न लागे । दुवै पट्टिका मानिसले त्यो व्यक्तिलाई देखाएर दुलाहापट्टिका मानिससँग तपाईहरुको प्रतिनिधि हो ? भनी सोद्धा उनीहरुले होइन भने । दुलही पट्टिका मानिसहरुले पनि उनलाई विवाहको वन्दोवस्त वारे सोधपुछ गर्न आएको हुँदा उनलाई दुलाहाको जन्तीका प्रतिनिधि भनि ठानेका रहेछन् । त्यसपछि त्यो मानिस (प्रतिनिधि) ले आफूलाई सबैले चिने भन्ने ठानी त्यहाँवाट अलप भए । त्यस्तै प्रकारले तिमीले मनको स्वभाव वारे खोजीनीति, सोधपुछ गर्‍यौभने त्यो मन आफै हराएर जान्छ ।

जव तिमी आफूलाई शरीर भनी ठान्छौ तिमी भौतिक स्तरमा कार्य गर्छौ । तिमीले आफूलाई मन भनी ठानेमा तिमी मानसिक विमानमा कार्य गर्छौ । जव तिमी शरीरवाट फरक हुँ भन्ने वुझ्दछौ, तिमी शरीरलाई नियन्त्रण गर्न समर्थ हुनेछौ । जव तिमी मनभन्दा माथि उठ्छौ तिमी यसको कार्यलाई रखवारी गर्न समर्थ हुनेछौ । तर तिमी आफूलाई मन भनी ठान्छौ भने तिमी ठप्प जहाँको त्यहीं अड्ने छौ । त्यसैले चिन्तामा डुवेकालाई हामी सान्त्वना दिन सक्तैनौ किनभने उनीहरु आफूलाई मन नै हुँ भन्ने कल्पना गर्छन् । यही कारणले पश्चिमी मुलुकहरुमा मनोवैज्ञानिकहरुको ठूलो माग छ। भारतीय शल्य चिकित्सकहरु समूद्रपार (विदेशी) मुलुकमा गएर मनोवैज्ञानिक चिकित्सक वन्छन् । भारतका मुटुरोग विशेषज्ञ चिकित्सकहरु समुन्द्रपार मुलुकमा गएर मनोवैज्ञानिक चिकित्सक हुन्छन । नैराश्यता, उत्साहहीनता जस्ता सबै समस्याहरु मनसित सम्वन्धित हुन्छन् । यसर्थ शरीरलाई कोट जस्तै सम्झेर यसलाई छोडनु पर्छ ।

अनि कमिजरुपी मनको पालो आउँछ । यसलाई पनि छोडनु पर्छ किनभने यो वाधक हो । यसले अहंकारी वनाउँछ । त्यसकारण हामीले आफ्नो छाती हेर्न गन्जीरुपी वुद्धि वारे विचार गर्नेछौं ।

१५.

बुद्धि (विवेक) – दैवत्वकोलागि बाधा

हामीले दैवत्वकोलागि बाधा दिने शरीर र मन दुई विषयहरुमा चर्चा गर्‍यौं । अव हामी तेश्रो पक्ष बुद्धिबारे सोच्नेछौं । बुद्धि भनेको के हो ? यस विषयमा हामी स्वामीको विचार जान्ने छौं । हामीले शरीरलाई ढाक्ने ३ चीजको प्रयोग गर्‍यौं ।

१ कोट २. कमिज ३. गन्जी

हामीले हाम्रो छाति हेर्न तीनवटै चीज हटाउनु पर्छ । छाती भनेको स्वयं आत्मा हो । पहिलो कुरो हामीले कोटरुपी शरीरसित मात्र आफूलाई आवद्ध राखेको सम्बन्धमा पहिले नै चर्चा गरिसक्यौं । त्यसपछि कमिजरुपी मनलाई आवद्ध राखेको विषयमा पनि चर्चा गर्‍यौं । अव हामी गन्जीरुपी बुद्धिबारे चर्चा गरौं । बुद्धिरुपी गन्जीलाई पनि छातीरुपी आत्मा अथवा आफूलाई हेर्न हामीले हटाउनु पर्छ । हामी अमूक (फलानो), अमूक (फलानो) यस्तो बुद्धिजीवि भन्छौं । बुद्धिजीवि को हो ? बुद्धि के हो ? ती सबै जो बुद्धिजीवि कहलाइन्छन् वास्तवमा तिनीहरु बुद्धिजीवि होइनन्, विद्धान मात्र हुन् । बुद्धिले आफ्नो काम गर्दा विवेकी भएर गर्छ । यसले असल खराब छुट्याउँछ । अस्थायीबाट स्थायीलाई छुट्याउँछ । भौतिकबाट आध्यात्मिक छुट्याउँछ । इन्द्रियहरुबाट आफूलाई छुट्याउँछ किनभने बुद्धि आत्माको प्रतिबिम्ब हो । यसकारण सच्चा बुद्धिजीवि भनेको त्यही हो जसले आफूलाई अथवा आत्मालाई साकार रुपमा दृष्टिगोचर गरी अनुभव गर्छ । ती विज्ञानको क्षेत्रमा लागेका वैज्ञानिकहरु पनि बुद्धिजीवि होइनन् । ती प्रचुर मात्रामा स्मरण शक्ति भएका जेहेन्दार हुन् तर बुद्धिजीवि होइनन् । यसैले एउटा मानिस जेहेन्दार हुनसक्छ तर बुद्धिजीवि नहुनु पनि सक्छ । यदि तिमी जेहेन्दार छौ भने आफ्नो व्यापारमा सफल हुनेछौ तर

तिमी वुद्धिजीवि नहुन सक्छौ। यदि तिमी जेहेन्दार छौ भने तिमी पी. एच. डी. को योग्यता हासिल गर्न सक्छौ तर तिमी वुद्धिजीवि नहुन सक्छौ किनभने जेहेन्दार भनेको मनको गुण हो । वुद्धि भनेको अर्कै हो । यसैले पहिला शरीर, त्योभन्दा माथि मन र मनभन्दा माथि वुद्धि छ। वुद्धि सवैभन्दा माथि छ। वुद्धिको सम्वन्धमा वावाका भनाईहरु के छन् त ? भौतिक संसारमा तीन कुराहरु छन्। १. विरुवाहरु २. जनावरहरु ३. मानिसहरु

मानिसहरु भन्छन् वोटविरुवाहरुको पनि भावनाहरु हुन्छन् । जुमसाई (Art-Ong JumSai Na Ayudhya) नामका एक वैंककका वैज्ञानिकले वोटविरुवाहरुको प्रयोगात्मक अनुभव गरे। उनले एउटा समूहका विरुवाहरुको नजिक पप संगीत वजाए। अर्को समूहका विरुवाहरुको नजिक मधुर संगीत वजाए। पप संगीत सुन्ने वोटविरुवाहरुभन्दा मधुर संगीत सुन्ने वोटविरुवाहरु चाँडै चाँडै वढेको पाए। यसकारण वोटविरुवाहरुले पनि आध्यात्मिक संगीत रुचाउँदा रहेछन् भन्ने थाहाहुन्छ। विरुवा, जनावर र मानिस तीनै जातीमा भाव र उमंग दुवै हुन्छन्। जुम साईले भनेको छन्, “यदि विरुवातिर गएर भद्रताका साथ छोएर खुशी मनले हेर्‍यौंभने विरुवाहरु छिटो-छिटो वढछन्। मलाई थाहा छ अमेरिकाका मानिसहरु आफ्ना पाल्तु जनावरहरुलाई विशेष माया गर्छन्। तिनीहरुकोलागि छुट्टै अस्पतालहरु समेत् हुन्छन्। यहाँ भारतमा भने मानिसहरुकैलागि पनि पर्याप्त अस्पतालहरु छैनन् । अमेरिकामा कुकुरहरुकोलागि समेत् स्कूलहरु हुन्छन्। एकपटक म एकजना अमेरिकन मित्र कहाँ जाँदा उनले मलाई यो मेरो जेठो छोरा, यो माहिलो छोरा भनी परिचय गराए। पछि उनले अकस्मात सिजर भनी वोलाए। मैले सिजर भन्ने अर्को पनि छोरो रहेछन् भन्ने सम्झेको थिएँ तर त्यसवखत त उनको चार खुट्टे तेश्रो छोरो पो आयो। म चकित परें। सिजर म माथि उफ्रन खोज्यो। उनीहरुको अनुसार सिजरले कोलम्विया विश्वविद्यालयवाट स्नातक तह पास गरेको वताए। उनले त्यसलाई हाई (Hi) भन्नु पर्छ भनी मलाई सिकाए। यस प्रकार तीनै थरीलाई खानाको आवश्यक हुन्छ। अव डरको सम्वन्धमा कुरा गरौं र

कुनै बोटविरुवाको नाम नै मलाई नछोउ — लाजवन्ती (Touch Me not) हुन्छ। किनकी तिनीहरुलाई छुनासाथ तिनीहरुको पात खुम्चिन्छ। तिनीहरु आफ्नो ज्यान कुनै खतरामा पर्‍यो भनी डराउँछन्। तिमीले सर्पलाई आक्रमण या नजिस्काउन्जेल त्यसले तिम्रो कुनै नोक्सानी गर्दैन। यसकारण खाना र डर वोट विरुवा, जनावर तथा मनुष्यहरुमा समान हुन्छन्। तीन थरी मध्ये मानिस सवैभन्दा तेश्रो श्रेणीमा पर्छ किनभने वनस्पति आफ्नो खाना दिनहुँ तयार गर्छन्। जनावहरुहरु भोक लागेको वेलामा मात्र खान्छन् तर मानिसहरु जुन वेला पनि खाइ रहन्छन्। डरको हकमा पनि जनावरहरुभन्दा वढी मानिस डराउँछ। एउटा पुलिस अथवा आयकर अधिकृत नै मानिसकोलागि डर पैदा गराउन पर्याप्त हुन्छ।

अर्को तीनै थरीलाई समानरुपले चाहिने निन्द्रा हो। मानिस जहाँ जहिलेसुकै पनि सुत्नसक्छ। मानिस शान्तसँग वसेकाहरुको वीचमा समेत् निन्द्रामा बेसरी घुरेर वाधा पुऱ्याउँछ। बोटविरुवाहरुले वीउ उत्पादन गर्छन्। तीनै बीउ पछि विरुवा हुन्छन्। जनावरहरु पनि वच्चा जन्माउँछन् तर मानिस यस कुरामा पनि पछि नै पर्छ किनभने जनावरहरुको ऋतु हुन्छ तर मानिसको यसमा कुनै नियन्त्रण हुँदैन। यसकारण खाना (आहार), डर (भय), निन्द्रा, उत्पादन (मैथुन) सवै विरुवा, जनावर मनुष्यमा समान छन्।

मानिसको विशेषता के हो ? मानिसमा भएको अतिरिक्त गुण नै बुद्धि हो। तिमी बोटविरुवालाई बुद्धिजीवि भन्दैनौ। तिमी कुकुरलाई बुद्धिजीवि भन्दैनौ। केवल मानिस मात्र बुद्धिजीवि मानिन्छ। शरीर र मन सवैमा समान छन् तर वुद्धि विवेक भने मानिसमा मात्र हुन्छ। यसको काम के हो ? विवेकले कुन असल र कुन खराव भनी छुट्याउने कार्य गर्छ। बुद्धि र विवेकले मानिसलाई साधारण जीवनभन्दा माथि उठ्न सहायता गर्छ।

सिंह र बाघ दुवै मांसाहारी जनावर हुन्। तिनीहरु रोटी तरकारी खाँदैनन्। यो तिनीहरुको स्वभावै हो। तिनीहरु आफ्नो बानी परिवर्तन गर्न चाहँदैनन्। सक्तैनन् पनि। उनीहरुमा अनुभव गर्ने मन हुन्छ। तर योभन्दा माथि

उठ्ने वुद्धि हुँदैन । यसर्थ वुद्धि र विवेक मानिसलाई पशु गुणभन्दा माथि उठ्न दिइएको विशेष गुण हो । बुद्धिले उसको जीवनको गुणको प्रगति गर्न र आफ्नो चालचलनमा परिवर्तन गर्न सहायता गर्छ । वावा भन्नुहुन्छ बुद्धिमा ठीक-वेठीक छुट्याउने र विवेक लगाउने क्षमता हुन्छ । विवेक मुख्य दुई प्रकारको हुन्छ ।

(क) आधारभूत विवेक (ख) व्यक्तिगत विवेक

मनुष्यमा आधारभूत र व्यक्तिगत विवेक दुवै हुन्छ । व्यक्तिगत विवेकले स्वार्थ र व्यक्तिगत फाइदाकोलागि मात्र कार्य गर्छ । व्यक्तिगत विवेक स्वार्थी र आत्मकेन्द्रित, आफूलाई राम्रो र लाभदायक गराउने खालको मात्र हुन्छ । आधारभूत विवेक ईश्वरवाट प्रदत्त वरदान हो । यो निस्वार्थ र आध्यात्मिक हुन्छ । यसले मानिसको असल र भलो गर्छ । त्यसकारण ईश्वरले मानिसलाई आधारभूत विवेक प्रयोग गर्दै वुद्धिलाई अघि वढाउन अवसर प्रदान गर्नु भएको छ । तर दुर्भाग्यवश हामी त्यो तहमा जाँदैनौं । यहाँ एउटा सरल उदाहरण छ । वुद्धिलाई एउटा अधिकृतसँग तुलना गर्न सकिन्छ । मन कारिन्दा (कामदार) हो र इन्द्रियहरु जनता (साधारण मानिस) हुन् । यी जनतारुपी इन्द्रियहरु कारिन्दारुपी मनसित मात्र सम्पर्क राख्छन् । तिनीहरु अधिकृतरुपी वुद्धिसमक्ष पुग्दैनन् र कारिन्दाको सहयोग माग्छन् । यदि उनीहरु अधिकृत कहाँ सरासर गएको भए उनीहरुको काम ठीक दुरुस्त हुने थियो तर कारिन्दातहमा कारिन्दाले पैसा खोज्दछन् र पैसा पाएपछि मात्र त्यसको सट्टामा काम गर्छन् । एक क्षणकोलागि समस्या समाधान भएको सम्झौं । तर केही समय भएपछि अर्को कारिन्दा आउँछ र दुःख दिन्छ । उसले पनि पैसा खोज्दछ । मन र इन्द्रियहरुको अवस्था यस्तो हुन्छ । तर यदि समस्या अधिकृत समक्ष अथवा वुद्धिसमक्ष पुऱ्याउने हो भने यो सदाकोलागि समाधान हुनेछ ।

इन्द्रियहरु मनको आदेश अनुसार काम गर्छन् । मनले इन्द्रियहरुलाई, "आवो ! म तिमीहरुलाई समर्थन गर्नेछु भन्छ । त्यसो भन्दा इन्द्रियहरु आनन्द मान्ने छन् र मनले सन्तोष लिनेछ । यस प्रकार मन र इन्द्रियहरुको सम्बन्ध

हुन्छ। तर वावा भन्नु हुन्छ," तिमीहरुले इन्द्रियहरुवाट आनन्द हुन्छ भनी ठान्नु पूर्णतया गलत हो। इन्द्रियहरुबाट आनन्द लिन सकिँदैन। इन्द्रियहरुले तिमीहरुवाट आनन्द लिइरहेका हुन्छन्। जस्तै तिमी टेलिभिजन हेरिरहेका हुन्छौ। तिमी त झन वलियो हुनु पर्ने नि ? तर तिम्रो आँखा कमजोर भइरहेको हुन्छ। यसकारण इन्द्रियहरु तिमीलाई कमजोर तुल्याई आनन्द लिइरहेका हुन्छन्। तिमी इन्द्रियहरुको कारणले कमजोर हुन्छौ। यसर्थ कसले कसलाई आनन्द दिइरहेको हुन्छ। तिमी वढी वलियो हुनुपर्छ। के तिमी वलियो छौ ? अहँ इन्द्रियसुखमा परेर झन वढी कमजोर भएका छौ। यस प्रकार मानिस इन्द्रियहरुवाट आनन्द लिइरहेका छैनन्। इन्द्रियहरु मानिसबाट आनन्द लिइरहेका छन्। केवल वावा मात्र यस्ता सूक्ष्म कुराहरु देखाउन सक्नुहुन्छ।

अव हामी वुद्धिको तहमा जाउँ। मनमा लागे अनुसार काम गर्ने मानिसलाई हामी ठूलो भन्ठान्छौं। यस विषयमा वावा भन्नु हुन्छ, जुन मानिस मनले अह्राए अनुसार काम गर्छ त्यो जनावर हो। जुन मानिस वुद्धि र विवेकले अह्र्याएको काम गर्छ त्यो दैव हो। मनमा जोश, संवेग, इच्छा, कामना हुन्छ जव कि वुद्धिमा विवेक, न्याय, ठीक-वेठीक छुट्याउने शक्ति हुन्छ। वावा सँधै भन्नुहुन्छ वुद्धि इन्द्रियहरुभन्दा फरक हुन्छ। कुनै वस्तुको स्वरुप ऐनामा प्रतिविम्वित भए जस्तै वुद्धि पनि आत्मामा प्रतिविम्वित हुन्छ। वावा उदाहरण दिँदै सम्झाउनुहुन्छ। सूर्य छ। सूर्यको प्रकाश (वुद्धि) झ्यालको ऐनामा (मन) परेर कोठाभित्र (शरीर) छिर्छ। सूर्य भनेको आत्मा समान हो। आत्मारुपी सूर्यको प्रकाश मनरुपी झ्यालवाट कोठारुपी शरीरमा प्रवेश गर्छ। सूर्यको प्रकाश वुद्धि समान हो। सूर्य र प्रकाश साथसाथै हुन्छन्। तिनीहरु अलग हुँदैनन्। जहाँ सूर्य छ त्यहाँ प्रकाश हुन्छ। त्यसकारण आत्मा (सूर्य) र वुद्धि (प्रकाश) सँधै साथमा हुन्छन्। वुद्धिले आत्माको प्रकाशद्वारा ठीक-वेठीक छुट्याउँछ। यदि तिमी वुद्धिको पछि लाग्छौ भने तिमी आत्माको पछि लागेका हुन्छौ। यदि तिमी वुद्धिलाई ध्यान दिँदैनौ भने त्यसको अर्थ मनरुपी झ्याल वन्द गर्छौं। तिमी यदि इन्द्रियहरुको लहडमा चल्छौ भने स्वतः तिमी रोगी र दुर्वल हुनेछौ।

हामी सवै सँधै युवा रहन इच्छा गर्छौं। कोही पनि बूढो कहलाउन

चाहँदैन। हरेक मानिस इन्द्रियको प्रयोग धेरै गर्नाले बूढो हुन्छ। मनमा उठेका सबै इच्छाहरु इन्द्रियद्वारा सन्तुष्ट गर्छन्। त्यसकारण शरीर कमजोर र बुढो हुन्छ। मनलाई सन्तुष्टि दिन हामी इन्द्रियहरुको दुरुपयोग गर्छौ। बाबा भन्नु हुन्छ, "म उनानसत्तरी (६९) वर्षको भएँ। म चश्मा लगाउँदिन। म टाढैबाट कमिला समेत् देख्न सक्छु। म टाढैबाट सुन्छु। मेरो कपाल सेतो भएर फुलेको छैन। म गेडागुडी समेत् चपाएर खान सक्छु। मेरो रक्तचाप ठीक दुरुस्त छ।मेरो तौल गत पचास वर्षदेखि उत्तिकै छ। तर हामी त्यस्ता छैनौ। बाबा भन्नु हुन्छ, "मैले कराए भने पनि मेरो रक्तचाप बढ्दैन।" उहाँ मानिसलाई सुधार्न गाली गर्नुहुन्छ। उहाँ रिसाएको जस्तो देखाउनु हुन्छ। उहाँको भित्री ध्येय नै प्रेमले भरिएको हुन्छ। तर हाम्रो हकमा भने हामी कसैसँग रिसाउँदा त्यसलाई पाए सिध्याइ नै दिउँ जस्तो गर्छौं। हाम्रो अहंकारमा असर पर्छ अनि हामी रिसाउँछौ।

वुद्धिको पछि लाग्ने मानिस सँधै फूर्तिलो हुन्छ किनभने सूर्यको प्रकाश सूर्यसँग नै हुन्छ र यसमा कुनै पनि वस्तु स्पष्ट देख्न सकिन्छ। प्रकाश नभएको ठाउँमा अँध्यारो र डर पैदा हुन्छ। वुद्धिको प्रयोग नगर्नाले डर उत्पन्न हुन्छ। डर मनमा हुन्छ। मनको कारणबाट नै डर लाग्छ। वुद्धिको प्रकाशमा हेर्ने गरेमा मनमा डर हुँदैन। एउटा सरल उदाहरण उज्यालो भएन भने एउटा डोरीलाई पनि सर्प ठानिन्छ। हाम्रा सबै आवेश र डरहरु बुद्धिरुपी प्रकाश प्रयोग नगर्नाले नै पैदा हुन्छन्। अहिले प्रकाश छ। यसको मुख्य श्रोत के हो त ? यो प्रकाश सूर्य समान आत्मा हो। यस प्रकार हामीले कोठारुपी शरीर वारे हिजो छाडी अस्ति अध्ययन गर्‍यौं। मनरुपी झ्यालको अध्ययन हिजो गर्‍यौं। आज हामीले प्रकाशरुपी बुद्धि वारे अध्ययन गर्‍यौं। भोलि हामी सूर्यरुपी आत्मप्रकाशको श्रोत वारे जानकारी लिनेछौं।

यदि तिमी आफ्नो भविष्य सुरक्षित राख्न चाहन्छौ भने तिमीलाई कठिन परेको समयमा मद्दत गर्ने, तिम्रो व्यक्तिगत आवश्यकता टारिदिनेप्रति तिमीले आभार व्यक्त गर्नुपर्छ।

– साई बाबा

१६.

आत्मा – मुख्य श्रोत

शरीर, मन र वुद्धि (विवेक) को सम्वन्धमा चर्चा गरेपछि हामी आत्मा जो सवैको मुख्य श्रोत हो त्यस सम्वन्धमा चर्चा गर्नेछौ। आत्मा विना माथिका कुनैले पनि केही कार्य गर्न सक्तैन। आत्माविना शरीरले कार्य गर्न सक्तैन। आत्मा मुख्य स्वीच हो। यो मुख्य स्वीच थिचेपछि नै शरीरभरि नै विद्युत (करेन्ट) प्रवाहित हुन्छ। शक्तिको मुख्य श्रोत आत्मा रहेन भने शरीर, मन र वुद्धि (विवेक) को केही काम हुँदैन।

अव हामी एउटा सानो उदाहरणवाट शुरु गरौं। एउटा सेतो पर्दा छ। एउटा प्रोजेक्टर छ। प्रोजेक्टरवाट उज्यालो पर्दामा आउँछ। त्यो उज्यालो पर्दामा पर्छ र फिल्म देखिन्छ। मानौं फिल्ममा परको दृश्यमा सवै मानिसहरु पानीमा भिजेका छन्। नदीहरुमा प्रशस्त पानी र वाढी आएर घरहरु क्षतिग्रस्त भएका देखिन्छन् तर पर्दा सुख्खा नै हुन्छ र एउटा सानो भाग पनि भिजेको हुँदैन। त्यस्तै अर्को दृश्यमा सिनेमाको मुख्य नायक र नायिका सुन्दर रोमाञ्चकारी गीत गाउँदै नाच्दै छन्। दृश्यमा तिनीहरु नाचिरहेका हुन्छन् तर पर्दा नाचिरहेको हुँदैन।

तेश्रो दृश्यमा नायिका कराइरहेकी छिन्। नायकले उनलाई दुःख दिएको हुन सक्छ। पहिलो दृश्य रोमाञ्चकारी हुन्छ। दोश्रोमा मतभेद हुन्छ। तेश्रोमा कराइरहेका हुन्छन्। पर्दा कराई रहेको हुँदैन। सिनेमा हेर्न दर्शक जति कराई रहेका हुन्छन्। नायक कराइ रहन्छ। नायिका कराई रहन्छिन्। निर्देशक कराइरहन्छन्। नायिकाले कराए वापत निर्मातासित पैसा लिन्छिन्। हामी कराउँछौ किनभने हामीले फिल्म हेर्न पैसा तिरेका हुन्छौ। यसर्थ एकजना धन पाएर कराउँछ भने अर्को धन खर्च गरेर कराउँछ। तर पर्दा दुवै अवस्थामा कराउँदैन। त्यहाँ पर्दा भएनभने हामी दृश्यहरु हेर्न सक्तैनौ। सेतो पर्दामा मात्र आँसु, नृत्य, रुने र कराउने सवै देखिन्छन्। पर्दालाई कुनै असर पर्दैन। सिनेमा शुरु हुनुभन्दा पहिले पनि पर्दा हुन्छ। सिनेमा चलिरहँदा पनि पर्दा हुन्छ। सिनेमा सकिएपछि पनि पर्दा हुन्छ। पर्दा आउनु, जानु गर्दैन। यो जहाँको त्यही भइरहेको हुन्छ।

यो उदाहरण वावाले दिनु भएको हो । हामी सवै सिनेमावाजहरु छौं भन्ने उहाँलाई पूरा थाहा छ । हाम्रो जीवन महा चित्रमय सिनेमाहरु छ । हाम्रो जीवन सक्कली र वनावटी दुवै छ । हाम्रो आँशुहरु वनावटी हुन्छन् । हाम्रो हाँसोहरु वनावटी हुन्छन् । जीवन सिनेमा सरह छ । त्यसैले वावा मानिसहरु सिनेमाको उदाहरण छिटो वुझ्दछन् भनी सिनेमा कै उदाहरण दिनुहुन्छ । पर्दा आत्मा झैं हो । त्यो जन्मनु अघि पनि हुन्छ, पछाडि पनि हुन्छ । हाम्रो जीवन भर पनि हुन्छ र मृत्यु पछि पनि हुन्छ । सिनेमामा भएको पर्दा जस्तै आत्मा पनि आउने जाने गर्दैन । पर्दा आत्मा हो । सवै फिल्महरु मन हुन् । नाच्ने, कराउने, हाँस्ने, रुने, र आनन्द लिने सवै मन नै हो । शरीर सिनेमा घर हो । आत्माको पर्दामा मात्र शरीर, मन र वुद्धिले कार्य गर्छ । पर्दा विना ती सवै वेकम्मा हुन्छन् ।

वावा अर्को उदाहरण दिनुहुन्छ : तारभित्र विद्युत प्रवाह भएको हुन्छ तर त्यो विजुली (विद्युत) हामी देख्न सक्तैनौं । त्यसमा एउटा वत्ती वाल्ने चीम हाल्नासाथ उज्यालो आउँछ । यसकारण विजुली त सँधै हुन्छ तर चीम जडेर वालेपछि मात्र विजुलीको अनुभव गर्न सकिन्छ । त्यस्तै शरीर, जव मन र वुद्धिद्वारा आत्मिक शक्तिकासाथ सञ्चालन हुन्छ तव मात्र देख्न सकिन्छ ।

आत्मा	+	शरीर	=	भौतिक कार्य
आत्मा	+	मन	=	विचार
आत्मा	+	वुद्धि	=	विवेक जीवात्मा

आत्मा नै परमात्मा हो । आत्मालाई जानेर तिमी के पाउँछौ ? किन तिमी म शरीर मात्र हुँ भनी सोच्दैनौ ? यदि तिमीले आफूलाई मन मात्र हुँ भनी सोच्छौ भने के नाफा छ ? किन तिमीले आफूलाई आत्मा हुँ भनी जान्नु पर्‍यो ? यदि तिमीले जानेनौ भने के नोक्सानी हुन्छ ? किन मैले आत्मा हुँ भनेर जान्नकोलागि यत्रो समय र पैसा खर्च गरेर भारतमा आउनु ? कृपया यो वुझ्न प्रयत्न गरौं । यो कुरामा सवैले गहिरिएर विचार गर्नुपर्छ । यो जानकारीको लाभ र नाफाको हिसाव किताव गर्न सकिँदैन । शरीर, मन र वुद्धिको सीमित अनुभव हुन्छ । तिनीहरुको आफ्नै सीमा हुन्छ । उदाहरणकोलागि शरीरलाई लिउँ । तिमी केही हदसम्म मात्र खान सक्छौ यदि तिमीले वढी वढी खाँदै गयौ भने समस्याहरु वढ्दै जानेछन् । साधारणतया हामीले ६ घण्टा मात्र सुत्नु पर्छ

भन्ने सम्भनु पर्छ। यदि हामीले ८ घण्टा सुत्यौं भने केही खराव हुन्छ भन्ने सम्भनु पर्छ। यदि हामी १० घण्टा सुत्छौं भने हामीले चिकित्सकसँग परीक्षण गराउनु पर्ने हुन्छ। यदि १२ घण्टासम्म सुत्ने हो भने माथि जाने दिन चाँडै आयो भने हुन्छ। यस प्रकार खाना र निन्द्रा सीमित मात्रामा आवश्यक हुन्छन्। सवै अंगहरुको पनि सीमा हुन्छ। यो शरीर एउटा लिमिटेड कम्पनी सरह हो।

मन पनि सीमा भित्र रहेको हुन्छ। यदि मान्छेले सोचेको साँच्चै गर्न लाग्यो भने त्यो पागल हुन्छ। त्यसैले आज मनोवैज्ञानिक चिकित्सकहरुको ठूलो माग छ। धेरै चिन्ता र पीर गरिरहनाले मानिस बौलाहा हुनसक्छ। जसले विवाह नै गरेको हुँदैन त्यस्ताले वालवच्चाको चिन्ता गर्छ। एउटा मेडिकल कलेजमा पढदै गरेको विद्यार्थीले नर्सिङ होम खोल्नेवारे चिन्ता गर्न शुरु गर्छ। यस प्रकार सोच्दै जाँदा मुटु रोग विशेषज्ञ हुने विद्यार्थी त आफै मुटुको रोगी वन्न पुग्छ। हामी रेल र वसकोलागि दौडादौड गर्छौं। जीवन भन्नु नै चिन्ता र हतारै हतारको मिश्रण हो। हामी यिनै दुईको वीचमा पर्छौं। हामी धैर्य गर्न सक्तैनौं।

हामी कम्प्यूटर युगमा भएकाले प्रत्येक कुरा उत्निखेरै होस् भन्ने चाहना गर्छौं। चिन्ता र हडवडी जुम्ल्याहा वच्चा जस्तै हुन्। यिनीहरुले हाम्रो रक्तचाप वढाइ दिन्छन्। वढी चिन्ता हुँदै गयो भने मुटुको रोगी वनाइ दिन्छ। वढी चिन्ता लिएर हामी हाम्रा समस्याहरु समाधान गर्न सक्तैनौ तर औषधिका विलहरुको भुक्तानी गरिरहेका हुन्छौं। यसकारण मनको पनि सीमा हुन्छ। हामी विचार शक्तिद्वारा कुनै निश्चित चीजहरु न्यायोचित ढंगले छुट्याउन सक्छौं। हामी थाहा नपाएका र नवुझेका वस्तुहरु असल या खराब कस्ता हुन्छन् छुट्याउन सक्दैनौं। हामीले अनुभव गरेका र चिरपरिचित वस्तुसँग मात्र वौद्धिक विवेकको सम्वन्ध हुन्छ। त्यसकारणले शरीर, मन र वुद्धि (विचार शक्ति) सीमित हुन्छन् तर आत्मा असीमित र अपार छ। यो जीवनको अगाडि पनि हुन्छ पछाडि पनि हुन्छ यो समय, स्थान या दूरीद्वारा सीमित हुँदैन। व्यक्तिको आत्मा जुन दैवत्वको अंश हो यसलाई नै जीवात्मा भनिन्छ। दैवत्व, एकता, ईश्वर र परमात्मा जहाँ सुकै विद्यमान हुन्छ। भगवान् वावा यो उदाहरण वरावर दिनुहुन्छ : एउटा वेलुन लेउ र त्यसलाई फुक। वेलुनमा फुक्दै जाँदा भन भन ठूलो हुँदै जान्छ। वेलुन भित्रको हावा जीवात्मा अथवा

व्यक्तिको आत्मा सरह हो । वेलुन वरिपरिको हावा परमात्मा हो । तिमी वेलुनलाई फुक्दै गयौ भने ठूलो भई आखिरमा फुट्छ । फुटेपछि वेलुनको हावा पनि बाहिरको हावासित मिल्छ । वेलुन भित्रको र वाहिरको हावाको किसिम एउटै हुन्छ । एउटा वेलुनको हावा र अर्को साधारण हावा हुन्छ ।

भित्रको हावामा मनोज्ञान र वाहिरको हावामा चेतना हुन्छ । जव यो शरीर मर्छ भित्र भएको हावा बाहिर भएको चेतनासँग मिल्छ । यसकारण उही ईश्वर मानिस भित्र पनि छ । उही ईश्वर सर्वत्र हुनु हुन्छ । हामीले यो सिद्धान्त वुझ्नु पर्छ । यस प्रकार शरीर भनेको एउटा हिंडडुल गर्ने मन्दिर हो ।

जब हामी ईश्वर हौं भन्ने वुझ्दछौ, जब हामी आत्मा हौं भन्ने बुझ्दछौ हामीमा वढी प्रेममय समझदारी वढेर प्रफुल्लित हुन्छौं । हामीमा त्यागको भाव वढेर आउँछ । हामीमा सबै दैविक गुणहरु आउने छन् । यदि हामीले मन हौं भन्ने सम्झ्यौ भने हामी मानसिक गुणहरुभित्र सीमित रहनेछौं । यदि हामीले वुद्धि भित्र सीमित राख्यौंभने घमण्ड र अहंकार वढ्ने छ । यदि हामीले आत्मा जुन सर्व व्यापक छ र यसलाई दैविक हो भन्ने जान्यौंभने कहिल्यै हामी तुच्छ र असन्तुष्टिको भाव लिने छैनौं । हामी अहंकार, इर्ष्या, लोभ, लालच जस्ता कमजोरीहरुवाट ग्रसित हुने छैनौं । हामी कहिल्यै आफ्नो नाम कीर्ति, प्रतिष्ठाका पछाडि दगुर्ने छैनौं । जो व्यक्ति मनसित सीमित रहन्छ उसित रिस, अहंकार आदि रहन्छ । हामी आत्मामा यी सवै तल्ला र निम्न खालका गुणहरु पाउँदैनौ । यदि कसैले कसरी भनेर सोद्धछ भने सिनेमा कै उदाहरणमा गएर सेतो पर्दामा हेर्नुपर्छ । सिनेमाको सेतो पर्दामा कुनै दृश्यले पनि असर नपारे झैं क्रोध, इर्ष्या, हाँसो आदि कुनैले केही असर पार्दैन ।

अर्को उदाहरण :- आगो छ । आगोबाट ज्वाला निस्कन्छ । ज्वालाको रातो रंग उही आगोको रुप हो । ज्वालापनि आगो झैं वल्छ । ज्वालाले पनि उत्तिकै उज्यालो दिन्छ । आगोका गुणहरु ज्वालामा पनि हुन्छ । तिनीहरु के के हुन ? रंग वल्न सक्ने क्षमता र उज्यालो दिने हुन् । यस प्रकार ज्वाला र आगो एउटै हो । यस्तै प्रकारले व्यक्तिगत आत्मा र ईश्वर (सर्वोच्च आत्मा) उही एउटै हो ।

महासागरको उदाहरण लिउँ : महासागरवाट निस्कने एक एक थोपा पानी महासागरमा रहेको पानी जस्तै नै हो । फरक केवल परिमाणमा हुन्छ । ईश्वर महासागर हो व्यक्ति थोपा हो । दुवैको गुण उही हो । महासागरको पानी

पनि चिसो हुन्छ, एक थोपा पानी पनि चिसै हुन्छ । महासागरको पानी नुनिलो हुन्छ र थोपा पानी पनि नुनिलो हुन्छ । यो थोपा पानीलाई महासागरमा हालिदियो भने फेरि महासागर नै बन्छ । तर थोपा पानीलाई महासागरमा परिणत गर्न सकिँदैन । त्यस्तै प्रकारले तिमी ईश्वर सम्झन्छौ भने ईश्वर नै हुने छौ । ईश्वर महासागर हो । तिमी थोपा हौ । ईश्वरका तीन गुणहरु हुन्छन् ।

सत् :- मानिस सँधै बाँच्दछु भन्ने ठान्दछ, मर्छु भन्ने सोच्दैन । यही सत हो ।

चित्त :- म मानिस हुँ, म फलानो हुँ, मेरो नाम अनिलकुमार हो कसैले मलाई भनिरहनु पर्दैन । एउटा भर्खरै जन्मेको बाच्छीले गाईको थुनमा दुध चुस्न जान्छ । त्यो न घाटीतिर न पुच्छरतिर नसीडतिर नै जान्छ । यो उसको प्राकृतिक गुण हो । यसैलाई चित् यो चित् को स्वरुप नै ईश्वर हो ।

आनन्द :- हरेक मानिसलाई आनन्द चाहिन्छ । उ जहिले पनि खुशी रहन चाहन्छ । आनन्द सबैमा छ । आनन्दको स्वरुप नै ईश्वर हो । सत्, चित्त र आनन्द प्रत्येक व्यक्तिमा हुन्छ । यी तीन ईश्वरमा पनि हुन्छ । यसकारण तिमीपनि ईश्वर हौ । यस प्रकार त्त त्वम् असि – "तिमी त्यो हौ" ; "अह व्रम्हास्मि – म व्रह्म हुँ " यी महावाक्यहरु हुन् । यो प्रज्ञानम् व्रम्ह जुन सच्चा चेतना हो । यी सोधपुछ खोजीनीति गर्ने वाटो नै सच्चा आध्यात्मिकता हो ।

हालसालै बाबाले भन्नुभयो, "मन्दिर जानु नै आध्यात्मिकता हैन । नत पूजा, पाठ ध्यान किताबहरु पढ्नु, प्रसाद खानु जप गर्नु अथवा योग आसन गर्नु नै आध्यापत्मिक हुन् । यी त कर्म या कार्यहरु मात्र हुन् । यी कार्यहरुले समयको सदुपयोग हुन्छ ।त्यसो भए आध्यात्मिकता भनेको के हो त ? यो आत्मा अनुसन्धान हो । आफूलाई जान्नु चिन्नु सबैभन्दा उच्च आध्यात्मिकता हो । व्रम्हाण्ड नै आफू भित्र छ भनेर जान्नु शुद्ध आध्यात्मिकता हो । आफू जस्तै सबै रुप, खनिज पदार्थ, बोटविरुवा ,जतासुकै,जहाँसुकै विद्यामान छ भनेर अनुभव गर्नु नै सच्चा आध्यात्मिकता हो । म र मेरो भन्ने भावना हटाउनु र नाम र रुपवाट अलग हुन सक्नु नै आध्यात्मिक क्षेत्रको सफलता हो । समय र स्थानभन्दा पर गएर अमरत्वको भाव लिनु नै सच्चा आध्यात्मिकता हो । पर म आनन्दको अवस्थामा रहेर आनन्दको अनुभूति गर्नु सच्चा आध्यात्मिकता हो । शरीरमा भएको प्रत्येक अंग प्रत्यंग दैवत्वको कारणले (कृपाले) नै

सञ्चालन भएको छ। भन्ने सत्य बुझ्नु नै सच्चा आध्यात्मिकता हो। त्यो आँखा जसले हेर्छ र दृश्यहरु जुन देखिन्छ अर्थात् हेर्ने र हेराउने उही एउटै परमेश्वरको अनुकम्पा हो भन्ने बुझ्नु नै सच्चा आध्यात्मिकता हो। एकत्व (एउटै) छ भन्ने भावना हुनु नै सच्चा आध्यात्मिकता हो किन कि एकत्व नै दैवत्व हो। गहनागुरीयामा सुन हुन्छ। सुन एउटै हुन्छ।

गहनाहरु विभिन्न थरीका हुन्छन् तर सुन एउटै हुन्छ।

गाईहरु विभिन रंगका हुन्छन् तर तिनीहरुले दिने दूध एउटै रंगको हुन्छ।

राष्ट्रहरु विभिन्न छन् तर पृथ्वी एउटै छ।

ताराहरु धेरै हुन्छन् तर आकाश एउटै छ।

फूलहरु धेरै थरीका हुन्छन् तर पूजा एकै हुन्छ।

धागोहरु धेरै थरी हुन्छन् तर कपडा एउटै हुन्छ।

कृष्ण, राम, अल्लाह धेरै नामबाट ईश्वरलाई पुकारा गरिन्छ। तर ईश्वर एउटै हुन्छ। अनेकतामा एकता हुन्छ। सच्चा आध्यात्मिकता त्यही हो। दैवत्व विना एकता हुन सक्दैन। स्वच्छताबाट दैवत्व तिर अग्रसर होइन्छ। अन्यथा समुदाय र शत्रुतामात्र विद्यमान हुन्छ। अनेकतामा एकताको सिद्धान्त जगाउन जसलाई हामी अनेकतामा एकता भन्छौं त्यसले हामी आध्यात्मिकतामा अगाढि बढाउँछ। त्यस्तो एकत्व भावले हामीलाई आध्यात्मिकतामा अगाढि बढ्न मार्ग दर्शन गरोस्। मुलुक, भाषा आदिबाट हामी पृथक हुन नपरोस्। आध्यात्मिक भावले हामी सबै एक हुन सकौं। सामाजिक एकतामा कुनै पनि बेला विभाजन हुन सक्छ। केवल आध्यात्मिकताले गर्दा मात्र राजनीतिक एकता हुन्छ। आर्थिक एकता त असम्भव नै हुन्छ। शारीरिक एकता पनि सम्भव हुँदैन। सामाजिक एकताको त हामी परिकल्पना नै गर्न सक्तैनौ। सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रहरुमा एकता असम्भव र कृत्रिम मात्र हुन्छ। यदि एकता कायम भइहाल्यो भने पनि यो अस्थायी समयकोलागि मात्र हुने छ। तर आध्यात्मिक एकता वास्तविक (सच्चा) र स्थायी हुन्छ।

प्रेमले कुनै पुरस्कार खोज्दैन। प्रेम स्वयं पुरस्कार हो। प्रेमलाई सेवा र पूजा (कर्म) मा परिवर्तन गरेपछि साधना हुन्छ। - साई बाबा

१७.
आनन्द (सुख)

दु:ख भनेको के हो ? दु:ख किन पाइन्छ ? सुख प्राप्त गर्ने उपाय के छ ? हामी जहिले पनि सफल र आनन्द कसरी हुन सक्छौ ? हामी कसरी नोक्सानीवाट वच्ने र कहिल्यै दु:खी नहुने ? यो समस्या प्रत्येक राष्ट्र र धर्ममा छ। उदाहरणकोलागि यो कलमलाई लिउँ। म यो कलम पाएर खुशी छु। के मलाई यो कलमले खुशी गराएको हो त ? होइन। सुख त म आफूमा नै छ। मैले नै सुखलाई यो कलममा सारिदिएँ। यो कलम न सुख हो न दु:ख हो। यदि कलम नै सुखको श्रोत भएको भए यसले मलाई जुन वेला पनि आनन्द दिने थियो। ममा भएको आनन्द कलममा समायोजित मात्र भएको हो।

सुख (आनन्द) तपाई हामीमा नै छ। हामी नै यसलाई यता उता सार्छौं। कुनै पनि भौतिक वस्तमा सुख हुँदैन। यदि भौतिक वस्तुमा सुख र आनन्द हुनेभए सबै मानिस आफूसँग भएका वस्तुवाट आनन्दित हुने थिए। त्यसको विपरीत जति धेरै वस्तु भयो उति चिन्तित र दु:खी भएका देखिन्छन्। यी सबै भएर पनि तिनीहरु आफूलाई असुरक्षित ठान्छन्। अति धनाढ्य भएकाहरु पनि दु:ख र अशान्ति भयो भनी दु:ख प्रकट गर्छन्। जाडो महिनामा मलाई कोटले जति आनन्द दिन्छ गर्मी महिनामा दिँदैन। तर पनि कोटमा त आनन्द हुँदैन। मित्रता र शत्रुता भन्ने कुरा मानिसमा हुँदैन। यो सम्वन्ध नाता या सम्वन्धमा हुँदैन, मनोवृत्तिमा हुन्छ। एक ठाउँमा पाइने आनन्दलाई तिमी अर्कै ठाउँमा खोजेर वस्छौं।

एकपटक मैले वाह्य वस्तु या व्यक्तिबाट आनन्द प्राप्त हुँदैन भन्ने जानेपछि म आफू भित्रै खोज्न थाल्छु। एउटा सानो उदाहरण एउटी वुढी महिला सडकको वत्तीको उज्यालोमा सियो खोजिरहेकि थिइन। एकजना नवयवक आएर उनलाई के गर्दै हुनुहुन्छ आमै भनी सोधे। उनले मेरो सियो हरायो अनि यो उज्यालोमा खोज्दै छु भनिन्। नव युवकले यो सियो कुन ठाउँमा हराएको थियो भनी सोधे। महिलाले घरमा वत्ती छैन त्यसैले सडकको

बत्तीमा खोज्दै छु भनिन् । तपाईहरुले एक ठाउँमा हराएको वस्तुलाई अर्को ठाउँमा खोजेर कसरी पाउनु हुन्छ ?

बाबाले दिनु भएका केही उदाहरणहरु : एउटा केटालाई बिच्छीले टोकेछ । डाक्टर आएर तिमीलाई बिच्छीले कहाँ टोक्यो भनी सोधे । केटाले पनि कोठाको कुनामा टोक्यो त्यसैले मैले पनि त्यसै ठाउँमा मलहम लगाइदिएँ भन्यो । डाक्टरले भने, "तिम्रो शरीरमा टोकेकोलेकोठाको कुनामा मलहम दलेर के काम लाग्छ त ? यस प्रकार एक ठाउँमा पाइने आनन्दलाई अर्कै ठाउँमा खोजेर के फाइदा हुन्छ ? जबसम्म हामी व्यक्ति र भौतिक वस्तुमा सुख पाइन्छ भनी ठान्छौं । तबसम्म हामी आनन्दबाट धेरै टाढा भइरहन्छौं । संसारका यी बाह्य वस्तुहरु त उड्ने बादलसरी हुन् । हामीले हामी भित्र नै सखु र आनन्द पाउनु पर्छ ।

आफू भित्र आनन्द कसरी पाउने ? के यस विषयमा सहयोग पुर्‍याउने कसैले कुनै किताब लेखेको छन् या कुनै सानो तिनो विद्युतीय प्रविधि निकालेका छन् ? के यो वायुमण्डल या चन्द्रमामा पाइन्छ ? यसको उत्तर भगवान्ले मात्र दिनुहुन्छ । मानिस धेरै जेहेन्दार हुन्छन । यदि उसले समुद्रमा आनन्द देख्यो भने पानी जहाज लिएर समुद्र भित्र तल जान्छ । पहाडमा आनन्द देख्यो भने सगरमाथामा चढ्न चुचुरोमा पुग्छ । यदि संसारमा कतै कुनै कुनामा आनन्द देख्यो भने स्याटेल्याइटमा चढेर गएर त्यहाँको चित्रहरु खिचेर ल्याउाछ । त्यसैले भगवान् भन्नु हुन्छ, "मैले सृष्टि गरेको मासिन मलाई नै उछिन्न खोज्छ ।" तर भगवान् मानिसभन्दा धेरै चलाख हुनुहुन्छ । छोरोले आमालाई छकाउन सक्तैन किनभने आमालाई उभन्दा बढी उसको विषयमा सबै कुरो थाहा हुन्छ ।

भगवान् भन्नु हुन्छ, "हे मनुष्य हो । तिमीहरु पहाड या समुद्र या पृथ्वी कहाँ सुख पाइएला भनी खोज्दै हिडँछौं । मैले यसलाई अन्यत्रै कतै राखेको छु । तिमीहरुको कमजोरी के छ भने तिमीहरु बाहिर मात्र हेर्छौं । आँखामा पलक हुन्छ तर तिमीहरु आफ्नो आँखा बन्द गर्दैनौं । तिमीहरु हेर्न, आँखा सँधै खुला राख्छौ । मैले आनन्दलाई बाहिर राखेको छैन । तिमी खुट्टाले हिडेर जतातते पुग्छौ । तिमी हिड्ँने, दगुर्ने र उफ्रने गर्छौ तर मैले यसलाई बाहिर राखिन । मैले सबै भित्र राखि दिएको छु । यसलाई फेला पार्न तिम्रै हातमा छ ।

वाहिर कुनै ठाउँमा राखेको भएपनि तिमी क्रेन प्रयोग गरेर भए पनि आनन्द लिन्छौं। मैले तिम्रो हातले फेला पार्ने ठाउँमा राखेको छैन। तिमी कानले सुन्छौ तर नजीकै कुनै आवाज नआउने गरी बनाइ दिएको छु। चिकित्सा विज्ञानमा एउटा यन्त्र हुन्छ जसद्वारा तिमी टाढावाटै सियो खसेको पनि आवाज आउँछ। तर त्यसलाई मैले समुद्रमा या डाँडोमा कतै राखेको छैन। मैले यो कानवाट पाउने आनन्द तिमी भित्र नै राखि दिएको छु। तर तिमी आफू भित्र भए पनि आफू भित्र नहेरी वाहिर नभएको ठाउँमा मात्र खोजी हिंडछौ। त्यसरी कहिल्यै पाइँदैन।

अतः सुख कुनै व्यक्ति या वस्तुमा प्राप्त हुँदैन। यो भित्र मात्र पाइन्छ। वाहिर हेरेर हामी जुन आनन्द प्राप्त हुन्छ। त्यो सवै बनावटी र क्षणिक हुन्छ। त्यसवाट तिमी नक्कली सुन र हीरा मात्र पाउँछौ। कुनै कपडा पसलमा विज्ञापनकोलागि कपडा भित्र पसेर मानिसहरु वाघ, सुँगुर भएर बसेका हुन्छन्। केटाकेटीहरु ती जनावर भित्र मानिसहरु यताउती हिडेको देखेर खुशी भएर रमाउँछन्। त्यस्तै थाहा नपाएर हामी पनि ती केटाकेटीहरु जस्तै व्यवहार गर्छौं। संसारमा पाएको अनुभव पसलमा पाइने वाघ र हात्तीले लगाएका लुगाहरु जस्तै अस्थायी, क्षणिक र नक्कली भए झै भित्री अनुभव स्थायी र भगवान्वाट प्राप्त आशीर्वाद तुल्य हुन्छ।

सामान्य सुख (आनन्द) मानिसवाट र (आध्यात्मिकता) आनन्द भगवान्बाटमात्र प्राप्त हुन्छ। भौतिक वस्तुवाट सामान्य सुख र भगवान्सँगको सामीप्यवाट आध्यात्मिक आनन्द पाइन्छ। सामान्य सुखको सम्बन्ध इन्द्रियसँग र आध्यात्मिक आनन्दको सम्बन्ध चेतना या आत्मासँग हुन्छ। यस प्रकार हामीले यी दुईको भिन्नता वुझ्नु पर्छ।

किन हामीलाई कुनै बखत आनन्द र कुनै बखत दिक्क लाग्छ ? यी दुईबाट कसरी मुक्त हुने ? याद गर तिमी सँधै सुखी या दुःखी हुनै सक्तैनौ। सुख भनेको दुई दुःखको बीचमा पर्छ। तिमीलाई सँधै आनन्दै आनन्द मात्र हुँदैन। राती अँन्धकार नुहने भएको भए दिनको महत्व हुने थिएन। गर्मीमा गर म नभएको भए जाडो महिनामा जाडोको महसुस हुने थिएन। दुःखको अनुभव नपाएको व्यक्तिले सुखको अनुभव प्राप्त गर्दैन। यस प्रकार आनन्द प्राप्त गर्न भगवान्बाट दुःखको सृजना भएको हो।

विजुलीको तारलाई प्लाष्टिकले बाहिरवाट ढाकेको हुन्छ। भित्रको तार आनन्द या सुखको प्रतीक र बाहिरको प्लाष्टिक दुःखको प्रतीक हो। एउटा सुन्तलाको फल लिउँ। त्यस भित्रको गुलीयो रस आनन्द र बाहिरको तीतो बोक्रा दुःख हो। फलामको सेफ या दराज भित्र राखिएका सुन चाँदी र गहनाहरु दराज दुःख र त्यसभित्र रहेका सुन र गहना सुखका प्रतीक हुन्। तिमी हिडँदा तिम्रो छाया तिमीसँगै हिडँछ। तिमी आनन्द र तिम्रो छायाँ दुःख हो। यस प्रकार वस्तु र त्यसको छायाँ जस्तै दुःख र सुख कहिल्यै छुट्टिन सक्तैन। तिमी र तिम्रो छायाको कहिल्यै बिछोड हुन सक्तैन। भोक लागेर खान पाउँदा तिमीलाई आनन्द लाग्छ तर वढी खायौ भने तिमीलाई दुःख हुन्छ। तिर्खा लागेको बखत पानी खान पाउँदा आनन्द लाग्छ तर वढी पानी खाइयो भने पेट अटेस मटेस हुन्छ। छोटकरीमा दुःख र सुख पानी र खाने कुरामा पाइने होइनन्। तिनीहरु सँधै एकैसाथ रहने अस्थायी कुरा हुन्। कुनै वस्तु पनि स्थायी छैनन्।

तिमीले क्यामेरावाट फोटो लिने बित्तिकै अँध्यारो हुन्छ। प्रकाश आनन्द र अन्धकार दुःख हो। तुरुन्त अध्यारो नभइकन फोटो नै वन्दैन यस प्रकार फोटो लिँदा अन्धकार र प्रकाश दुवै आवश्यक भए भैं जीवन यापन गर्दा पनि दुःख र सुख दुवै एकै साथ रहेर आनन्द दिन्छन्।

हामीलाई दुःखवाट पनि आनन्द प्राप्त हुन्छ। यसले हामीलाई कसरी सुध्रिने भन्ने पाठ सिकाउँछ। यसले हामीलाई प्रगति गर्ने कुरा सिकाउँछ। ईश्वर नै प्रेम हुन् र प्रेम नै ईश्वर हुन्। भगवान्ले हामीलाई कुनै उद्देश्य नभई दुःख दिनुहुँदैन। अवश्य कुनै उद्देश्य हुन्छ। तिमीलाई दुःख परेको वखत उहाँले खुशी राख्नुहुन्छ। क्राइष्टलाई किल्ला ठोक्दा उनले दुःख पाएर पनि निरन्तर आनन्द दिएका छन्। क्राइष्टलाई किल्ला ठोक्दा उनलाई निरन्तर अनन्त आनन्द आउने थिएन।

यस प्रकार अन्ततोगत्वा दुःखवाट सुरु अवश्य प्राप्त हुन्छ। जहिले पनि एकातिर दुःख र अर्कोतिर सुख रहिरहन्छ। वास्तवमा दुवै सुख र दुःख भगवान्वाट प्राप्त आनन्द या वरदान हुन्। यसरी सुख र दुःख नाफा र नोक्सान, विजय र हार, असल र खराब सबै दुःख र सुख दिने द्वैत हुन्। तर अद्वैत गुण आध्यात्मिक आनन्दमा हुन्छ।

तिमीलाई कसैले आलोचना नगरिकन तिम्रो वानी सप्रदैन । तिमीलाई कसैले तिम्रो दोष नवताउन्जेल तिमीलाई आफ्नो दोष या त्रुटी थाहै हुँदैन । यसरी तिम्रो शुत्रले पनि मद्धत गर्न सक्छ । शत्रु या मित्रु, दुःख या सुख केही छैन । दुवै लाभ दायक हुन सक्दछन् । मित्रले तिमीलाई प्रोत्साहन दिएर शत्रुले आलोचना गरेर मद्धत गर्न सकछ । वाहिरको तीतो वोक्राले भित्रको मीठो कुरालाई जोगाएर राख्छ । भित्रको मीठोलाई वचाएर राख्न वाहिर तीतो अर्थात् दुःखले घेरेर राख्नु पर्छ । यस प्रकार सुखलाई दुःखले रक्षा गरेको हुन्छ । सुन्तला भित्रको मधुर रसलाई वाहिरको तीतो वोक्राले घेरी राखिएन भने सुन्तलावाट पाइने आनन्द नै नाश भएर जान्छ । कसरी ? उदाहरणकोलागि एउटा पूरानो ग्रामोफोन लेउ । त्यसमा वजाउने एउटा सियो हुन्छ । ग्रामोफोनका चक्काहरु विभिन्न स्वर र ध्वनिले भरिएको हुन्छन् । ग्रामोफोनको कालो प्लेटमा चक्कामा धर्काहरु हुन्छन् तर त्यसबाट मात्र केही सुन्न सकिँदैन । सवैतिर यो सम्म वरावर हुन्छ । कानै निर ल्याएर सुन्दा पनि केही सुनिँदैन । हेर्दा कालो चक्का मात्र हुन्छ । के फरक भयो त ? त्यसलाई अब ग्रामोफोनमा राख र दम देउ । चक्का घुम्न थाल्छ । चक्कामा सियोले छुवाई दिएपछि गीत वज्न शुरु हुन्छ । सियो भएन भने चक्का घुम्छ मात्र । चक्का र सियोको मिलन हुन्जेल मात्र संगीत वज्छ ।

यो घुम्ने चक्कामा सांसारिक अशक्ति र त्वचा ध्वनि, दृश्य, वाणि सम्वन्धी ऐन्द्रिक गुणहरु सबै मिलेको हुन्छ । त्यसबाट ध्वनि निकाल्ने काम सियोले गर्छ । त्यो सियो के हो त ? त्यो सियो मन हो । अतः मनलाई विश्वसँग मिलाई दियौं भने दुःख र सुखको संगीत सुन्न सकिन्छ । चक्कावाट सियो झिकिदिएपछि विश्व नै रहँदैन । ग्रामोफोनले रुने र हाँस्ने गराएको हो भनी ठानेका हौं भने त्यो तिम्रो भूल हो । ग्रामोफोनमा कुनै आवाज नै हुँदैन । चक्काको धर्काहरुमा सियोले छोएपछि मात्र ध्वनि निस्कन्छ । जब मन सियोले विश्वरुपी चक्कामा हुन्छ अनि यसबाट निस्केको ध्वनिवाट दुःखको या सुखको अनुभूति थाहा हुन्छ । यस प्रकार सुख र दुःख ग्रामोफोनबाट आउने नभई सियोको कारणबाट आउँछ । ग्रामोफोनको चक्कामा सुख र दुःखको दुवैको संगीत हुन्छ । किन चिन्ता गर्नु ? म सियो झिकिदिन्छु । त्यसकारण दुःख र

सुख संसारमा छैनन् । मनमा नै हुन्छ । प्रशिद्ध अंग्रेज कवि "जोन मिल्टनले" भनेका थिए, "मनले नै स्वर्गबाट नरक र नरकवाट स्वर्ग पुऱ्याउँछ ।" भगवान् भन्नुहुन्छ, "मनले नै मानिसलाई वन्धनमा पार्ने र मुक्त गराउने गर्छ ।" त्यसकारण साथीहरु हो , विश्ववाट मनलाई खिच्नुमा नै आनन्दको रहस्य लुकेको हुन्छ । मनरुपी सियोलाई झिकिदेउ । हिजोको दृष्टान्त अनुसार पर्दामा फिल्म हेर्दा जव तिमी रुने, हाँस्ने गर्दैनौ सबै दुःख र सुख भनेका मनका उपज हुन् भन्ने सम्झन्छौ र तिमीलाई कुनै असर पर्दैन । सुन देख्दा औंठी याद हुँदैन र औंठी देख्दा सुनको याद हुँदैन । काठ देख्दा कुर्सीको सम्झना हुँदैन । त्यसै गरी दुःख र सुख मनको सकारात्मक र नकारात्मक कुरा हुन् भनी वुझेपछि तिमीलाई कुन कुराको प्रभाव पर्दैन ।

अर्को कुरा इच्छा हो । इच्छाले मात्र हामीलाई सुखी र दुःखी तुल्याउँछ । इच्छा पुरा भएमा आनन्द र पूरा नभएमा दुःख लाग्छ । भगवान् वारम्वार जति थोरै झिटी झाम्टा उति भ्रमण सुविधाजनक हुन्छ भन्नुहुन्छ ।" इच्छा र विचारको धागो मिलेर मन वन्छ । मन भनेकै धागाहरुको पोको हो । कपडाहरु मनरुपी धागाहरुले वनेका हुन् । विचाररुपी धागो झिकि दियौंभने मनरुपी कपडा नै वन्दैन । त्यसकारण मनलाई नै खिच्न सक्यो भने धागो र इच्छा त्यसै हटछन् । मैले मनलाई विगार्ने कुरा गरेको हैन खालि मनलाई खिच्ने कुरा गरेको हुँ । तिमीले मनलाई खिच्यौ भनत तिमी अरु भित्र गहिरिन सक्छौ । क्यामेराको लेन्स वाहिरतिर, हुन्छ । लेन्सलाई वाहिर घुमाएर फोटो खिचिन्छ । तिमीले लेन्सलाई भित्र फर्कायौ भने भित्रको फोटो पाउँछौ । कलमको विर्को शरीर र नीव सबै वाहिर हुन्छन् । लेख्नकोलागि सवैभन्दा मुख्य कुरा भित्रको मसी चाहिन्छ । त्यस्तै आत्मा भित्र रहन्छ । शरीर, मन र वुद्धि सबै वाहिरका खोल हुन् । तिमीले भित्री मन घुमाएपछि मात्र भित्रको आत्मा देख्न सक्छौ । जबसम्म टोपीरुपी शरीर, र मनले ढाकिन्जेल भित्रको केही देखिदैन । त्यसैले सँधै आनन्दको अनुभव गर्न सच्चा आनन्द कहाँ पाइन्छ त्यसको खोजी गर्नुपर्छ । तिमीले भौतिक आनन्द क्षणिक हो भन्नु वुझ्नु पर्छ । सच्चा आनन्द वाह्य वस्तु या व्यक्तिमा पाइने होइन यो भित्रै पाइन्छ भन्ने कुरामा विश्वस्त हुनुपर्छ । वाहिर देखिने वस्तु सै आंशिक मात्र हुन् पूर्ण होइनन् ।

ती सबै भौतिक र वाहिरी एन्द्रिक हुन् । सच्चा आनन्द भनेको आन्तरिक आध्यात्मिक र स्थायी हुन्छ ।

मनले इन्द्रियसँग मिलेर विश्वमा हुने जति सबै उतार चढाउ गराउँछ । मनलाई खिचिदियो भने इन्द्रिय निष्कृय भएर बस्छ । हामीलाइ लाभ र हानि गराउने मन र इन्द्रियहरुको खेल हो । मन र इन्द्रियहरुको राजनीतिले गर्दा हाम्रो हार र जीत हुन्छ । यसमा नियन्त्रण हुनुपर्छ । हामीले यहाँ चलिरहेको फोहर राजनीतिलाई बुझ्नु पर्छ । हामी वाहिर चलेको राजनीतिको पीर र चिन्ता गर्छौं भित्र चलेको राजनीतिको विचार कसले गर्ने ? मन र इन्द्रियहरु बुद्धि र विवेकको अनुमति नलिइकन नै कार्य गरिरहेका हुन्छन् ।

आत्मा भनेको के हो ज्ञाननै नभैकन मन र इन्द्रियहरुले व्यापार चलाइरहन्छन् । मेरो कार्यालयका कर्मचारीहरुको मलाई कुनै जानकारी नै नदिइकन मेरो तर्फबाट हस्ताक्षर गरी प्रशासन चलाइरहेको जस्तै हुन्छ । मानि लिउँ एउटा कर्मचारीले कुनै कागजमा हस्ताक्षर गरेर या कार्यालयमा पिउनले प्रशासन चलाउँछन भने भूल कसको हुन्छ ? म यो कलेजको प्रिन्सिपल भएको नाताले त्यो भूल मेरो हुन आउँछ । यदि पिउन र कर्मचारीले कलेज चलाउन थाले भने म असक्षम भएँ मलाई अवकाश दिनुपर्छ । यसै गरी हामी इन्द्रियरुपी दास र मनरुपी कर्मचारीको निर्देशन अनुसार काम गर्छौं । कार्यालयरुपी बुद्धि विवेक निसहाय हुन्छ । उच्चतम आत्माको वास्ता नै हुँदैन । यस प्रकार नेताबाट चल्नु पर्ने प्रशासन दासबाट चलेको बराबर भयो । यस्तो प्रशासन राम्रो भएन ।

यस प्रकार यहाँ त्रुटि र भूल कहाँनिर भयो – विचार गरौं । हामीले आनन्दको रहस्य, आनन्द प्राप्त हुने उपाय, आनन्द प्राप्त हुने स्थान र बाटो सबै कुराको जड मनलाई खिच्नुमा वा नियन्त्रण गर्नुमा केन्द्रित छ । सच्चा आनन्द भगवान्सँग आत्मसात हुनुमा छ । रुखले पाउने सच्चा आनन्द उसमा फल लाग्नु हो । मनुष्य जीवन पनि एउटा रुख हो । उसकोलागि सच्चा आनन्द भगवान्सँगको आत्मसात अर्थात् रुखमा फल फलेको. बराबर हुन्छ ।

१८.
जीवन एक चुनौती हो

जीवन एक चुनौती हो	-	सामना गर
जीवन एक खेल हो	-	खेल
जीवन प्रेम हो	-	सबैलाई बाँड
जीवन एक सपना हो	-	महसुस गर

– बावा

यो जीवन साह्रै जटिल छ। मानिसहरु यसलाई हलुका दृष्टिले हेर्छन तर जीवन कडा छ। मानिसलाई जीवनमा कुनै समस्या पर्दैन भन्ने लाग्छ तर जीवन समस्याले भरिएको छ। राम्रोसँग जीवन विताउन सजिलो छैन। यसमा खोजीनीति, अनुसन्धान, विचार, ठीक बेठीक के छ इत्यादिमा सबैलाई सहभागी गराउनु पर्छ। भगवान्ले नयाँ वर्ष, १९९५ को उपलक्ष्यमा जीवन बारे ४ कुराहरु भन्नु भएको छ। हामीले आफ्नो जीवनमा खोजीनीति गर्नुपर्छ। तर दूर्भाग्यको कुरा के छ भने मानिसहरु आफ्नो जीवन बारे केही गर्दैनन्। बरु अरुको खोजीनीति गर्छन्। अरुको खोजी नीति गर्नुभन्दा बरु आफ्नै गहिरिएर खोजीनीति गर्नु बेश हुन्छ।

भगवान् भन्नुहुन्छ, "जीवन त अखवार कागज जस्तै हो।" तिमी आजको खबर पढ्छौ भोलि फेरि भोलिकै खबर पढ्छौ। पक्का पनि आजको खबर भोलि पढदैनौ होला। आजको अखबार रद्दिको टोकरीमा फालिन्छ। यो अखबाररुपी जीवनको पनि पूनर्जन्म हुनुहुँदैन। यो जीवनको यही नै पूर्ण विराम हुनुपर्छ अल्प विराम, या अर्ध विराम केही हुनु हुँदैन। यसकोलागि जीवन के हो ? यसको कसरी हेरविचार गर्ने ? इत्यादि कुरामा विचार पुऱ्याउनु पर्छ। यसलाई चक्रवृद्धि ब्याजको रुपमा हामीले दोहऱ्याइ दोहऱ्याइ निक्षेपमा जम्मा गर्दै गए झैं गर्नु हुन्न। दु:ख, दर्द अथवा छटपटीको रुपमा ब्याज झैं गरी तिर्नु नपर्नेगरि कसरी हेर्ने। यसकारण हामी जीवनको सम्पूर्णता बुझौं।

भगवान् भन्नुहुन्छ, "जीवन एउटा चुनौती हो यसलाई सामना गर।" हामीमध्ये जीवनलाई चूनौतिको रुपमा हेर्ने कति हौंला ? एकपटक यो चुनौती हो भन्ने वुझेपछि यसवाट उम्कने कुरै छैन। यस्तो चुनौती न आवोस भनी हामी मध्ये धेरैजना भन्छौं। धेरैजसो हामीले जीवन चुनौती हो भन्ने कुरा नै वुझेका छैनौं र यसमा चिन्ता नै गर्दैनौं। हामी जीवन एउटा चुनौती हो भन्ने कुर मान्न तयार नै हुँदैनौ। हामी, यसलाई वन भोजको रुपमा लिन्छौ.। हामी पप संगीत जस्तो नचाहिने कुरा गाएर नाचेर समय वरवाद गर्दछौ। हामी त्यो चूनौतिकोलागि तयारीमा हुँदैनौ। त्यो चुनौतीलाई वहन गर्न सक्छौ या सक्दैनौ भनी धरमरमा पर्छौं। आखिर सामना गर्न पछि सर्छौं तर जेहोस् जीवन एउटा चुनौती हो। त्यो चुनौतीलाई हामी कोही पनि सामना गर्न सक्दैनौ। प्रत्येक व्यक्ति जीवनमा उतार, चढाउ अवश्य हुन्छ।

भगवान् भन्नुहुन्छ, "जीवनमा सँधै आनन्दै आनन्द या सुखै सुख हुँदैन। आनन्द भनेको दुई दुःख बीचमा रहने प्रक्रिया हो। एउटा सुखले वीचमा पर्ने दुःखलाई नाघेर कसरी अर्को सुखमा पुग्न सकिन्छ।" हामी तयार भए पनि नभए पनि जीवन एउटा चुनौती हो भन्ने तथ्य स्वीकार गर्नु पर्छ। जुन सुकै क्षेत्र चाहे त्यो व्यापार, शिक्षा, वाणिज्य, विज्ञान र प्रविधि जे होस् प्रत्येकमा चुनौती छ। प्रतियोगिता यती धेरै बढेको छ कि एउटा देशले ठूलो केरा फलायो भने अर्को देशले झन ठूलो केरा फलाउने कोशिश गर्छ। एउटा देशले अलि मोटो उखु फलायो भने अर्को देशले वाँस जत्रो उखु फलाउने प्रयास गर्छ। आखिर त्यसको स्वाद न त वाँसको न त उखुको हुन्छ। यस प्रकार व्यापार राजनीति, कृषि, जुन क्षेत्रमा पनि चुनौती छ। आध्यात्मिकता र धर्ममा मात्र किन नहुनु ? हामीमा धैर्य छैन। हामीलाई तुरुन्त स्वर्ग चाहिएको छ। हामीलाई सोझै स्वर्गमा पुग्न कन्कर्ड हवाई जहाज चाहिएको छ। हामीलाई तुरुन्त पाक्ने र तयार हुने खाना चाहिएको छ। तर यस्तो हुँदैन।

भगवान्ले भन्नुभयो, "पढन धेरै वर्ष लाग्छ। तिमीलाई पढ्दा पहिले प्राथमिक कक्षामा धेरै वर्ष लाग्छ, त्यसपछि माध्यमिक अनि मात्र कलेजमा पुग्छौ। त्यस्तै आध्यात्मिकतामा पनि समय चाहिन्छ। भगवान्ले तिमीलाई

वास्तै नगर्नु होला अथवा अन्तर्वार्ता नै नदिनु होला। उहाँले गरेको परीक्षणमा तिमीले निराश या चित्त दुखाउनु पर्ने केही छैन। उहाँले तिमीसँग कुरा गरे पनि नगरे पनि, हाँसे पनि नहाँसे पनि चिने पनि नचिने पनि तिमीले चूनौतिको सामना गर्न तयार भई वस्नु पर्छै। जतिसुकै नैराश्यता आएता पनि तिमीले उहाँको भक्त वनी उहाँलाई विन्ती गर्नै पर्छ। आखिरमा तिमीलाई बोलाएर कुरा गर्नुहुन्छ।

तेलेगु भाषामा मैले (अनिलकुमार) एउटा कविता रचेको छु। त्यो यस प्रकार छ :

स्वामीले तिमीलाई हेरे पनि नहेरे पनि
स्वामीले तिमीसँग हाँसे पनि नहाँसे पनि
स्वामीले तिमीलाई अन्तर्वार्ता दिनु भए पनि नदिनु भए पनि
स्वामीले तिमीलाई चालिसौं लहरमा परे पनि
स्वामीलाई तिमी कहिल्यै नबिर्स
स्वामी स्वयं भगवान् हुनुहुन्छ।

यस प्रकार जीवन एउटा चुनौती हो। यहाँ प्रशान्तिनिलयमा पनि जीवन चूनौति पूर्ण छ। अव तिमी के गर्छौ ? के अवदेखि यहाँ आउन छोड्छौ ? के तिमी चिन्ता र नैराश्यताले गर्दा अनुहार बिगारेर वस्छौ ? जीवन त एउटा चुनौती हो भन्दै वावाले एउटा समाधान दिनु भएको छ त्यो के हो भने- “सामना गर”। मैले पनि ७ पटक परीक्षा दिए। स्वामीले ७ वर्षसम्म मलाई पटक्कै वास्ता गर्नु भएन। तर मैले हरेस खाइन, र स्वामीलाई छोडिन। कतिजना मलाई, “अनिल ! स्वामी तिमीसँग कहिल्यै कुरा पनि गर्नु हुन्न टुलुक्क हेर्दा पनि हेर्नुहुँदैन तैपनि तिमी किन आउँछौ ?” भन्दथे। म तिनीहरुलाई म आफ्नै खर्चमा यहाँ आउँछु तिमीहरुले तिर्नु पर्दैन। वावाले मलाई कहिल्यै नहेर्नु भए पनि मेरो भाग्य नै यस्तो तिमीलाई के को चिन्ता भनी जवाफ दिन्थे।

एउटा अर्को उदाहरण लिउँ। एउटा विद्यार्थीले जाँच दिन्छ। उ असफल हुन्छ, फेरि जाँच दिन्छ। फेरि पनि असफल भयो भने प्रयास गरी परीक्षा दिन्छ। सफल नहुन्जेल परीक्षा दिइरहन्छ। त्यसैले जीवन एउटा

चुनौती भएको हुँदा यसको सामना गर्नुपर्छ । तर हामी सामना नै नगरी भाग्न खोज्दछौं । कुरुक्षेत्रको लडाईमा अर्जुनले कृष्णसँग निवेदन गरे के मैले तिनीहरु सवैलाई मार्नु ? ती त सवै मेरा आफ्नै नातेदारहरु हुन् । तिनीहरुको मलाई माया लाग्छ । मलाई छोडी दिनुस् । अर्जुनको निवेदन सुनिसकेपछि कृष्णले जोड दिएर हुँदैन ए अर्जुन ! मेरो नाम एक चित्तले स्मरण गर्दै तिनीहरुसँग युद्ध गर । जीवन एक चुनौति हो योसँग सामना गर्नुपर्छ भन्ने सम्भी खुव लड, भन्नुभयो । सर्जनको अगाडि अपरेशन गर्ने भनी टेवुलमा सुतिरहेको विरामीले उठेर म वाहिर जान्छुभन्दा जान सक्छ र ? सक्तैन । अपरेशन गरिसकेपछि मात्र जान सक्छ । जन्म लिएपछि, त्यसै भाग्न कहाँ पाइन्छ र ? हामी हाम्रो जिम्मेवारीवाट पन्छिन खोज्दछौं । हामी कतावाट उम्किन पाइएला भनी वाटो खोज्दै हिड्छौं ।

वावा भन्नुहुन्छ, "जीवन एउटा खेल हो – खेल ।" किन उहाँले जीवनकोखेल खेल भन्नु भएन । खेलकुद र खेलमा के फरक छ ? हामीलाई दुवै एकै जस्तो लाग्छ । तर होइन, फरक छ । केटाकेटीहरु साधारण खेल खेल्छन् । तर प्रौढहरु जीवनको खेल खेल्छ्न् । खेलमा उफ्रने कुदने खुव हुन्छ । साधारण खेलमा हार्ने जित्ने हुँदैन । नियम काइदा पनि हुँदैन । ठूलो खेलमा प्रतियोगिता चल्छ । ठूलो खेल एक किसिमको व्यापार हो । यसमा हार र जीत हुनसक्छ, गर्व र लाज दुवै हुन्छ । यो नियम उपयिनमको परिधि भित्र रहन्छ । यसलाई धेरै मानिसले हेर्छन् । साधारण खेलमा केटाकेटीहरु अज्ञानवश आफ्नै सुरले खेल्छन् । जीवन एउटा खेल हो । यसलाई प्रसन्न भएर हाँसीहाँसी आनन्दसाथ खेल । जीवनको खेललाई राम्ररी वुभ्रेर खेलौं । भगवान्को कृपावाट यो सम्भव हुन्छ । मलाई निश्चय छ हामीहरु सवैमा कुनै न कुनै समस्या हुन्छ । हामी सवै यहाँ जम्मा हुनाको कारण पनि त्यही हो । तर यहाँ हामी हाम्रा सवै समस्या विर्सन्छौं । हामी दिन, वार, तारीख, आफ्नो स्थिति सवै विर्सेर उहाँको दर्शनकोलागि मात्र आतुर भएर वस्छौं । हामीलाई दर्शनवाट वञ्चित गराउनु उहाँको लीला हो । त्यस्तै हामीले स्वामीको पछि लाग्नु हाम्रो खेल हो । यो एक प्रकारको दैवी लहड हो । यस प्रकार खेल मनोरञ्जनले

भरिएको हुन्छ । भगवान्‌ले दिनुभएको यो दोश्रो सन्देश हो । जीवन भनेको के हो ? के यो जिउन योग्य छ ? मनुष्यको जीवनवाट भगवान्‌लाई झिकिदियोभने पशुहरुले भरिएको जङ्गल तुल्य हुन जान्छ । (Life minus God is a forest of Brutes)

वावाको तेश्रो सन्देश "जीवन प्रेम हो, यसलाई बाँडचुँड गर" भन्नुहुन्छ । तिमी आफ्नो मायालु र आमावावुको माया गर्छौ । त्यसको बदलामा तिनीहरु पनि तिमीलाई माया गर्छन् । प्रेम विना संसारमा केही हुँदैन । कुनै मानिस, "म त भगवान्मा विश्वास गर्दिन भन्छ तर उ उसको छोरा, मित्र या अरु कसैसँग प्रेम गर्छ ।" प्रेम नै भगवान् हुन् र भगवान् नै प्रेम हुन् । प्रेममा वाँच भनी वावा भन्नुहुन्छ । मानिस भगवान्मा विश्वास छैन भन्छ तर उसले अरुलाई प्रेम गर्नु नै भगवान्मा विश्वास राख्नु हो । उसलाई अल्लाह, जेसस अथवा अरु कुनै नाम पनि मन नपर्न सक्छ तर उ उसको छोरी या मित्रलाई मन पराउँछ भने त्यसरी मन पराउनु नै ईश्वरप्रतिको प्रेम हो । एकपटक जीवन नै प्रेम हो भन्ने भएपछि तिमी प्रेमलाई आफूसँग मात्र सीमित राख्ने छैनौ । प्रेमलाई आफूसँग मात्र सीमित राख्न खोज्नु त स्वार्थी, अत्याचारी र पाशविक स्वभाव देखाउनु मात्र हो । राती वाटोमा हिंडदा तिमीलाई कुकुरले सवै वाटो उसैको मात्र हो जस्तै गरी घुक्दछ । उसमा तिमी प्रति प्रेम नभएकोले घुक्छ । त्यसैगरी वाटोमा तिमीले कसैलाई केही प्रश्न गर्दा त्यो झडङ्ग रिसाउँछ भने पूर्वजन्ममा त्यो कुकुर रहेछ र यो जन्ममा पनि पूरानो पाशविक स्वभाव उसमा रहेछ भन्ने ठान्नु पर्छ । यस प्रकार आफैमा मात्र केन्द्रित या सीमित प्रेम जनावरको मात्र हुन्छ । प्रेम भनेको आत्म केन्द्रित हुनु हुँदैन । यदि कसैले आफू र आफ्नो परिवारमा मात्र प्रेमलाई सीमित राख्छ भने त्यसलाई संकिर्ण भन्ने हुन्छ ।

तिमीले राजा धृतराष्ट्र आफ्ना दुष्ट र अत्याचारी छोराहरुलाई माया गर्थे भन्ने कुरा सुनेका हौला । उनी आफ्ना भतिजाहरुलाई प्रेम गर्दैनथे । धृतराष्ट्रको स्वार्थी कार्यले गर्दा कोही पनि उनलाई वास्ता गर्दैनथे । प्रेम भनेको आफ्नो परिवार र इष्टमित्रमा मात्र सीमित नराखी सर्वव्यापी हुनुपर्छ ।

स्वामी, प्रेम नै ईश्वर हो यसलाई खालि आफ्नो परिवारमा मात्र सीमित नराखी सबैलाई निस्वार्थ र विनाशर्त बाँड । समय पनि धेरै छैन । जीवन नै चुनौती पूर्ण छ, योसँग समता गर । जीवन एउटा खेल हो – खेल । जीवन प्रेम हो – बाँडीचुँडी गर, भन्नुहुन्छ ।

स्वामीको चौथो सन्देश हो, "जीवन सपनामय छ, महसुस गर ।" जब जीवन सपनामय छ भने मेरो गाडी, मेरो पद, मेरो धन सम्पत्ति भन्ने किन चाहियो ? अहिले हामी यहाँ बसिरहेका छौं । के यो सपना हो ? भगवान्ले भन्नुभयो, "जीवन सपनामय छ । एउटा दिउँसोको सपना र अर्को रातिको सपना ।" दुवै सपना हुन् । यसमा ठूलो वैज्ञानिकता छ । तिमीलाई खुवै रमाइलो लागेको दिनको सम्झनामात्र गर । त्यो क्षण कस्तो आनन्दमय लाग्छ । यस प्रकार सबै पहिले बितेका कुरा जति अहिले सपनामय हुन्छन् । अहिलेको कुरा भविष्यकोलागि आकाशमा उड्ने बादलसरी सपना मय हुन्छन् । वास्तवमा कुनै कुरो पनि स्थायी छैनन् । भगवान्को उपस्थिति पनि स्थायी छैन । त्यसैले जीवन सपनामय छ । सबै पहिलेका कुराहरु सपना जस्तै लाग्छन् । यो एउटा दिवा सपना हो । राती पनि सपना देखिन्छ । जुन सपनाले हामीलाई आनन्द दिन्छ त्यो मात्र हामी सम्झन्छौं । जीवन स्वर्गीय आनन्द र सुनौलो सपनाले भरिएको छ । यो हामीले मान्नै पर्छ ।

कहिलेकाहीं हामी स्वामीले चरण दर्शन दिएको सपना देख्छौं । त्यसको अर्थ के हामीले सन्तुष्ट भई विदा दिनु भएको हो भनी सम्झने ? अर्को एउटा उदाहरण सपनामा तिमीले २० (बीज) परिकार भएको भोज खाएको देख्यौ रे । के भोलिपल्ट नखाएर बस्न सक्छौ ? अवश्य पनि सक्दैनौ । त्यसैले सपन मात्रले पर्याप्त हुँदैन । जीवन सपना मय छ । तिमीले त्यसलाई महसुस गर्नुपर्छ । त्यो सपनालाई अनुभवमा परिणत गराउनु पर्छ । त्यसलाई सार्थक गराउनु पर्छ । हाम्रा सपना कस्ता हुन्छन ? हाम्रा सपना भौतिक र सांसारिक हुन्छन । म आफू प्रोफेसर भएको नाताले मेरा विद्यार्थीहरु परीक्षामा सफल भएको देख्छु । व्यापारीले करोडौं रुपियाँको व्यापार भएको सपना देख्छ । वैज्ञानिकले कुनै नयाँ कुरा पत्ता लगाएको देख्छ । सपनामा आफूले भोगेका र गरेका कुरा देखिन्छन् । तिम्रो समय खुशी, आनन्द र सन्तोषजनकसाथ बितेको छभने सपना पनि त्यस्तै प्रकार देखिन्छ । त्यसैकारण हामी सुखी र आनन्दी

हुनुपर्छ । आनन्दको सपना देख्नु पनि आशीर्वाद नै हो । सुख आंशिक हुन्छ तर आशीर्वाद (आनन्द) अन्नत हुन्छ । सुखको सम्वन्ध विषयगत हुन्छ, आशीर्वादको सम्वन्ध (पूर्ण) आध्यात्मिक हुन्छ । सुख मानवीय हुन्छभने आशीर्वाद आध्यात्मिक हुन्छ। त्यसैले हामी सपना देख्दा पनि सुखकोभन्दा भगवान् प्राप्त हुने आशीर्वाद सम्वन्धी सपनाको आशा राखौं । जीव र दैवको मिलन भएको सपना देखियोस् । हाम्रो अन्तिम क्षणमा पनि प्रशान्ति निलयम देखियोस् । एकपटक हावर्ड मर्फेटले भनेका थिए, "तिमी फर्किएर आउन जाँदैछौ ।" त्यो अध्यायाको नाम छुट्टिनु भनेको मिलन हुनु हो । हामी मिलन हुनकोलागि नै छुट्टिदै छौं । तिमीले सपनामा प्रशान्ति निलयम देखेपछि त्यसलाई महसुस गरी चिन्तन गर्नुपर्छ । "जीवन सपनामय छ, यो कुरालाई महसुस गर", भनी बावा भन्नु हुन्छ ।

जीवनमा उपर्युक्त चारैवटा चुनौतीलाई राम्ररी सञ्चालन गर्दै गएसा धेरै राम्रो हुन्छ । बावासँग हामीले स्वामी ती चुनौतीहरुसँग लडन तयार छौं, हामीलाई नछोडनुस् भनी प्रार्थना गर्नुपर्छ । कहिलेकाहीं यतिका दिन भइसक्यो पाद नमस्कार गर्न पनि पाएनौं भनी चिन्तित हुन्छौं । साईकल चढ्न सिक्दा पनि हामी दश पटकभन्दा वढी लडछौं । तर के हामी साईकल चढन छोडछौं त ? त्यस्तै आध्यात्मिकता अन्तर्गत पनि चुनौतीको सामना गर्न हामीले धैर्य, शुद्ध र लगनशील हुनै पर्छ । शुद्धता–औषधिको चक्की, धैर्य–ताकतको औषधि र लगनशीलतालाई पथ्यको रुपमा सम्झौं । यसैले हामीलाई निरोगी धनी र विवेकि व्रनाउने छ । जीवनको चुनौतीलाई धार्मिक तथा आध्यात्मिक पुस्तकको अध्ययन तथा भगवान्‌को नामस्मरण जस्ता आध्यात्मिक अभ्यास र साधनाको सहायताले सामना गर ।

जीवन एउटा खेल हो – खेल, तर यसमा अति चाहिं नगर । बावा भन्नुहुन्छ, "भगवान् हाँस्छन्, मानिस रुन्छ ।" जीवन प्रेम हो – बाँडीचुँडी गर । प्रेमलाई आफ्नै समुदायमा मात्र सीमित नगर । जति यसलाई बाँड्यो उति वढेर आउँछ । जेसस भन्दथे, "वुवा ! तपाईंले मलाई प्रेम गर्नुभयो त्यसकारण म पनि तपाईहरु सवैलाई प्रेम गर्छु ।" त्यस्तै भगवान् पनि हामीलाई प्रेम गर्नुहुन्छ, हामी पनि प्रेमलाई आपसमा सवैतिर वितरण गरौं । जीवन सपनामय छ – महसुस गरौं ।

१९.

गीतामा देखिने अनौठा पक्षहरु

(सनातन धर्ममा देखिने अनौठा र विरोधाभास पक्षहरु)

गीताको अध्ययन गरेपछि अथवा भगवान्को प्रवचन सुनेपछि सारांशमा सनातन धर्म के हो त ? भनी कसैले त्यस प्रश्नको उत्तर खोज्न प्रयास गऱ्यो भने अनेक शंका, उपशंका, अलमलमा परेको जस्तो अथवा विरोधाभास कुराहरु मनमा खेल्न थाल्छन् । आज म अरु धर्ममा नपाइने तर हाम्रो सनातन धर्ममा पाइने र देखिने प्रमुख अनौठा र विरोधाभास पक्षहरुवारे केही उल्लेख गर्न चाहन्छु ।

सवैभन्दा पहिलो कुरा त यस पृथ्वीमा भगवान्को अवतारको अवतरण नै छ । सनातन धर्ममा उल्लेखित भगवान्को अवतार मान्नेहरु अरु धर्ममा छैनन् । सनातन धर्ममा अर्को अनौठो र विशेष पक्ष पुनर्जन्म वारे छ । त्यसपछि अरु धर्मले नवताएको पूर्वजन्मको कर्म अनुसार भाग्य निर्धारण हुन्छ भनी हाम्रो सनातन धर्मले मानि आएहको छ । चौथो कुरा जुनसुकै वखत जहाँतही जेमा पनि भगवान् हुनुहुन्छ भन्ने कुरालाई पनि मानिसहरु विशेष चासो मानी हेर्दैछन् । अर्का जातिपातीको कुरा छ जसको अर्थ वङ्गाएर मानिसहरुले राजनीतिमा समेत् ठूलो खेलावेला मच्चाएका छन् । समाजमा आवश्यकतानुसार कामको आधारमा जाति पातिको नियम निर्धारण गरेको देखिन्छ । त्यसको पछाडि विशेष उद्देश्य पनि छ ।

तपाईहरुले गीतामा "चतुर्वर्णाम् मया स्रष्टम गुण कर्म विभागस" अर्थात् "मैले कामको गुण हेरी चार वर्णमा विभाजन गरिदिएको छु" भनी भगवान्ले भन्नु भएको कुरा वुझ्नु भएकै छ । मानिसहरु ४ जातको कुरा मान्छन् दोश्रा वुँदा अर्थात् गुण, स्वभाव, पेशा, कामको प्रकार अनुसार समाजमा समान तवरले काम वाँडी सामाजिक न्याय गरेको कुरालाई विर्सन्छन् । यो नै समाजमा कलह, झगडा, चालवाजी गराउने माध्यम हुन गएको छ । स्वार्थवश जसरी हुन्छ शक्ति हत्याउने काम वाहेक कसैले अरु कुरामा रुचि राख्दैनन् ।

यस प्रकार गीतामा उल्लेख भए अनुसार सृष्टिकर्ताले नै समाजमा सबैलाई कामको गुण अनुसार सामाजिक न्याय र समानताको आधारमा ४ जातिमा विभाजन गरेको कुरा उल्लेख छ। समाज भन्ने संस्कृत शब्द हो। 'सम'– वरावर, 'ज'– जन्मेको अर्थात् वरावर गराउन जन्मेको। असमानता र अन्याय भएको ठाउँलाई समाज भन्न मिल्दैन। संस्कृत भाषामा मानिसलाई "व्यक्ति" भनिन्छ।

व्यक्तिको अर्थ के हो ? जसले केही कुरा व्यक्त गर्छ त्यसलाई व्यक्ति भनिन्छ। संस्कृतमा व्यक्तिको अर्थ जसले आफूमा स्थित दैवत्वलाई व्यक्त गर्छ त्यसलाई व्यक्ति भनिन्छ। यो व्रम्हाण्डको प्रत्येक अङ्ग मिलेर वन्छ। व्राम्हणलाई पठन पाठन तथा वौद्धिक काम, क्षेत्रीयलाई लड्ने भिड्ने र वहादुरी काम, शुद्रलाई गाह्रो साङ्गो काम वैश्यलाई व्यापार तथा भण्डारेको काम बाडिएको थियो। व्राम्हालाई शिर, क्षेत्रीयलाई काँध, र वैश्यलाई पेट र शुद्रलाई गोडाको रुप मानिन्थ्यो। एउटालाई वुद्धिको, एउटालाई रक्षाको, एउटालाई कडा कामको र एउटालाई पालन पोषणको कार्य सुम्पिएको थियो। जाति प्रथाको शुरुवात यसरी भएको थियो तर दुर्भाग्यको कुरा यसको वास्तविक अर्थ मानिसले वुझेनन् र अर्थको अनर्थ लगाए।

अव भाग्यको कुरातिर लागौं। के मैले राम्रो काम गरें भने स्वर्ग पुगुँला ? या कुनै खराव काम गरे. भने नर्कतिर धकेलिउँदा ? यो तर्कहीन कुरा हो। कसैले कुनै गल्ती कुरा गऱ्यो भने त्यसलाई भगवान्ले करुणा देखाउनु हुँदैन भन्ने छैन। यो न्यायोचित कुरा पनि हैन। हामी मानव हौं कमजोर छौं र हामीवाट सहजै भूल हुन सक्छ। पुग्नु पर्ने वाटो र ठाउँ धेरै टाढा छ। हामी पापको फलवाट धेरै दुःख पाउने छैनौं। एकपटक असफल भएको विद्यार्थीलाई सुध्रने मौका दिनु पर्छ। भाग्यको सिद्धान्त अनुसार आफूले गरेको काम अनुसार त्यसको फल भोग्नु पर्छ भन्ने छ। हामीलाई हुने दुःख र सुख, भगवान्ले नै दिनुहुन्छ भन्ने ठान्छौं। हामी राम्रो काम भयो भने त्यसको श्रेय आफूलाई र सन्तोषजनक काम भएन भने त्यसको दोष भगवान्लाई दिन्छौं र चित्त दुखाएर हरेश खाई वस्छौं।

भगवान्को यसमा के विचार छ ? भगवान्ले सारा व्रम्हाण्ड समेत् सृष्टि गर्नुभयो। वनस्पति, प्राणी खनिज र पञ्च तत्वहरु सबै सृष्टिको अन्तर्गत पर्छन्।

भगवान्ले मानिसलाई बोलाएर "हेर, यो सृष्टि तिमीहरु कै आनन्द र खुशीयालीकोलागि हो, मेरो लागि हैन। तर एउटा शर्त छ त्यो के हो भने तिमीहरुले आफ्नो कर्मको फल भोग्नै पर्छ। राम्रो काम गर्‍यौ भने त्यसको पल राम्रो हुन्छ, खराव काम गर्‍यौ भने त्यसको फल अनुसार उम्कन पाउँदैनौं" भन्नुभयो। जस्तो कार्य त्यस्तै फल, जस्तो वादल त्यस्तै वर्षा। यसरी असल र खराव फल पाइने कुरा भगवान्ले गर्ने होइन।

यसै सन्दर्भमा अर्को एउटा उदाहरण :

चिठ्ठी बाँडदै हिड्ने हुलाकी आएर कसैको विवाहकोको निम्ता दियो भनेर म उसलाई खुशीले अङ्कमाल गर्न जान्न। तीन दिनपछि त्यो हुलाकीले मलाई कसैको खवर्दारी पत्र अर्थात् तलाई मार्छु, काट्छु भनी लेखेको पत्र लिएर आयो भने म त्यसलाई गाली गर्न जान्न। हुलाकीको काम त चिठ्ठी बाँड्ने मात्र हो। भगवान् पनि त त्यही हुलाकी जस्तो मानिसले गरेको काम अनुसार फल दिने मात्र हुन। "उपद्रष्ट्रा अनुमन्तक भारत भोक्ता" अर्थात् "भगवान् त निरन्तर साक्षी मात्र हुन्।"

अर्को पुनर्जन्मको कुरो छ। यो विकासवादी सिद्धान्तको पक्षमा जान्छ। वायो साईन्सले खनिज पदार्थहरु र अजैविक पदार्थहरु जैविक पदार्थमा परणत हुन्छ भनी स्पष्ट वताएको छ।

जैविक पदार्थ भन्ने वित्तिकै वनस्पति संसारको कुरो आउँछ। त्यसपछि पशु संसार अनि मानिसको पाली आउँछ। विकासवादी सिद्धान्तको उद्देश्य नै यही हो। पशुहरुमा पनि सर्व प्रथम पानीमा वस्ने जलचरहरु आए। त्यसपछि जल र स्थल दुवैमा वस्ने उभयचरहरु आए। अन्तमा जमिनमा वस्नेहरुको सृष्टि भयो। यसरी जीवन पानीवाट शुरु भयो। भगवान्ले पनि "मत्स्य (माछा) अवतार" लिनुभयो। त्यसपछि पानी र जमिन दुवै ठाउँमा वस्ने "कूर्म (कछुवा) अवतार" लिनुभयो। त्यसपछि जमिनमा मात्रै वस्ने "वराह (वनेल) अवतार" लिनुभयो। यसरी जनावरबाट मानिसको पूर्ण विकिसत रुप आयो। त्यसैले मानिस र पशु दुवै मिलेको "नरसिंह अवतार" आयो। अन्तमा मानव अवतारका अवतरण भयो। यस प्रकार विकासवादी सिद्धान्तको कुरा सनातन धर्ममा स्पष्ट उल्लेख गरिएको छ।

मानिसको जन्म, पुनर्जन्म सबै उसको पूर्वजन्मको कर्ममा निर्भर गर्छ। यस प्रकार भाग्याको सिद्धान्त भनेको कर्म र त्यसको प्रतिक्रिया नै हो। न्यूटनको गुरुत्वाकर्षणको सिद्धान्त अनुसार "समान कृया अनुसार त्यसको प्रतिक्रिया हुन्छ।" यदि मैले विज्ञान र आध्यात्मिकतालाई मिलाए भने यो आध्यात्मिक विज्ञान हुन्छ। हामीमा विज्ञानको ज्ञानको साथै आध्यात्मिक तिरको पनि ज्ञान हुनै पर्छ। आध्यात्मिक विज्ञानले पनि कर्मको फल अनुसार नै मानिसको जन्म र पूनर्जन्म हुन्छ भन्ने वताउँछ। त्यसैकारण राम्रो जीवन विताउनकोलागि अहिले देखि नै असल वनौं। पहिले पहिले हामी थाहा नपाएर नजानेर जे गर्‍यौं गर्‍यौं त्यसकोलागि भगवान्सँग पुनर्जन्म वारे मूलभूत कुरा नै यही हो। अरु धर्म र सिद्धान्तसँग, नमिल्ने अनौठा र अपूर्व कुरा यिनै हुन्।

कसरी भगवान्ले हामीलाई उदाहरणको रुपमा गरेर देखाउनु हुन्छ, जवाफ दिनुहुन्छ, सम्झाई बुझाई गर्नुहुन्छ, विरोधाभास नगराई कसरी मिलाउनु हुन्छ आदि बारे चर्चा गरौं।

एकपटक मैले (अनिलकुमारले) वावासँग कहिल्यै चर्च नगएको मानिस पनि क्रिश्चियन हुन सक्छ, त्यस्तै मन्दिरमा गए पनि नगए पनि हिन्दू बन्छ। कसरी यस्तो हुन्छ, यो त न्यायोचित भएन नि स्वामी भनी प्रश्न गर्दा उहाँले यस प्रकार उत्तर दिनुभयो। "प्रत्येक हिन्दूको घरमा मौन भएर बस्न, मनन गर्न, आत्मानुभूति प्राप्त गर्न भगवान्सँग कुरा गर्न एउटा पूजा कोठा हुन्छ। त्यो मन्दिरमा जावोस् या न जावोस् उसको घरमा पूजा कोठा अवश्य हुन्छ।" उहाँको त्यो जवाफ गजवको थियो। एक दिन हामी (अनिलकुमार) र अरुहरु वसमा विद्यार्थीहरुसँगै कोडाईक्यानल वावाको साथमा गइरहेको थियौं। एक ठाउँमा वावाको गाडी आएर वसको अगाडि टक्क रोकियो। गाडीमा वावा हुनुहुन्छ भनी मानिसहरु गाडीको वरिपरि जम्मा भए।

मानिसहरुको भीडले गर्दा यातायात ठप्प भयो। सबैले वावाको गाडीलाई नमस्कार गरे। भगवान्ले भन्नुभयो, "संगतको फल हेर। गाडीमा म बस्ने गरेको र मेरो संगतले गर्दा गाडीले नमस्कार र पूजा समेत् पायो। यहाँ तिमीहरुको संगतले गर्दा मैले पाउने पूजा समेत् हरण भइरहेछ। तिमीहरु संगको संगत खराव रहेछ।"

गाडी जाँदै थियो। वावा झ्यालवाट वरावर वाहिर हेर्नुहुन्थ्यो। उहाँले भन्नुभयो, "परमात्माको पनि बुद्धि नै नभएको जस्तो कहिंभने त्यहाँ खेतमा

मसिना साना–साना धानका वोटहरु छन् कहिंभने मसलाका ती विशाल रुखहरु; हेर त ! त्यत्रा ती अग्लो रुखहरुलाई एक दिन खान पुग्ने पानी छैन उता ती फुच्चे धानका वोटहरुलाई भने त्यत्तिका पानी ! वच्चालाई त धेरै पानी चाहिंदैन नी, ४० वर्षको व्यक्तिलाई पो धेरै खानुपर्छ, त्यति पनि पर मात्मालाई थाहाछैन । परमात्माको वुद्धि नै छैन" भन्नुभयो । हामी सबैले उहाँको कुरा ध्यानपूवर्क सुनिरहेका थियौं, भगवान् आफैले उत्तर दिन थाल्नुभयो। उहाँले भन्नुभयो "धानको जरा ज्यादै कमलो भएको हुँदा तिनीहरुलाई दिनहुँ पानी चाहिन्छ, पानी पुगेनभने खंग्रङ्ग सुकेर सबै मर्छन्। यी मसलाका रुखहरुका लामा लामा तलसम्म जमिनभित्र पुगेका जराहरु हुन्छन् र तिनीहरु आफै तलबाट पानी सोस्छन्। त्यसै गरी भित्री श्रद्धा पुऱ्याउन नसक्ने साधकहरुले दिनहुँ साधना गर्नुपर्छ तर जसको अगाध श्रद्धा छ त्यसले कहिले काहीं मात्र साधना गरे पुग्छ । त्यसपछि उहाँले तिमीहरु सबै धानका बोट समान छौ तिमीहरुले सँधै दिनहुँ साधना गर्नुपर्छ भन्नुभयो ।"

अब विरोधाभासका कुरा गरौं। अर्को दिन भगवान् वावा आफ्नो रातो ज्यागुवर गाडीमा मलाई (अनिलकुमार) लिएर जाँदै हुनुहुन्थ्यो। स्वामीले, "ए अनिलकुमार ! जे प्रश्न सोध्न मन लाग्छ सोध" भन्नुभयो । मैले स्वामी "गीतामा कतै भगवान्लाई साकार कतै निराकार हुनुहन्छ भन्ने विरोधाभास कुराहरु उल्लेख गरिएका छन् । उहाँ साकार हुनुहुन्छ कि निराकार । कुनै अध्यायमा साकार कुनै अध्यायमा निराकार भनी सम्बोधन गरिएको छ । यसले गर्दा जति गढेर पढ्न खोज्यो झनझन द्विविधा हुन थाल्यो । अर्को विरोधाभासको कुरा भगवान्मा करुणा, प्रेम, त्याग, जस्ता सद्‌गुणहरु हुन्छन् भन्ने कतै उल्लेख छभने कतै भगवान्लाई निर्गुण, गुणै नभएको भनिएको छ । तेश्रो विरोधाभासका कुरा "एकम् एवं अद्धितीयम् ब्रम्ह" भगवान् एक मात्र हुनहुन्छ भगवान् एक रुप अनेक स्वरुपमा प्रकट हुने कुरा र अरु विश्व नै माया अथवा भ्रान्ति भन्ने छ । मेरो विचारमा यस्ता शंकाहरु प्रत्येक व्यक्तिमा छ स्वामी भनी अनुरोध गर्दा स्वामीले पहिले कुरामा भन्नुभयो, "दुवै एक हुन्, केही फरक छैन । तिनीहरुमा विरोधाभास छैन बरु दुवै एक अर्काका पूरक हुन्। एक अर्को माथि निर्भर गर्छ । दुवै एउटै दैवत्वको अगाडि र पछाडिका

स्वरुप हुन् ।" यतिले मात्र मेरो शंका उपशंकाको समाधान, भए जस्तो नलागेर वावालाई पुनः अनुरोध गरें । वावाले अरु स्पष्ट्याउँदै भन्नुभयो, "तिम्रो आफ्नो रुप र आकार भएकोले भगवान्लाई पनि साकार स्वरुप हेर्न खोज्छौ । तिमी नै निराकार स्वरुप जो शरीर नभएको वस्तुको विचार गर्न सक्छौ ? हामीले हाम्रो शरीरलाई महत्व दिउँन्जेल हामीले साकार रुपको भगवान्लाई नै मान्नुपर्छ ।" भैंसीले भगवान् मान्ने हो भने भैंसीलाई नै भगवान् मान्छ त्यस्तै माछाले ठूलो माछाले भगवान् मान्छ । मानिसले पनि आफूभन्दा विशिष्ट व्यक्तिलाई नै भगवान् सम्झिन्छ । त्यसकारणले हाम्रो आकार छउन्जेल हामी भगवान्लाई साकार रुपमा देख्छौं ; मान्छौं । यसै सिलसिलामा वावाले अर्को उदाहरण दिनुभयो । तिमीलाई दुध खान मन लाग्यो भने कचौरामा हालेर खान्छौं । यहाँ दूध दैवत्व र कचौरा रुप हुन गयो । कचौरामा भएको दुध र मानव आकारमा भएको भगवान् एकै हुन् । यस प्रकार तिमी भगवान्लाई जुन रुपमा हेर्न चाहन्छौ त्यही रुपमा पाउँछौ । "यद भावम् तद् भवति" अर्थात् "जस्तो भावना त्यस्तै अनुभूति पाइन्छ ।" भगवान् हाम्रो धारणा अनुसार राम, कृष्ण, जेससको रुप भएर आउनु हुन्छ ।

निराकार :– जब हामी सृष्टिका सबै वस्तु भगवान् कै हुन् भन्छौ भने उहाँको रुप यस्तो हुन्छ, उस्तो हुन्छ भन्न हुँदैन । सबै रुप उहाँकै हुन् । यसको अर्थ उहाँको रुप नै हुँदैन भन्न खोजेको होइन । उहाँको जस्तो रुप पनि हुन सक्छ भनिएको हो । अतः निराकारको अर्थ आकारै नभएको भन्ने होइन । असल गुण भन्ने वित्तिकै त्यसमा त्रुटि नै हुँदैन भन्न सकिँदैन । तर पाप छैन भनेको अर्थ धर्म छ भनेको पनि हैन । त्यसैले रुप छैनको अर्थ निराकार होइन । यस प्रकार रुप भएकोलाई साकार र रुप नभएकोलाई निराकार भनेकोलाई विरोधाभास नभई तिनीहरु एक अर्काका पूरक हुन् ।

अर्को सगुण र निर्गुण भन्नेवारे "सर्वेन्द्रिय गुण तसम सर्वेन्द्रियम" भन्ने उल्लेख छ ।

पङ्खाको हावा खाउन्जेल हामीलाई विद्युतको मतलब हुँदैन । हावाको मात्र ध्यान हुन्छ । त्यस्तै ट्युव लाइट वलेकोम करेन्टको वास्ता हुँदैन, वत्ती वले पुग्छ । यस प्रकार वत्ती, हावा गुण हुन् । कसैले पनि सोझैं तारबाट आफूलाई करेन्ट लाग्ने गरी विद्युत लिँदैन । यसरी आवश्यकतानुसार विभिन्न

प्रकारबाट विद्युतको उपयोग गरिन्छ । तिमीलाई हावा खानु पऱ्यो भने बत्ती कहाँ छ भन्दैनौ । पंखा कहाँ छ भन्छौ । कुनै कुरा पढ्नु पऱ्यो भने बिजुली बत्ती कहाँ छ भन्दैनौ उज्यालो कहाँ छ विचार गर्छौं । यसबाट हामीलाई बिजुली या करेन्टभन्दा उज्यालोको आवश्यकता हुँदो रहेछ भन्ने बुझिन्छ ।

भगवान् सत्य छन् । सत्य नै भगवान् हुन् हामीलाई सत्य चाहिन्छ । ईश्वर प्रेम हुन् । प्रेम नै ईश्वर हुन् । हामीलाई प्रेम चाहिन्छ । हामीलाई रुपियाँ, खाद्यान्न, परिवारको कमी छैन । हामीलाई प्रेमको मात्र अभाव भएको छ । प्रत्येक वस्तु आकाशमा देखिने बादल जस्तै अस्थायी छन् । आज आउँछन् भोलि जान्छन् । हामीलाई जहिले पनि जहाँ पनि प्रेमको आवश्यकता छ । प्रेम नै भगवान् हुन् । प्रेम मा नै बस । सबेरै उठेको बेलादेखि राति नसुतुन्जेल प्रेम मय वातावरणमा दिन बिताउँ भगवान्को समीपमा पुग्ने बाटो नै यही हो । ईश्वर नै शान्ति हुन् । हामीलाई शान्ति चाहिन्छ । जीवनमा सबै कुराले परिपूर्ण भएपनि हामीलाई शान्ति मिल्दैन । धनी मानिसहरुलाई धनले मात्र शान्ति मिल्दैन र घरमा एलसेसन कुकुर पालेका हुन्छन् । तिनीहरुलाई रुपियाँ पैसालेभन्दा कुकुरले शान्ति दिन्छ । अब शान्ति भन्ने कुरो रुपियाँ पैसामा छ कि कुकुरमा रहेछ त ? रुपियाँ पैसाबाट पनि शान्ति नपाएर अरु केमा शान्ति पाइन्छ भनी खोज्दै हिडनु पऱ्यो । अतः भगवान्बाट शान्ति मिल्छ । किनभने शान्ति नै भगवान् हुनहुन्छ । शान्तिमा नै बस । भगवान् आनन्द हुनुहुन्छ । आनन्द नै भगवान् हुनुहुन्छ । आनन्दमा बस । यी सबै गुण हुन् । वास्तवमा भगवान् सबै चीजबाट अलग हुनु हुन्छ । उहाँ प्रेम र घृणाको समिश्रणबाट अलग रहनु हुन्छ । जन्म पनि मृत्यु पनि उहाँ नै हुनुहन्छ । उहाँ निर्गुण र अद्वैत हुनुहुन्छ । उहाँ हाम्रो आवश्यकता र सहयोगकोलागि दुवै गुणको रुपमा प्रकट हुनुहन्छ ।

"सत्यम् ज्ञानम् ब्रम्हानन्द रुपम् अमृतम्"–अर्को विरोधाभास भगवान् एक मात्र हुनुहुन्छ भन्ने छ । "ब्रम्ह सत्य जगत मिथ्या"–ब्रम्ह चाहिं सत्य जगत् चाहिं मिथ्या भन्ने छ ।

मैले स्वामीसँग सोधेको अर्को प्रश्न, "स्वामी ! तपाईं आफूलाई आत्मा बाहेक शरीर, मन, बुद्धि केही होइन भन्नुहुन्छ । तपाईंले मलाई अनिलकुमार ! तिमी कहिले आयौ भनी सोध्नु भएको बखत के मैले मेरो शरीर मात्र आएको छ आत्मा नत आउँछ नजान्छ त्यो त सँधै स्थिर छ भन्नु" भनी अनुरोध गर्दा स्वामीले जवाफ दिनुभयोः–

यदि तिमीले आफूलाई आत्मा हुँ भनी सोधेको भए म तिमीलाई त्यो प्रश्न नै सोधने थिइन । मैले फेरि यो प्रश्न सोधें "तपाईंले मलाई कहिले आयौ भनी सोध्नु भएकोमा मैले भर्खर आएँ भन्दा मेरो शरीर आएको हुन्छभने तिमी कहिले जाने हो भनी सोद्धा त्यसको जवाफमा भोलि भनियोभने शरीर भोलि जान्छ । यसको अर्थ तिमी शरीर रहेछौ । एकै छिनपछि तिमीले मेरो गोडा दुखि रहेछ, मेरो पेट बिग्रिएको छ भन्यौभने त्यहाँ "म" र "पेट" दुई बेग्ला बेग्लै कुरा भए । त्यहाँ तिमी र पेट दुवैभन्दा तिमी छुट्टै भयौं । यो मेरो कलम हो भन्दा कलमबाट तिमी अलग भयौ । कलमको मालिक तिमी भयौ र शरीरबाट पनि भिन्न भयो । तिमी म जान्छु या म आउँछु भन्छौ भने तिमी शरीर भयौ । मेरो कलम, मेरो पेट, भन्दा तिमी शरीरबाट अलग भयौ । कुन ठीक त ? यो पनि ठीक त्यो पनि ठीक । किनभने जब हामी शरीरसित आवद्ध हुन्छौं, हामी भन्छौ "म अहिले भर्खर आएको छु अथवा म भोलि जान्छु । जब हामी शरीरबाट फरक भनी ठान्छौ हामी भन्छौ " मेरो हात, मेरो खुट्टा" ।

"म शरीर हुँ भन्ने भावना नभएपछि सबैमा विष्णु देखिनु हुन्छ, सर्वम् विष्णुमाय जगत"

गीतामा देखिएका यी तीन विरोधाभास विषयहरुमा स्पष्ट गरें जस्तो लाग्छ । म तपाईहरु सबैलाई वेदान्त विषय पढनुभन्दा पहिले साई साहित्य राम्ररी अध्ययन गर्ने अनुरोध गर्छु । भगवद्गीता पढनुभन्दा अगाडि बाबाद्वारा लिखित गीता बाहिनी पढनुस् । उपनिषद पढनुभन्दा पहिले बावाद्वारा लिखित उपनिषद बाहिनी पढनुस् । भजन गर्नुस् । बाबाका निर्देशनहरु, आचार संहिता, पढनुस् । सँधै सत्संग गर्नुस् । बाबाका लीलाहरु मनन् गर्नुस् । हामी कति सौभाग्यशाली रहेछौं भनी विचार गर्नुस् । हामी सबैले बाबा प्रति हृदय देखि कृतज्ञ रहनु पर्छ । यहाँको यो आश्रमको शुद्ध वातावरणले चोखो भएको हामी बाहिर जहाँ गएपनि बिटुलिनु हुँदैन ।

जय साई राम

"एकम् एवं द्वितीयम् ब्रम्ह" – "भगवान् अद्वैत हुनुहुन्छ ।

२०.

अवतार - साई बाबा

प्रत्येक ठाउँको आन्तरिक महत्व हुन्छ। किन भगवान्ले भारतमा नै जन्म लिनु परेको होला ? किन सबै अवतारहरुले भारतलाई नै जन्मस्थल रोज्नु भएको ? यसको उत्तर सरल छ। यसबारे बाबाले भन्नुभयो, "जहाँ यज्ञ-यज्ञादी गरिन्छ शक्ति उत्पन्न भएर त्यहीं भगवान् बस्नुहुन्छ। रेलको इञ्जिनमा नै मेशिन तथा रेललाई हिंडाउने शक्ति उत्पन्न हुने हुनाले ड्राइभर इञ्जिनमा बस्दछ। ड्राइभरले रेलेको इञ्जिनमा निस्केको शक्तिद्वारा इञ्जिनसँग जोडिएको रेलका डिब्बाहरुलाई अगाडि तान्दै लैजान्छ। इन्जिन भारत हो, ड्राइभर (चालक) अवतार हो, शक्ति र मेशिनसँग सम्बन्धित शक्तिलाई यज्ञ हो। अरु बाँकी रेलका डिब्बाहरु विभिन्न मुलकुहरु भनी ठानौं।"

अर्को अर्थ हुन्छ, "भा" - को अर्थ ईश्वर "रथ" - को अर्थ प्रेम हुन्छ। भारतको अर्थ जहाँ ईश्वरको हृदय देखि ध्यान, पूजा गरिन्छ, जहाँ धेरै ग्रन्थहरु जस्तै वेद, उपनिषद, पुराणहरुको रचना भएका छन् त्यो भूमिमा नै आध्यात्मिकताको खोजी भएको स्पष्ट हुन्छ। यसै कारणले गर्दा बाबाले आफ्नो जन्मस्थान यहाँ रोज्नु भएकोहो। भारत शब्द तीन अक्षर भा + र + त मिलेर बन्दछ। हामी भजन गाउँदा "भा" को अर्थ-भाव, "र" को अर्थ-राग (स्वर), "त" को अर्थ ताल मिलाएर गाउँछौं। यसैले भारत जहाँ भाव, राग र ताल मिलाएर पूर्ण भावकासाथ भगवान्को भजन, गौरव, गान गरिनेहुनाले बाबाले आफ्नो जन्म स्थल रोज्नु भएकोहो।

पवित्र ग्रन्थ भागवतको "पुरञ्जन वाक्य" भन्ने अन्तिम अध्यायमा विस्तृतरुपले भगवान्को जन्म मुख्य मुख्य महत्वपूर्ण जन्मस्थलहरुमा भएको विवरण बुझ्न हामीलाई सहायता हुनेछ। त्यो अध्यायको सार यस प्रकार छ। शरीर भनेको पुर (राज्य) समान हो। व्यक्तिगत आत्मा भनेको राजा पुरञ्जन समान हुन्। समयको क्रममा यो व्यक्तिगत आत्मारुपी राजा पुरञ्जनले आफ्नो राज्यरुपी शरीर गुमाउनुपर्‍यो। यस प्रकार राजारुपी पुरञ्जनले मृत्युको समयमा आफ्नो राज्यरुपी शरीर छोड्छन्। यसले हामीलाई अझ अरु बढी

विस्तृत विवरणहरु थाहापाउन सहायता गर्नेछ। विरुवा, जनावर अथवा मानिस भन्ने उपाधी मात्र हो। यो भौतिक (जैविक) संसारमा आत्मा जो सबैको उत्साहको रुपमा बसेकोहुन्छ अनुमानको आधारमा यो भौतिक संसारमा चौरासीलाख योनीहरु हुन्छन्। अनगिन्ती जीवात्माहरु, विरुवाहरु र जनावरहरु हुन्छन्। सबैभित्र आत्माको बास हुन्छ, आत्माले छोड्नासाथ यो जीवित रहनसक्तैन। यसकारण "अनन्त" भनेको अपार "पुर" भनेको शरीर हो। यस प्रकार अनन्तपुर भन्न् शब्दले सबै अनगिन्ती जीवहरुमा ईश्वर बास गर्नुहुन्छ भन्ने जनाउँछ। यो अनन्तपुर जिल्लामा भगवान्ले जन्म लिनुभयो। अब अर्को पक्ष आउँछ। मानिसले, अझ खासगरी भक्तले दृढ (असल) विश्वास लिनुपर्छ। त्यो विश्वास कुनै प्रकारको चुनौती, दुःख, आपत्ती, खलबली, आपद विपदको बखतमा पनि डगमगाउन अथवा चुक्नु हुँदैन। दृढ विश्वास हुनुपर्छ। कागत अथवा धुलोलाई साधारण हावाले उडाएर लगेको जस्तो हुनुहुँदैन। विश्वास डगमगाउनु हुँदैन। त्यो विश्वास पहाड अथवा डाँडो जस्तो हुनुपर्छ। कुनै पहाड या डाँडोलाई आँधीले केही गर्नसक्तैन। यस प्रकार प्रत्येक भक्तको पहाड अथवा डाँडोको जस्तो दृढ विश्वास हुनुपर्छ। यो अर्को ठाउँ भगवान्को छेउमा रहेको पेनुकोण्डा भन्ने नामसित आवद्ध छ। पुट्टपर्तिको ज्यादै नजीकमा पेनुकोण्डा छ। पेनु भनेको ठूलो, "कोण्डा" भनेको पहाड हो। यस प्रकार पेनुकोण्डाको अर्थ "ठूलो पहाड" भन्ने हुन्छ। त्यसकारण तिम्रो हाम्रो विश्वास ठूलो पहाडको जस्तो जीवनका आँधीवेरी, उतार चढावहरुबाट प्रभावित नभई अटल, स्थिर, बलिया हुनुपर्छ।

अब हामी भगवान्को जन्मस्थानसित जोडिएको अर्को ठाउँको चर्चा गरौं। एउटा सानो उदाहरण – यदि हामीलाई बम्बईतिर जानुछभने हामीले मद्रासतिर जाने रेल छोडी बम्बईतिर लाग्ने रेल चढ्नुपर्छ। होकि होइन ? त्यस्तै ईश्वरसित दर्शनगर्न हामीले सत्य बोल्नु आवश्यक हुन्छ। यदि हामी ईश्वरको अनुभूति, अनुभवगर्न चाहन्छौभने हामीले धर्मको बाटो अनुशरण गर्नुपर्छ। यदि हामी धर्मको बाटो मात्र पछ्याउँछौभने हामीले धर्मस्वरुप भगवान्को अनुभव पाउनसक्छौं। "धर्मावरम" भन्ने शब्दको यही नै अर्थ हुन्छ। धर्मावरमको अर्थ धर्मको केन्द्र, धर्मको बाटो जसले हिड्छ उसलाई भगवान्का सामीप्यको अनुभूति हुँदै जान्छ। यस प्रकार किन सत्य साई बाबाले

भारत, अनन्तपुर जिल्ला, धर्मावरम, र पेनुकोण्डाको नजिक आफ्नो जन्मस्थल रोज्नुभयो भन्ने स्पष्ट थाहाभयो ।

अब हामी जन्मस्थान पुट्टपर्तिको चर्चागरौं अनि बल्ल पुट्टपर्ति जन्मस्थल रोज्नुभएको तात्पर्य हामी बुझ्नेछौं । "पुट्ट" भनेको कमीलाको पहाड हो । वास्तवमा यसको ठूलो इतिहास छ ।

"रामायण" बाल्मिकी ऋषिले रचनागर्नुभएको हो। सयौंवर्षसम्म तपस्या गरेर बस्दा बाल्मिकी ठूलो कमीलाको पहाड जत्रो भएकाथिए । यसकारण बाल्मिकीको अर्थ कमिलाको पहाड हो । बाल्मिकीको पहिलेको नाम रत्नाकर थियो । रत्नाकर पहिले डाँकुको जीवन बिताउँदथे तर पछि उनले नारद मुनिको बहुमूल्य सल्लाह र निर्देशनबाट आफ्नो जीवनमा ठूलो परिवर्तन ल्याए। नारदले कठोर तपस्या गर्ने सल्लाह दिए। यस प्रकार खान पिउन सबै छोडेर कठोर तपस्यामा लागे र उनको शरीर कमीलाको पहाडले घेरियो । यस प्रकार बाल्मिकी भन्ने नाम भयो। यो 'पुट्ट' अथवा कमिलाको पहाड भनी जोडिएको कथा पछि दोश्रो कथा यस्तो छ : भगवान् शिवको गला (घाँटी) वरिपरि सर्पहरुले बेरिएको हुन्छ । सबै सर्पहरु कमीलाको पहाडमा बस्छन् । अर्को कथा भगवान् सुब्रम्हण्यम्को छ । सुब्रम्हण्यम (कुमार) पनि यो "पुट्ट" अथवा कमिलाको पहाडसित सम्बन्धित छ । सुब्रम्हण्यम् (कुमार) पुट्ट अथवा पवित्र कमिलाको पहाडमा बस्नुहुन्छ ।

चौथो कथा भगवान् बेंकटेश्वरको छ। भगवान् वेंकटेश्वर यो "पुट्ट" कमिलाको पहाडमा समयसम्म गाईको थुनबाट दूध पिएर बस्नुभयो । यस प्रकार यी चार कारणहरुको पूर्वाधारलाई भगवान्ले आफ्नो यो पुट्ट "कमिलाको पहाड" लाई रोज्न छोड्नुभएन। यो पुट्टपर्ति यस्तो महत्वपूर्ण स्थान हो जसको आन्तरिक महत्व पनि त्यत्तिकै छ ।

मनुष्यको मन ज्यादै अनौठो, अचम्म र रहस्यपूर्ण छ। उसलाई प्रशंसा गरिन्छ भने ऊ अहंकारले गम्म फुल्छ। उसको कसैले आलोचना गर्‍योभने उ निराश एवं खिन्न हुन्छ। मानिसको मन सँधै तल माथि उफ्रीरहन्छ। यो मन नै हो जसले स्वर्गलाई नरक र नरकलाई स्वर्ग बनाउँछ। मनले नै मानिसलाई बन्धनमा पार्ने, मुक्ति दिलाउने, वैराग्य उत्पन्न गराउने, प्रशन्न राख्ने जस्ता जिम्मवारीको कामगर्छ ।

चित्राको अर्थ विचित्र अथवा अनौठो हुन्छ । चित्रावतीको अर्थ यी सबै विचित्र र लहडहरु, मनका तरंगहरु भन्ने जनाउँछ । हाम्रा सबै कर्महरु अरुहरुले नदेख्न पनि सक्छन् तर हाम्रो विवेकले विचित्रसँग हाम्रा सम्पूर्ण कार्यहरुको टिपोट लेखेको हुन्छ । यस प्रकार चित्रावती नदीले दुई कुरा मन र (विवेक) आत्मा भन्ने बोध गराउँछ । मन विचित्रको हुन्छ किनभने यसले द्वैत सूचकको प्रतिनिधित्व गर्छ । विवेक पनि विचित्रको हुन्छ किनभने यो हाम्रो सबै कार्यहरुको नजानिदो भएर साक्षीको रुपमा हुन्छ । चित्रावती भनेको त्यही हो ।

अर्को प्रशान्तिनिलयम छ । हामीले चराहरु आकाशमा माथि माथि उडेको देखेका छौं तर तिनीहरु कुनै न कुनै वेला तल आई रुखका हाङ्गाहरुमा आएर आराम गरी बस्छन् । दिनभरीको थकाइपछि तिनीहरु आफ्नो गुडमा गएर बस्छन् । त्यस्तै प्रकारले मानिसहरु आफ्ना भौतिक सांसारिक, पारिवारिक समस्याहरु, आवश्यकताहरुको माग र पूर्ति आदिबाट थाकेका हुन्छन् र उनीहरुलाई पनि आरामको आवश्यकता पर्दछ । त्यसकारण "प्रशान्ति" अर्थात् "प्र" अर्थ दैविक शान्ति हो । त्यस ठाउँमा दैविक शान्ति पाइन्छ । दैविक शान्ति सर्वोच्च शान्ति हो । साधारण शान्ति अथवा आराम भनेर मानिसहरु मादकपदार्थ सेवन गरेर आराम अथवा शान्ति लिन खोज्दछन् जुन उनीहरुको सारै ठूलो भूल हो । भगवान्ले प्रशान्ति निलयम उच्च आनन्द लिने स्थललाई आफ्नो केन्द्र रोज्नु भएको छ ।

साई बाबा उहाँको नाम हो । बाबाको अर्थ "बुबा" र साईको अर्थ "दैवी माता" हुन्छ । दुवै मिलाउँदा "दैविक माता पिता" भन्ने अर्थ आउँछ । आमाले जस्तै भगवान् बाबाले हामीलाई कथाहरु सुनाउनुहुन्छ । प्रेमसाथ पालनपोषण गर्नुहुन्छ । बाबुले जस्तै उहाँले हामीलाई मार्ग दर्शन र आदेश दिनुहुन्छ । उहाँ साधारण आमाबाबु मात्र नभई दैविक आमाबाबु हुनुहुन्छ । भौतिक आमाबुबाले सीमित परिधिभित्र रहेर आफ्नै प्रकारले कामगर्न सक्छन् तर भगवान् साईबाबा दैविक आमाबुबा हुनुहुन्छ । असीमित र निस्वार्थ हुनुहुन्छ. । उहाँ उही साम्बशिव हुनुहुन्छ । "सा" भनेको दैविक र "अम्बा" भनेको आमा हो । उहाँ दुवै मातापिता हुनुहुन्छ । साई बाबाको अर्को अर्थ साई बाबा र म एकै हो भन्ने पनि अर्थ हुन्छ । "तत त्वम् असि" को अर्थ नै यही हो । यदि हामीले अंग्रेजीबाट हुने S A I (साई) लाई पछाडिबाट लिने होभने IAS" (I am as Sai) हुन्छ ।

यसको अर्थ म र साई बाबा एउटै हो । "अहम ब्रम्हास्मि" हुन्छ । यी सबै उपनिषदका वाक्यहरु हुन्, वेदका सार हुन् ।

अर्को BA+BA यस अर्थमा बाबा डबल ग्राजुयट अर्थात् दोहोरो स्नातक हुनुहुन्छ ।

B को अर्थ सत् (Being) जीव हुन्छ

A को अर्थ चित् (Awareness) हुन्छ

B को अर्थ आनन्द (Bliss) हुन्छ

A को अर्थ आत्मा (Atma) हुन्छ

यस प्रकार बाबाको अर्थ सत् चित् आनन्द र आत्मा हो । व्यक्तिगत आत्मा सत्, चित्, आनन्द हो । हामी सबै आफूलाई स्थायी सम्झन्छौं । हामी प्रत्येक दिन मानिसहरुको मृत्यु भएको देख्दछौं । हामी एउटा मान्छे दुर्घटनामा परेर अथवा औषधोपचार नपाएर मऱ्यो भन्छौं तर एकदिन हामी पनि मर्छौं भन्ने वास्तविकता भने बिर्सन्छौं । यस प्रकार हामी सबैमा जानेर या नजानेर स्थायित्वको भावना रहन्छ । वास्तवमा स्वाभाविक मृत्युमा पनि शरीर मर्छ तर आत्मा (स्व) मर्दैन । स्व (आत्मा) को यथार्थ हामी जान्दैनौं तर पनि हामी सबैले स्थायित्वको भाव भने लिएका हुन्छौं ।

पहिलो अक्षर B ले अस्तित्व (सत्) को अर्थ दिन्छ, त्यसपछि A अथवा चित्मा जाऔं । हामी हरेक चीज जान्न चाहन्छौं । यस प्रकार मानिसको अनुसन्धान र वैज्ञानिक ज्ञान नै को, के र कसरी ? भन्ने सम्बन्धमा चेतना या खोज हुन्छ । जब हामी सुत्छौं हामी सबै कुरा बिर्सन्छौं । बिहान उठेपछि कसैले पनि हामीलाई हामी मानिस हौं भन्ने कुरा भनिरहनु पर्दैन । कसैले पनि मेरो नाम या काम भनिरहनु पर्दैन । सबै हामी जान्दछौं । यो नै चेतना या सजगता हो ।

सबैले आफू को हो भन्ने जान्दछ । यो "चित्" हो । तेश्रो "आनन्द" हो । प्रत्येक मानिस निरन्तर सुखी हुन चाहन्छ । कोही पनि दुःखी, निन्दित अथवा दोषी हुन चाहँदैन । हामी सबै निरन्तर सुखी हुँदैनौं । "तर पनि हामी जीवन भरी नै आनन्दित र सुखी बन्न चाहन्छौं । वास्तवमा दुःखद न्दा आनन्दका क्षणहरु बढी हुन्छन् ।

मानिसले यदि कसैलाई चिन्तित या दुःखी जस्तो देख्योभने, "किन तिमी दुःखी छौ या चिन्तित छौ भनी सोध्दछ । कसैले पनि आनन्दित छौ नि भन्दैन ।" यस प्रकार दुःख अस्वाभाविक हो जब कि सुख स्वाभाविक हो । सुख या आनन्द आफै उत्पत्ति भएको स्वाभाविक गुण हो जब कि दुःख आफ्नो

रचना या सृष्टि हो । हामी आनन्दमा जन्मन्छौं तर ज्यादा इन्द्रिय सुखपट्टि लाग्नाले सांसारिक इच्छाहरु तिर बढी मोहित र अकर्षितभएर हामी दुःखी हुन्छौं । अन्यथा हामी आनन्द स्वरुप हौं । उदाहरणकोलागि भात खाँदा एक दुईवटा ढुङ्गा आउन सक्छन् त्यसबेला हामी ढुङ्गा लाग्यो भनेर गुनासो गर्छौं तर धेरै जस्तो समय हामी आनन्दित नै हुन्छौं ।

आखिरको अक्षर आत्मा हो । यो सत्, चित्, आनन्द तीनै गुणभन्दा माथि छ । यस प्रकार साई बाबा शब्द खालि नामकोलागि मात्र नभई यसको गहिरो अर्थ छ र यो मानिससित सम्बन्धित छ ।

कसैले एकपटक बाबालाई सोधे, "तपाई कहाँ बस्नुहुन्छ ? बाबाले जवाफ दिनुभयो- म तिम्रो हृदयको वेदीमा बस्दछु" । ईश्वर शुद्ध हृदयको गद्दीमा बस्नुहुन्छ । यस प्रकार साई बाबा हाम्रो शुद्ध र पवित्र हृदयमा बस्नुहुन्छ ।

बाबालाई अर्को प्रश्न सोधिएका थियो, "स्वामी हजूर के गर्नुहुन्छ ?" त्यसको उत्तरमा बाबाले, "म मेरो भक्तहरुको हेरविचार गर्छु भन्ने जवाफ दिनुभयो । "म धर्मको पुनर्स्थापन गर्छु । म असहाय र जरुरत परेकालाई हेर्छु । म बौद्धिक ज्ञानको बिस्तार गर्छु । म सबैलाई आनन्दको आशीर्वाद दिन्छु । म धर्मबाट विमुख भएकाहरुलाई ठीक बाटो तिर डोऱ्याउँछु । दुःख पाएकाहरुलाई दुःखबाट हल्का गराउँछु । मप्रति सच्चा भक्ति भनेको सुख र दुःखलाई एकै प्रकारका हुन् भनी ठान्नु हो ।"

बाबाले भन्नुभयो, "मेरो उद्देश्य दुष्टहरुको निर्मुलगर्नुको सट्टा उनीहरुको हृदयमा परिवर्तन ल्याई उनीहरुमा रहेको दैवत्वको बोध गराउनु हुनेछ ।" भगवान् बाबा कुनै खास एउटा धर्मलाई मात्र जोड नदिई धर्महरुको सार बारे शिक्षा दिनुहुन्छ । उहाँको उद्देश्य धर्मलाई सिक्ने या पढ्ने मात्र नभई त्यसलाई अभ्यासमा उतार्नु पर्ने कुरामा जोड दिनुहुन्छ । उहाँले दिने शिक्षा परापूर्वकाल देखिका पद्धतिहरुलाई दोहऱ्याउनु मात्र होइन । उहाँ ध्यान या तपस्याको बाटोबाटभन्दा सेवाको माध्यमबाट दैवत्वमा पुग्न जोड दिनुहुन्छ । उहाँले हाम्रो ज्ञानभन्दा बाहिर ईश्वर छ भन्ने कुरा गर्नुभएको होइन । भगवान्बारे बाबाको परिभाषा यस्तो छ - "भगवान् नै प्रेम हो, प्रेम नै भगवान् हो । सबैलाई प्रेम गरी जीवन यापन गर ।" भगवान् श्री सत्य साई बाबा मनुष्यको रुपमा प्रेमस्वरुप अवतार भई यस पृथ्वीमा अवतरित हुनु भएको छ । उहाँ हामी जस्तो दुई गोडाले हाम्रोबीच हिडेर हामीलाई प्रेमसञ्चार गर्नुहुन्छ ।

बाबा किन प्रेमस्वरुप हुनुहुन्छ ? बाबा भन्नुहुन्छ, "सबै धर्म या गुणहरुको मूल आधार नै प्रेम हो । प्रेम विना सबै निरर्थक हुन्छ । प्रेम प्रस्फुरण भएपछि अरु सबै मूल्यहरु निसन्देह पछिलाग्नेछन् । प्रेम पूर्वक बोलेको वाणि सत्य हुन्छ, प्रेमपूर्वक गरिएको कार्य धर्म हुन्छ, प्रेमपूर्ण भाव शान्ति हुन्छ, प्रेमपूर्णको समभ्रुदारी अहिंसा हुन्छ । सबै गुणका मूल्य र मान्यताहरु प्रेममा नै आधारित हुन्छन् । यस प्रकार जहाँ प्रेम छ त्यहाँ सबै गुणहरु प्रस्फुरित हुन्छन् । यसैले प्रेम एउटा कै माध्यमद्वारा एक अर्कामा सम्बन्ध गाँसिदै जान्छ । प्रेमले नै फूलको माला गाँस्ने धागो जस्तो सबैलाई एक सुत्रमा बाँध्दछ । सत्य साई बाबाको अर्को अर्थ यस प्रकार भन्नु हुन्छ । "सत्य" भनेको सत्य नै हो । कस्तो खालको सत्य ? सत्य भनेको के हो ? यस विषयमा हामीले विस्तृत किसिमबाट जान्नुपर्छ । हामी विज्ञानलाई सत्यको प्रतीक हो भन्छौं । हामीलाई वैज्ञानिक कानून र सिद्धान्तहरुले सत्यको प्रतिनिधित्व गर्छन् भन्ने लाग्छ । तर वास्तवमा होइन रहेछ । वैज्ञानिक कानूनहरु परिवर्तन हुँदै जान्छन् । वैज्ञानिकहरुले आज जे सत्य छ भन्छन् भोलि त्यो बद्लिन्छ । उदाहरणकोलागि एक समयमा परमाणु कहिल्यै विभाजन हुँदैन भनिन्थ्यो । पछि आएर यो विभाजन हुन्छ भनियो । सत्य एउटै हुन्छ दुइटा हुँदैन । वैज्ञानिक सत्य बदलिंदै जान्छ । आज वैज्ञानिक यो सत्य भन्दछ भोलि त्यो भ्रुठो हुन सक्छ । यस प्रकार वैज्ञानिक कुराहरु तथ्यको आधारमा हुन्छ सत्यतामा होइन । तथ्य सत्यबाट भिन्न हुन्छ । तथ्य समय र ठाउँ अनुसार निर्भर गर्छ तर सत्यलाई समय र ठाउँ कुनै कुराले पनि असर गर्दैन । सत्य सर्वव्यापी हुन्छ जबकि तथ्य वरिपरिको वातावरणबाट प्रभावित हुन्छ । सत्य परिवर्तन हुँदैन जबकि तथ्य परिवर्तनशील हुन्छ । सत्य निरन्तर हुन्छ जबकि तथ्य भौतिक हुन्छ । सत्य स्वयं आत्मा हो जब कि तथ्य शरीर हो । सत्य ईश्वर हो जबकि तथ्य त्यसको प्रतिबिम्व हो । यसलाई उदाहरणको रुपमा अरु विस्तृत बढी वर्णन गर्दा मैले आज एक किसिमको लुगा लगाउन सक्छु त्यो तथ्य हो । भोलि म अर्कै प्रकारको लुगा लगाउन सक्छु त्यो तथ्य हो । यस प्रकार तथ्य परिवर्तनशील हुनसक्छ तर म एउटै हुन्छ । यस प्रकार सत्य अमर हुन्छ, दैविक हुन्छ आध्यात्मिक हुन्छ र स्थायी हुन्छ जसलाई संस्कृतमा रुतम् भनिन्छ । भगवान् बाबा देखि सत्य हुनुहुन्छ । सत्य साई बाबा अनन्त, अमर र सत्य स्वरुप लिएर आउनु भएको छ ।

अर्को पक्ष धर्म हो । धर्मको धेरै जसो गलत प्रकारले अर्थ लगाइन्छ । रोचक चलन चल्ती भाषामा धर्मलाई दान अथवा (करुणा) दयाको कार्य भनिन्छ । बाबा भन्नु हुन्छ : धर्म भनेको मानिसको जन्मजात प्राकृतिक गुण अथवा विशेषता हो । आगो बल्ने क्षमता लिएर रातो भई बल्छ । वरफ चीसो हुन्छ । वरफ को धर्म नै त्यही हो । चराहरुको पनि धर्म हुन्छ । पशुहरुको पनि धर्म हुन्छ । मानिसको मानवीय गुणहरु हुनु धर्म हो । तर दुर्भाग्यवश आज मानिसमा हुनु पर्ने मानवीय गुणहरु कसैमा छैनन् । त्यसकारण आजको मानिसमा पूर्ण मानवीय गुण हुँदैन । भगवान् मानिसहरुमा मानवीय गुणहरु पुनरावृत्ति गराउँदै हुनुहुन्छ। सत्य साई संगठनले मानवीय गुणहरुको अभ्युदय गर्ने कार्यक्रम लिएर अग्रसर हुँदैछ ।

अब हामी शान्तिको गुण बारे केही भन्छौं । प्रेमपूर्ण भाव लिनु शान्ति हो । हामीले कुनै व्यक्तिको अनुहारमा उसले शान्तिको अनुभव गरेको छ या छैन हेरे मात्र पनि थाहाहुन्छ । आज किन शान्ति लोप हुँदै छ त ? हाम्रो बोलीमा सत्यता छैन, हाम्रा कार्यहरुमा सदाचार छैन । यदि हामीले सत्य बोल्यौं र धर्मरुपी कार्य गर्‍यौं भने शान्ति महशुश हुन्छ । भगवान् श्री सत्य साई बाबा सत्यस्वरुप हुनहुन्छ । उहाँ जे गर्नुहुन्छ त्यो धर्म हो, उहाँ जे भन्नुहुन्छ त्यो सत्य हो, उहाँको स्वभाव नै शान्ति हो । आज हामी शान्तिको नारा लगाउँदै हातमा परमाणु बम लिएर अन्तरराष्ट्रिय शान्ति सम्मेलनहरुको आयोजना गर्दछौं । त्यसैकारणले शान्ति भताभुङ्ग भएर टुक्रा टुक्रामा विभाजन भएको छ । धेरै मानिसहरु स्वामी कहाँ आउँछन् र "स्वामी ! म शान्ति चाहन्छु" भन्छन् । उनीहरुलाई शान्ति छैन त्यो तथ्य हो । किन तिनीहरु के कारणले शान्तिको कमी भएको हो भन्ने कुरा बुझ्न तिर लाग्दैनन् ? कारण सरल छ । मानिसमा सत्य र धर्म छैन त्यसैकारणले शान्ति छैन। भगवान् बाबा सत्य र धर्मकोस्वरुप हुनुभएकोले प्रशान्ति हुनुहुन्छ । त्यसैले उहाँले आफू वस्ने सर्वोच्च शान्ति प्राप्ति गर्ने स्थललाई प्रशान्ति निलयम भनी नाम दिनुभएको छ ।

अब हामी अहिंसाको विषयम छलफल गरौं । साँच्चै भन्ने होभने हामीले यो अहिंसा शब्दको अर्थ नै बुझेकाछैनौं । हामी केवल मार्नु अथवा हत्या गर्नुलाई मात्र अहिंसा ठान्छौं । भगवान्‌ले यस विषयमा अर्कै किसिमबाट व्याख्या गर्नु भएको छ यदि तिमी आफ्नो कार्यहरुद्वारा कसैलाई चोट पुर्‍याउँछौ भने त्यो पनि हिंसा हुन्छ । यस प्रकार तिम्रो विचार, बोली (शब्द) र कार्यद्वारा तिमी हिंसा गर्दछौं । भगवान्‌का शब्दहरु यस्ता शान्तमय हुन्छन् । उहाँका कार्यहरु प्रेम

पूर्ण हुन्छन् । यी सबै उहाँका अहिंसाका गुण हुन् । भगवान् कसैलाई पनि चोट पुऱ्याउनु हुँदैन । उहाँ सबैलाई खुशी पार्ने कार्य गर्नुहुन्छ । त्यसकारण अहिंसा उहाँको श्वास (सास) हो । सत्य, धर्म, शान्ति, प्रेम चार खम्बाहरु हुन्, हिंसा छत (छाना) हो । त्यस भित्र जीव बस्छ । त्यो मानवीय गुणहरुको भवन हो । आजकल सुख र शान्ति होस् भनी बैंक मैनेजरहरु, होटलवालाहरु, उद्योगपतिहरु र यस्तै अन्य संस्थाका मानिसहरुलाई मानवीय गुणहरुको तालीम दिइन्छ । भगवान्का मुख्य दुई कृयाकलापहरु छन् । विद्या र वैद्य । विद्यालय बौद्धिक आवश्यकताको प्रबन्ध गर्छ जब कि स्वास्थ्य (वैद्य) ले शरीरको हेरचाह गर्छ । भारतीय संस्कृति र आध्यात्मिकतालाई जगाउन भगवान् श्री सत्य साई बाबाले प्रायः प्रत्यके वर्ष भारतका विद्यार्थीहरुलाई भेला गराएर गृष्मकालीन पाठ्य विषय (Summer Course) को आयोजना गर्नुहुन्छ । संस्कृति भनेको के हो ? भगवान् बाबाको भनाई अनुसार संस्कृति भनेको जीवन पद्धति हो, "संस्कृति भनेको परिपूर्णता हो । संस्कृति भनेको (विचार) मन, वचन र कार्यमा समन्वय राख्नु हो । स्वामीको भनाई अनुसार संस्कृति भनेको एउटा उत्साह हो । संस्कृति भद्रताको प्रकृया हो । जसरी एउटा ढुङ्गालाई मूर्ति अथवा शालिकमा परिणत गरिन्छ । त्यस्तै यो शिष्टताको प्रकृया नै संस्कृति हो । यस प्रकार जब सबै प्रकारले त्यो मूर्तिले आकार, रुप, पालिस (टल्काउने) आदि प्राप्त गर्छ अनि त्यो मूर्तिलाई पूजागर्न थालिन्छ । जबसम्म ढुंगाले यो प्रकृयाबाट भद्रता या शिष्टता पाउँदैन त्यतिबेलासम्म मानिसको गोडाले त्यो ढुंगालाई कुल्चिएर हिंड्नेछन् । तर त्यही पत्थर अथवा ढुंगाले जब संस्कृति प्राप्त गर्छ अथवा मूर्तिको रुप लिन्छ त्यो पूजित हुन्छ । त्यस्तै फलामको धेरै मूल्य पर्दैन । जब त्यसै फलामलाई पालीस लगाएर टल्काइन्छ घडीको रुप दिइन्छ । त्यसको सयौं रुपैया मोल जान्छ । शुरुको अवस्थामा हिरा एउटा शिशाको टुक्राको रुपमा हुन्छ तर त्यसैमा अनेकौं प्रक्रिया जस्तै काट्ने, पालीस लगाउने, आकार दिने जस्ता कार्यहरु गरेपछि त्यसको मूल्य यसरी बढ्छ कि त्यसको मूल्य नै आँक्न सकिँदैन । यस प्रकार संस्कृति भनेको क्रमशः र दुःखपूर्वक अनेकौं प्रक्रियाद्वारा जाने संस्कृति हो भनी भगवान् बाबाले परिभाषित गर्नुहुन्छ । अन्ततोगत्वा संस्कृति भनेको मानवीय गुणहरुद्वारा मानिसलाई दैवसित एकाकार गराउनु हो । यस प्रकार दैवसगँ व्यक्तिको एकता हुनु नै संस्कृति हो । यसरी भगवान् बाबाका शिक्षा र उदाहरणहरुद्वारा हामी सिकौं । भगवान् भन्नु हुन्छ, "मेरो जीवन नै मेरो सन्देश हो" । हामी सबै भगवान्को संसारलाई आनन्द र सुखमय स्थल बनाउने यस्तो पवित्र कार्यमा संलग्न भई सहयोग गरौं ।

२१.

भगवान्को साथमा रहने (Living with God)
भगवान्कालागि बाँच्ने (Living for God)
भगवान्मा बाँच्ने (Living in God)

मानिस परापूर्व सृष्टिकालदेखि नै ईश्वरको खोजीमा छ। त्यसै बेलादेखि ऊ सुखको खोजीमा छ। उसले ईश्वर कहाँ छन् भनी जान्न चाह्यो। मानिसले पनि ईश्वर को हो त भनी पत्ता लगाउँदै जाँदा विभिन्न प्रकारबाट वर्णन गर्न थाले। कसैले भने, "ईश्वर हावा अर्थात्, वायु देव हो। अग्नि देव हो। वरुण देव (वर्षा) हो। यस प्रकार सबै पञ्चतत्वहरु मिलेर ईश्वर हुन्छन्" भनी परिचय गराए। पछि प्रश्न उठ्यो - ईश्वर को हो त ? त्यसको जवाफमा - "सर्वम् विष्णु मयम् जगत" अर्थात् सम्पूर्ण ब्रम्हाण्ड केही होइन, सबै ईश्वरका स्वरुप हुन्। सम्पूर्ण विश्व नै केही होइन, दैवको प्रतिबिम्ब हो भन्ने उत्तर आयो। चेतना (सजगता) भनेको के हो ? हामी मस्त निन्द्राको अनुभव गर्छौं जसलाई सुषुप्ति भनिन्छ। जसै हामी विहान मस्त निन्द्राबाट ब्युँझन्छौं हामी मानिस हौं भन्ने आफूलाई जान्दछौं।

म मस्त निन्द्रामा आफूलाई बिर्सन्छु। म को हुँ, कहाँ छु, अथवा मेरा इन्द्रियहरु, शरीरले के गर्छ मलाई केही पत्तो हुँदैन। ब्युझेंपछि सबै कुरा थाहाहुन्छ, अनुभवहुन्छ। मानिसहरु बिहान उठेर आज राति मस्त निन्द्रा पऱ्यो भन्छन् त्यो कुरा कसले थाहापायो ? त्यो चेतना अर्थात् प्रज्ञानम्‌बाट थाहा हुन्छ। "प्रज्ञानम् बम्ह" अर्थात् ईश्वर नै प्रज्ञान हों। त्यसो भए भगवान् कहाँ छन् त ? "तत् त्वम असि" अर्थात् तिमी त्यही हौं। यहाँ त्यो र यो दुई छन्, अर्को उत्तर "अय्म आत्मा ब्रम्ह" म आत्मा ब्रम्ह हुँ। यहाँ पनि म र ब्रम्ह दुई हुन्छन्। त्यस पछि अर्को जवाफ आउँछ "अहं ब्रम्हास्मि अर्थात् म ब्रम्ह हुँ।" यहाँ पनि म र ब्रम्ह दुई छन् तर भगवान्ले भन्नुभयो - "म" म नै हुँ। म र ब्रम्ह फरक छैन। जब म भन्छु "अहम् ब्रम्हास्मि" यसको अर्थ हुन्छ म र ब्रम्ह एउटै हो। त्यसकारणले तिमी र ब्रम्ह फरक छैनौं। अतः शुद्ध जवाफ "अहं अहं" हो

म नै म हुँ। विष्णुसहस्रनाममा एकपटक ईश्वर को हो भन्ने भ्रम पैदा भयो। त्यहाँ कसैले ईश्वर यो होभने, कसैले त्यो होभने प्रत्येक चीज ईश्वर हो, आदि। खोज जारी नै रह्यो अन्तमा उपनिषदले बुद्धिमतापूर्वक बतायो, "चुपचाप बस, तिमी ईश्वरको परिभाषा दिन सक्तैनौ। तिमी ईश्वर चिन्न या जान्न सक्तैनौ। ईश्वरलाई विश्लेषण गर्न सक्दैनौ। ईश्वरलाई केवल बोध गर्न सकिन्छ। ईश्वर माथि अनुसन्धान गर्न सकिँदैन। ईश्वरलाई अनुभव गर्न सकिन्छ।

"यथा वाचो निर्वतन्ते अप्राप्य मानस सह" यसको अर्थ जुन कुरा मनद्वारा बुझ्न र विस्तृत तवरले वर्णन गर्न सकिदैन त्यसैलाई दैवत्व भनिन्छ। यसबाट भगवान्‌लाई अनुभूति मात्र गर्न सकिन्छ भन्ने स्पष्ट हुन्छ। तर हामी आधुनिक कम्प्यूटर युगका मानिसलाई भगवान्‌ले सरल उत्तर दिनुभयो, "ईश्वर प्रेम हो, प्रेम ईश्वर हो, प्रेममा जीवन यापन गर।" बाबाले भन्नुभयो, वेद केही होइन बेदना हो, व्याकुलता हो। तिमीहरुले आवेदन गर्नुपर्छ, किताब र धर्म शास्त्रहरुमा निर्भर हुनु हुँदैन। भगवद् गीता, वेद र अन्य धार्मिक ग्रन्थहरु केवल मूल ग्रन्थ सम्बन्धी सैद्धान्तिक कुरा मात्र हुन्। भगवान् अर्कै हुनुहुन्छ। ईश्वर प्रेम हो, प्रेम नै ईश्वर हो। प्रेममा नै बाँच भन्नुहुन्छ।

अर्को कुरा जब तिमी कुनै चीजलाई प्रेम गर्छौ तिमी त्यसलाई पाउने इच्छा गर्छौ। जब तिमी कसैलाई प्रेम गर्छौ, तिमी त्यो मानिसको नजीक हुन चाहन्छौं। यसकारण प्रेमलाई कसैको नजीक पुऱ्याउँछ। हाम्रो विषयको पहिलो पक्ष ईश्वरको साथमा बस्ने छ। जब तिमी ईश्वरलाई प्रेम गर्छौभने तिमी ईश्वरसित बस्न चाहन्छौ। ईश्वरसँग बस्ने भन्नाले के बुझिन्छ ? यो साधारण र चानचुने कुरो होइन। यस सम्बन्धमा भगवान् श्री सत्य साई बाबाले भन्नुभयो, "यो आगोसित बस्नु बराबर हो। सबै चीज डढेर जान्छ। यो त्यति सरल छैन।" यसकोलागि हाम्रा ग्रन्थहरुबाट केही उदाहरणहरु लिउँ। कैकैयीले आफ्नो छोरो राजा होस् भन्ने इच्छा गरिन्। उनको एक मात्र इच्छा, छोरो राजा भएको हेर्ने थियो। उनको छोरा भरतले त्यसलाई पूर्णरुपले इन्कार गरे। साँच्चै भन्ने हो भने भरतले आफ्नी आमालाई त्यसकोलागि दिक्कभएर मार्न पनि चाहे। यस प्रकार जब भरतलाई ईश्वर र आफ्नो आमामध्ये कसलाई छान्ने भनी रोज्नुपर्दा उनले ईश्वरलाई नै छाने।।

अर्को घटना यस्तो छ :- हिरण्यकश्यपुले आफ्नो छोरा प्रल्हाद र राज्य दुवै घोर तपस्या गरेर पाएका थिए। उनले प्रल्हादसँग आफूले भने अनुसार

चल्नुपर्छ भन्ने शर्त राखे । उनले छोरासँग आफू पाँचै तत्व तथा ग्रह र ताराहरुलाई नियन्त्रणमा राख्नसक्छु भन्ने घमण्ड पनि देखाए । सूर्य समेत् उनको आदेशमा चल्दथे । प्रल्हादले आफ्नो बाबुको राज्य तथा भगवान्मध्ये एकलाई रोज्नुपर्दा पूर्णतया नारायण महाप्रभु भगवान्लाई रोजे । यस्तै अर्को घटना : लङ्काका राजा रावणका भाई विभीषण थिए । विभीषणले शिवको परमभक्त धुरन्धर विद्वान आफ्नो दाजु रावणलाई भगवान् रामको पत्नी सीतालाई हरण गर्नुहुँदैन खुरुक्क रामलाई फिर्ता गर्नुपर्छ भनी सम्झाए । रावणले उनको सल्लाह नमानेपछि विभीषणले लंका छोडेर भगवान् रामको शरणमा परे । यस प्रकार दाजु र भाइमा पनि ईश्वर र दाजुमध्ये एकलाई रोज्नुपर्दा विभीषणले भगवान्लाई नै राजे । अर्को उदाहरण पनि छ - नवरात्री पर्वको बेलामा राजालाई रानीले आरती गर्ने चलन थियो । मानिसहरुले मीरालाई राजाको आरती गरेर राजाको मान र इज्जत राख्न अनुरोध गरे । मीराले उनीहरुको अनुरोध मानेर उठेकी मात्र के थिइन् उनले कृष्णको बाँसुरीको मधुर धुन सुनिन् । उनी सबैकुरा त्यँही छोडेर मन्दिरतिर लागिन् । उनी मन्दिरतिर लाग्ने बित्तिकै संगीत बन्दभयो । अब के गर्ने के नगर्ने भन्ने प्रश्न उठ्यो । स्वभावतः राजालाई आफू अपमानित भएकोमा रिस उठ्यो र मीरालाई लछारपछार गर्दै दरबारमा ल्याए तर निसंकोच मीराले आफ्नो पति र कृष्णको बीचमा कृष्णलाई रोजिन् । यस प्रकार ईश्वरसित रहने भन्ने कुरा आफ्नो छनौटको विषय हो । एकातिर विश्व छ अर्कोरित ईश्वर हुनुहुन्छ । अर्जुन र दुर्योधनको बीचमा पनि जब छनौटको बखत आयो अर्जुनले भगवान् श्री कृष्णलाई रोजे, दुर्योधनले फौज सेना आदि रोजे । यी आफ्नो नातागोतासित अलग र छुट्टिने कुरा भगवान्सँग अनन्य भक्तिको कारणले मात्र सम्भव हुन्छ ।

आमाको त्याग सम्बन्धी एउटा उदाहरणः- जब छोरा खतरामा पर्दछ आमा आफ्नो छोरालाई बचाउन आफ्नो ज्यान दिन पनि तयार हुन्छिन् । त्यस्तै एक पत्नी आफ्नो पतिको जीवनकोलागि आफ्नो ज्यान दिन तयार हुन्छिन् । यस प्रकार दुईमध्ये एक रोज्नु पर्ने स्थिति आईपर्छ । ईश्वरसित बाँच्नु भनेको एकातिर अस्थायी र नाशवान आकर्षण र अर्कोतिर दैवत्व हुन्छ । आगोको ज्वालामा हामफाल्नु अथवा तरवारको धारमा हिड्नु भनेको कठिन

कार्य हो । यस प्रकार केवल हामीले ईश्वरसित अनन्य प्रेम छ भन्दैमा ईश्वरसित प्रेम नरहन पनि सक्छ । यो सबै भौतिक सामीप्य हो । भौतिक सामीप्यको मात्र पनि कुरा होइन । आध्यात्मिक सामीप्य चाहिन्छ । भगवान् वस्नुहुने प्रशान्तिनिलयम, ह्वाइटफिल्ड वृन्दावनका मन्दिर वाहिर अनगिन्ती पसलहरु छन् । के ती पसलेहरु सबै ईश्वरसित जीवन बिताउने हुन् त ? त्यस्तै प्रशान्तिनिलयममा कामगर्ने कामदार, कर्मचारीहरु प्रशस्त हुन्छन् । तिनीहरुको भौतिक सामीप्य नजीक भए पनि आध्यात्मिक निकटता टाढा हुन सक्छ । भगवान् बाबा मानवता र भवनहरुको निर्माणकर्ता हुनुहुन्छ । हर वखत प्रशान्तिनिलयममा निर्माणहरु भइरहेका हुन्छन् । यो वर्ष एक भवन देखिन्छ भने अर्को वर्ष दोश्रो भवन पनि थपिएको हुन्छ । त्यस्तै अर्का दुई भवनहरु भत्काइएका पनि हुन सक्छन् । अनावश्यक कुराहरु हटाइएका हुन्छन्भने मानवीय गुणहरुको निर्माण कार्य भइरहेका हुन्छन् । यस्तो निर्माण र विनाशरुपी दैवीकार्य भइरहन्छ । त्यसकारण के त्यहाँका कामदार, मजदुरहरु सबै ईश्वरसित रहेका छन् त ? ईश्वरसित के तिनीहरु सामीप्यमा छन् त ? ईश्वरसँग रहनु या उहाँसँग जीवनबिताउनु भनेको भौतिक सान्निध्य या सामीप्य मात्र होइन । भगवान् बाबा भन्नुहुन्छ, "कोही पनि नजीक हुने कुरा छैन, प्यारो हुनुपर्छ" यस प्रकार आध्यात्मिक तवरले भन्नुपर्दा ईश्वरसँग रहनु या वाँच्नु भनेको ईश्वरसित ज्यादै प्यारो हुन हो । सबैले ईश्वरको प्यारो हुने कोशीश गर्नुपर्छ ।

कसरी हामी आध्यात्मिक किसिमवाट जिउन सक्छौं त ? जेसस क्राइष्टले भनेका थिए, "म सत्य हुँ, म बाटो हुँ म जीवन हुँ" भगवान् बाबा भन्नुहुन्छ, "मलाई पछ्याउ" । लीलाधारी कृष्णले पनि स्पष्टसित यो महत्वपूर्ण पाठ प्रदर्शन गर्नुभयो । उहाँले सबै छिमेकी घरहरुलाई तहल्का मचाई दिनुभएकोथियो । उनीहरु कृष्णको आमाकहाँ पुगेर, "यशोदा! तिम्रो छोरा बदमाश छ, उसले हामी सबैको दूध र दही चोरेर खाइदियो" भनी उजुर गर्दथे । यशोदा ज्यादै दुःखित हुन्थिन् र कृष्णसँग, प्यारो छोरा! हामी आफूकहाँ नै प्रशस्त दूध र दही छँदैछ, किन तिमी छिमेकीहरुलाई दुःख दिन्छौ, बदमास भन्दै लठ्ठी लिएर पिट्न खोज्दथिन् तर कृष्णलाई समात्न त्यति सजिलो थिएन । जब उनी दायाँ तिर घुम्थिन् त कृष्णजी बायाँ तिर आउँथे । यस प्रकार

एकपटक उनले कृष्णजीलाई दौड्दै पछाडिबाट कुट्दै कृष्ण ! कृष्ण ! कृष्ण ! भनी बोलाउँदा अकस्मात उनले भुँईमा कृष्णको पाइतालाको डाम (छाप) देखिन् । कृष्ण त दूधको भाँडो भित्र पसेर पो आएका रहेछन् किनभने भुइँभरि दूधको पाइतालाको छाप लगाउँदै गएका देखिन् । यसरी कृष्णले आफ्नो पदचिन्ह देखाएर समात्ने बाटो देखाइदिनु भयो । भगवान्ले भन्नुभयो, "जसरी यशोदाले कृष्णको पाऊको चिन्ह पछ्याउँदै जानुभयो त्यसैगरी तिमीहरुले पनि ईश्वरको चरण चिन्ह पछ्याउँनतिर लाग्नुपर्छ ।" यसैले ईश्वरको साथमा हुनु भनेको उहाँका पद चिन्ह पछ्याउँदै हिंड्नु हो । हामीले मालिकको पछि लाग्नुपर्छ । मालिक भनेको सत्यको प्रतीक हुनु हुन्छ । यदि हामी मालिकको पछि लाग्नेहोभने हामीले सत्यलाई अँगाल्नुपर्छ । यदि हामी मालिकको पछाडि लाग्ने हो भने हामी धर्मको बाटोमा हिड्नुपर्छ । भगवान् बाबाका पदचिन्ह सत्य र धर्म हुन् । यिनै दुई आदर्शहरुले भगवान् बाबाको पछिलाग्न सहायता गर्नेछ । "सत्य प्रचार धर्म आधार" नै ईश्वरसँग बाँच्ने माध्यम हो । ईश्वरको साथ रहनुको अर्थ आफ्नो धन सम्पत्ति परिवारभन्दा पनि भगवान्लाई बढी अनन्य प्रेमगर्नु हो । बाईबलमा भनिएको छ, "धनी मानिसलाई स्वर्गको दरबार भित्र प्रवेश गर्नुभन्दा एउटा उँटलाई सियोको प्वाल भित्रबाट छिराउन सजिलो हुन्छ "It is easy for a camel to pass through the eye of a needle than a rich man to enter the gates of heaven" शिरडी बाबाले एकपटक एक भक्तलाई सोध्नुभयो, "के तिमी व्रम्हज्ञान चाहन्छौ ? ठीक छ ! उसो भए सर्वप्रथम तिमीसँग खल्तीमा भएको दुई सय रुपैयाँलाई त्याग अनिमात्र तिमी व्रम्हज्ञान पाउने छौ" भन्नुभयो ।

जवसम्म तिमी मोजमज्जा, धन सम्पत्ति, परिवारलाई नै प्राथामकता दिएर हिड्छौं तवसम्म हामी ईश्वरसित बाँचिरहनेछौं भन्न सकिंदैन । भगवान् अथवा ईश्वरसँग बाँच्नु भनेको त्यागको भावना सहति पहिला ईश्वर, दोश्रो संसार र आखिरमा आफू भनी जिउनु हो । यस प्रकार ईश्वरसाथ जिउनु भनेको वैराग्य उत्पन्न भई, भगवान्प्रति प्रगाढ आत्मप्रेम, नियन्त्रण, अनुशासन, शरणागत र समर्पण हो । कुनै पनि शर्त विना हामीले भगवान्को आदेशहरु चाहे फाइदा होस् या नहोस्, चाहे विजय होस् या नहोस् सबै निस्वार्थ पालना गर्नुपर्छ । भगवान् बाबाले दिनुभएका सन्देश र मार्गदर्शनहरुको अनुरुपमा चल्नु नै आध्यात्मिकता हो ।

क्यालिफोर्निया निवासी चार्ल्स पेनले बिहान ४ बजे सुप्रभातम् गाउँदा बाबा प्रकट हुनुहुन्थ्यो । मसँग क्यानेडाका नन्दकुमार भन्ने एकजना विद्यार्थी वनस्पति शास्त्रमा विशेष अध्ययन गर्थे । उनले बाबाकोबारे धेरै अनुभवहरु मलाई सुनाए । उनको घर क्यानेडामा भगवान् बाबाले बराबर दर्शन दिनुहुन्थ्यो भन्ने कुराको अनुभव सुन्दा म आफैं आश्चर्य भएँ । यसकारण भगवान्को साथ ती बाहिर मुलुकमा बस्नेहरु या ह्वाइटफिल्ड अथवा प्रशान्तिनिलयममा बस्नेहरुको भौतिक सम्पर्कभन्दा आध्यात्मिक ज्यादा टिकाउ हुन्छ । वास्तवमा तिमी निरन्तर भौतिक सम्पर्क राखी रहन पनि सक्तैनौ ।

"अर्न्त बाह्यश्च तत् सर्वम् व्याप्य नारायण स्थित:" अर्थात् "भगवान् भित्र बाहिर, जहाँतहिं हुनुहुन्छ । जताततै ईश्वर हुनुहुन्छ, उहाँ सर्वव्यापी हुनुहुन्छ । हरबखत सबैमा ईश्वर देख्नु नै ईश्वरको साथमा बसेको भन्नुपर्छ । "सर्वत्र पाणि पादम् तत् सर्व तोषि शिरोमुखम्" ईश्वर सर्वव्यापी सर्वत्र सबैमा हुनुहुन्छ" त्यसैलाई ईश्वरसित बाँचेको भन्नुपर्छ । ईश्वरसँग बाच्नु भनेको चेतना, आध्यात्मिक सम्पर्क, पवित्र विचार लिएर जिउनु हो ।

अब हामी दोश्रो पक्ष भगवान्को निमित्त बाँच्ने भन्ने बारे चर्चा गरौं । नारीको विवाह भएपछि स्वभावत उनी पतिकोलागि काम गर्छिन् । जब म कार्यालयमा आफूभन्दा ठूलाहरुकासाथ कामगर्नथाल्छु म यहाँ बस्ने र त्यहाँ काम हुन्छ भनेर भन्नसक्दिन । त्यस्तै ईश्वरसित बाँच्नु भन्नु उहाँको सेवा गर्नु हो । हामी ईश्वरको निमित्त बाँचिरहेका छौं भन्नुको अर्थ के हो ? कतिपय मानिसहरु हामी त सँधै बाबा सम्बन्धी कृयाकलाप गरेर मात्र समय बिताइरहेकाछौं भनी मख्ख पर्छन् । के बाबाको कुनै कृयाकलाप छ ? के उहाँलाई तिम्रो आवश्यक छ ? यी सबै अहंकार हुन् । हिजो बाबासँग ज्यादौ निकट छौं भन्नेहरु पनि उहाँकै दयाले गर्दा मात्र भएका हुन् । ईश्वर कहिल्यै पनि कसैसित नजीक र कसैसँग टाढा हुनुहुँदैन । त्यसो भयोभने त ईश्वर नै हुनसक्तैन किनभने ईश्वर त सबैकोलागि एक हुनुहुन्छ । "द्वन्दा तीतम् गगन सदृशम् केवलम् ज्ञान मूर्तिम्" - नजीक र टाढा हुनु भनेको ठाउँको कुरा हो । ईश्वर ठाउँ र समयभन्दा पर हुनुहुन्छ । कोही कोही हामी बीसौं पंक्तिमा पछाडि परेकाले बाबाको नजीक हुन पाइएन भनी गुनासो गर्ने गर्छन् । तिनीहरु पनि अनभिज्ञ नै हुन् किनभने ईश्वर सर्वत्र हुनुहुन्छ । यसकारण जब हामीमा एकपटक ईश्वर

सर्वत्र हुनुहुन्छ र ईश्वर सबैमा हुनुहुन्छ भन्ने भाव हुनथाल्छ अनि हामी जहाँसुकै भएपनि ईश्वरको साथमा हुन्छौं। हामी सबैमा ईश्वर देख्छौं किनभने ईश्वर सबैमा प्रकट हुनुहुन्छ। "एकोहम् बहुश्या"- जसरी म तीनवटा ऐनाको अगाडि उभिंदा म मेरो प्रतिबिम्व तीनवटामा नै देख्नसक्छु त्यस्तै सबैमा ईश्वर देख्नु र यस्तो भाव लिनु ईश्वरकोसाथ जिउनु हो। जब हामी दैविक भाव लिन्छौं हामी ईश्वरको निमित्त बाँच्न शुरु गर्छौं। कसरी हामी ईश्वरको निमित्त बाँच्छौं ? माता कुन्ती वनवासमा हुँदा आफ्ना सबै छोराहरुलाई खान दिनुहुन्थ्यो र यदि आफूलाई खाना खान बाँकी नरहे आफू भोकै बस्नुहुन्थ्यो। यसकारण जहाँ प्रेम हुन्छ त्यहाँ त्यो व्यक्तिकोलागि बाँचिन्छ। गान्धिजी भारतकोलागि बाँच्नुभयो। जहाँ प्रेम हुन्छ त्यहाँ त्यसकोलागि कुनै परवाह नगरी बाँचिन्छ। देश भक्ति भनेको त्यही हो। सैनिकहरु आफ्नो देशकोलागि ज्यान पनि दिन तयार रहन्छन्। कैयौं आमाबुवाहरु आफ्ना केटाकेटीलाई पढाउन आफ्ना सबै चीज वेच्दछन्। उनीहरुको आफ्ना वालबच्चाप्रतिको प्रेमलेगर्दा उनीहरु त्यसो गर्न तयार हुन्छन्।

वैज्ञानिक न्यूटन कै उदाहरण लिउँ। उनको विवाह हुने भयो। विवाहको दिनमा उनी आफ्नो प्रयोगशालामा वैज्ञानिक अनुसन्धानशालामा तल्लीन भएर विवाहमा जानसम्म बिर्से। सबै पाहुनाहरु उनलाई पर्खिएर बसे। अन्त्यमा दुलही केटीले नै उनको प्रयोगशालामा आई उनलाई लैजानु पऱ्यो। यसको एक मात्र अर्थ के हो भने उनको विज्ञानप्रति अति प्रेम थियो। यसैले जहाँ प्रेम हुन्छ तिमी त्यसकोलागि बाँच्दछौं र त्यसैलाई प्रेम गर्छौं।

ईश्वरको निमित्त बाँच्नुको अर्थ सबैथोक ईश्वरकोलागि त्याग्नु हो। हामी सच्चा अर्थमा स्वार्थी छौं। हामी हाम्रा छोरा पत्नी, पति आफ्नै व्यक्तिगत स्वार्थका कारणले प्रेम गर्छौं। ती जो स्वामीको नजीक बसेर कामगऱ्यौं भन्छन् तिनीहरुले पनि स्वामीको निमित्त केही गरेका हुँदैनन्। किनभने स्वामीको काम तिनीहरुले गरे पनि नगरे पनि चल्छ। हामी आफ्नै स्वार्थका कारणहरुले कामगरिरहेका हुन्छौं, समर्पण भावले गरेका हुँदैनौं। जब हामी बाबालाई फूल अर्पण गर्छौं बावाले हामीलाई फिर्ता दिनुहुन्छ। यसको अर्थ हामी भगवान्ले जे चढाउँछौं या अर्पणगर्छौं त्यो हामीलाई नै फिर्ता आउँछ। हामीले नरिवल चढायौंभने पनि फिर्ता आउँछ र त्यसको अचार बनाएर खान्छौं। तर यदि ईश्वरले यी नरिवलहरु स्वीकार गरिदिने होभने कोही पनि मन्दिर जाने

थिएनन् । यसकारण ईश्वर जहिले पनि आफूलाई चढाएको नैवेद्यमा चक्रवृद्धि ब्याज थपी प्रसादकोरुपमा फिर्ता दिनुहुन्छ । हामी मूल्यवान् वस्तुहरु आफ्नोलागि राख्छौं र सस्ता चीजहरु मात्र जस्तै तुलसीको पात चढाउँछौं । हामी महंगो नेसकफी पिउँछौं र भगवान्लाई धाराको साधारण पानीलाई जल भनी चढाउँछौं । हामी सस्ता फूलहरु ईश्वरलाई चढाउँछौं जब कि खर्चिला र महंगा फूलहरुको गुच्छा र मालाहरु आफ्नैलागि र आफ्ना साथीहरुकालागि किन्दछौं । यसकारण ईश्वरको निमित्त बाँच्नुको अर्थ आफ्नै निमित्त बाँच्नु हो ।

कोही भन्छन्, "हामी सेवादल हौं, हामीले दशवटा शिविरहरु सञ्चालन गरिसक्यौं भनी दावी गर्छन् । जवसम्म हामी यसो गर्‍यौं, उसो गर्‍यौं भन्छौं, हामीले केही गरेका हुँदैनौं । त्यसो भन्नुको सट्टा भगवान्ले हामीलाई यसो गर्ने अवसर दिनुभयो भन्नुपर्छ । सेवा कृयाकलापको उद्देश्य नै त्यो हुनुपर्छ । ईश्वर को निमित्त बाँच्नु भनेको आफ्नै निमित्त बाँच्नु हो । आफ्नै निमित्त बाँच्नु भनेको अर्थ के हो ? यस्को अर्थ आनन्द, उत्साह, उमङ्ग, सुख, सर्वोच्च हर्ष र सन्तोषकासाथ जिउनु हो । हामीमध्ये कति आनन्दमय छौं ? जब भगवान् दर्शन गर्न बसेकाहरुको पंक्ति वरिपरि घुम्नुहुन्छ, अक्सर भन्नुहुन्छ, "यिनीहरु सेक्सपियरको जस्तो अनुहार (दुःखी अनुहार) पारेर बसेका छन् । यिनीहरु अँडीरको तेल जस्तो अनुहार (मलीन) पारेर बसेका छन्, आदि ।" हुनपनि धेरैजसो समय मानिसहरुको अनुहार त्यस्तै हुन्छ । एउटै मात्र रुप जो सदा ताजा गुलाव फक्रेको जस्तो अथवा कमलको फूल जस्तै हुने, भगवान्को स्वरुप हुन्छ ।

हामीले कस्तो अनुहार लिएर उहाँको सामुन्ने बस्ने ? हाम्रो चेहरा र अनुहार अनेक इच्छा, कामना र समस्याले भरिएको हुन्छ, अनेक शर्तले भरिएको हुन्छ । तर त्यसबखत पनि हामी के बाबाले हामीलाई चरणको दर्शन दिनुहोला त भन्ने सोचिरहेका हुन्छौं । वास्तवमा हामीले चरणदर्शन पनि भित्री हृदयदेखि आफ्नोलागि नभई मैले बाबाको चरणदर्शन पाएँ भनी अरुलाई सुनाउने उद्देश्यले लाइनमा बसिरहेका हुन्छौं । यदि मलाई ईश्वरको निमित्त बाँच्नु छ भन्ने भाव छभने, भित्रैदेखि आत्म सन्तोषको भाव आउनु पर्छ । त्यस्तो एकात्मता हुनुपर्छ ।

तर हाम्रो त्यो हुँदैन हामी त मेरो काँहिली छोरीको विवाहगर्न बाबाबाट अनुमति त पाएँ अब उहाँले कहिले गरिदिनु हुने हो, भन्ने शर्तहरु एवं आशाहरुकासाथ गएकाहुन्छौं । हामी खालि कुनै चीजहरुकोलागि मात्र अनुमति

चाहन्छौं । देखावटी अथवा ढोग हुनुहुँदैन । प्रत्येक असल कार्य ईश्वरको कार्य हो । प्रत्येक प्रेमपूर्ण कार्य भक्ति हो । त्यसकारण ईश्वरको निमित्त बाँच्नु भनेको आफ्नैलागि बाँच्नु हो । यदि म (अनिल) खुशी छुभने स्वामीको सन्देश बाँड्नपाउँदा मात्र खुशी हुन्छु । साँच्चै भन्ने होभने एकदिन आइतबार यसरी भगवान् श्री सत्य साई बाबको सन्देश बारे कुराकानी गर्दा मलाई बाँकी ६ दिन आनन्दसाथ बित्छ । ईश्वरकोनिम्ति बाँच्नु भनेको त्यही हो । ईश्वरकोसाथमा बाँच्दा हामीले मान्यता नपाउन पनि सक्छौं । हामीहरुमध्ये धेरै दर्शन लाइनमा गएर बस्छौं । भगवान्ले हामीलाई हेर्न पनि सक्नुहुन्छ नहेर्न पनि सक्नुहुन्छ । उहाँले तिमीलाई के खबर छ त ? भनी सोध्न पनि सक्नुहुन्छ । त्यस्तै विगत ६९ वर्षदेखि अनेक दैवी लीलाहरु चलिरहेछ । तर जब तिम्रो कुनै काम हुँदैन, भगवान् बाबाले तिमीलाई के चाहन्छौ भनी सोध्न सक्नु हुनेछ । यसैले ईश्वरको साथमा बाचुन्जेल तिमीले तुरुन्तै मान्यता अथवा जानकारी केही नपाउन पनि सक्छौ किनभने हामीले रजिष्टर्ड पत्रको साथ जनाउ पत्र सहित पठायौं भने मात्र जनाउ पाउँछौ, त्यस्तै भगवान्ले पनि स्वीकारोक्ति दिनुहुन्छ र आउ पाद नमस्कार गर भन्नुहुन्छ । यसैले तिमीले आफूलाई "म" बाबाको भक्त हुँ भनेर मात्रै पुग्दैन, बाबाले नै भन्नु पर्छ । वास्तवमा हामीहरुमध्ये धेरैजसो बाबाको भक्त नै होइनौं । हामीले भगवद्गीतामा भक्तियोग भन्ने अध्यायबाट भक्तिबारे सिक्नु आवश्यक छ । बाबा भन्नुहुन्छ, "धेरै जसो भक्तहरु जागीर खोज्ने अथवा विवाह होस् भन्ने चाहना र यस्तै यस्तै इच्छा गरेर भक्ति गर्ने हुन्छन् तर भगवान्को सच्चा भक्त हुँदैनन्" । जब हामी ईश्वर कै निमित्त बाँच्दछौं तब मात्र उहाँले "तिमी मेरा भक्त हौ" भन्नु हुनेछ । अबुबेन अदम भन्ने एक ठूला भक्त थिए । उनी मानव जातिको सेवा गर्थे । अबुले एकरात एउटी सुन्दरी देवदूतले कागजमा नामहरु टिपिरहेको देखे र सोधे, "आमा ! के गर्दै हुनुहुन्छ ?" उनले जवाफ दिइन्, "म ईश्वरलाई प्रेमगर्ने मानिसहरुको नाम लेख्दैछु । अबुले त्यस कागजमा आफ्नो नाम पनि छ कि भनी सोधे । देवदूतले छैन भनी नकारात्मक उत्तर दिइन् । त्यो सुन्दा अबु ज्यादै दुःखित भए । सँधै आफ्नो समय सेवा कार्यमा मात्र लगाउँदा पनि आफ्नो नाम नभएको सुन्दा निराश पनि भए । दोश्रो दिन अबुले अर्कै देवदूतले नाम लेखिरहेको भेटे । उनले अघिल्लो दिन जस्तै के लेखिरहनु भएको भनी सोधे ।

देवदूतले पनि ईश्वरलाई प्रेम गर्नेहरुको नाम टिपिरहेको बताइन् । अबुले त्यो कागजमा आफ्नो नाम पनि छ कि भनी सोधे । देवदूतले यसो हेर्दा त उनको नाम त पहिलो नम्बरमा नै देखिन् र बधाई दिइन् । यस प्रकार यदि हामीले ईश्वर मा नै आश्रितभएर बाँच्यौभने उहाँले पनि हामीलाई तिमी मेरो भक्त हौ भन्ने सम्भावना हुन्छ र त्यसै अनुसार जिउन सम्भव हुन्छ । दयाले भरिपूर्ण हृदयमात्र ईश्वरको मन्दिर हुन्छ । हामीमा त्याग पनि हुनुपर्छ । यस प्रकार ईश्वरकोसाथ जिउनु पनि एउटा भक्तियोग नै हो । एकपटक हाम्रो भक्ति भएपछि हामी उहाँको सेवागर्न थाल्छौं । हामीले भगवान्लाई, "म तपाईलाई प्रेमगर्छु तर तपाईको निम्ति काम गर्दिन भन्नुको कुनै उपयोगिता हुँदैन । ईश्वरको निमित्त जिउनु कर्मयोग हो । कर्मयोगले हामीलाई जानकारी दिने काम गर्छ ।

तेश्रो हो - "ईश्वरमा जिउनु" यसको अर्थ ईश्वरभन्दा बाहेक अरु केही छैन भन्ने सम्झनु हो । मानिसले जे जति गर्छ कुरा गर्छ अथवा विचारगर्छ दैविक मात्र हो । जब उ स्नानगर्छ त्यो अभिषेक हो । जब उ कुरागर्छ त्यो नामस्मरण हो । उसले जे जति गर्छ त्यो आध्यात्मिक हुन्छ र त्यसलाई ज्ञानयोग भनिन्छ । ज्ञानयोग भनेको ब्रम्हाण्डनायक ईश्वरसित एकाकार हुनु हो । सजगताको भाव नै ईश्वरसितको चेतना हो । कोही कोही आफ्नो काम, भजन अथवा ध्यानमा ईश्वरको उपस्थितिको भाव पाउँछन् । एकपटक एउटा मित्रले मलाई भने, "अनिलकुमार ! के तिमी रेल हिंडदा ॐकारको आवाज सुन्दैनौ ?" मैले भने, "ए ! त्यसो" उनले गाडीको आवाजमा पनि "ॐ" को ध्वनि सुने । त्यो नै ईश्वरसँगको चेतना हो । त्यो नै ज्ञान हो । यसको अर्थ म नै ज्ञान स्वरुप हुँ, दिव्य आत्मा स्वरुप हुँ । बाबा हामीलाई दिव्य आत्मा स्वरुपहरु भनी सम्बोधन गर्नुहुन्छ । यसको अर्थ ईश्वरमा जिउनु हो । जब तिमी ईश्वरमा हुन्छौ तिमी ईश्वरको अंश भन्ने महसुसगर्छौ । महासागरको पानीको एक थोपा र महासागरलाई लिउँ । थोपा केही पनि होइन, महासागरको एक सानो भाग हो । यदि तिमीले बेग्लै थोपा लियौभने यो केवल थोपा हुन्छ । यसलाई महासागरमा नै मिसायौभने थोपा नभएर महासागर हुन्छ । यस प्रकार जब हामी नाम र रुपको आधारमा मात्र कुरा गर्छौं । सुब्बराव, वेंकटराव आदि नाम मात्र हुन्छौं । एकपटक नाम र रुप त्याग गरेपछि तिमी त्यो (तत्) अनन्त बन्छौं । केवल नाम र रुपले मात्र फरक र अलग गराउँछ । त्यस्तै ईश्वरमा जिउनुको अर्थ हाम्रो अस्तित्व पत्ता लगाएर दैवत्वसित एकाकार हुनु

हो। उही एउटा चेतनाको उत्साह विभिन्न मानिसहरुद्वारा विभिन्न तहमा प्रकट हुन्छ। हनुमानजीले तीन प्रकारको बयान दिनुभयो : हे रामचन्द्र ! यदि हजूर राजा हुनुहुन्छभने म (हनुमान) हजूरको सेवक हुँ। यो पहिलो चेतनाको तह हो। यदि म व्यक्तिगतरुपले आफूलाई हेर्छु भने यतिबेला म हजूरको अंश हुँ, यदि म आफूलाई आत्मा हुँ भनी ठान्छुभने म र हजूर एकै हौं।

पहिलो बयानमा "नोकर हुँ", दोश्रोमा "म हजूरको अंश हुँ र ईश्वरको निमित्त जिउने हुँ"। "जब म आत्मा हुँ, म र हजूर एकै हौं – अहं व्रम्हास्मि।" यस प्रकार हनुमानजीले शरीरलाई तीन तहमा बताउनुभयो। शरीरको तहमा, व्यक्तिगत जीवको तहमा र आत्माको तहमा भनेर हनुमानले बताउनुभयो। क्राइष्टले भने, "म प्रकाशमा छु। प्रकाश ममा छ। म प्रकाश हुँ।" यसको अर्थ, "म प्रकाशमा छु अथवा म ईश्वरसित जिउँछु ; प्रकाश म मा छ अथवा म ईश्वरको निम्ति जिउँछु ; म प्रकाश हुँ अथवा म ईश्वरमा जिउँछु।" त्यही कुरा जिसस क्राइष्टले भने; "म ईश्वरको दूत हुँ भन्नुको मतलब म ईश्वरको साथमा छु भनेको हो, म छोरा हुँ भन्नु म ईश्वरको निमित्त हुँ र अन्त्यमा म र मेरा बुबा एउटै हो भन्नुको तात्पर्य म ईश्वरमा जिउँछु भनेको हो। जब म शरीर हुँ भन्छु, त्यहाँ दुई हुन्छ, द्वैतभाव हुन्छ। जब म दैवको अंश (फिलिङ्गो) अथवा झिल्का हुँ भन्छु विशिष्ट द्वैत हो। जब म आत्मा भन्ने ठान्छु त्यो अद्वैत हुन्छ। त्यसकारण यी तीन पूरक हुन्। एकले अर्कोलाई अघि लगाउँछ।

त्यसकारण यो अध्यायमा चर्चा भएका विषयवस्तुहरुलाई गहिरिएर अभिव्यक्त गर्न खोजिएका छन्। भगवान् बाबाले सेवादलमा आएकाहरु जो पादनमस्कारकोलागि आउँछन् तिनीहरुलाई सोध्नुहुन्छ, "तिमीहरु यहाँ परिश्रमिक लिन आएका हौ ?" जब आमाले आफ्नो बच्चाको हेरचाह गर्छिन् उनले कहिले पनि केही चीजको अपेक्षा राख्दिनन्। मजदूरलाई ज्याला भुक्तानी गरिन्छ तर आफ्नो बच्चा अथवा पत्नीलाई ज्याला दिइँदैन। यस प्रकार हामी भगवान्वाट ज्यालाको आशा राख्दछौं भने त्यसको अर्थ हामी उहाँको निमित्त जिउँदैनौं। एकपटक हामीले उहाँकोलागि बाँच्न खोज्यौ भने त्यो नै निष्काम कर्म हुन्छ। हामी जब ईश्वरमा हुन्छौं। त्यसबखत न त आफू होइन न त निस्वार्थता नै हुन्छ। केवल पूर्ण आनन्दको अवस्थामा होइन्छ।

२२.

धर्म–आध्यात्मिकता (साधना)

अनन्तको विषयमा बोल्नु साधना हो । जो अवर्णनीय हुनुहुन्छ, जसको बारेमा बोलेर पार पाइदैन उहाँलाई बोलीको परिधिभित्र राखेर वर्णनगर्नू पनि साधना हो । यो द्वैत (दुवै) जिम्मेवारी मलाई दिइएको छ ।

आध्यात्मिक साधना शिविरको उद्देश्य सम्बन्धमा चर्चागर्न हामी सबै यहाँ भेला भएका हौं ।

सत्य साई सेवा संगठन धार्मिक संस्था होइन । पहिलो र मुख्य पक्ष आध्यात्मिक हो । त्यसकारण पहिले मुख्य पक्ष हामीले बुझ्नु पर्ने कुरा हुन आउँछ । धार्मिक पक्ष र आध्यात्मिक पक्ष के हो ? दुर्भाग्यवश हामीमा यस सम्बन्धमा केही भ्रमहरु छन् । हामीलाई आध्यात्मिक पक्ष अन्तर्गत निश्चित कृयाकलापहरु दिइएको छ । हामी भजनलाई नै लिउँ । यो आध्यात्मिक अन्तर्गत पहिलो कृयाकलाप हो । भगवान् श्री सत्य साईको महलको मुख्य द्धार नै भजन हो । सारा विश्व भजनको कारणले सञ्चालित छ । सबै भजनप्रति अकर्षित छन् र तिनीहरु सबैसँग एकै स्वर मिलाएर गाउन पनि सजिला छन् । रसियनहरु समेत् भजन गाउँछन् । संसारभरि नै विदेशीहरु पनि भजन गाउँछन् । हामी भजनमा जे जति ध्यान दिन्छौं वा गाउँछौं त्यसमा हामी भजनको भाव (उत्साह) मा बढी ध्यान दिन्छौं । यदि हामी भजनको लय अथवा धूनमा मात्र ध्यान दिन थालेर अगाडि बढ्दै गयौंभने यो धार्मिक हुन्छ, आध्यात्मिक हुँदैन । आध्यात्मिकतासाथ भजनगर्दा अति आनन्दले हामी अर्कै संसारमा पुग्छौं । यदि यो केवल धून र लयमा मात्र सीमित गरियोभने यो पप संगीतको तहमा ओर्लिन्छ । त्यसैकारण मुख्य महत्वपूर्ण कुराहरु लय ताल, अथवा स्वर होइन । मुख्य महत्वपूर्ण पक्ष भाव हो । भगवान्ले “भा” भनेको भाव, “रा” या “र” भनेको राग तथा “त” भनेको ताल हो भन्नुभएको छ । त्यसकारण भाव, राग र ताल मिले पछि मात्र भजन आध्यात्मिक हुन्छ । खालि लय र स्वर भएर मात्र पुग्दैन । हामी जस्तो धेरै जसो विदेशीहरु जो राग र तालमा मात्र संलग्न छौं, धेरै रोग मा फस्छौं । अरु विदेशीहरुले हामीभन्दा बढी भावको महत्वको अनुभव गरेकाछन् । जुन भजनले अहंकार बढाउँछ र

प्रतियोगितातिर उन्मुख गराउँछ त्यो आध्यात्मिक हुँदैन। भजन त प्रत्येकलाई सेवा स्वरुप हो, एउटा अभिव्यक्ति हो, एक प्रकार को हृदय प्रस्फुरण गराउने माध्यम हो। विनम्रतापूर्वक प्रभुलाई प्रार्थना गर्ने अवसर हो। यसकारण पूर्ण विनम्रताको भावले यदि भजन गरिन्छभने त्यो भजन आध्यात्मिक हुन्छ। अर्कोतर्फ यदि हामी कम्पनसाथ अथवा हल्लिएर भजन गाउँछौंभने त्यो धार्मिक हुन्छ।

त्यसपछि दोश्रो आध्यात्मिक कृयाकलाप "योग" हो। भौतिक व्यायामको रुपमा गरिने कृयाकलापलाई योग भनिदैन। धेरै मानिसहरु सोझो गरी बस्छन् र यौगिक अभ्यासहरु गर्न हप्तामा रु. २००।- वा यस्तै रकम तिरेर योग गर्न भनी अनेकौं योग केन्द्रहरु धाउँछन्। त्यो योग होइन। यदि तिमी त्यसलाई योग भन्छौंभने त्यो धार्मिक हो। त्यसलाई यदि आध्यात्मिक बनाउन चाहन्छौंभने त्यसको गहिराइमा गएर हेरौं। एकपटक केही विद्धानहरु भगवान् समक्ष गए। त्यसबखत स्वामीले योग भनेको के हो भनी सोध्नुभयो। त्यसको उत्तर मा एउटा विद्धानले, "इन्द्रियहरु माथि नियन्त्रण गर्नु योग हो" भने। स्वामीले अर्कोलाई सोध्नुभयो। उनले, "भगवान् हामीले हजूरको सान्ध्यिबाट पाएको अनुभूति गर्ने अवसर र त्यसबाट पाएको आनन्द र सुख नै योग हो" भने। स्वामीको यस्तो सामीप्य पाउनु योग्य हुनु नै योग हो। योग भनेको शारीरिक अभ्यास पनि होइन, इन्द्रिय नियन्त्रण मात्र पनि होइन। योग भनेको ईश्वरसितको समीपता हो। यही नै आध्यात्मिकता हो।

अर्को कुरा ध्यान हो। यदि ध्यानलाई आध्यात्मिक मान्ने होभने यसको अर्थ विल्कुलै भिन्न हुन्छ। हामी विहान ४ बजेदेखि ५ बजेको बीचमा ध्यान गर्ने भन्छौं अथवा म पूजा कोठामा ध्यानगर्छु भन्छौं भने त्यो धार्मिक हुनेछ आध्यात्मिक हुँदैन। किनभने भगवान् "कालातीताय" हुनुहुन्छ। उहाँ समय र दूरीबाट वाहिर हुनुहुन्छ। हामीले ध्यानको नाममा समयको घेरा भित्र ईश्वरलाई रोक्न सक्छौं र? भगवान् भन्नुहुन्छ, "पढ्नु, डुल्नु, कुराकानीगर्नु र प्रत्येक चीज हामीले जे जति गर्छौं त्यो सबै ध्यान हो। आफूलाई सुम्पिएको कार्यलाई पूर्ण दत्तचित्त भएर सम्पन्नगर्नु नै ध्यान हो। ध्यान भनेको त्यो प्रकृया हो जहाँ जसले ध्यानगर्छ, जसमाथि ध्यानगरिन्छ, त्यो एक भएपछि ध्यान हुन्छ। जब हामी त्यो वस्तुसँग अलग हुन्छौं जब प्रकृयालाई समयको घेराभित्र राख्न

खोज्छौं अनि ध्यान हुँदैन। ध्यान गरिरहेको बेला यदि एउटा लामखुट्टेले टोक्छ र त्यसबेला त्यो लामखुट्टेलाई प्याट्ट हिर्कायौंभने त्यो सच्चा ध्यान हुँदैन। त्यो त लामखुट्टे ध्यान हुन जान्छ। ध्यान गरिरहेको समयमा यदि हामीले श्रीमतीसँग तरकारी के पकाउने भनी सोद्धछौ भने त्यो भान्छाको ध्यान हुन्छ।

अब हामी अर्को प्रकारको पूजाको सम्बन्धमा विचार गरौं। हामी भगवान्को मूर्तिहरु र तस्वीरमा फूल, माला चढाउँछौं त्यो धार्मिक हुन्छ। आध्यात्मिक हुन हामीले अहिंसाको अभ्यास गर्नुपर्छ। त्यो नै ईश्वरलाई चढाएको फूल हुन्छ। यस प्रकार गुलाब र चमेलीका मालाहरु चढाउनु धार्मिक हो; आध्यात्मिक होइन। हामीले सत्यरुपी फल, फूल, धैर्य, इन्द्रिय नियन्त्रण, दया, अहिंसा जस्ता फलफूल चढाउनु पर्छ। आध्यात्मिक पृष्ठभूमि रहित गरिने धार्मिक कृयाहरु एउटा रीति अथवा विधिवत् गरिने कार्य मात्र हुन्छ। हामीले यस्तो रितीको मात्र पछाडि लाग्नु हुँदैन। तिनीहरुले हामीलाई हठधर्मी, पागल अथवा मताग्रही बनाइदिनेछ। सबै हिंसाहरु अन्धा धर्महरु र रिती रिवाजहरुको प्रवृत्तिको कारणले नै भइरहेकाछन्। तर भगवान् बाबा रितिरिवाज पछाडिभएका आध्यात्मिक महत्वबारे सम्झाउनुहुन्छ। प्रशान्ति निलयममा फूलहरु र मालाहरु छन् तर त्यहाँ तिनीहरुको आध्यात्मिक महत्व छ र यदि हामी त्यो आध्यात्मिक महत्व बुझ्दैनौंभने सबै रितीरिवाज जस्तो कार्यमा झर्छन्। यसकारण सत्य साई संगठन धार्मिक कृयाकलापको माध्यमबाट आध्यात्मिक महत्व जान्न सहायता र सहयोग गर्ने संस्था हो अन्यथा यो यान्त्रिक हुन्छ। उदाहरण : जप गर्नु या नामस्मरण गर्नु मात्र धार्मिक कार्य हो। यो केवल ओठे सेवा मात्र हुन्छ। के हामीले "ॐ श्री साई राम" भनीरहेको बखत भगवान्को स्वरुप अगाडि राखेर ध्यान गर्ने गर्छौं ?

के त्यसबेला हामी हाम्रा वरिपरी हाम्रा, पद-प्रतिष्ठा, अहंकार छोडेर शरीर र मनभन्दा बाहिर गयौं ? यदि हामीले शरीर र मनभन्दा पर गएर मन्त्र जपेका छौं भने त्यसलाई आध्यात्मिक भन्न सकिन्छ। यदि खालि हामीले मन्त्र फलाकेर बारम्बार दोहऱ्याएका हौं भने त्यो त मुख र ओठको मात्र सेवा हुन्छ। गायक अथवा कलाकारले मुख चलाएको र पछाडिबाट अरुले नै गाउन सहयोग गरिरहेको जस्तो मात्र हुन्छ। यस प्रकार सत्य साई आध्यात्मिकताको अर्थ सबै रितीहरुको पछाडि भएको ज्ञानको महत्व जगाउनु हो।

शुभजन्मोत्सवको खुशीयाली एउटा विधिवत् गरिने कार्य हो। भगवान्को जन्मको समभ्कदारी लिनु आध्यात्मिक हो । दशैंको अवसरमा यज्ञ गर्नु एउटा विधिवत गरिने कार्य हो तर त्यो यज्ञ वेदी आफ्नै मन हो र त्यसमा आफ्नो कमजोरी र दोषहरु चढाउनुपर्छ भन्ने बुझ्नु या सम्झनु आध्यात्मिक हो । शिवरात्रि मनाउनु एउटा विधिवत कार्य हो तर आफू भित्र आत्मलिंग भएको आत्मारुपी लिङ्गको यथार्थ बुझ्नु आध्यात्मिक हो । रातभरि जाग्राम बस्नु विधिवत गरिने कार्य हो। जागरणको अर्थ आफूलाई चिन्नु हो। सुन्नुको अर्थ गहिरो निन्द्रा अथवा बिर्सनु हो। सुत्नु अथवा निन्द्रा भनेको इन्द्रियहरुले विश्राम गर्नु हो। जागरणहुँदा आफ्नो सजगता भइरहन्छ। त्यसकारण – "जाग, उठ लक्ष्यमा नपुगुन्जेल न अड" – "उत्तिष्ठत जाग्रतः प्राप्य वरम् निवोधत् ।" उपवास बस्नु एउटा विधिवत् गरिने कार्य हो। वास्तवमा उपको अर्थ नजीक र वासको अर्थ ईशवर हो अर्थात् चिन्तन गर्नु हो। भोकै बस्नु भनेको होइन। प्रत्येक विधिवत् गरिने कार्यको पछाडि आध्यात्मिक महत्व हुन्छ ।

एकपटक कोडाइक्यानलमा भगवान् बाबाले बादविवाद गराउनु भयो। विषय थियो "धर्म ठूलो कि आध्यात्मिकता" एकातिर अनन्तपुर कलेजको बार्डेन जयमाँ धर्मको पक्षवाट समर्थक भएर उभिनुभयो। मैले आध्यात्मिकता तर्फबाट भागलिएँ। म ब्रम्ह समाजको पृष्ठभूमि भएको हुनाले रिती रिवाजहरु विधिवत् गरिने कार्यहरु र मूर्ति पूजनमा विश्वास नभएकोले आध्यात्मिकताको पक्षबाट भाग लिएँ। जयमाँ जसले ५० वर्ष भगवान् बाबाको चरण कमलमा बिताइसक्नु भएकोथियो। उहाँको अंग्रेजी भाषमा उच्च दखल पनि थियो। मैले आफ्नै ढंगबाट भने, "यो धर्मले नै समाजलाई विभाजन गर्दछ। आध्यात्मिकताले नै समाजलाई एकतामा बाँध्दछ । धर्मले रक्तपातलाई अगाडि बढाउँछ । आध्यात्मिकताले आफ्नो चेतना सजग गराएर राख्छ । आध्यात्मिकताले एकात्मता गराउँछ। जबकि धर्मले सँधै विभक्त गराउँछ "– यो मेरो प्रस्तुति थियो । तर न्यायधीशका पनि न्यायधीश भगवान् श्री सत्य साई बाबाको निर्णय कस्तो थियो त ? बाबाले भन्नुभयो, "अनिलकुमारले भनेको गल्ती छ ।" बाबाले भन्नुभएको कुरामा सच्याएर भन्न त्यति सजिलो छैन तर कसैगरी मैले बाबाको निर्देशन बमोजिम उल्था गरें । बाबाले भन्नुभयो, "प्रत्येक गाउँमा गाउँलेहरु धर्ममा नै अभ्यास गर्छन् । प्रत्येक सोझासाझा

निरक्षर निर्दोष गाउँलेहरुले धर्मलाई मानि आएकाछन् । यसैमा उनीहरुको विश्वास भएर अपनाएकाछन् । धर्मले गर्दा नै हामीलाई शान्ति सुख समृद्धिको अनुभवहुन्छ" । त्यस पछि बाबाले म (अनिलकुमार) तिर हेर्नुभयो र भन्नुभयो, "धर्मको पनि आध्यात्मिक पृष्ठभूमि हुन्छ ।" यस प्रकार यदि तिमीहरुमा आध्यात्मिक पृष्ठ भूमिको ज्ञान छैनभने यो खालि एउटा रीतिरिवाज अथवा वोके धर्म मात्र हुन्छ । यसर्थ सबै धर्ममा आध्यात्मिकताको पृष्ठ भूमी हुनैपर्छ ।

भक्ति र शरणागतको प्रसंगलाई लिउँ । भक्ति भन्यो कि दुईजनाको कुरा उठिहाल्छ । भक्त ईश्वर प्रति भक्ति गर्छ । भक्त भक्तिको प्रकृया भक्ति मार्गद्वारा ईश्वरको निकट एकवद्ध हुन चाहन्छ । तर शरणागतमा भने एकपटक तिमीले आफूलाई ईश्वरमा अर्पण गरेपछि भक्तको अस्तित्व समाप्त हुन्छ । एक गिलास पानीमा एक चम्चा चिनी मिलाए पछि सरवत हुन्छ । यसलाई पानी अथवा चिनी मात्र भनिदैन बरु सर्वत भनिन्छ । त्यस्तै शरणागतमा दूई हुँदैन, केवल एक हुन्छ । त्यो नै आध्यात्मिकता हो । जहाँ भक्तिको कुरो आउँछ त्यहाँ भक्त र ईश्वर दुई हुन्छन् । यो धर्म हो । स्वामीको भनाई अनुसार भक्तिको परिभाषा के हो ? उहाँको भनाई अनुसार भक्ति भनेको एकात्मता, सन्तुलन, आत्मसंयम र एकाग्र चित्त स्थिर राख्नु हो । यदि हामीले पुट्टपर्ति जाँदा दुःख र सुखलाई समभाव लिएर गयौंभने भित्र बस्न पनि ठाउँ पाउँछौं । हामीहरुमध्ये धेरैजसो पुट्टपर्तिमा स्वामीसित अन्तर्वार्ता पाइन्छ कि भन्ने इच्छा र आशा लिएर जाने गर्छौं । त्यस्तो भावना आध्यात्मिकता हुन सक्तैन, धार्मिक हुन्छ । आध्यात्मिक भनेको इच्छा रहित भावना हो । यदि इच्छा र चाहना लिएर हामी भगवान् बाबाको दर्शन गर्न पुग्छौंभने हामी धार्मिक हुन्छौं, आध्यात्मिक हुँदैनौं ।

अर्को शब्दमा आध्यात्मिक भावना हुनेको मनमा सँधै आफूमा आत्मा हुन्छ र त्यो सँधै सन्तुष्ट छ भन्ने विचार गर्छ । यो जहिले पनि सर्वोच्च सन्तुष्टिको अवस्थामा हुन्छ । तर जब स्वामीले मतिर नहेरी हिंड्नुहुन्छ या मेरो चिठ्ठी लिनुभएनभने म असन्तुष्ट भइहाल्छु । यस्तो भावना आध्यात्मिकता हुन सक्तैन किनभने एकातिर सुख र अर्को छेउतिर दुःख छ । यदि भगवान्ले मसँग कुरा गर्नुभयोभने म अहंकारी भाव लिन्छु र मलाई विशेष ध्यान दिनुभयो भन्छु ।

बाबा हामी सबैलाई नम्र र विनयी हुन भन्ने चाहनुहुन्छ । यदि मैले स्वामीसँग कुरा गर्ने मौकापाइन भनी भन्छुभने यो आध्यात्मिक होइन किनभने "ईश्वर सर्व भुतानाम् " अर्थात् "ईश्वर सर्वव्यापी हुनुहुन्छ ।" यदि म ईश्वरसित नजीक हुन पाइन र म ईश्वरबाट टाढा छु भन्छुभने यो मूर्ख्याइ मात्र हुनेछ। एउटा गीत पनि छ जसको अर्थ हुन्छ, एकपटक हामी भित्र भएको साईलाई स्वीकारगर्छौं भने त्यस्तो भावना आध्यात्मिक हुन्छ तर यदि हामी स्वामीले मसित बोल्नुभएन भन्ने खालको कुरागर्छौंभने त्यो धार्मिक हुनजान्छ। त्यसकारण आध्यात्मिकतामा हामीले पूजा, ध्यान, भजन र साधनाको रहस्य बुझेर त्यसै अनुसार विवेक पुऱ्याई ध्यान दिनुपर्ने आवश्यक हुन्छ ।

साधनाः- साधना भनेको सजगता हो । शरीर मन र बुद्धिभन्दा पर पुगेर हामी शरीर होइनौ, मन बुद्धि केही पनि होइनौं मात्र आत्मा हौं भन्ने एकपटक राम्रै अनुभव भएपछि साधानाको कुनै आवश्यकता पर्दैन र त्यो नै साधना हुनजान्छ । उदाहरणकोलागि मैले एकपटक क, ख, ग जानासकेपछि प्रत्येकदिन मैले त्यसको अभ्यास गरिरहनुपर्दैन । साधना भनेको एक प्रकारको जागरण हो, एक प्रकारको चेतना हो। एकपटक यो राम्ररी जागेपछि त्यसको अन्त्य पनि त्यही हुन्छ। भगवान् बाबाले भन्नुभयो, हामीले "म" लाई बुझ्यौंभने साधना सम्भव भयो । हामीले साधनाको विन्दुबाट भौतिक संसारतिर लाग्नुपर्छ । दुर्भाग्यवश हामी यसको विपरीत संसारबाट आफूतिर लाग्छौं । प्रपञ्च संसारबाट हामी परमेश्वरतिर जान चाहन्छौं। त्यो एकदम गल्ती हो। त्यहीकारणले गर्दा नै यो संस्था या समितिमा पनि हामी यति ज्यादा संकुचित एवं विभक्त भई घमण्ड गर्छौं। एकपटक हामीले आफूबाट संसारतिर यात्रा गऱ्यौंभने हामी संसारलाई आध्यात्मिक तथा दैविक बनाउन सक्छौं। संसार लाई आध्यात्मिक बनाउनु जरुरी छ । त्यसकारण एकपटक हामीले आफू आत्मा हौं भन्ने बुझेपछि आत्मा अर्थात् परमेश्वरको भावबाट सजगताकासाथ संसार अर्थात पपञ्चतिर यात्रा गऱ्यौंभने हामी संसारबाट आँफू अलग नभएको सम्झन्छौं। मानौं यदि मैले, "बाहिर संगीतवादनको कार्यक्रम र भित्र प्रवचनको कार्यक्रम दुईवटै चलिरहेको छ भनें भने त्यहाँ दुइ अर्थात् द्वैत हुन्छ। तर जब हामी आफू आत्माबाट अलग नभएको सम्झन्छौं त्यहाँ दुइ हुँदैन एक अर्थात् अद्वैत हुन्छ। यदि हामीले बाहिर होहल्ला छ भन्ने सम्झयौं भने ममा भित्र र

बाहिर भन्ने दुइवटा कुरा हुन्छ। तर ममा -आत्मामा) भित्र र बाहिर भन्ने हुनै सक्तैन। असम्भव ! "अन्तर बाहिस्च तत् सर्वम् व्याप्य नारायण स्थितः" अर्थात् भगवान् त भित्र बाहिर जताततै हुनुहुन्छ। यस प्रकार यदि हामीले दैविक दृष्टिकोणले हेर्‍यौंभने भित्री संसार बाहिरी संसार भन्ने केही हुँदैन। ज्यादै विशिष्ट व्यक्ति (V.I.P.) ; त्यस्तो पनि केही हुँदैन। परमेश्वरको दृष्टिमा जताततै बराबर एकनास मात्र हुन्छ। यसैलाई ज्ञान बुद्धि भनिन्छ। ज्ञान आध्यात्मिक हुन्छ। विद्या सांसारिक हुन्छ। हाम्रा एम. ए., पी.एच.डी. र अन्य-अन्य उपाधिहरु सबै सांसारिक हुन् आध्यात्मिक होइनन्। वास्तविक ज्ञान त बुद्धि हो। ज्ञानले हामीलाई जहिले पनि हामी सबै एक हौं भन्ने चेतना जगाई रहन्छ त्यो नै आध्यात्मिक हो। "ज्ञानम् समत्व उचित्य अद्वैत दर्शनम् " अर्थात् ज्ञान बुद्धि अद्वैतको सूक्ष्म दृष्टि हो। अद्वैतको चेतना ज्ञान हो। अर्को किसिमबाट हेरौं; यदि मैले अरुहरुभन्दा बढी आफूलाई जान्ने र महत्वपूर्ण सम्भन थालेंभने मेरो सबैभन्दा उच्च स्तरको अज्ञानता हुनेछ। त्यसकारण यस्तो ज्ञानमा एकात्मता हुन्छ र यो आध्यात्मिकता हो। भगवान् शंकरले आदिशंकर (शंकरचार्य) लाई विद्वान कुकुर अद्वैत सबैलाई बराबरी रुपले व्यवहार गर्ने भनी उपदेश दिनुभएकोथियो। हामीलाई कुनै पनि विद्धताले आएर मृत्युको समयमा बचाउने छैन। हामीलाई बचाउने त्यो एकत्व भगवान्मा मात्र पाउँछौं। भगवान् बाबा भारतको राष्ट्रपतिदेखि एउटा साधारण गाउँलेसँग एकै प्रकारले बोल्नुहुन्छ। त्यसकारण यो साधना भन्ने कुरो चेतना बाहेक अरु केही होइन। बाबा भन्नुहुन्छ, "आध्यात्मिकता भनेको "म" भन्ने भावबाट "हामी" भन्ने भावमा यात्रा गर्ने कम बाहेक अरु केहीपनि होइन।" जब हामी भन्ने भाव हुन्छ त्यहाँ सानो र ठूलो भन्ने नै हुँदैन। "सम" भनेको बराबरी र "धि" को अर्थ बुद्धि हुन्छ। यस प्रकार "समाधि" को अर्थ खालि अररो र दह्रो हुनु मात्र समाधि होइन किनकि मृत शरीर त्यस्तै हुन्छ। "सम मनस्थिति अर्थात एकात्मता नै समाधि हो।" एक एक व्यक्ति मिलेर समाज बन्छ। कसैले पनि आफूलाई परिचय गराउँदा म एम.एस्सी. हुँ अथवा प्रिन्सीपल हुँ भन्दैन। म स्वयं हुँ। एकदिन त तिमी अवकाश अवश्य पाउँछौं। श्री सत्य साई संस्थाबाट सम्पन्न गरिने सबै कृयाकलापहरु तथा रितिरिवाजहरु आध्यात्मिक महत्व र चेतना जगाउने हुन्छन् , त्यो नै आध्यात्मिकता हो।

सत्य साई संगठनमा आध्यात्मिक विभाग, सेवा विभाग र शैक्षिक विभाग हुन्छन्। सत्य साई संगठनको सबैभन्दा पहिलो र मुख्य पक्ष आध्यात्मिक विभाग हो। स्वामीले सेवा अथवा शिक्षालाई पनि पहिलो पक्षमा नराखी आध्यात्मिक पक्षलाई पहिलो भन्नु भएको छ। यो आधारशीला हो। अरु कृयाकलापहरुले पनि आध्यात्मिक समर्थन, आध्यात्मिक चेतना, आधार (भर) र आनन्द पाउनै पर्छ। हरेक संस्थाहरुले सेवा कृयाकलापहरु गर्छन् तर सत्य साई सेवा संगठनको के फरक हुन्छ। अरु संस्थामा एकजनाले सेवा गर्छ र अर्कोले सेवा पाउँछ। यस्तो सेवालाई सामाजिक सेवा भनिन्छ। यो कुनै अरुलाई देखाउने सेवा पनि होइन अथवा बिस्तारै गरिने सेवा पनि होइन। सत्य साई संगठन भित्र गरिने सेवाकार्य एउटा आध्यात्मिक सेवा हो जुन सेवालाई एउटा साधना मानेर भगवान्लाई अर्पण गर्न पाएको अवसर सम्झी गरिन्छ। यो प्रचार अथवा विज्ञापनको उद्देश्य लिएर गरिने होइन। त्यसकारण यहाँहरुले मलाई जुन सेवा गर्ने अवसर प्रदान गर्नु भएको छ त्यसकोलागि म धन्यवाद दिन चाहन्छु। यहाँ भगवान् बाबाबाट प्रदत्त सिद्धान्त अनुसार दाताले आफूलाई सानो सम्झन्छ तथा पाउने व्यक्ति र उसको बीचमा एकताको भावना अनुभव गर्छ। एकातिर आफू भित्र रहेको भगवान्ले दिनुहुन्छभने अर्कोतिर पाउने व्यक्ति भित्र रहेको भगवान्ले लिनुहुन्छ। ईश्वरबाट पाएको अन्न जुन स्वयं ब्रम्ह हो त्यही नै दिइन्छ। यदि तिमीले कुनै गरीबलाई केही ख्वायौभने यो केवल एउटा गरीबलाई भोजन गराएको सामाजिक सेवा मात्र हुन्छ। तर सत्य साई संगठनमा गरिने नारायण सेवा आध्यात्मिक सेवा हो। यसकारण सबैजना कार्यको आध्यात्मिक सेवा हो। यसकारण सबै सेवा कार्यको आध्यात्मिक पृष्ठभूमि हुनुपर्छ अन्यथा यो एउटा निगम अथवा संघको जागिर जस्तो हुन्छ। आध्यात्मिक सेवाको अर्थ म मेरैलागि सेवा गर्दैछु र म आनन्दमा छु, म यस कार्यबाट ईश्वरको अनुग्रह आर्जन गरिरहेको छु भन्ने अर्थ लाग्छ।

अर्कोपक्ष शैक्षिक विभाग हो। यस विभाग अन्तर्गत शिक्षकले आफ्नो कार्यलाई पूजा र साधना सम्झी गरेमा त्यो आध्यात्मिक शिक्षा हुन्छ। अन्यथा त्यो एउटा औपचारिक शिक्षा मात्र हुन्छ।


बाबाले हामी सबैलाई आशीर्वाद दिनुहोस् भनी प्रार्थना गर्दछु।

जय साई राम।

प्रश्न-उत्तर

"धर्मको सार्थकता कुरामा भन्दा काममा हुन्छ"

- अनिलकुमारसँगको प्रश्नोत्तरहरु
- बाबालाई अनिलकुमारका प्रश्नहरु
- भगवान् श्री सत्य साई बाबालाई सोधिएका प्रश्नहरु
- बाबाबाट सोधिएका प्रश्नहरु



अनिलकुमारसँगको प्रश्नोत्तर

प्रश्न नं. १ : विश्वास (श्रद्धा) भनेको के हो ?

अनिलकुमार : आध्यात्मिक क्षेत्रमा विश्वास र श्रद्धालाई अति जोड दिइएको छ। विश्वास जगाउन ज्यादै जरुरी हुन्छ। विश्वास आध्यात्मिक क्षेत्रमा केन्द्र विन्दु हो। विश्वास विना आध्यात्मिकतामा कुनै स्थान छैन। विश्वासलाई हर किसिमबाट हरतरहले सबैले प्रमुख स्थान दिनुको साथै विशेष जोड दिएका छन्। यसै विषयमा केही प्रकाश पारौं। विश्वास कसरी बढाउने ? हामी सबैको मनमा यसलाई कसरी जगाउने भन्ने मूल प्रश्न उठिरहेछ। यस बारे भगवान् बाबाले भन्नु भएको कुरा तपाई हामीलाई थाहा भएको कुरासँग पटक्कै मिल्दैन।

यसै सन्दर्भमा म अवतारको ध्येय र उद्देश्यबारे स्पष्ट पार्न चाहन्छु। पहिले पहिलेको लेखेर राखिएका कुरालाई दोहऱ्याएर भन्न या देखाउन मात्र अवतारको अवतरण भएको होइन। समय र परिस्थिति अनुसार प्राचीन कालको सिद्धान्त तथा सनातन धर्मलाई नयाँ ढङ्गबाट प्रस्तुत गर्न मानव अवतारमा भगवान् प्रकट हुनु भएको हो। विश्वास बारे भगवान्का विचारहरु के के हुन् ? यस बारे उहाँ के भन्नु हुन्छ ? कसरी व्याख्या गर्नुहुन्छ ? सर्वप्रथम विश्वास भनेको माटोमा बीउ रोपी विरुवा उमारी खेती गरे जस्तै हुर्काउने, बढाउने खालका कुरो होइन। बाबा भन्नुहुन्छ, "यो त मानिसमा हुने जन्मजात नैसर्गिक गुण हो। यो कुनै नक्कली वस्तु होइन। न त यो शरीरमा लगाउने लुगा नै हो। विश्वास प्राप्त गर्न सजिलो छ तर यसलाई गुमाउन गाह्रो छ।" यसै सन्दर्भमा भगवान्ले प्रशस्त उदाहरणहरु दिनु भएको छ।

तिम्रो जीवनको विभिन्न क्षेत्रमा तथा दैनिक कार्यक्रममा तिमी विश्वासमा चल्छौ। भगवान्ले भन्नुभयो-"तिमी घर पक्का फर्कन्छु भन्ने दृढ विश्वासकासाथ बजार जान्छौ। बजारबाट नफर्किने दिन तिमी बजार नै जाँदैनौ, घरबाट बाहिर पाइला नै हाल्दैनौ। त्यस्तै पछि आनन्द साथ बस्न पाइन्छ भन्ने विश्वासमा तिमी नयाँ घर बनाउँछौ। विश्वास नभएको भए तिमी घर नै

वनाउँदैनथ्यौ। तिमी धोवीलाई लुगा धुन दिंदा पनि उसले पछि फर्काउँछ भन्ने पूर्ण विश्वासमा दिन्छौ। उसले कपडा धुँदा बिगार्छ या सपार्छ भन्ने कुनै मतलव नराखी तिमी उसमाथि पछि फर्काउँछ भन्ने पूर्ण विश्वास राखी दिन्छौ। तिमी गहना वनाउने सुनारमा विश्वास राख्छौ। त्यस्तै अपरेशन गर्ने डाक्टर माथि विश्वास गर्छौ। डाक्टरमाथि पूर्ण विश्वास राखी अपरेशन गराउन टेबुल माथि चुपचाप पल्टिदिन्छौ। तिमी डाक्टरमाथि कुनै शंका गर्दनौ। तिमी हजाममाथि पनि कपाल काट्दा कैंचीले गर्दन काँट्दैन भनी पूर्ण विश्वास गर्छौ। त्यो हजाम, धोवी, डाक्टर र सुनारमाथि विश्वास गर्ने शक्ति कहाँबाट पायौ ? त्यो विश्वास गर्ने कुरा कसले सिकायो ? आमाबाबुले आफ्ना छोराछोरी माथि विश्वास गर्नु स्वाभाविक छ। त्यसैले हामी जसबाट आफ्नो काम लिन्छौं उसप्रति हाम्रो विश्वास हुन्छ। तर दुर्भाग्यको कुरा के छ भने हामी भगवान्माथि विश्वास गर्ने कुरामा शंका उपशंका प्रकट गर्छौं।

हामी साना साना कुरामा चाहिं विश्वास राख्छौं विश्वास राख्नु पर्ने कुरामा चाहिं के कसो भनी प्रश्न गर्न थाल्छौ। जुन कुरो अनन्त, चिरस्थायी, भरपर्दो छ, जसबाट हामीलाई धेरै लाभ प्राप्ति हुन्छ र जसबाट परम शान्ति सन्तोष र आनन्द प्राप्त हुन्छ त्यसलाई हामी इन्कार गर्छौं। हामी सानातिना कुरामा विश्वास राख्छौं तर बहुमूल्य वस्तुमा विश्वास गर्दैनौं। त्यसकारण मैले विश्वास जगाउन बाँकी नै छ भन्नु फजुल कुरो हो। विश्वास नै छैन भन्नु अझ मूर्ख कुरा हो। विश्वास भन्ने कुरा मानव जातिलाई भगवान्ले दिएको स्वाभाविक र नैसर्गिक जन्मजात गुण हो। तर हामी यसलाई ठीक ठाउँमा राख्दैनौं। भगवान्लाई प्रेम र विश्वासमा कुनलाई पहिलो प्राथमिकता दिनु पर्छ भनी प्रश्न गर्दा उहाँले भन्नुभयो, "तिमीहरु जब एक अर्का माथि ज्यादै विश्वास गर्छौं तबमात्र मेरो श्रीमान् र मेरी श्रीमती भनी आपसमा प्रेम गर्न थाल्छौ पछि यदि विश्वास कम भयो भने आपसमा एक अर्का माथि प्रेम गर्न पनि छोड्छौ। यसबाट पहिले विश्वास त्यसपछि प्रेम आउँछ। तिमी विश्वास नभई प्रेम गर्न सक्तैनौ। जब कसैमाथि पूर्ण विश्वास हुन्छ तब मात्र प्रेम गरिन्छ। किन र कसरी वावामाथि कसैको विश्वास र श्रद्धा हुन्छ ? भनी कसैले सोधेमा पहिले विश्वास आउँछ अनि मात्र श्रद्धा आउँछ" भन्नु भनी बताउनु भयो।

विश्वास र अनुभवमा कुन पहिले आउँछ भनी बाबालाई प्रश्न गर्दा उहाँ भन्नुहुन्छ, "धेरै मानिस पहिले अनुभव गरेपछि मात्र विश्वास आउँछ भन्छन् तर वास्तवमा विश्वास जागेपछि मात्र अनुभव गर्न सकिन्छ। पानी भित्रै नपसी पौडी खेल्ने कला कसरी जानिन्छ। तिमी बालुवा वा कुनै भुईंमा यो स्थान वढि सुरक्षित र समतल छ भनी पौडदैनौ। पानी भित्र हाम्फालेर मात्र पौडने कला सिकिन्छ। यसरी पानीमा हाम्फाल्न पहिले विश्वास जागृत भएपछि मात्र पौडी खेलेर अनुभव प्राप्त गर्न सकिन्छ। यहाँ पौडी खेल्ने कलालाई अनुभव र पानीमा हाम्फाल्नु या पानीलाई विश्वास ठान्नु पर्छ। "कहिलेकाँही पहिले अनुभव प्राप्त भयोभने मानिसहरु संयोगवश हुन गयो भन्छन्। वास्तवमा संयोगवश भन्ने शब्द आध्यात्मिकतामा हुँदै हुँदैन। साँच्चै भन्ने हो भने कुनै कुरो पनि संयोगवश हुँदैन। यहाँको यो भेटघाट पनि संयोगवश भएको होइन, भगवान्‌को इच्छाले भएको हो। जीवनमा हुने कुनै कुरा पनि संयोवश हुँदैन। सबै भगवान् कै इच्छाबाट हुन्छन्। यसरी हामीमा पहिले विश्वास त्यसपछि मात्र अनुभव प्राप्त हुन्छ।

प्रश्न नं. २ : यत्रो विशाल विश्वमा भारतमा नै भगवान्‌ले किन अवतार लिनु भएको हो ?

अनिलकुमार : भगवान् बाबा भन्नुहुन्छ, "रेलको सबैभन्दा अगाडि इन्जिन हुन्छ र त्यसको पछाडि डिब्बाहरु हुन्छन्। इन्जिनलाई कोइला, डिजेल या विद्युतको सहायताबाट निकालिएको तापशक्तिबाट अघि बढ्न मद्दत मिल्छ। रेल हाँक्ने चालक सबैभन्दा अगाडि इन्जिनमा बसेको हुन्छ। पछाडिका सबै डिब्बाहरुलाई विश्वका विभिन्न देशहरु भनी सम्झ र इन्जिन भित्र निस्केको आगो या तापलाई यज्ञ भनी ठान। जहाँ आगो अर्थात उर्जा (शक्ति) पैदा हुन्छ त्यहीं भगवान् चालकको रुपमा अवतरित हुनुहुन्छ।" यस प्रकार जहाँ यज्ञ गरिन्छ त्यहाँ भगान् अवतरित हुनुहुन्छ।

प्रश्न नं. ३ स्वधर्म भनेको के हो ?

अनिलकुमार : संस्कृतमा "स्वधर्म" भन्ने शब्दको ठूलो महत्व छ। व्याख्याकर्ताहरुले बुझे अनुसार यसको अर्थ विभिन्न किसिमबाट लगाएका छन्। कोही जीवनको विभिन्न खास अवस्थामा गर्नु पर्ने कर्मलाई वा जीवनको

विभिन्न अवस्थालाई स्वधर्म भन्दछन् । जस्तै बाल्यावस्था, युवावस्था, प्रौढ अवस्था, वृद्धावस्था आदि । सबै अवस्थाको आ-आफ्नो धर्म हुन्छ । वृद्धावस्थामा युवावस्थाको गुण आउँदैन । कुनै पनि व्यक्तिको आचरण वा कुनै खास अवस्थाको जीवन ढाँचालाई स्वधर्म भनिन्छ ।

स्वधर्मलाई अर्को प्रकारबाट व्याख्या गर्दा जीवनकोविभिन्न चरणहरुलाई समेटिएको छ । जीवनमा 'ब्रम्हचर्य' आश्रम भनेको अध्ययन गर्ने समय हो । त्यसपछि 'गृहस्थाश्रममा' आफ्नो घरकाज सम्हालेर बस्नु नै स्वधर्म हुन्छ । अर्को 'वाणप्रस्थ' अवस्था जसमा सबै त्यागेर सन्यास ग्रहण गर्नुलाई स्वधर्म भनिन्छ । यसरी मानिसको अवस्थानुसार स्वधर्मको अर्थ लगाइएको छ । तर स्वामी यी सबै भनाइलाई एकदमै गल्ती ठहऱ्याउनु हुन्छ ।

हिन्दु समुदायमा ब्राम्हण, क्षेत्री, वैष्णव र शूद्रको आ-आफ्नो धर्म हुन्छ । स्वामी त्यसलाई हास्यास्पद भनी बताउनु हुन्छ । यसबाट उपर्युक्त कुराहरु स्वधर्ममा कुनै पनि मिलेनन् । स्व+धर्मलाई आत्माको धर्म अर्थात् आत्मधर्म भनी स्वामी बताउनु हुन्छ । आफ्नै आत्माको गुणलाई नै स्वधर्म भन्नु पर्छ। जीवनको खास अवस्थालाई होइन। आफूमा भएको महान चित्तसँगको सम्बन्धलाई स्वधर्म भन्नु पर्छ । यसरी भगवान् स्वधर्मको परिभाषा अपूर्व ढंगले आफ्नै किसिमबाट दिनुहुन्छ । वास्तवमा अवतारको काम नै यही हो । पहिले थाहा भएका कुरालाई नयाँ किसिमबाट व्यक्त गर्ने उद्देश्य लिएर समय र आवश्यकता अनुसार भगवान्ले अवतारको रुप धारण गरेर आउनुहुन्छ र सबै प्राचीन कालका ज्ञान र बुद्धिलाई स्पष्ट र बुझिने ढंगबाट ताजा रुपमा दिनुहुन्छ ।

प्रश्न नं. ४० : गायत्री मन्त्रको व्याख्या गरिदिनु हुन्छ की ?

अनिलकुमार : "ॐ भुं भुवः श्वः तत्सवितुर्वरेण्यम् भर्गो देवस्य धीमही धियो योनः प्रचोदयात्" । यो गायत्री मन्त्र विश्वामित्र ऋषिले भगवान् रामचन्द्रलाई सिकाउनु भएको थियो । यो साधारण मन्त्र होइन । यो ऋषिले शुभ मुहुर्त निकाली भगवान्को अवतारलाई दिएको मन्त्र हो । गायत्री मन्त्रका ३ पक्ष हुन्छन् । १. गायत्री २. सावित्री ३. सरस्वती । यी तीन के हुन् र यिनीहरुमा के महत्व छन् ?

गायत्री : गायत्रीको अर्थ शरीरका अंग प्रत्यंग र इन्द्रियहरुको सञ्चालनलाई राम्रोसँग हेरविचार गर्नु हो। गायत्रीबाट स्वास्थ्य पक्कापक्की, ठीक र तन्दुरुस्त रहन्छ। स्वस्थ शरीरमा स्वस्थ मन रहनु धेरै उत्तम हुन्छ। जीवनमा जुन कुरा सिक्दा पनि शरीरसँग सम्बन्धित हुन्छ र शरीरको नै ख्याल आउँछ। शरीर पनि पञ्चतत्व मध्ये एक हो। स्वामी यो शरीरलाई सृष्टि (Materialization) भन्नुहुन्छ। सृष्टि पनि एउटा इन्द्रिय हो जुन पंचतत्वबाट मिलेर बनेको हुन्छ।

सावित्री : जीवनको सिद्धान्तसँग सावित्रीको सम्बन्ध रहन्छ। राम्रो शरीर मात्र भएर पुग्दैन। जीवनको सिद्धान्त मिलेर मात्र यो शरीरले काम गर्छ। जीवन भनेको ईश्वरको वरदान हो। रुपैयाँ पैसाले हामी औषधि किन्न सक्छौं तर एक सेकेन्डकोलागि पनि आयु किन्न सक्दैनौं। दीघार्यु जीवन सुरक्षित राख्ने कुरो सावित्रीसँग सम्बन्धित रहन्छ। सावित्री जीवन हुन्। स्वामी यसलाई संचार (झंकार) भन्नु हुन्छ। अर्थात् शरीरमा अंग प्रत्यंग हुन्छ तर यसलाई चलाउन र काम गर्न झंकार (Vibration) चाहिन्छ।

सरस्वती : सरस्वतीलाई शब्द या बोली वचनको विभाग भने हुन्छ। जुन कुरा बोलिन्छ त्यो सत्य हुनुपर्छ भन्ने कुरामा सबैले जोड दिनुपर्छ। यो सत्य कुनै सामान्य सत्य या वैज्ञानिक सत्य होइन। यो सत्य अपरिवर्तनशील, अनन्त, स्थायी तथा समय र दूरीदेखि टाढै रहने छुट्टै खालको हुन्छ। यस प्रकारको सत्यलाई सरस्वतीको बोली भनिन्छ। सरस्वती यसको श्रोत हुन्। सत्य नै श्रोत हो। यो जानिनसक्नु, अपरिवर्तनशील, अचल, स्थायी र अनन्त सत्य छ। भगवान् यसलाई आनन्दको श्रोत (Radiation) भन्नुहुन्छ। यो नै तापशक्ति संचार गर्ने शाखा (Thermal Power Station) हो। यहिंबाट वाहिर जे पनि प्रसारण हुन्छ। यस प्रकार जुनसुकै कियाकलापको मूलश्रोत नै अनन्त, सत्य, आनन्द (Radiation) हो जसको श्रोत सरस्वती स्वयं हुन्। काम गर्दा जुन आनन्दको श्रोत आउँछ त्यो नै झंकार (Vibration) – सावित्री हुन्। हाम्रो शरीरमा सञ्चार हुने त्यो सावित्रीरुपी झंकारले शरीरका इन्द्रियहरु तथा अंगहरुको सञ्चालन गराउँछ। ती सावित्री नै झंकार हुन्। यसरी सञ्चालन हुने क्रममा आनन्दको श्रोत नै झंकार हो। यस प्रकार आनन्दको श्रोतले झंकार पैदा गर्छ र झंकारबाट शरीर राम्रोसँग सञ्चालन हुन्छ। यसै

क्रमलाई सृष्टि (Materialization) भनिन्छ । त्यसकारण सृष्टि शरीर हो, झंकार जीवन हो, आनन्दको श्रोत अनन्त सत्य हो । यी तीनैलाई तीन शब्दमा;

शरीर	–	सृष्टि	–	गायत्री
जीवन	–	झंकार	–	सावित्री
सत्य	–	आनन्दको श्रोत	–	सरस्वती , भने हुन्छ ।

गायत्रीका तीन रुप यिनै हुन् । गायत्रीका अरु तीन पक्ष छन्

भुर भुवः श्वः

मानिसहरु यिनीहरुलाई वेग्लाबेग्लै तह वा संसार हो भनी नामाकरण गर्छन् । भगवान्ले यसबारे अपूर्व ढंगबाट व्याख्या गर्नु भएको छ । उहाँ भन्नु हुन्छ, "यी तीन छुट्टाछुट्टै संसार होइनन् ।"

भुर, भुवः, श्वः सबै तिमी भित्र नै छन् । यी ३ के के हुन ?

भुर भनेको शरीर हो – सृष्टि – नश्वर संसार (Gross Wolrd)

भुव भनेको जीवन हो – झंकार – सुक्ष्म संसार (Subtle World)

श्व भनेको सत्य हो – आनन्दको श्रोत – कारक संसार (Causal World)

यसलाई अर्को प्रकारले पनि व्याख्या गरिएको छ । यसका ३ पक्ष छन् :

१. देह – शरीर

२. जीवन – व्यक्ति

३. आत्मा – आत्मा

तिमीहरुले आफ्ना वरपर पशु संसार या वनस्पति संसार जे होस् त्यहाँ देखेका सबै भूत-आकाश अर्थात् प्रत्यक्षलोक भनिन्छ । विश्वमा तिमीले आँखा वन्द गरे पनि पहिले आफूले देखेका सबै कुरा कल्पना गर्न सक्छौ । यसलाई मानसिकलोक भनिन्छ । यसकारण विश्व नै तिम्रो मनमा छ । यसलाई चित्त-आकाश अर्थात् मानसिक लोक भनिन्छ । तेश्रो आत्मा अर्थात् चिद्आकाश भनिन्छ । यस प्रकार भुर, भुव, श्व तीन लोक हुन् । "भुर" चाहिं गायत्री (सृष्टि–Materialization), "भुव" चाहिं सावित्री (झंकार–Vibration) र स्वः चाहिं सरस्वती (आनन्दको श्रोत (Radiation) हुन् । मन्त्रमा बुद्धि ठीक ठाउँमा परोस् या आशा गरिए जस्तै बढेर जावोस्, पथ प्रदर्शक होस् भन्ने लेखिएको छ । गायत्रीको अर्थ यही हो ।

गायत्रीलाई जुनसुकै बखत जहाँ पनि, पुरुष या स्त्री जसले पनि जति जपे पनि हुन्छ भनिएको छ। एकपटक यसको महत्व बुझेपछि बुद्धि बढोस् भनेर जति पटक जपे पनि हुन्छ। बुद्धि ठीक भयोभने मन पनि सचेत हुन्छ। बुद्धि नै चेतना हो। मन सचेत भएपछि शरीरले आफ्नो काम राम्रो, स्वास्थकर किसिमबाट गर्छ। यसकारण शरीर, मन र बुद्धिलाई निरोगी राख्न गायत्रीलाई धेरै पटक जप गर्नुपर्छ।

प्रश्न नं. ५: दैवीक इच्छा भनेको के हो र मानिसको तर्फबाट कस्तो प्रयत्न गर्नुपर्छ ?

अनिलकुमार : स्वामीको भनाइ अनुसार दैवी इच्छा बढो रहस्यमय छ र यो पूर्ण रुपले भगवान्को हातमा छ भगवान् जे इच्छा गर्नुहुन्छ त्यो अवश्य हुन्छ ।भगवान् स्वतन्त्र हुनु भएकोले उहाँको इच्छा पनि स्वच्छन्द छ। हामी मानवजाति स्वतन्त्र छैनौं, किन होला ? हामीलाई हाम्रो इन्द्रियहरु,लहडी मन र शारीरिक आसक्ति र माया ममताले घेरेको छ। हामीमा म, तेरोमेरो आदि भावना धेरै हुन्छ। हामी फुक्का र स्वतन्त्र हुन नसकेकोहुँदा हाम्रो इच्छा पनि स्वतन्त्र छैन। यसै सन्दर्भमा भगवान् एउटा उदारण दिँदै भन्नु हुन्छ -"मानिस उसको इच्छा स्वतन्त्र छ भन्ने ठानी भूल गर्छ जस्तैः- यदि उसलाई पक्षाघात रोग लागेको छ भने उ आफ्नो हात खुट्टा उठाउन सक्तैन। उसको इच्छा स्वतन्त्र भए पनि हात गोडा हलचल गराउन सक्तैन। यसबाट यस्ता कुरा मानिसको अधिनमा हुँदो रहेनछ भन्ने पुष्टि हुन्छ। हृदयको ढुकढुकी, श्वास प्रश्वास प्रणाली, रक्त सञ्चार आदि भगवान्बाट सञ्चालन गरिन्छन्। यसैलाई दैवी अथवा स्वतन्त्र इच्छा भनिन्छ। सारांशमा दैवी या स्वतन्त्र इच्छा भगवान्को हातमा मात्र हुन्छ र यो अपरिवर्तनशील हुन्छ।

मनुष्य आफ्नो लहड र खुशी अनुसार जीवनयापन गर्ने प्रयत्न गर्छ। यो परिवर्तनशील हुन्छ। तिनीहरु विरोधाभास छन् या पूरक ? के मनुष्यको प्रयत्नले दैवी इच्छालाई काट्न सक्ला या के कहिले भगवान्ले मनुष्यको प्रयत्नलाई नाइनास्ति गर्नु होला ? के स्वतन्त्र इच्छा सर्वोपरी भएर हामीलाई अल्छी बनाएर, प्रयत्नै नगरी आफ्नो भाग्यलाई भावीले पहिले नै लेखेको भनी श्राप दिने गराउला ? वास्तवमा यस्तो हुँदैहोइन ?

यदि मनुष्यले हृदय देखि मन लगाएर प्रयत्न गऱ्योभने दैवी इच्छालाई पनि बदल्न सक्छ। जस्तै मनुष्यका प्रयत्नहरु सकारात्मक या नकारात्मक दुवै हुन सक्छ। यदि उ असल छ भने उसले आफ्नो प्रयासलाई उन्नति र विकासतर्फ लैजान मरीमेटी गर्छ। मूर्ख भयो भने अराष्ट्रिय तत्व भएर निस्कन्छ। नकारात्मक पक्षतिर लाग्यो भने ज्यान मार्ने काम गर्छ। फलस्वरुप त्यो जेल या कारागारमा परी पछुतो गर्दै भगवान्को अनुग्रह खोज्नथाल्छ आफ्नो पापबाट छुटकारा पाउन कठोर तपस्या गर्न शुरु गर्छ। यदि त्यसले अनुशासनको नियममा रही कुनै उपद्रव र हिंसात्मक कार्य नगरी राम्रो आचारण देखाउन थाल्यो भने उसको सजायको अवधि घट्न सक्छ। त्यसको अतिरिक्त उसले शैक्षिक प्रखरता देखायो, समाज र देशकोलागि कुनै राम्रो योगदान पुऱ्यायोभने राष्ट्रपतिले माफी पनि दिन सक्छन्। सर्वोच्च अदालतले उसलाई ज्यान सजाँय सुनाए पनि राष्ट्रपतिलाई क्षमादिने अधिकार भए झैं मानिसको प्रयत्नले भगवान्को इच्छालाई पनि बदल्न सक्छ। आध्यात्मिक जीवनमा पनि भित्री हृदयदेखि नै लगनशील र प्रयत्नशील भई प्रार्थना गऱ्योभने भगवान्को हृदय पग्ली भक्तलाई कृपापूर्वक क्षमादान अवश्य गर्नुहुन्छ।

प्रश्न नं. ६: दर्शनको अर्थ के हो ? यसबाट कसरी सबैभन्दा बढी लाभ उठाउन सकिन्छ ?

अनिलकुमार : डा. भी. के गोककले दर्शनलाई यसरी व्यक्त गर्नु भएको छ, "स्वामीमा तिमी आफ्नो बितेका आत्मा देख्न सक्छौ" । "म" भन्ने भाव बिर्सिन्छौ।" हामीहरु शरीर, मन र वातावरणको ख्याल राख्छौं तर आत्मा प्रति ध्यान दिदैनौं। आत्मालाई बिर्सन्छौं। आत्मा छ, छैन यसमा मानिसहरु शंका गर्छन्। हामी सबैलाई स्वार्थको विषयमा थाहा छ तर आत्मा बारे केही थाहा हुँदैन। आत्मालाई चिन्न, अनुभव गर्न र त्यसको खोजीनीति गर्ने कुनै प्रयास गरिदैन। जति खेर तिमी बाबाकहाँ आउँछौ तिमी उहाँमा त्यो आफ्नो बितेको आत्मा देख्न सक्छौ। तिम्रो स्वप्नअवस्थामा मानसपटलमा रहेको काल्पनिक आत्मा पनि बाबामा पाउँदछौ। यो एक प्रकारले तिमी ऐनाको अगाडि उभिएर हेरेको जस्तै हुन्छ। जसलाई पनि आफ्नो प्रशंसा सुन्ने इच्छा हुन्छ, तर जसलाई पनि एकपटक स्वामीको दर्शन गरेपछि बराबर दर्शन गर्ने इच्छा भइरहन्छ। उहाँलाई हेरेर हामी कहिल्यै अघाउँदैनौं। किन होला ? के उहाँको सौन्दर्यले हो त ? त्यो त आफ्नै आत्माको प्रतिबिम्बले गर्दा भएको

हो । हामी त्यस्तो आकर्षण हुनाको कारण भन्न सक्तैनौ । जसरी ऐनाको अगाडि उभिँदा हामी आफ्नै स्वरुपलाई देख्छौं त्यस्तै बाबालाई दर्शन गर्दा आफ्नै आत्मा देखिरहेका हुन्छौं ।

उदाहरणको लागि एकै ठाउँमा धेरैजना भएको एउटा फोटो लिउँ । त्यो फोटोमा स्वामी पनि हुन सक्नुहुन्छ तर तिमी त्यहाँ आफूलाई पनि हेर्छौ, किन ? तिमी आफैलाई प्रेम गर्छौ । परीक्षाफल निस्किएको दिनमा अखबारमा सफल हुने विभिन्न व्यक्तिहरुको क्रमाङ्क हुन्छ तर तिमी आफ्नो क्रमाङ्क मात्र हेर्छौ । स्वामीको दर्शनमा पनि एकजनाको मात्र खोजीमा आएका हुँदैनौ । उहाँको दर्शनमा आफ्नै आत्माको दर्शन गर्न आएका हुन्छौ । यो बढो घतलाग्दो कुरो छ । हाम्रो फाइदाकोलागि हामीले उहाँलाई आफ्नो हृदयमा ल्याउनु पर्छ । तिमी बाहिर जस्तो अनुभव गर्छौ त्यो तिम्रो भित्र हृदयमा पनि त्यस्तै अनुभव हुनुपर्छ । मैले उहाँलाई देखेपछि भित्र पनि उहाँकै अनुभव गर्नुपर्छ । उहाँलाई नै मनमा पुन आव्हान गरी उहाँको चित्रण गर्नुपर्छ र सँधैकोलागि उहाँको रुप चित्रण गरी उहाँलाई स्मरण गर्दै सुनौलो अक्षरमा लेखी मनमा राख्नु पर्छ । त्यसकारण देखेका कुरालाई मनमा राख्नसक्नु फाइदाजनक हुन्छ । तिमी मन्दिरमा या गिर्जाघरमा गएको बखत आफ्नो आँखा बन्द गर्छौ । त्यहाँ गएर किन आँखा बन्द गर्छौ ? आफ्नै घरमा बसेर आँखा चिम्लिएर बसे पनि त हुन्छ नि ? तिमी, भ्याटिकन या पुट्टपर्तिमा जान खुब इच्छा गर्छौ । तिमीले एक पैसा पनि खर्च नगरी घरैमा बसेर पनि स्वच्छन्द भएर प्रार्थना गर्न सक्छौ । मुख्य कुरो जे बाहिर छ त्यसैको छाप भित्र पनि पर्नु पर्छ ।

प्रश्न नं. ७ : के स्वामीले सँधै भित्री स्वामीको (Inner Swami) विरोधाभास कुरा गरी मानिसहरुको परीक्षा लिनु हुन्छ ?

अनिलकुमार : त्यो कुरा ठीक हो, भगवान् सँधै त्यसै गर्नुहुन्छ । उहाँ भन्नु हुन्छ, "परीक्षा भनेको स्वाद लिनु हो" । भगवान् अरुको परीक्षा लिएर स्वादको अनुभव गर्नुहुन्छ । भगवान्ले त्यो कुरो भन्नु भएको बखत मैले उहाँलाई बिस्तारै मलाई जाँच गरेको मनपर्दैन भनेको थिएँ । त्यसबखत भगवान्ले भन्नुभयो, "शिक्षक भएपछि जाँच लिएर विद्यार्थीलाई माथिल्लो कक्षामा चढाउनु पर्छ । जो कोही पनि जाँचमा सफल भएपछि मात्र माथिल्लो कक्षामा पढ्न योग्य हुन्छ । जाँच गरिएन भने त्यो विद्यार्थी जीवनभर उही

कक्षामा जहाँको त्यही बसिरहनु पर्छ। त्यसकारण जाँच भनेको हुनै पर्छ। बिरामी भएको बखतमा पनि डाक्टरले तिमीलाई जाँच गर्छन्। तिमीलाई सान्त्वना दिन यसरी शिक्षक तथा डाक्टरले जाँच गरेझैं भगवान्‌ले पनि जाँच गर्नुहुन्छ। अति दुःखदायी भए पनि तिम्रो विश्वास कस्तो छ त्यो हेर्न परीक्षा लिनु हुन्छ।

प्रश्न नं. ८ : कुन रुपमा बाबा अरु गुरुहरुभन्दा फरक हुनुहुन्छ ?

अनिलकुमार : गुरु त्यो हो जसले "तिमी को हौ ?" भन्ने कुरा बताएर बाटो देखाउनु हुन्छ। उहाँ तिम्रै आत्मामा पनि देखिन सक्नुहुन्छ। गुरुले कुनै बहुमुखी नयाँ कुरा ल्याउने होइन न त बजारबाट कुनै वस्तु नै किन्ने हो ? गुरुको उपदेश तिम्रो हाम्रोलागि कुनै नौलो कुरो होइन। यो त स्वयं प्रकट भएका कुरा हुन्। भगवान्‌का उपदेशहरु अरु गुरुका उपदेशहरुभन्दा यसैकारणले फरक छन्। हामीले जहाँ पनि गुरुले जब मन्त्र दान गर्छन् र त्यसलाई यति पटक उति पटक जप्नु पर्छ भनेका मात्र सुनेका छौं। त्यस्तै सातसय रुपियाँ अथवा त्योभन्दा पनि बढी लिएर ध्यान सिकाउने गुरु पनि छन् तर यो कुरा भगवान्‌बाबामा छैन। सद्‌गुरुले आफ्नो परिचय आँफै दिन्छन्। सद्‌गुरुले कानमा मन्त्रदान गरी हात पसारेर पैसा असुल गर्दैनन्। बाबा मन्त्रदान गरेर पैसा लिने खालको हुनुहुन्न। हामीले ठीक बाटोमा लैजाने सद्‌गुरु स्वयं भगवान् बाबालाई नै पाएका छौं।

धेरै मानिसहरु अद्वैत, द्वैत, भक्ति योग, ज्ञान योग जस्ता विभिन्न मार्गमा लागेका हुन्छन्।तिनीहरु सबै मनोरञ्जनका साधनहरु हुन्। साई उपदेशहरु अभियानको रुपमा आएका छन् क्रान्तिको रुपमा होइनन्। यिनीहरु जुटाउन आएका हुन् फुटाउन होइनन्। यिनीहरु सहयोगकोलागि हुन् विरोधकालागि होइनन्। यसलाई अरु स्पष्ट्याउन बाबाले भन्नुभयो, "यहां एउटा फूल छ। यो जवान भएपछि यसमा एउटा फलको चिचिलो लाग्छ, पछि त्यो फल ठूलो भएर पाक्छ र अन्त्यमा रसिलो, भरीलो मीठो फलमा परिणत हुन्छ। काँचो फल नभई पहिले नै पाकेको फल पाउन सकिंदैन। त्यस्तै त्यो फूललाई कर्मयोग सम्झौं। काँचो फललाई भक्तियोग सम्झौं। भरिभराउ परिपक्व गुलियो रसिलो फललाई ज्ञानयोग ठानौं र लक्ष्यमा पुग्ने कुरोलाई अभियान सम्झौं।

कुनै व्यक्तिले उसमा भक्ति नभइकन म कर्मयोगी भन्न आउँछभने त्यो यान्त्रिक जस्तो हुन जान्छ । अहंकार भनेको यही हो । कामले नै राजसिक बनाउँछ । जुन काम गर्दा असफल होइन्छ, त्यहाँ नैराश्यता आउँछ । यस प्रकार काम गर्दा सफल भइयो भने अहंकार र असफल भइयो भने नैराश्यता आउँछ । यस्तो कर्मको केही काम हुँदैन । त्यसैकारण कर्मको साथमा भक्ति हुनै पर्छ ।

कोही आफूमा भक्ति छ भन्छन् । भक्ति त भित्रबाट आफै प्रस्फुटित हुनुपर्छ । प्रेम र त्यागद्वारा भक्ति प्रस्फुरण हुनुपर्छ । यो यान्त्रिक हुनु हुँदैन । भक्तिको साथमा कर्म पनि हुनुपर्छ । त्यसपछि ज्ञानको पालो आउँछ । पुस्तक पढनु पढनुकोलागि मात्र हुन्छ । तिमी आफ्नो मस्तिष्कलाई पुस्तकले भरिएको दराज मात्र बनाउँछौ । पुस्तकमा धेरै कथाहरु हुन्छन् तर पुस्तकलाई भित्र के के छ थाहा हुँदैन । गधाले श्रीखण्डको भारी बोकेको हुन्छ तर उसलाई त्यसको बासना थाहा हुँदैन । हामीले यस प्रकारको जीवन यापन गर्नु हुँदैन । यसको अतिरिक्त भक्तिभावले पढ्ने, पढेर सही ज्ञान बटुल्ने र कर्मयोगको बाटोमा हिंड्ने, यी तीनैको समागम हुनुपर्छ । भगवान्‌का उपदेशहरु सबैजना एक सूत्रमा मिलेर रहने अभियान हो । विरोध गरेर हिंड्न र आलोचना गर्न होइन ।

पश्न नं. ९ : राम, कृष्ण, शिव र गणेश जस्ता विभिन्न अवतारहरु हुनुको महत्व के छ ?

अनिलकुमार : राम अवतारको महत्व :- राम अवतारको मुख्य उद्देश्य सत्य र धर्मको स्थापना गर्नु थियो । उहाँको समयमा सत्य र धर्म दुवै लोप हुँदै गइरहेको थियो । त्यसबखत ठूला ठूला महर्षिहरु भएता पनि समस्या विकराल हुँदै गएकोले ती सबै भगवान् विष्णु कहाँ गएर अर्को जन्म (अवतार) लिई समस्या सुल्झाउन बिन्ती गरे । सबैको यस्तो कारुणिक अनुरोध सुनेर यस पृथ्वीमा राम अवतारको पदार्पण भयो । रामले आदर्श शासक कस्तो हुनुपर्छ, आदर्श पुत्र कस्तो हुनुपर्छ, आदर्श दाजुभाइ कस्तो हुनुपर्छ, आदर्श पति कस्तो हुनुपर्छ, आदर्श पिता कस्तो हुनुपर्छ भन्ने कुरो सबैलाई पाठ स्वरुप देखाइदिनु भयो ।

आदर्श पुत्र :- रामले आफ्नो बुबाको आज्ञा इमान्दारी पूर्वक, आनेकानी नगरी तत्परताकासाथ पालन गर्नुभयो । रामको बुवा दशरथले छोरा रामसँगको विछोडले अति विव्हल भई पीर सहन नसकी प्राण त्याग गर्नुभयो ।

भरत अति असल व्यक्ति थिए । उनी आफ्नो प्राणभन्दा पनि बढी आफ्नो दाजुको प्रेम गर्थे । आफ्नो अनुपस्थितिमा त्यस्तो वियोगात्मक घटना घटेको सुन्ने बित्तिकै जंगलतिर हिँडीहाले र रामलाई अयोध्यामा फर्की राजपाठ सम्हाल्न बिन्ती गरे । रामलाई जति विश्वास दिलाए पनि अयोध्या फर्काउन असम्भव छ भन्ने थाहा भए पनि भरतले आफ्नो बुवाले देह त्याग गर्नुभएको र हाल आफू नै राजा भएको र बुवाको आज्ञा पनि पुरानो भइसकेको हुँदा आफू नयाँ राजाको हैसियतले रामलाई अयोध्या फर्काउन अनुरोध गरे । रामले आफ्नो बुवा स्वर्गीय हुनु भए पनि उहाँकै आज्ञा पालन गर्नुपर्छ भन्ने जवाफ दिनुभयो । भरतले पुनः भूतपूर्व राजाको आज्ञालाई औषधिको म्याद समाप्त भए जस्तै वर्तमान राजाको आज्ञाले जित्छ भनी विशेष अनुरोध गरे । भरतले जति कोशिश गरे पनि रामले मान्नु भएन र "तिमी राजा भई बस, म बुवाको आज्ञा पालन गर्छु " भनी जवाफ दिनुभयो । रामले दशरथ राजाको भित्री इच्छा नभए पनि एक आदर्श पुत्रले पिताको आज्ञा कसरी पलन गर्नुपर्छ भन्ने उदाहरण प्रस्तुत गर्न कुनै आनेकानी नगरी खुरुक्क पिताको आज्ञा पालन गर्नुभयो ।

राजा दशरथ आफ्नी रानी कैकेयीसँग कबुल गरेको दुई वरदानले गर्दा अति जटिल समस्यमा पर्नु भएको थियो। उहाँले आफनो अमूल्य वचन पूरा गर्ने या प्रिय पुत्रलाई वनवास पठाउनु पर्ने दुई विकल्पहरुमध्ये एउटालाई नगरी नहुने अनिवार्य थियो । भरतको स्वभाव अपूर्व थियो । राम पनि सबै भाइहरु मध्ये भरतलाई नै बढी माया गर्नु हुन्थ्यो। राम भन्नु हुन्थ्यो, "लक्ष्मण नजिक छन्, भरत टाढा छन् तर प्रिय लाग्छन् । लक्ष्मण सँधै मेरो सुरक्षा र हेर विचार गर्छन्, सेवा गर्छन्, भरत राजा भएर त्यत्रो जिम्मेवरी बोकेका छन् तापनि मलाई मात्र सम्झीरहन्छन् साथै मेरो नाममा सेवा गरिरहेका छन् । मेरो खराउ लिएर त गए तर गद्दीमा कहिल्यै बसेनन्। उनले खराउलाई आफ्नो छेउमा राखी राज्य प्रति कुनै लोभ नराखी मलाई कहिले फर्कला भनी पर्खेर बसिरहेका छन्। उनको हृदयमा मेरो रुप छ।" दाजु भइकन राम कस्तो निष्पक्ष हुनुहुन्थ्यो । लक्ष्मण आफ्नो साथमा भए पनि भरतको प्रशंसा गर्नुहुन्थ्यो ।

आदर्श पतिको रुपमा उहाँले प्रेम र भक्ति देखाउनुभयो। सीतालाई रावणले हरेर लगेपछि रामले चित्त दुखाउँदै निरन्तर प्रत्येक रुख र फूलका बोटविरुवाहरुसँग सीताकोबारे खोजी खबर गरिरहनुहुन्थ्यो। त्यो नै आदर्श पतिको परिचय थियो। सीता नभएको बखत कुनै यज्ञ गर्नुपर्दा रामले आफ्नो छेउमा सीताको मूर्ति राख्नु हुन्थ्यो। विश्वमा आफ्नो श्रीमती बाहेक अरु सबै स्त्री या नारीहरु दिदीबहिनी हुन् भन्ने कुराको परिचय दिनुभयो।

आदर्श राजाले आफ्ना देशवासीहरुको विचारलाई प्राथमिकता दिनुपर्छ। महारानीको पवित्रताको कुरा लिएर धोवीको विचारलाई प्राथमिकता दिनुभयो। फलस्वरुप गर्भवती सीतालाई निर्वासित गर्नुभयो। आज भोलिका नेताहरुभन्दा त्यसबखतका मानिसहरु धेरै आदर्शमय हुन्थे। त्यसबखतका नेताहरु सर्वप्रथम राज्य व्यवस्थाको पक्षमा आफ्नो आदर्श कायम राख्न आफ्नो सर्वस्व त्याग्न तयार हुन्थे। तिनीहरु श्रीमतीलाईभन्दा मानवीय मूल्यलाई बढी जोड दिन्थे। रामले आफ्नो सुख भोग त्यागेर आफ्नी रानी सीतालाई दरबारबाट निकालि दिनुभयो।

रामले लव र कुशलाई आफ्ना पुत्रहरु हुन भनी तुरुन्तै स्वीकार्नु भएन। उहाँले बाल्मिकी ऋषिले प्रतिज्ञा गरेपछि तथा सीताले सबैको अगाडि आफू निर्दोष भएको अनुरोध गर्नुभयो। जसको पिता पनि आफ्नो पुत्र सबै कुरामा बहादुर, बलियो र निपुण होस् भन्ने चाहन्छन्। जो पनि आफ्ना छोराछोरीलाई अरुले प्रशंसा गरेको सुन्न चाहन्छन्। रामका ती दुई छोराहरु पनि त्यस्तै प्रशंसा गर्न लायकका थिए। तिनीहरुले भरत र लक्ष्मणसँग बढो बहांदुरीपूर्वक लडे। राम तिनीहरुलाई आफ्ना भाईहरुभन्दा पनि चलाख र बुद्धिमान देखेर ज्यादै खुशी हुनुभयो।

सम्पूर्ण रामायण नै भगवान्ले खेल्नु भएको नाटक हो। त्यसमा सत्य, धर्म, शान्ति र प्रेम चार गुण सम्बन्धि मुख्य उद्देश्यहरु छन्। त्यहाँ रामद्वारा सत्यको, लक्ष्मणद्वारा धर्मको, भरतद्वारा शान्तिको र शत्रघ्नद्वारा अहिंसाको पाठ सिकाइएको छ। भरतले सत्य र धर्मको पालन गरेर शान्ति पाए। यसबाट सत्य र धर्मबाट मात्र शान्ति प्राप्त हुन्छ भन्ने स्पष्ट हुन्छ। सत्य नभएको ठाउँमा शान्ति हुँदैन। जहाँ लुच्याई र फट्याई चल्छ त्यहाँ पनि शान्ति पाइँदैन। हामीलाई शान्ति र सच्चा व्यक्ति मनपर्छ। सत्य, धर्म, शान्ति र प्रेम

यी चार भएको ठाउँमा राम्रो समभ्कदारी हुन्छ । यसपछि अहिंसा जस्तो गुण आउँछ । अहिंसाको अर्थ साकाहारी बन्नु मात्र होइन । मानिसले अर्कालाई बिझ्ने या गढ्ने वचन पनि बोल्नु हुँदैन । हामीले राम्रा राम्रा दृश्यहरु हेर्ने, राम्रो कुरा सुन्ने, पवित्र वस्तु छुने तथा सात्विक खाना खाने गर्नुपर्छ । अर्कालाई निन्दा तथा भडकाउने बिगार्ने खालका कुराहरु गर्नु पनि हिंसामा पर्छन् । सन्त र महापुरुषहरुको दर्शन मात्र पनि अहिंसा अन्तर्गत पर्दछ । उपर्युक्त चार भाइको महत्व यही हो ।

जो कोही पनि दशरथका प्रतीक हुन सक्छन् । दशरथको अर्थ दश हुन्छ । पाँच कर्मेन्द्रिय र पाँच ज्ञानेन्द्रिय गरी जम्मा दश इन्द्रिय सबैमा हुन्छ । दशरथको जस्तै प्रत्येक व्यक्तिमा सत्व, रज र तामस गुणरुपी तीन श्रीमतीहरु हुन्छन् । सीता भनेकी को हुन् ? उनी प्रकृति र राम पुरुष (भगवान्) हुनुहुन्छ । उहाँ लोकेश अर्थात् तीनै लोकको रक्षक हुनुहुन्छ । विश्व र जगत स्त्रीलिङ्गी शब्द हुन् । त्यस्तै जगदीश पुलिङ्ग शब्द हो । यस प्रकार भगवान्को स्वरुप नै प्रकृति हो । यसको अर्थ श्रीमान् र श्रीमती मात्र होइन ।

त्यसपछि राम, सीता र लक्ष्मणको साथ जंगल जानुभयो । रामको पछाडि सीता र सीताको पछि पछि लक्ष्मण जानुभयो । लक्ष्मणलाई रामको दर्शन गर्नु पर्‍योभने सीतालाई अलिकति सर्न अनुरोध गर्नु पर्थ्यो । राम भगवान्को रुपमा र सीता विश्वको रुपमा हुनुहुन्थ्यो । भगवान्लाई प्रकृतिमा मात्र देख्न सकिन्छ । कोही कोही मृत्यु पश्चात् मात्र भगवान् देखिनुहुन्छ भन्छन् । अनुग्रह कसरी पाउने ? लक्ष्मणले माता सीताको सेवा गरेर नै भगवान्को दर्शन पाउनु भयो ।

रामको राज्याभिषेकको अर्थ के हो ?

मनुष्यको हृदय अयोध्या नगरी हो । हाम्रो हृदयमा रामलाई स्थापना गर्नु नै रामको राज्याभिषेक गर्नु हो । रामको अर्थ आत्मज्ञान र सीताको अर्थ ब्रम्हज्ञान (दैवीज्ञान) हुन्छ । रामसँगको वियोगमा सीता रुनु हुन्छ । ती दुई मनुष्य आत्मा र आध्यात्मिक ज्ञानको मिलन भएपछि मात्र सुख र शान्ति प्राप्त हुन्छ । रावणलाई सांसारिक ज्ञान मात्र भएको हुँदा उनले त्यो मिलनलाई विछोड गराइदिए । दैवीज्ञानबाट आत्मालाई छुट्याइदिएपछि अपहरण भइहाल्छ । दुष्ट्याई र निर्दयताकोलागि रावण मसहूर छन् । रामले लङ्का गएर

सीतालाई भेट्न जाने भनेको लङ्काले मुक्ति पाउनु हो । सीता कहाँ पुग्न रामलाई विशेष रुचि चाहिन्थ्यो । त्यो जाँदाको प्रतीक हनुमान हुन् । हनुमानमा ती गुणहरु भएकाले उनी आत्मसमर्पित भए । विभीषणमा आज्ञाकारिताको गुण थियो । कुम्भकर्णमा तामस गुण थियो । रामले लङ्का पुगेर तामस गुणलाई नाश गर्न कुम्भकर्णलाई मार्नु पर्‍यो । त्यस समयदेखि रामकथा आजसम्म छँदैछ । यो पछिसम्म पनि निरन्तर रहिरहने छ । राम महान राजा हुनुहुन्छ भन्ने कुरा प्रत्येकको हृदयमा छ । जीवन चुनौतीपूर्ण छ । प्रत्येक व्यक्तिकोलागि रामायण छ । राम अयोध्याका मात्र राजा नभई सबै आत्मामा हुनुहुन्छ । यसरी वाल्मिकीद्वारा लिखित रामायण सबैको अध्ययनकोलागि मात्र नभई आत्मा अध्ययनकोलागि पनि प्रशिद्ध छ । तिमी साक्षी भएर अवलोकन गरी बस त्यो नै आध्यात्मिक सत्य हो ।

प्र.नं १० कृष्ण अवतारको विशेषता के हो ?

अनिलकुमार : विश्वलाई बचाउन र रक्षा गर्न विष्णुले अवतार लिनुहुन्छ । भगवान् कृष्ण आखिरी अवतार भएर आउनुभयो । उहाँका आठवटा रानीहरु थिए र त्यसबखत सोह हजार गोपिनीहरु थिए भन्ने भनाई छ । यसको अर्थ मानिसको हृदयमा आठ पत्र हुन्छन् भनिएको हो ।

कृष्णजीले त्यो आठ र सोह हजार बारे व्याख्या गर्नु भएको छ । मेरुदण्डमा ८ चक्र हुन्छन् । त्यसमध्ये शुरुकोलाई मूलाधार चक्र र आखिरीलाई सहस्र चक्र भनिन्छ । सहस्र चक्र जम्मा १६ वटा हुन्छन् र प्रत्येक चक्रमा एक हजार पत्र हुन्छन् । प्रत्येक पत्रमा सोह प्रकारका रङ्गको समिश्रण (छाया) हुन्छ । तिनीहरुलाई गुणन गर्दा सोह हजार पुग्छन् ।

कृष्ण मध्यरातमा जन्मनु भएको थियो । उहाँको जन्म जेल (कारागार) मा भएको थियो । उहाँ जन्मदा पाले र पहरेदारहरु मस्त निदाइरहेका थिए । उहाँको जन्मको महत्व के छ ? के त्यसबखत मातृशिशु कक्ष तथा घरहरु थिएनन् ? उहाँको जन्म दिउँसो भएको भए पनि हुने थियो । उहाँ जन्मदा पालेहरु निदाएका भए तिनीहरुलाई जागीर दिएर राख्नुको के अर्थ ? यी सबै कुराको भित्री रहस्य छ । झ्यालखान भनेको चारैतारबाट बन्देज तथा घेरी राखेको घर हो । मनुष्यको हृदय पनि जेलमाभैं बसेको हुन्छ । सुत्ने समयलाई राती भनिन्छ । यहाँ रातीले अन्धकार या अज्ञानता भन्ने बुझाउँछ ।

राती सुतेपछि मानिसमा तमोगुण आउँछ। मध्यरात्रिसम्म जागा बसेका पालेहरु मस्त निदाउन पुगे । मस्त निदाउने अवस्थालाई सुसुप्ति अवस्था भनिन्छ । जागृत अवस्थामा शरीर, मन र बुद्धि सबैले काम गरिरहेका हुन्छन् । स्वप्न अवस्थामा शरीर र मनले मात्र काम गरेका हुन्छन् । तर मस्त निदाएको अवस्थामा बुद्धिले केही काम नगरी साक्षी मात्र बस्ने काम गरेको हुन्छ । ती पालेहरु निदाएको अवस्थाले त्यही बुझाउँछ ।

सबैको आत्मा एउटै उही हुन्छ । ठाउँ अनुसार यो फरक हुने होइन अर्थात् न्यूजिल्याण्ड, अफ्रिका, जापानमा अर्कै आत्मा हुने होइन । कृष्ण जन्मेको बखत गधा पनि कराइरहेको थियो । त्यो शुभ सङ्केत थियो । भगवान्को जन्म हुने संकेत दिइरहेको थियो । कृष्ण जन्मनासाथ झ्यालखानाका ढोकाहरु आफै खुले । यसको अर्थ के हो ? यस विश्वमा रहन्जेल मानिस बन्धनमा रहन्छ । भगवान् जन्मनासाथ ती सबै पालेले मुक्ति पाए । बन्धन छुट्ने बित्तिकै ती सबैले मुक्ति पाए ।

ठीक त्यसै बखतमा अर्कै गाउँमा एउटी कन्याको जन्म भयो । कंशले तिनलाई उचालेर मार्न खोज्दा उनी आकाशमा उडेर माथि पुगिन् र कंसलाई देवकीको आठौं जन्मको बालकबाट तिम्रो नाश हुनेछ भनी सचेत गराइन् । बलराम पनि जन्मिए । उनी योग शक्ति मानिन्छन् । कृष्ण महाशक्ति मानिनु हुन्छ । सबै पुराणहरुले आ-आफ्नो विशेष महत्व राख्छन् । दुर्भाग्यवश आज पुराणहरुलाई कथाको रुपमा अध्ययन गरिन्छ । तिनीहरु धार्मिक औपचारिकता पूरा गर्न मात्र प्रयोग गरिन्छन्, भित्री रहस्यको ख्याल गरिंदैन । कृष्ण नाच्नु भएको सर्पको ६ वटा फणा थिए । त्यो कलिङ्ग भन्ने सर्प ६ प्रकारका दुर्गुणहरु रिस, इर्ष्या, डाह, गर्व, लोभ र अहंकारहरुको प्रतीक थियो । त्यो सर्प जीवनरुपी दहमा देखिन्थ्यो । प्रत्येक व्यक्तिलाई त्यो सर्पको रुप भने हुन्छ । त्यसको टाउको माथि कृष्णजीले उहाँको इच्छानुसार नाच्नु भएपछि मात्र विष वमन गर्न थाल्छ । भगवान्लाई पूजा गर्दा सबै विष बाहिर निस्कन्छ ।

कृष्णको हातमा एउटा बाँसुरी हुन्छ । त्यो शरीरको प्रतीक हो । यसमा ९ वटा प्वाल हुन्छन् । यसमा फुकेपछि संगीत निस्कन्छ । शरीररुपी बाँसुरीबाट हावा निस्किएपछि त्यो बज्दैन । त्यसको अर्थ के हो भने शरीर खोक्रो छैन । त्यसको सट्टा अहंकाररुपी मासु र रगतरुपी घमण्डले भरिएको छ । शरीरमा ९ वटा प्वाल भए पनि त्यसबाट कुनै संगीत बज्दैन । मानिसले आफ्नो शरीरबाट दुर्गुण हटाई खोक्रो बनाउन सक्योभने भगवान्ले आफ्नो

दैवी बाँसुरी मार्फत उसबाट संगीत निकाल्नु हुने छ। शरीरबाट अहंकार हटाएपछि भगवान्ले संगीत बजाउनु हुनेछ। उहाँ यमुनाको किनारमा बसेर बाँसुरी बजाउनु हुनेछ। यमुना भनेको संसारको रुप हो। कृष्णले एउटा शासक, राजा, भाइ र मित्रको व्यवहार गर्नु भएको छ। उहाँले धेरै किसिमका खेल खेल्नु भए पनि उहाँ भगवान् हुनुहुन्थ्यो। उहाँले संगीतको रुपमा भगवद्गीताको श्लोक गाउँदा अर्जुनलाई "म ईश्वरको रुपमा बोल्दै छु" भन्नु भएको थियो। त्यसबखत उहाँले गीतालाई गाउँदा शासक अथवा मित्रको रुपमा नभई भगवान्को रुपमा गाउनु भएको थियो।

सम्पूर्ण गीताको निचोड जम्मा दुई वाक्यमा पूर्ण गरिएको छ। पहिलो श्लोकको शुरुवात 'धर्म' शब्दबाट हुन्छ र अन्तिम श्लोक 'मम' मा अन्त्य हुन्छ। यसबाट "मम धर्म" अर्थात् मेरो धर्म भन्ने अर्थ हुनआउँछ।

प्र.नं. ११ शिवको महत्व के छ ?

अनिलकुमार : राम र कृष्ण जस्तै शिव मानिसको रुपमा सीमित हुनु हुन्नथ्यो। शिव शरीर होइन। शिव एउटा धारणा दर्शन हो। शिवम्को अर्थ शुभ र पवित्र हो। शिवम्को कुनै रुप छैन खालि सौन्दर्य मात्र छ। शिवको अर्को नाम हो शंकर। शं - असल र कर - दिने। शंकरको अर्थ जसलाई पनि राम्रै कुरा दिने भन्ने हुन्छ। शिवको अर्को नाम मृत्युञ्जय पनि हो। मृत्युम् - मृत्यु, जय - विजय। यसको अर्थ मृत्युमाथि पनि विजय प्राप्त गर्ने भन्ने हुन्छ। हुनपनि उहाँले इच्छालाई जित्नु भयो। मृत्युलाई जित्न सक्नु भयो। उहाँको अर्को नाम कामहरि अर्थात् इच्छै नभएको भन्ने हुन्छ। उहाँको अर्को नाम छ दिगम्बर। दिग - पूर्व, पश्चिम, उत्तर, दक्षिण, दिशारुपी खम्बाहरु र अम्बर - आकाश (छाता) अर्थात् विश्वलाई नै थामेर बस्ने आधार भन्ने अर्थ हुन्छ। अर्ध नारीश्वर भन्ने उहाँको अर्को नाम छ। यसको अर्थ एउटै शरीरमा पुरुषत्व र स्त्रीत्वको शक्ति या गुण भएको भन्ने बुझिन्छ। शक्तिले पुरुष र पदार्थले स्त्री भन्ने बुझाउँछ। पुरुष र स्त्री सँधै साथमा छन्। प्रत्येक नाम धारणा सूचक प्रतीकको रुपमा व्यक्त गरिएको हुन्छ। यसलाई कुनै खास व्यक्ति सम्झनु हुँदैन। प्रत्येक नामले व्यक्तिलाईभन्दा विचार र धारणालाई बुझाउँछ।

प्र.नं. १२ लिंगको अर्थ के हो ?

अनिलकुमार : संस्कृतमा लिंग भनेको एउटा प्रतीक या चिन्ह हो। लिंगको अर्थ सृष्टि भएका वस्तु यसमा विलीन हुन्छ। लिंगको तल तीन कुने परेको

मैदान हुन्छ। यसलाई विश्व भनिन्छ। प्रकृतिमा सत्व, रज र तम भन्ने तीन गुण हुन्छन्। ती तीनै गुणहरुले प्रभावित नहुने गरी आत्मा सबैभन्दा माथि रहेको हुन्छ। शिवलिंग भन्ने कुरा शिव मन्दिरमा मात्र रहने होइन यो त हामी प्रत्येक व्यक्तिमा समेत् रहन्छ। हाम्रो शरीर चाहिं आधार हो।

लिंग भनेको ज्ञान हो। चेतना हो। एउटा दृष्टान्त लिउँ – यहाँ एउटा कलम छ। यसलाई तिमी चक्कु भन्दैनौ। ज्ञान भनेको त्यही हो। तिमीले नजानेको पनि ज्ञान हुन्छ। म आफूलाई अनिलकुमार भन्छु। म डेभिड होइन। जान्नु या नजान्नु दुवै अन्तर्गत ज्ञान हुन्छ त्यसलाई प्रज्ञानं व्रम्ह भनिन्छ।

लिंग धेरै प्रकारका हुन्छन्।

आत्मलिंग	–	भित्री आत्मा (अन्तरात्मा)
ज्ञानलिंग	–	चेतना
अण्ड पीण्ड लिंग	–	स्थुल लिंग
शदा शिव लिंग	–	अनन्त सर्वोच्च चेतना लिंग
ज्योतिर्लिङ्ग	–	ज्योति

उपर्युक्त लिंगहरु हामी प्रत्येकमा तथा व्रम्हाण्डको प्रत्येक भागमा हुन्छन्। नन्दी व्यक्ति हो। लिंग देव हो। ती दुईको बीचमा कोही पनि आउनु हुँदैन। तिमीले आफू र भगवान्को बीचमा कसैलाई पनि प्राथमिकता दिनु हुँदैन। साँढेका दुई सीङ हुन्छन्। मन्दिरमा मानिसहरु नन्दीको दुई सिङमा समात्छन् र बीचबाट भगवान्को मूर्ति हेर्छन्। त्यसको अर्थ भगवान्सँग सोझै सम्पर्क राखेको हो।

शिवलाई बेलपत्र चढाई पूजा गरिन्छ।

प्र.नं. १३ बेलपत्रको महत्व के छ ?

अनिलकुमार : मानिसहरु एउटै डाँठमा तीनवटा पातवटा भएको बेलपत्रले शिवलिंगमा पूजा गर्छन्। त्यो बेलपत्रले प्रत्येक व्यक्तिमा सत्व, रज र तम यी तीन गुण हुन्छ भन्ने संकेत दिन्छ। हामीले लिंगमा जलले मात्र अभिषेक नगरी हर्षाश्रु पनि चढाउनु पर्छ। शिवले पवित्र विभूति लगाउनु भएको हुन्छ। यो भौतिक विश्वमा जुनसकै वस्तु पनि खरानी भएर जान्छ। यस प्रकार शिव मंगलकारी हुनुहुन्छ र शिवरात्री अन्धकारको रात हो। अन्धकार को अर्थ अज्ञानता हो। उहाँको निरन्तर नामस्मरण गर्नाले हामी अन्धकाररुपी अज्ञानताबाट जाग्छौं।

प्र.नं. १४ गणेशको महत्व के छ ?

अनिलकुमार : हामी हात्तीको स्वरुप भएको भगवान्लाई गणेश भन्छौं। जंगलमा हात्ती आउँदा सबैले उसलाई स्वागत स्वरुप बाटो छोडिदिन्छन्। यो सारा ब्रम्हाण्ड नै गणेशको अन्तर्गत पर्दछ। उहाँका दुई श्रीमतीहरु छन् –

सिद्धि – पूर्ण गर्ने र

बुद्धि – मती।

उहाँको निधार ठूलो छ। त्यसको अर्थ उहाँमा धेरै बुद्धि हुन्छ। उहाँ भगवान् भएको हुँदा उहाँले मुकुट लगाउनु हुन्छ। उहाँ अरुलाई फल दिने (फलदायक) भएको हुँदा उहाँ हातमा फल लिनु भएको हुन्छ।

सबै ऋषि र मुनि र मानिसहरुले आ–आफ्नो विचार अनुसार गणेशलाई भगवान् स्वरुप मान्दछन्। हामी जे जति देख्छौं सबै भगवान् हुन्। कुनै पूर्ण र कुनै अंशको रुपमा छन्। कति निराकार छन्। एउटा उदाहरण लिउँ मैले तिमीलाई एउटा ठूलो सख्खरबाट टुक्रा काटेर दिएँ, त्यस मध्ये मैले केहीलाई एउटा कचौरामा हालेर चाख्दा सबै गुलियो नै हुन्छ। यसको अर्थ तिनीहरु पूर्ण भएनन् तर सबै भगवान्का अंश हुन्छन्। हामी पनि भगवान् हौं तर शरीर र इन्द्रियप्रति आसक्त भएको हुँदा हामीलाई त्यसबारे केही थाहा हुँदैन। हामीलाई माया, मोह र भ्रान्तिले छोप्छ अनि आफ्नो दैवत्वलाई पनि बिर्सन्छौं। त्यो छोपिएको पर्दालाई हामीले हटायौंभने सबै कुरा यथार्थ हुन्छ। हामीले घाँटीमा लगाएको मङ्गलसूत्रकै उदाहरण लिउँ। कहिलेकाहीं त्यो हामीले घाँटीमा लगाएकै बखतमा पनि कता हरायो कहाँ राखियो भनी खोज्दछौं तर त्यो वस्तु जहाँको त्यहीं हुन्छ हामीलाई पत्तै हुँदैन। तिमीले कहिंबाटै दैवत्व पाउँदैनौं। तिमीले त्यो जुन पाएँ भन्छौ, नाशवान छ। जुन कुरो हुने हो त्यो नभई छोड्दैन। हामी ध्यान मात्र दिंदैनौं। यस प्रकार सजगता नहुनाले जतातते खोजी हिडने गर्छौं। हामी त्यही हौं "तत् त्वम् असि"

प्र.नं. १५. हामी भजन किन गाउँछौ ?

अनिलकुमार : संगीतवद्ध या लयवद्ध किसिमले कुनै पनि भगवान्को नामस्मरण गर्नुलाई भजन भनिन्छ। भजन र संगीतमा भजन अन्तरात्माबाट आउँछ। संगीत एउटा कला हो। भजनले मानिसलाई उच्चस्तरतिर लैजान्छ। हाम्रो जीवन शरीर, मन र आत्मा तीनवटाको समिश्रण हो। साधारणतया संगीत हाम्रो शरीर र मनसम्म मात्र पुग्छ जब कि भजन हाम्रो

भित्री चित्त या आत्मासम्म पुग्छ। भजन सुन्दा हामी आफ्नो शरीर र मन दुवै बिर्सन्छौं। जबकी आज भोलिका पाश्चात्य संगीतले हाम्रो शरीर र मनलाई मात्र सञ्चालन गरिरहेको हुन्छ। भजन गर्दा हाम्रो मन स्थिर सन्तुलित हुन्छ। भजन भनेको संवेग र भावनादेखि माथि रहन्छ। यसले दैविक वातावरण सृजना हुन्छ। साधारण संगीत जुन गाइन्छ शरीर र मनको स्तरमा संवेगात्मक हुन्छ। दुःख र सुख भनेका मनका उपज मात्र हुन्। भजनमा दुःखित मन पनि आनन्दित हुन्छ। त्यसबखत समभाव आउँछ। भजनहरु भगवान्प्रति लक्षित गरिएका हुन्छन्। संगीत मनुष्यसँग मात्र सम्बन्धित हुन्छ। भगवान्को स्मरण विनाको संगीत खोक्रो ध्वनि मात्र हुन्छ। भजनको सम्बन्ध दैवसँग र संगीतको सम्बन्ध मानवसँग हुन्छ। भजनबाट प्रेम जस्तो दैविक गुणको प्रस्फुरण हुन्छ। भजनकोलागि समय र स्थानको कुनै ख्याल गर्नु पर्दैन। स्वच्छ र शुद्ध हृदयले जहाँ र जैले पनि गर्न सकिन्छ। यहाँ प्रेम भनेको शरीर र मनसँग मात्र सम्बन्धित नभई सर्वव्यापी सम्झनु पर्छ। यो कुनै देश या धर्मसँग मात्र सम्बन्धित छैन। भगवान् प्रतिको प्रेम सच्चा हुन्छ। अरु सबै प्रेम बाह्य, सांसारिक र सीमित हुन्छ। दैवीक प्रेम सबैभन्दा उच्च र आदर्शमय हुन्छ। भजन या प्रार्थनाबाट जस्तो कुरा पनि प्राप्त हुन्छ। भजनले हामीलाई अन्तर दृष्टितिर लैजान्छ जबकि संगीतले बाहिरी संसारमा मात्र दौडाउँछ। मनुष्यहरु मात्र भित्री संसारमा जान सक्छन्। पशु या वनस्पति भित्री संसारमा जान सक्तैनन्। भजनबाट हाम्रा दुःख र चिन्ताहरु हटेर जान्छन् जसरी एउटा सानो बच्चाले रुँदा या कराउँदा के भयो भनी बच्चाप्रति आमाले ध्यान दिन्छिन् त्यस्तै भजन गाउँदा भगवान्ले भक्तप्रति विशेष ध्यान दिनुहुन्छ। भजन गर्नु भनेको भगवान्लाई श्रद्धापूवर्क स्वागत गर्दै आव्हान गर्नु हो।
भजनबाट समाजमा सेवा कार्य हुन सक्छ जबकि पप संगीतले सेवा गर्नुको सट्टा ध्वनि प्रदुषण गर्दै वातावरण दुषित गराउँछ।

प्रायः सबै धार्मिक समुदायमा भगवान्का विभिन्न स्वरुपमको अगाडि बसेर भजन गाउने गरिन्छ। साई भजनहरु पनि एक रुपताका साथ विश्वमा जतातत्तै गाइन्छन्। बाबा भन्नुहुन्छ, "शरीरकोलागि भोजन आवश्यक भएझैं मनको लागि भजन आवश्यक हुन्छ"।

बाबालाई अनिलकुमारका प्रश्नहरु

प्र.नं. १ : स्वामी ! माया भनेको के हो ? भ्रान्ति या माया भन्ने त्यस्तो केही छ ?

बाबा : माया अथवा भ्रान्ति भन्ने केही छैन ।

अनिलकुमार : तर माया बारे धेरै पुस्तकहरु लेखिएका छन् नि त बाबा ?

बाबा : यो माया भन्ने कुरा तिमीहरुको आफ्नै भूलको प्रतीक हो । यसलाई तिमीहरु आफैले सृजना गरेका हौ वास्तवमा यो छँदैछैन । यो तिमीहरुको आफ्नै विचार मात्र हो । साँच्चै भन्ने हो भने कुनै भ्रान्ति या माया भन्ने केही छँदैछैन ।

अनिलकुमार : तर स्वामी ! आदि शङ्करले "ब्रम्ह सत्य जगत मिथ्या -ईश्वर सत्य हुनुहुन्छ, विश्व भ्रान्ति या मिथ्या छ" भन्नुभएको थियो । तपाई चाहिं विश्वलाई भ्रान्ति होइन भन्नु हुन्छ । भ्रान्ति अवश्य हुनुपर्छ !

बाबा : सूर्यकै उदाहरण लेउ । सूर्यमा प्रकाश हुन्छ । सूर्यमा छायाँ हुने वस्तु नै छैन । सूर्यको प्रकाश कुनै रुखमा परेकोले त्यसको मुनि छाया गराउँछ । त्यो छायाँ रुख मुनि मात्र पर्छ । त्यस्तै मानिसको शरीर पनि रुखसँग तुलना गर्न सकिन्छ ।

यो शरीरमा पनि धेरै आसक्तिरुपी हाँगा बिंगा र इच्छारुपी पातहरु छन् । ती रुखको तल पनि छायाँ भइहाल्छ । त्यो छायाँ सूर्यको प्रकाशबाट आएको हैन । तिमीले त्यो रुखलाई काटिदियो भने छाया नै हुँदैन । त्यसकारण यो माया अथवा भ्रान्ति भन्ने कुरा मानवरुपी रुखमा भएका सांसारिक आसक्तिरुपी हाँगा र इच्छारुपी पातहरुले गर्दा आउने कुरा मात्र हुन् । तिमीहरु आफैले ल्याएका उपज हुन् । वास्तवमा माया छँदैछैन ।

अनिलकुमार : स्वामी ! त्यसो भए यदि माया हुँदै हुन्न अथवा यसलाई त्यागिदियोभने यो फेरि पछि फर्किएर आउने सम्भावना छ कि छैन ?

बाबा : एकपटक यसलाई त्यागी दियो भने सदाकोलागि यसबाट छुटकारा पाइन्छ ।

अनिलकुमार : कसरी ?

बाबा : अनुमान गर, बत्ती निभेर अन्धमुष्ठी अन्धकार भयो रे । बत्ती

नभएपछि अन्धकार हुने नै भयो । टर्च बाली हेर केही उज्यालो देखिन्छ । अन्धकार भन्ने कुरो कहाँ गयो त ? के यो कतै गएको हो त ? अवश्य होइन । बत्ती भएको भए अन्धकार नै हुन सक्तैनथ्यो । त्यो बत्ती या प्रकाश भनेको ज्ञान हो । ज्ञानको ज्योतिलाई विज्ञान, प्रज्ञान, सुज्ञान भनिन्छ । ज्ञान, ज्ञान नै भयो । वैज्ञानिक ज्ञानलाई विज्ञान र आध्यात्मिक ज्ञानलाई प्रज्ञान र आधारभूत मानसिक ज्ञानलाई सुज्ञान भनिन्छ । सत्यको ज्योति र ज्ञानको ज्योतिले अन्धकारलाई नाश गर्न सक्छ । टर्च बत्तीलाई निभाई दियो भने अन्धकार हुन्छ । टर्चबाट प्रकाश निस्की अन्धकारलाई नाश गराउन तिमीले मसलाहरु नसक्किएको ठीक अवस्थाको ब्याट्री राखेर बाल्नु पर्छ । शरीर भनेको टर्च हो । बुद्धिलाई खोलौं । बत्ती बलेको ज्ञान हो । बत्ती बलेपछि अन्धकार, अज्ञानता या भ्रान्ति केही बाँकी रहँदैन ।

प्र.नं.२. : भगवान् ! यो भ्रान्ति हो या होइन भनी कसरी थाहा पाउने ? मानिसलाई आफू भ्रान्तिमा छु भन्ने थाहा नै हुँदैन । अज्ञानतालाई भगवान्को आशीर्वाद हो भन्छन् ?

बाबा : कसैको घरमा विवाह छ भन्ने सम्झौं । एकातिर दुलाहाको घरमा र अर्कोतिर दुलहीपट्टिको घरमा भोज छ रे । एउटा व्यक्ति दुलहीपट्टिको पार्टीतिर आएर खुब फूर्तिसाथ, "के सबै व्यवस्था मिलिसक्यो ? दुलही तयार भइन् त ? खाना तयार भइसक्यो ? उसो भए कुनै कुरो बाँकी छैन " भनी भन्छ । ती व्यक्तिलाई दुलहीका पार्टीले दुलहापट्टिका कुनै प्रमुख व्यक्ति या प्रतिनिधि होलान् भन्ने ठान्छन् । त्यसपछि त्यो व्यक्ति दुलाहापट्टि जान्छ र त्यहाँ पनि अघि जस्तै गरी, "सबैथोक ठीक छ हैन त ? केही गर्न बाँकी छ भने भनिहाल है नत्र म दुलहीपट्टिकालाई तयार भयो भनेर खबर गर्छु " भनी धाक जमाएछ । दुलाहाको मानिसहरुले दुलहिपट्टिबाट बुझ्न पठाएका मानिस रहेछन् भनी खुब आदर-सत्कार गरी मेजमान गरेछन् ।

पछि दुवै पार्टीको औपचारिक भेटघाट हुँदा दुलही पार्टीले एकै छिन अघि आएका ती महाशयका बारेमा सोधपुछ गर्दा बीचैबाट आएका उपबुज्रुग व्यक्ति पो रहेछन् भन्ने थाहाहुन्छ । दुबै पार्टी असमञ्जस्यमा पर्छन् । ती व्यक्तिको खोजीखबर गर्न थालिएको छ भन्ने खबर सुनेर त्यो व्यक्ति त्यहाँबाट सुरुक्क कतै जान्छ । यहाँ त्यो व्यक्ति दुवै पार्टीबाट राम्रो व्यवहार र सम्मान पाउने आशामा आएकोले त्यो माया अथवा भ्रान्ति भयो ।

यस प्रकार सत्य र भ्रान्तिलाई कसरी छुट्याउने त ? अर्को उदाहरण लिउँ :- दुई दाजुभाइ कोठामा सुतिरहेका थिए । भाइलाई राति तिर्खा लाग्यो र एक गिलास पानी खाने इच्छा भयो तर उसलाई दाजुको निन्द्रा खलबलाउन मन लागेन । त्यसैले बत्ती बाल्नुको सट्टा उ अध्यारोमा छामछाम छुमछुम गर्न थाल्यो । त्यसबखत कहिले मेचका, कहिले खाटको खुट्टा समात्थ्यो तर पानीको गिलास पाउन सकेन । आखिर बल्ल बल्ल पानीको भाँडो पायो । यसैलाई "भ्रान्ति" अर्थात् यो पनि हैन, त्यो पनि हैन भन्ने भाव भनिन्छ ।

यस प्रकार अन्ततोगत्वा जुन कुरो सत्य छैन त्यो नै भ्रान्ति हो । जो सँधै रहन्छ त्यो सत् हो । इन्द्रिय तथा अंगहरुको साथमा रहेको शरीर चाहिं भ्रान्ति (यो पनि हैन त्यो पनि हैन) हो । आत्मा चाहिं सत्य हो । आत्मा बाहेक अरु सबै अनित्य छन् । सत् भनेको सत्य हो ।

प्र.नं. ३. : अहिले म तपाईसँग जुन कुरा गरिरहेको छु के यो सबै भ्रान्ति हो त ? मलाई पानी खान मनलागि रहेछ, के त्यो पनि भ्रान्ति हो त ?
बाबा : सबै कुरा भ्रान्ति हुन् । परिवार, काम सबै भ्रान्ति हुन् किनभने कुरा परिवर्तन हुँदै जान्छन् । शरीर,मन, हरेक कुरा परिवर्तन हुँदै जान्छन् । समय र स्थान परिवर्तन हुन्छ । मानिसको सम्बन्ध बदलिन्छ । परिवारमै पनि सम्बन्ध बलियो र स्थायी हुँदैन । यी सबै जो परिवर्तनशील छन् ती सबै भ्रान्ति हुन् । परिवर्तन नहुने मात्र सत् (सत्य) हो । आत्मा एउटा मात्र परिवर्तनशील छैन । एकदिन भगवान् बाबाले सबै केटाहरुलाई आफूसँग फोटो खिच्न भनी बोलाउनु भयो । सबै केटाहरु एक एक गर्दै स्वामीको समीपमा गई उभिए र फोटो खिचाउँदै फर्किए । सबैले फोटो खिचाइसकेपछि बाबा एक्लै पर्नुभयो । अनि बाबाले मायाको दृष्टान्त प्रष्ट्याउन यो वाक्यांश भन्नुभयो, "हेर हेर सबै आए, गए । यहाँ रहने त केवल भगवान् मात्र पो रहेछन् ।"

प्र.नं. ४. : स्वामी । विश्वामित्र जस्ता हजारौं वर्ष तपस्या गरी बस्ने ठूला ऋषि त रिसका शिकार भए र तपस्या भङ्ग भयो । पछि फेरि तपस्या गर्दा वासनामा फसे । विश्वामित्र जस्ता ऋषिको त त्यो अवस्था भयो भने हामी जस्ता सामान्य प्राणीहरुको के कुरा ?
बाबा : अनुमान गर तिमी कुनै बसमा जाँदै छौ रे । बस आफ्नो गतिमा गइरहेछ । बस आफ्नो चालमा जाँदा बाहिर धूलो उडिरहेको हुन्छ । अकस्मात्

त्यो बस रोकियो भने सबै धूलो बस भित्र पस्छ । त्यस्तै त्यो बस जस्तै मानिसको शरीर पनि हो । बसको तेज गती झैं आध्यात्मिक खोजमा तेज गतिमा जानु साधना भयो । तिमी आध्यात्मिक पथ या साधनामा लागेको बखत धूलो पछिपछि उडिरहेको हुन्छ । तर साधना नगरी अड्नासाथ त्यो धूलोरुपी वासना आफू भित्र पस्छ ।

प्र.नं. ५. : भगवान् ! ईश्वर यस्तो ठूलो र दयावान् हुनुहुन्छ । यो समस्त जैविक वनस्पति र खनिज विश्व भगवान्ले नै सृष्टि गरेर मानिसले उसको कर्मको फल भोग्नुपर्ने शर्तमा उसले जे माग्छ त्यो पाउनेगरी मानिसलाई यो संसार दिनुभयो । यदि मैले खराब कामगरेमा त्यसको फल भोग्नै पर्छ भने म तपाईकहाँ किन आउने त ?
बाबा : तिमी डाक्टरी व्यापार र अरु विभिन्न पेशा गरी धन कमाउँछौ । कमाए अनुसार सरकारलाई आयकर तिर्छौ । तिमीले आमदानी चाहिं धेरै गर्ने तर आयकर बुझाउने गरेनौभने के हुन्छ ? तिमीलाई कारागारमा थुन्छन् । त्यसकारण के गर्ने त ? तिम्रो इन्स्योरेन्स, प्रोभिडिण्ड फण्ड, राष्ट्रिय वचत योजना जे-जती छ तिनैबाट कर कटौती हुन सक्छ । त्यसैले कर भनेको काम र पेशा अनुसार कट्छ । त्यसैगरी भग्वानको अनुग्रहबाट पनि कर मिनाहा गराउन सकिन्छ । भगवान्को अनुग्रहबाट कर हट्ने होइन तर मिनाहा गराउन सकिन्छ । भगवान्को नामस्मरणबाट तिमीलाई १०%, नारायण सेवाबाट ५% सत्संगबाट २% कर मिनाहा हुन्छ । समयमा तिर्नुपर्ने एकमुष्ठ रकम कर बुझाएमा पनि केही कर मिनाहा हुन्छ । यसकारणले पनि भगवान्को अनुग्रह चाहिन्छ ।

प्र.नं. ६. : भगवान्को अगाडि हामी राम्रो नभए पनि त्यस्तो कर्तव्यपरायण भक्त बन्छौ । प्रशान्ति निलयममा रहुन्जेल भगवान्को झंकारी तेजले (Vibration) गर्दा मानिसहरु प्रसन्न रहने, उनीहरुलाई बढी से बढी ठाउँ पुग्ने र कृतज्ञ रहने हुन्छन् तर यहाँबाट जाने बित्तिकै व्यक्तित्वमानै पूरा परिवर्तन आउँछ किन यस्तो फरक भएको होला ?
बाबा : यसको एक मात्र कारण साई सन्देशलाई सुनेर मनमा राख्न नसक्नु हो । अर्को कुरातिर लाग्नु र विरोध गर्नु र वेमेल हुनुको कारण पनि त्यही हो ।

जस्तै एउटा कागजमा केही लेखिएको छ रे । त्यहाँ मन्द मन्द हावा बह्यो भने कागज हल्लिन्छ, अक्षर त हल्लिदैन ठीक त्यसै गरी साईका सन्देशहरु तिम्रो हृदयमा अडीग भएर छापिनु पर्छ । हामीले बाबाका सन्देशहरुलाई मनन गरी हृदयमा राख्न नसक्नाले विस्तारै विस्तारै ती हराउँदै जान्छ ।

प्र.नं. ७. : हामीहरुमा वातावरणले किन परिवर्तन ल्याउन सक्छ ? किन समाजले हामीहरुलाई प्रभाव पार्छ ?

बाबा : अनुमान गर कि तिमी कुनै ज्यादै ठण्डा ठाउँमा जाँदै छौ । त्यहाँ जाँदा तिमीले न्याना लुगाहरु राढी पाखी कम्बल र औषधिहरु लिएर तयारीसाथ जानुपर्छ । त्यहाँका वातावरण या हावा पानीलाई दोष दिने कुरै आउँदैन । किनभने त्यो ठाउँमा चिसो ठण्डा हुन्छ, न्याना गरम लुगाहरु र अन्य आवश्यक वस्तुहरु नलैजाँदा तिम्रै दोष देखिन्छ । चीसो र ठण्डा हावा पानी भएको समाजमा अनुशासनको कोट, भक्तिरुपी स्वेटर र कर्तव्यरुपी लुगाफाटाहरु लैजानै पर्छ । तिमी आफैले पनि स्वेटर र कोट जस्ता न्यानो कपडाहरु लैजानु पर्छ । तिमीले लगेनौ भने आफैले दुःख पाउनु पर्छ । त्यसैले नराम्रो समाज र दुषित वातावरणले प्रभावित भएका व्यक्तिहरुमा भक्ति भाव, अनुशासन र कर्तव्य जस्ता गुणहरु आउँदैनन् । तिनीहरुमा खराब र नकारात्मक प्रवृत्तिहरुसँग लड्ने बल र शक्ति नै हुँदैन ।

प्र.नं. ८. : भक्ति, प्राप्ति र शरणागति जस्मा तीन अवस्थहरु हुन्छन् । हामीलाई शरणागति र प्राप्ति एकै जस्तो लाग्छ; कृपया बाबाले स्पष्ट पारि दिनुहुन अनुरोध गर्छु ।

बाबा : रेलमा भ्रमण गर्दाको एउटा उदाहरण लिउँ । बाटामा ३ प्रकारका यात्रीहरु हुन्छन् । एकथरी टिकट नकाटेकाहरु हुन्छन् । तिनीहरुलाई कसैले ढोका खोल्यो कि टिकट जाँच्न आयो भन्ने डर हुन्छ । तिनीहरुको मनमा जतिखेर पनि डर बसिरहन्छ । अर्कोथरी यात्री टिकट किन्न भ्याइएन टिकट छैन तर जरिवाना सहित टिकट किन्न तयार छौं भनी आफ्नो भूल स्वीकार गर्छन् । तेश्रा थरी यात्री टिकट किनेर खल्तीमा राखी निडर र निर्भय रही

बसिरहेका हुन्छन् । भक्तिको तह पनि यस्तै हुन्छ । ती टिकट नहुने यात्रीहरु आफ्नो इच्छा पुगोस् भनी व्यक्त गर्छन् । उनीहरुको इच्छा नपुग्ने भयोभने भक्ति नै गर्दैनन् । उनीहरु बिहान भक्त र राति अभक्त हुन्छन् । तिनीहरु सुप्रभातमको समयमा पुरा भक्त, भजनको समयमा अर्धभक्त, साँझ पख २०% भक्त र राति शून्य प्रतिशतका भक्त हुन्छन् । यस प्रकार रुपियाँको मूल्य र अवमूल्यन भए झैं भक्ति पनि तल माथि घटबढ गरिरहन्छन् ।

अर्को प्राप्ति त्यो खल्तीमा रुपियाँ भएको टिकट किन्न तयार भगवान् मान्ने उत्तम भक्त बन्न उत्सुक, इच्छुक र जोशीलो व्यक्ति हुन्छ । तेश्रो शरणागति भक्त यस्तो भक्तलाई, "तपाईलाई कस्तो छ भनी सोद्धा" स्वामीको अनुग्रहले सबै राम्रो छ भन्छ । तपाईको काम कसरी चल्दैछ भनी सोध्योभने सबै "स्वामीले गर्नुहुन्छ" भनी जवाफ दिन्छ । त्यसको अर्थ उ आफू छँदै नभएको सरह हुन्छ । उ नाफा नोक्शासन, दुःख र सुख सबै कुरा सबै अनुग्रहबाट भएको भनी आफ्नो भाव व्यक्त गर्छ । उ आफ्नो सम्पूर्ण अस्तित्व स्वामीमा नै आत्मसमर्पण गर्छ ।

प्र.नं. ९. : धेरै जसो ऋषिमुनिहरु आफ्ना सबै सुख सुविधा त्याग गरी जंगलमा नै जीवन यापन गर्दथे । किन मानिसहरु पनि भगवान्को खोजी गर्न त्यस्तो असुविधा र असुरक्षित जंगलमा जान्छन् । के तिनीहरु भगवान्लाई आफ्नै घरमा पनि सजिलैसँग पाउन सक्तैनन् र बाबा ?

बाबा : तिनीहरु सबै जंगलमा आनन्द प्राप्तिकोलागि जान्थे । तिमी बजारतिर जाँदा विभिन्न वस्तुहरु प्रति आकर्षित भएर किनमेल गर्न मन गर्छौ । तिम्रा ती ज्ञानेन्द्रियहरु बाह्य वस्तुप्रति अकर्षित हुन्छन् र तिम्रो भित्री चित्त केन्द्रित हुनै सक्तैन । जब कि जंगलमा हरियाली बाहेक ध्यान विचलित गराउने वस्तु अरु केही हुँदैन । आफ्ना इन्द्रियहरु यता उति विचलित नहोस्, शक्ति खेर नजावोस् र आफूमा स्थित ईश्वरको अनुभूति प्राप्त गर्न जंगल रोज्दथे । वैराग्य र त्यागकोलागि जंगल उपर्युक्त हुन्छ । "टाउको जंगलमा र हात समाजमा ।" यसको अर्थ टाउको चाहिं वैराग्य र त्यागले भरिपूर्ण हुने हातले चाहिं समाजसेवामा

लाग्नु पर्ने भन्ने जनाउँछ । त्यसकारण घरैमा बसेर पनि त्याग र वैराग्यको भावना लिई । तिम्रो चित्त भगवान्प्रति एकचित्त, एकाग्र गर्न सक्यौभने तिम्रो घरले नै जंगलको काम गर्न सक्छ ।

राज जनककै उदाहरण लेउ । उनी राजा भए पनि राजर्षिको (राजयोगी) रुपमा रहन्थे । मानसिकरुपले उनी सँधै जंगलमा नै बस्थे । कुनै व्यक्ति जंगलमै बसे पनि भौतिक सुख भोग प्रति मात्र मन डुलाई रहन्छभने त्यसवाट केही अर्थ हुँदैन । अर्को दृष्टान्त लिउँ । एउटा गृहस्थीलाई घरमा धेरै कुराको समस्या परेकोले आफ्नी श्रीमती र अन्य परिवारको अनुमति लिई जंगलमा गई वस्ने निश्चय गऱ्यो । परिवारका सदस्यहरुले पनि उसलाई घर छोडी जाने अनुमति दिए । भगवान् प्राप्तिकोलागि त्यो जंगलमा गएर एउटा राम्रो ठाउँको रुखमुनि आँखा वन्दगरी ध्यानगर्न बस्यो । तर त्यहाँ उसलाई चराहरुको चिरवीर र तिनीहरु उडेको, बसेको आवाजले गर्दा ध्यानमा वाधा पुऱ्यायो । घरमा अनेक विघ्नवाधाले दुःखदियो भनी जंगलतिर जाँदा पनि घरैमा जस्तो वाधा र अडचनले हैरान पारेकोहुँदा उसले अब आत्महत्या गर्ने निधो गऱ्यो । उसले थुप्रै दाउराहरु बटुलेर एकै ठाउँमा थुपाऱ्यो र त्यसमा आगो सल्काई हामफाल्न मात्र के आँटेको थियो त्यसैबखत एउटा मानिसले देखेर "ए के गर्न लागेको हैं ?" भनी सोधे । "म अब आगोमा हाम्फाली मर्न लागेको" भन्ने जवाफ त्यो मानिसले दियो । त्यो सुनेर त्यो यात्रीले, "आज धेरै हावा चलिरहेछ तिमी आगोमा हाम्फाल्दा डढेको नराम्रो गन्ध हावामा उडदै हाम्रो गाउँतिर जान्छ त्यसकारण भोलिसम्म पर्ख; आज हाम्फाल्ने काम नगर" भने ।

प्र.नं. १०. : तपाई सबै कुरा जान्ने सर्वज्ञ हुनुहुन्छ तैपनि; तिमी कहिले आयौ ? तिमीलाई कस्तो छ ? भनी किन सोध्नुहुन्छ बाबा ?

बाबा : म यस्ता प्रश्नहरु कुरा गर्ने निहुकोलागि मात्र सोध्छु । मैले नजानेर होइन । मैले त्यति पनि गरिनभने तिमीहरु यहाँ कोही पनि हुँदैनौ । एउटा उदाहरण लिउँ । एउटा न्यायाधीश आफ्नो नातिसँग घोडा बनी खेलीरहेछन् । उनी नातिलाई पिठ्यूँमा राखी आफू घोडा जस्तो बनी भुँईमा चार हात खुट्टा टेकि हिडछन् । नाति उनको कठालो समाती घोडालाई जस्तो

छिटो हिंड् छिटो हिंड् भन्छ। त्यहाँ त्यही न्यायाधीशले आफ्नो नातिलाई खुशी तुल्याउन मात्र घोडा जस्तो भएका हुन् तर नाति त उनलाई साँच्चैको घोडा सम्भन्छ। ठीक त्यस्तै भगवान्ले पनि तिमीहरुलाई खुशी तुल्याउन र तिमीहरुमा नै भगवान् हुनुहुन्छ भन्ने जानकारी गराउन त्यसो गरेका हुन्।

प्र.नं. ११. : किन हामीले भगवान्को नाम र रुप सम्भिएर ध्यान गर्नु पर्ने, नाम मात्र भने पुग्दैन ?

बाबा : तिम्रा दुई हात छन्। तिनीहरुलाई आपसमा रगड्यौ भने ताप निस्कन्छ। त्यसैले त्यहाँ एउटा हातलाई नाम र अर्कोलाई रुप सम्भ। ती दुईलाई रगड्दा तापरुपी दैवत्व प्रकट हुन्छन्। दुई सुकेका काठका टुक्राहरु रगड्दा आगो निस्कन्छ। त्यहाँ पनि एउटा नाम र अर्को रुप सम्भ। ती दुई रगड्दा निस्केको आगो चाहिं आध्यात्मिक ज्ञान हो।

प्र.नं. १२. : भक्ति र शरणागत (आत्म समर्पण) मा के भिन्नता छ बाबा ?

बाबा : भक्ति भन्यो कि दुई वस्तु आइहाल्छन् : एउटा भक्त र अर्को भगवान्। भगवान्प्रति समर्पित भएकाले तिमीलाई भक्त भनेको। भगवान् नभएकोभए भक्त नै हुने थिएनौ। भक्त नभई भगवान् हुँदैनन्। भगवान्प्रति भक्त समर्पित भएपछि भगवान् आउँछन्। त्यसैले भक्ति भन्नासाथ भक्त र भगवान्को कुरो आइहाल्छ। यसैलाई द्वैतवद भनिन्छ। पूर्णतया आत्म समर्पण (शरणागत) मा चाहिं तिमी नै हुँदैनौ र भगवान्मा लीन हुन्छौ। जब तिमी आफू र अन्य सबै वस्तु भगवान्मा समर्पित गर्‍यौभने तिम्रो अस्तित्व नै रहँदैन। त्यहाँ दुई भन्ने हुँदैन। एउटा मात्र रहन्छ। त्यसैलाई अद्वैत (एक मात्र) भनिन्छ। एउटा उदाहरण लिउँ अलिकति चिनी र पानी लेउ। चिनीलाई पानीमा मिसाउँदा एकै छिनमा बिलीन हुन्छ र खालि शर्वत बन्छ। त्यस्तै भगवान्मा साँच्चै समर्पित भएपछि त्यहाँ तिम्रो अस्तित्व रहँदैन। भगवान् मात्र एक रहन्छन्। यसैलाई अद्वैतवाद भनिन्छ। यस प्रकार आत्मसर्मपणलाई अद्वैत र भक्तिलाई द्वैत भनिन्छ। किताबी ज्ञानहरुभन्दा अनुभवीहरुबाट बढी ज्ञान प्राप्त गर्न सकिन्छ।

भगवान् श्री सत्य साई बाबालाई सोधिएका प्रश्नहरु

प्र.नं. १ : योग गर्ने यतिका आसनहरु छन् । ध्यानकोलागि पध्मासनलाई र राम्रो (उत्तम) मानिन्छ । यस्तो कठिन आसनमा बसी ध्यान कसरी एकत्रित पार्न सकिन्छ स्वामी ?

भगवान् : ती आसनहरुको आवश्यकता छैन । यदि तिमीमा भगवान्प्रति प्रगाढ भक्ति हुन्छ भने त्यति नै पर्याप्तभन्दा बढी हुन्छ ।

प्र.नं. २: भगवान्को एक हजार आठ नाम हुन्छ भन्छन् । बूढेसकालमा स्मरणशक्ति क्षीण हुन्छ । त्यतिका ती सबै नाम कसरी हामीले सम्झनु स्वामी ?

भगवान् : तिमी आफ्नो स्मरण शक्ति हुँदैन भन्छौ त्यो कुरो म पत्याउँदिन । तिम्रो विवाह कहिले भएको हो ? "१९४० मा स्वामी !" उनले उत्तर दिए । "तिम्रा केटाकेटी कति छन् नि " बाबाले सोध्नुभयो । ती व्यक्तिले भने, "६ जना मात्र"; त्यसपछि बाबाले प्रत्येक छोराछोरीको जन्म मिति र विवाह भएका मितिहरु सोध्नुभयो । ती व्यक्तिले तिनीहरु सबैको जन्म मिति, विवाह भएका मिति र अझ ठाउँ समेत् एक एक गरी बताए ।

बाबाले मुसुमुसु हाँस्दै भन्नुभयो, "ए ! तिमी ती सबै कुराको गते, ठाउँ सम्झन सक्छौ तर अष्टोत्तर सहस्रनाम सम्झन सक्दारहेनछौ । तिम्रो छोराछोरीप्रतिको अभिरुचि र आसक्तिले गर्दा तिनीहरु सबैको ठाउँ, गते सम्झन्छौ तर भगवान्को नाम सम्झन अभिरुचि राख्दैनौ, त्यसैले स्मरण शक्ति हुँदैन के गर्नु भनी हास्यास्पद कुरा गर्छौ । जुनसुकै कुरामा पनि अभिरुचि राख्नु पर्छ । तिमी बैंकमा राखेको रुपियाँको ब्याज समेत् थाहा पाउँछौ । यसबाट तिमी जुनसुकै कुरा पनि आफ्नो अभिरुचि अनुसार काम गर्छौ । "

प्र.नं. ३: स्वामी ! तपाई यी यस्ता भर्खरका नवयुवक केटाहरुलाई कसरी आध्यात्मिक जीवनप्रति अनुशासित भक्त बनाउन खोज्दै हुनुहुन्छ ? के तिनीहरुलाई बुढेसकालसम्म उनीहरुको सबै युवावस्था आनन्द पूर्वक बिताउन दिन मिल्दैन ?

भगवान् : आनन्द जुन तिमी बुढेसकालमा पुगेर लीन खोज्दछौ यस प्रकार युवा अवस्थामा आनन्दको नाममा सबै जो ठान्दछौं आनन्दको समाप्ति हुन्छ। त्यसैले पछिसम्म आनन्दमा रहन सदा आनन्दको अनुभूति गर्न अनुशासित र आध्यात्मिक जीवन यापन गर।

प्र.नं. ४: स्वामी ! आजभोलि हामी नयाँ किसिमको छिटो छिटो व्यतित भइरहेको समाजमा जीवन बिताउँदैछौं। हामीले विभिन्न क्षेत्र र व्यवसायमा आधुनिक सभ्यताको प्रभावले निकै चाँडै चाँडै प्रगति गर्दैछौं। यसले हामीलाई आध्यात्मिकताको क्षेत्रबाट विमुख त गराउने होइन ? आधुनिक सभ्यता बारे स्वामीको विचार जान्न पाए हुन्थ्यो ?

भगवान् : साँच्चैको सभ्यता भनेको इच्छामा (पूर्ण) सीमाङ्कन गर्नु हो। मानिसहरुको इच्छामा (पूर्ण) नियन्त्रण भएपछि मात्र सच्चा सभ्यता हुन्छ। आफ्नो मन र इच्छामा पूर्ण नियन्त्रण राख्नसक्ने मानिसलाई सभ्य भन्नु पर्छ।

प्र.नं. ५ : के हामीलाई साँच्चैको गुरु चाहिन्छ ? ममा परिवर्तन ल्याइदिने गुरु कस्तो खालको हुनुपर्छ ? के त्यो गुरु सफल हुनुहोला ?

भगवान् : हेर, तिमी कहिले पनि नगएको नौलो शहरमा गयौ भने बाटो अलमलिएर निर्धारित ठाउँमा पुग्न सक्तैनौ। त्यहाँ तिमीलाई रमाइलो र ऐतिहासिक स्थानहरु देखाउन एउटा पथप्रदर्शक चाहिन्छ। त्यस्तै यो आध्यात्मिक क्षेत्र नयाँ हुन्छ। यो क्षेत्रमा तिमी पहिले आएका थिएनौं। यसका कमजोरी र समस्याहरु कस्ता छन् भन्ने कुरा तिमीलाई जानकारी भएको हुँदैन। त्यसकारण तिमीलाई एउटा पथप्रदर्शक अर्थात् गुरुको आवश्यकता पर्दछ।

गुरुको काम के हो त ? अनुमान गर तिमी सडकमा हिडिरेहका छौ। सडकमा ठाउँ ठाउँमा कुन ठाउँ कता जाने, कुन ठाउँबाट कहाँ पुगिन्छ इत्यादि लेखिएका संकेत चिन्हहरु देखाइएका हुन्छन्। पाटीमा लेखिएका अक्षरहरु मात्र पढेर गन्तव्य स्थानमा पुग्न सकिदैन। त्यसले त जाने बाटोसम्म मात्र बताइदिन्छ। त्यहाँ एउटा गुरु भए सजिलैसँग भनेको ठाउँमा पुऱ्याइ दिन्छन्।

अर्को एउटा उदाहरण लिउँ । जसको पनि आफ्नो आमा जत्तिको बढी प्यारो गर्ने व्यक्ति अरु कुनै हुँदैन । आमाले कति गरेर आफ्नो छोराछोरी हुर्काउँछिन् । बच्चाले खान मन नगर्दा पनि फकाएर फुलाएर खुवाई छोडछिन् । बच्चाले खाना खाएन भने आफूले खाएर हुन्छ त ? त्यो खाना बच्चाले नै खाएर पचाउनु पर्छ । त्यसै गरी गुरुले बाटो देखाउने तर त्यस अनुसार शिष्य (तिमी) चल्नै पर्छ ।

अर्को एउटा उदाहरण कुनै व्यक्तिले एकजनासँग तिमीलाई कुनै गाहो र अप्ठ्यारो समस्या आइपऱ्योभने समाधानकोलागि कम से कम एकसय आठ पटक 'ॐ साईराम' भन्नुपर्छ भनी सिकाएछन् । पछि त्यो व्यक्तिलाई भेटेर कस्तो छ ? भनी सोद्धा समस्या झन बढेको छ भनी जवाफ दिए । उनले भने, "म त ज्यादै बेफुर्सदी व्यस्त मानिस, त्यसैले मैले मेरो कारिन्दालाई नित्य एक सय आठ पटक भगवान्को नाम जप्नु भनी अहाएको छु ।" उनले भने, "त्यसो भए कारिन्दाको उन्नति हुँदै जानेभयो तिम्रो चाहिं अवनति हुनेभयो ।"

त्यसकारण एकजनाले हिंडनु पर्ने बाटो अर्कोले हिंडेर कहाँ हुन्छ र ? गुरुको काम त सही बाटो देखाएर त्यतैबाट जाउ भन्नु मात्र हो । आखिर बाटो हिड्ने काम त शिष्यको हो ।

प्र.नं. ६ : सुखको बाटो के हुन्छ स्वामी ?

भगवान् : सबैले गर्नु पर्ने काम गर्न इच्छा हुनुलाई नै सच्चा सुख र आनन्द भनिन्छ । सबै खुशी हुने काम गर्नुपर्छ । भगवान्कोसाथ सँगसँगै बस्नु पाउनु नै सच्चा सुख हो भनिन्छ । भगवान्सँग एकाकार भई बस्न मा नै सच्चा सुख र आनन्द हुन्छ ।

प्र.नं ७: त्यसो भए हामी किन सुखी नभएको त बाबा ?

भगवान् : तिमी सुखी हुन नसकेको पहिलो कारण त अहंकार नै हो । सर्वप्रथम तिमीले अहंकारलाई धपाउनै पर्छ । के तिम्रा मित्रहरु छन् ? ती मित्रहरु तिम्रो बाबु उच्चपदमा छउन्जेल या तिमीसँग रुपियाँ छउन्जेल मात्र मित्र रहन्छन् । ती दुई नहुने बित्तिकै ती साथीहरु छुट्ने छन् । यस प्रकार सच्चा आनन्द भगवान्को साथमा रहँदा मात्र पाइन्छ । अहंकारले गर्दा दुःख पाइन्छ । अहंकारमा चोट पुग्दा तिमी अति दुखित र घाइते जस्ता देखिन्छौ । अर्को कारण व्यवधानहरु हुन् । जस्तै भित्ता या पर्खालले कोठा छुट्याउँछ । हामी बूढा, हामी नवयुवक, यी पनि व्यवधान या छेकबार नै हुन् । तिमीले घर निर्माण गरेपछि एउटा कोठालाई बैठक, एउटालाई सुत्ने कोठा, अर्कोलाई भान्छा आदि नाम राख्छौ । खास भन्ने हो भने एउटा घर हो त्यसमा कोठाहरु मात्र बेगला बेग्लै छुट्याइएका त हुन् नि । कोठाहरु नछुट्याउने हो भने एउटा लामो हल मात्र हुन्छ । त्यसैले त्यो बीचको भित्ता या पर्खालले हाम्रो सुख या आनन्द लुटछ् ।

बाबाबाट सोधिएका प्रश्नहरु

प्र.नं. १ बाबा : स्वतन्त्रता भनेको के हो ? साँच्चैको स्वतन्त्रता–स्वेच्छा भनेको के हो ?

तिमीहरुले स्वेच्छाको अर्थ जुन किसिमले बुझेका छौ त्यो मिल्दैन । त्यसलाई यसरी छुट्याउनु पर्छ अर्थात् स्व+इच्छा; भनाईको मतलब आफ्नो + इच्छा अर्थात् आत्माको इच्छा । यो राजनैतिक स्वतन्त्रता, आर्थिक स्वतन्त्रता या समाजिक स्वतन्त्रता होइन । यसको अर्थ आत्माको स्वतन्त्रता हो । पशुहरुको जस्तो स्वतन्त्रता होइन ।

प्र.नं.२ बाबा : श्रीमान् (Mr.) र मालिक (Master) भनेको के हो ?

अनिलकुमार : म श्रीमान् (Mr.) पनि हुँ साथै आफ्नो पेशाको मालिक (Master) पनि हुँ ।

वावा : त्यसो होइन । साधारण जीवन विताउने व्यक्तिलाई श्रीमान् र सबै इन्द्रियहरुमा नियन्त्रण गरेका व्यक्तिलाई मालिक (Master) भन्नु पर्छ । त्यसैले तिमीहरु सबै महाशयहरु (Mr.) हौ तर मालिक होइनौं ।

प्र.नं. ३ बाबा : सन्तोष र आनन्द कसलाई भन्छन् ?

अनिलकुमार : सुख (आनन्द) लाई भनिन्छ, स्वामी ।

बाबा : त्यसो भए दुईवटा शब्दहरु किन भन्नु पऱ्यो त ? शब्दबाट नै अर्थ बुझिन्छ । सन्तोष शब्दमा दुई भाग छ । (सम (केही) + तोष (आनन्द)=अलिकति आनन्द

आनन्द – आनन्दको सीमा नै छैन अर्थात् अपार आनन्द भन्ने अर्थ बुझिन्छ ।

प्रेमले कुनै पुरस्कार खोज्दैन । प्रेम स्वयं पुरस्कार हो । प्रेमलाई सेवा र पूजा (कर्म) मा परिवर्तन गरेपछि साधना हुन्छ ।

– साई बाबा

कुराकानी (Dialogue)— प्रथम भाग

आजको विषय कुराकानी छ । अक्सफोर्ड विश्व कोषमा तीनवटा शब्दहरु उल्लेख गरिएका छन् । तिनीहरु कुराकानी (Dialogue), उपसंहार (Epilogue) र मनोवाद (Monologue) हुन् । एक्लै मनमनै कुराकानी गर्नुलाई मनोवाद भनिन्छ । यसमा एक व्यक्तिको सर्वेसर्वा हैकम हुन्छ । आज भोलि हामी सबै यसै गर्छौं । यो एक व्यक्तिको प्रदर्शनी हो । तर आजको विषय यस्तो खालको छैन । उपसंहारको अर्थ के हो ? यो कुनै भाषण या प्रवचन या नाटकको अन्तमा कलाकारद्वारा गरिने प्रवचनलाई भनिन्छ । यसलाई पूरक भने हुन्छ ।

अब कार्यक्रम तिर लागौं । कुराकानी भनेको के हो ? आपसमा समझदारीकोसाथ आ-आफ्नो विचारको आदान प्रदान हुने छलफललाई कुराकानी भनिन्छ । कुराकानी (छलफल) मा कुनै उपद्रव हुँदैन । कुराकानी हुँदा आपसमा समझदारी भएन भने राय बाझ्ने र विरोध उत्पन्न हुन सक्छ । हामी चाहिं राम्रै सयंमपूर्वक कुनै खास दर्शन या सिद्धान्तको आधारमा रही कुराकानी गर्नेछौं ।

वेदान्तमा उपनिषद भन्ने एउटा प्रमुख साहित्य हुन्छ । सनातन धर्म अन्तर्गत आध्यात्मिक पक्षको प्रमुख शाखाभित्र गरिने कुराकानीलाई उपनिषद भनिन्छ । कुराकानी या छलफल शिक्षक र शिष्यको बीचमा हुन्छ । यो प्रार्थनाबाट शुरु हुन्छ । कुनै झै-झगडा, प्रतियोगिता आफ्नो कुरालाई माथि पारी जित्ने नभई समझदारीको साथ सत्य कुरो पत्तालगाउने गरिने कुराकानी हो । यस प्रकार गुरु र शिष्यको बीचमा हुने कुरालाई उपनिषद भनिन्छ ।

भगवद्गीता पनि श्रीकृष्ण र अर्जुनको बीचमा भएको संवाद या कुराकानी नै हो । यस प्रकार धेरै जसो पवित्र ग्रन्थहरुमा कुराकानी नै हुन्छ । गीतामा प्रश्नकर्ता को हुन् र प्रश्नको उत्तर दिने को हुन् भनी सोद्धा प्रश्नकर्ता अर्जुन हुन् । उनी सधै स्पष्ट र राम्रो चरित्रका उज्यालो हृदय भएका व्यक्ति छन् । उनी शुद्ध छन् । उनमा कपट छैन । उनी कुनै कुरा जान्न मात्र

प्रश्न गर्छन् । त्यसलाई जिज्ञासा भनिन्छ । अर्कोथरी प्रश्नकर्ता चाहिं अरुमाथि कत्तिको जान्दछ भनी दवाव हाल्न खोज्दछन् । आध्यात्मिकतामा यस्तो अरुलाई होच्याउने अथवा कत्तिको जान्ने रहेछ भन्ने परीक्षा गर्ने कुरा हुँदैन । दुवैथरी जान्नलाई उत्सुक रहन्छन । अर्जुनको अर्को नाम पार्थ हो । त्यसको अर्थ पृथ्वीका छोरा भन्ने हुन्छ । हामी सवै पृथ्वी् माताका पुत्र हौं । यसरी हामी सवैको तर्फबाट अर्जुनले प्रश्न गरे । उनी प्रति कृष्ण कुनै पक्षपाति हुनुहुँदैनथ्यो ।

आध्यात्मिकतामा लागेका धेरैंजसो मानिसहरु आलस्यलाई आदर्श सम्भन्छन् । वास्तवमा उनीहरु अल्छी हुनुहुँदैन । उनीहरु आदर्शमय हुनुपर्छ । उपचारक भए राम्रो उपचार गर्ने, इन्जिनियर छन्भने आफ्नो काममा दक्ष हुनुपर्ने, हाकिम छन्भने इमान्दार हुनुपर्छ । त्यसैले हाम्रो मार्ग र व्यवसायमा उत्कृष्टता चाहिन्छ । यो नै आध्यात्मवाद हो पलायनवाद होइन । यसमा तिमी कसरी भन्ने प्रश्न गरौला । श्रीमद्भगवत्गीतामा आफ्नो काममा दक्ष हुनुलाई "कर्मयोग" भनिन्छ भनी लेखिएको छ । नठगेर नसुतेर आफ्नो काम सकेसम्म राम्ररी बुद्धि पुऱ्याएर गर्नुलाई "योग" भनिन्छ । हामीले यो जीवन समय काट्न मात्र पाएका होइनौं । यो जीवन काम गर्न प्राप्त गरेका हौं । कृष्णले अर्जुनलाई नन्दन भनी सम्बोधन गर्दै "हे मेरा प्रिय बाबु कुरुनन्दन अर्थात् काम गर्दै जाउँ भन्नु भएको छ" । कृष्णले अर्जुनलाई सव्य साक्षी अर्थात् दुवै हातले लड्न सक्ने भन्नु भएको छ । दुवै हातको अर्थ एउटा प्रवचन र अर्को त्यसलाई व्यवहारमा उतार्नुलाई भनिन्छ । यसको मतलब भन्नु र गर्नु एकै साथ हुनुपर्छ भन्ने हो । यसवाट सारांशमा समान उद्देश्य राखी समभ्कदारीपूर्वक कुनै कुराको जानकारी लिन राखिएका कार्यक्रमलाई कुराकानी या छलफल भनिन्छ ।

प्रश्नोत्तर कार्यक्रम

प्र.नं. १ भगवद्गीताको सृष्टि वास्तवमा कतिसम्म सत्य छ ? यो सांकेतिक हो या रुपालङ्कार हो ?

अनिलकुमार : भगवद्गीतामा कृष्णले जनु कुरा छोटकरीमा भन्न खोज्नु भएको थियो, त्यसलाई लेखकहरुले विस्तृत रुपमा व्याख्या गरिएको हो भन्ने कुरा हामीले भगवान् बाबाबाट सुनेका छौं । त्यो पनि सारतत्व हो किनभने त्यसबखत जताततै लडाई नै लडाई भएकोले सातसय श्लोक व्याख्या गर्ने समय नै थिएन । यो सांकेतिक रुपालंकार पनि छ किनभने यसबाट कति कुरा हाम्रो

दैनिक जीवनमा लागु पनि भएकाछन् । त्यसबखत लडाईं मैदानमा भएको थियो । हाम्रो दैनिक जीवन पनि लडाईको मैदान जस्तै छ । हामीले लडाईको मैदानबाट भगवान्को सन्देश सुन्नुपर्छ । भगवान्बाट निर्देशन पाएपछि हामीले पनि लडाईको मैदानमा जानुपर्छ । लडाई (जीवनलीला) समाप्त भएपछि हामीले भगवान्को निर्देशन पाउने कुरै छैन । मानिसको मृत्यु भइसकेपछि शल्य चिकित्साको के अर्थ हुन्छ ? उपचार त पहिले नै हुनुपर्छ । त्यसै गरी हाम्रो दैनिक जीवनरुपी लडाईमा लडन जानुभन्दा पहिले भगवान्बाट सन्देश लिनु पर्छ । खुँडा, खुकुरीको कवचको आवश्यकता छैन । भगवान्को नामस्मरणबाट नै ती हतियारले गर्ने काम हुन्छ । हामी गीताको सन्देश हाम्रो दैनिक जीवनमा भगवान्बाट रुप अलंकारको रुपमा सुन्छौं । तिनै कुरा ऋषिका करुणाले श्लोकको रुपमा गीताको सार विस्तृत रुपमा चारैतिर फैलाइएको छ ।

प्र.नं २ शिरडी साई, सत्य साई, प्रेम साईका कामहरु के – के हुन् ? यसबारे हाम्रो कर्तव्य के हुन् ?

अनिलकुमार : उहाँहरुका काम स्पष्ट छन् । शुद्धताको आधारमा एकता कायम गरी दैवत्व प्राप्त गर्नु गराउन उहाँहरुको काम हो । सबैलाई आफूमा रहेको आत्मा नै भगवान् हुन्, विभिन्न धर्महरुको बीचमा शान्ति र मेल मिलाप राख्नुपर्छ । सनातन देखि देशमा भएका पूजा पाठ धार्मिक संस्कृतिहरुको भित्री महत्व जानकारी गराउनु, सबै मानवजाति एक हुन् भनी तिनीहरुको बीचमा आपसी सद्भाव राख्नु, विज्ञान र प्रविधिलेगर्दा भगवान् नै बिर्सनलागेको प्रवृत्तिलाई परिवर्तन गरी ईश्वर छ भन्ने भावलाई बढी जागृत गराउनु सबै भगवान्का काम हुन् ।

मानिसले वास्तविक सत्यता बिर्सिसकेको छ । "म को हुँ" मेरो वास्तविकता के हो ? मेरो स्वभाव कस्तो हुनुपर्छ भन्ने कुरा बिर्सिसकेको छ । यी सबै सदगुणहरु अहिले भगवान् बाबाले आफूमा राख्नु भएकोछ । हामीले पहिले आफूलाई चिन्नुपर्छ अनि अरुलाई बताउनुपर्छ ।

त्यसपछि प्रश्नकर्ताले अनिलकुमारलाई बाबाले कहिले देखि धर्मको पुनर्स्थापना गरी मानिसले त्यसको फल प्राप्त गर्ने छन् भनी प्रश्नगर्दा उनी यो प्रश्न मलाईभन्दा बाबालाई नै सोध्नु पर्ने भन्नुहुन्छ । किनभने कहिले कसरी पुनर्स्थापना गर्ने कुरा म यो मुखबाट कसरी जवाफ दिन योग्य छु र ?

अनिलकुमार भन्नुहुन्छ। तरपनि एक ठाउँमा यस विषयमा बाबाले प्रवचनमा भन्नुभएको आधारमा म (अनिलकुमार) भन्दैछु ; बाबा भन्नुहुन्छ, यदि व्यक्तिलाई सुधारियो भने परिवार सुध्रन्छ, परिवार सुध्रिएपछि समाज राम्रो हुन्छ। समाज राम्रो भएपछि सारा देश नै प्रगतिशील बन्छ। यस प्रकार प्रगति भनेको व्यक्ति व्यक्तिबाट सुरु हुन्छ। सबै मानवजातिलाई समेटेर विस्तृत रुपमा सबैकोलागि फाइदा हुने धर्म बाबाले कहिले देखि ल्याउनु होला भन्ने प्रश्नको उत्तर तपाई र हामीमा नै छ। यसको समाधानकोलागि तपाई र हामीबाट नै शुरु हुनुपर्छ। यसै सिलसिलामा बाबाले एउटा उदाहरण दिनु भएकोछ एकातिर भारतको नक्सा अर्कोतिर एउटा मानिसको उल्टो चित्र राखिएकोछ रे। त्यो मानिसको चित्रलाई टुक्रा टुक्रा गरी च्यात्यौं भने नक्शा पनि च्यातिन्छ। ती च्यातिएको टुक्राहरुलाई फेरि मिलाई मिलाई जोड्यौ भने नक्शा पुनः तयार हुन्छ। त्यसरी नै मानिस सबै ठीक ठीक ठाउँमा बसेभने धर्मस्थापना हुन सम्भव छ। त्यसपछि समस्त कुरा आ-आफ्ना स्थानमा ठीक ठाक भएर रहन्छ। अहिलेको सन्दर्भमा हामीले गर्ने काम के छ भन्ने प्रश्नको उत्तरमा स्वामी प्रवोध (शिक्षा) र प्रचार गर भन्नु हुन्छ। प्रबोध भनेको शिक्षा र प्रचार भनेको सहभागीहरुको बीचमा छलफलद्वारा कुराहरुको आदानप्रदान गरी जानकारी लिनेदिने गर भन्नुहुन्छ।

यस प्रकार हाम्रो कर्तव्य बाबाको सन्देशलाई समस्त मानव जातिमा उमङ्ग र उत्साहपूर्णसाथ सकेसम्म फैलाउनु हो। आजै देखि उहाँका सन्देश सुनेर त्यसलाई कार्य रुपमा परिणत गर्दै जानुपर्छ र सकेसम्म धेरै मानिसलाई यसमा सहभागी गराउनुपर्छ।

प्र.नं. ३: बाबाले कसैलाई जोगाउनुहुन्छ, कसैको संकट टारिदिनुहुन्छ, कोही उहाँबाट धेरै अनुभूतिहरु पाउँछन्, लीलाहरु देख्छन् तर कसै कसैको संकट भने टर्दैन, बच्दा पनि बच्दैनन्; किनहोला ?

अनिलकुमार : ठीक हो ! यो करो भन्न सजिलो छ तर बुझ्न धेरै गाहो छ। यो प्रश्न यति वैयक्तिक छ कि व्यक्तिलाई मात्र थाहा हुन्छ। बचाउने, संकट टार्ने, अनुभूति पाउने, लीला देख्न पाउने भन्ने कुरा दुई कारणले हुन्छ। एउटा दैवी इच्छा अर्को अवधि पुगेपछिको बलियो भाग्य। यसै सन्दर्भमा एउटा उदाहरण तिमीलाई स्टेशनमा रेल भेट्टाउनु छ भने यदि चाँडै पुग्यौंभने पनि

समयको बरवादी हुन्छ ढिलो पुग्यौंभने कामै लाग्दैन। त्यसकारण तिमीले ठीक समयमा पुग्नु पर्छ। भगवान्‌को कृपा पनि त्यसै गरी प्राप्त हुने हो। भगवान्‌ले हाम्रो इच्छा, हाम्रो बिन्ती, हामीलाई बचाउने, हाम्रो संकट टार्ने आदि कुरा पनि ठीक समय आएपछि मात्र पुऱ्याइदिनुहुन्छ।

यसलाई अर्को किसिमबाट बुझ्ने प्रयास गरौं। के बाबाले यहाँ प्रत्येकलाई बचाउनुहुन्छ ? के उहाँ सबैको गइसकेको ज्यान फिर्ता ल्याइदिन आउनुभएको हो ? के उहाँले यहाँ दुःखपाएका जति सबैको दुःख हरिदिनु भएकोछ ? सबैको दुःख हरण गरिदिनेभए हामीले सबै अस्पतालहरु बन्द गरिदिनु पऱ्यो। वास्तवमा मानिसले जीवनमा पाउने दुःख उसको पूर्वजन्म र यो जन्मको कर्मका फल हुन्। एकपटक एकजनाले भगवान्‌लाई सोधे, "किन तपाई त्यो अन्धालाई आँखा देख्ने गराइदिनु हुन्न ? किन त्यो गुड्ने मेचमा यता उति गर्ने बिरामीलाई निको गराइ दिनुहुन्न ? बाबाले के भन्नुभयो थाहा छ ? बाबाले त्यसको उत्तर यस प्रकार दिनुभयो, "तिमीहरु वर्तमानको कुरा मात्र थाहा पाउँछौं। "म त वर्तमान, भूत र भविष्यका सबै कुरा जान्दछु"। त्यसकारण, बाबाको झन ठूलो काम छ। हामी वर्तमानको आधारमा मात्र केही निश्चित भन्न सक्तैनौं।

भगवान्‌ले सुनाउनु भएको अर्को एउटा कथा गौतम ऋषिकी पत्नि अहिल्याले आफ्नो पतिको आज्ञा मानिनछिन्। आफूले भनेअनुसार अनुशासनमा बसेको नदेखेर पतिले श्राप दिएकोहुँदा उनी ढुङ्गा भइछन्। पछिमात्र उनी स्त्रीको रुपमा पुनः परिणत भइन्। बाबा भन्नु हुन्छ, "अहिल्याले निर्धारित समयसम्मकोलागि श्राप पाएकिथिइन्। उनको दण्डको अवधि र दुःखको भाग समाप्त भइसकेको थियो। त्यसैबखत राम जंगलमा जाँदा ढुङ्गामा टेक्दा उनी आफ्नै पहिलेकै स्त्री रुपमा परिणत भइन्। भगवान्‌को अनुग्रह पाउन हाम्रो साधना र समय अवधि परिपक्व भएको हुनुपर्छ। यी दुई साथसाथै हुनुपर्छ भनी बाबाले बताउनु भयो।"

हानि नोक्शानी भएको समयमा भगवान्‌ले के दिनुहुन्छ भन्ने प्रश्नको उत्तरमा हामी यहाँ आध्यात्मिक मोल तोल या व्यापारकोलागि आएका छैनौं। बाबाले दिने सबैभन्दा ठूलो उपहार के हो ? उहाँले दिनुहुने सबैभन्दा ठूलो उपहार जीवनप्रतिको आदर्शमय अभिवृत्ति हो। त्यो नै उहाँको अनुग्रह हो। जस्तोसुकै कुरामा पनि हामीले फाइदा अवश्य हुन्छ भन्ने सम्झनु पर्छ।

असफल र हारमा कत्ति पनि विचलित नभई उहाँमा पूर्ण श्रद्धा र विश्वास राख्दा उहाँले हाम्रा सबै दुःख र समस्याहरु समाधान नभए पनि हामीलाई सही दिशाको बोध गराइदिनु हुन्छ । हाम्रो अभिप्राय सँधै "हे ईश्वर यो आइपरेको समस्या समाधान गर्न, धैर्य, बुद्धि र बल दिनुहोस्, मेरो कुनै हालतमा पनि तपाईप्रतिको श्रद्धा भक्ति छुट्ने छैन", भन्ने हुनुपर्छ । हाम्रो हुनुपर्ने धारणा पनि यही हो ।

प्र.नं. ४: आजको विषय नै कुराकानी छ । स्वामीले भन्नु भएको छ, "हामीले निरन्तर उहाँसँग कुरा गरिरह्यौं भने त्यो दैवी कुरा कानी हुन्छ रे । तपाईको यसमा के विचार छ ?"
अनिलकुमार : दैविक कुराकानी प्रत्यक्ष या परोक्ष दुवै किसिमबाट हुनसक्छ । अडिटोरियम या अन्तरवार्ता कोठामा उहाँसँग कुराकानी हुनु या उहाँको वचन सुन्नुलाई प्रत्यक्ष कुराकानी भनिन्छ । सपनामा स्वामीले भनेको उपदेशहरु या कुरा अथवा उहाँका विषयमा लेखिएका पुस्तकहरु र साहित्यहरु परोक्ष कुराकानीमा पर्छन् । दैविक कुराकानी भनेको निःस्वार्थ प्रेम, सहनशीलता सहानुभूति र समझदारीमा आधारित हुन्छ । मानवीय कुराकानी लेनदेन, मोलतोल, धेरैथोरै, तलमाथि यस्तैमा आधारित हुन्छ । आनन्द प्राप्तिको लक्ष्य राखी गरिएको दैविक कुराकानी उच्चस्तर र आध्यात्मिक हुन्छ । मानवीय कुराकानी सांसारिक पक्षमा गरिन्छ । दैविक कुराकानी साधनाप्रति लक्षित हुन्छ भने मानवीय कुराकानी शारीरिक, भौतिक र सीमित समयकोलागि हुन्छ । दैविक कुराकानीमा समयले छेक थुन गर्न सक्तैन । मानवीय कुराकानीलाई समय र स्थानले सीमित गराउँछ । दैविक कुराकानी शुद्ध र सौहार्द्रपूर्ण हुन्छ तर मानवीय कुराकानी बोझे र निम्नस्तरको हुन्छ ।

प्र.नं. ५: ईश्वरको अवतार सर्वव्यापी, सर्वज्ञ र शर्वशक्तिमान हुन्छ भन्छन् । हाम्रो दैनिक जीवनमा यसको के अर्थ हुन्छ ?
अनिलकुमार : भगवान्ले अवतार लिएर आउनु भएपछि उहाँमा सर्वज्ञता, सर्वव्यापकता, शर्वशक्तिमान् जस्ता आधार भूत दैवी गुणहरु अवश्य हुन्छन् । यिनै गुणहरुको आधारमा हामी अवतार भनेर चिन्दछौं । अवतारको तिम्रो हाम्रो जस्तै शरीर हुन्छ तर यिनै तीन गुणहरुले गर्दा अवतारलाई अपूर्व

मानिन्छ । सर्वव्यापकताको सन्दर्भमा यो भन्नसकिन्छ । बाबा सोध्नु हुन्छ, “तिमी कहिले आयौ ? तिम्रो जवाफ म आज बिहान आएँ हुनेछ । बाबा भन्नु हुन्छ”, मलाई थाहा छ, हवाई जहाजमा एउटा मात्र सीट थियो अनि यहाँ आउन पायौं” ।

म एउटा व्यक्तिगत घटना सुनाउँछु । म आन्ध्र प्रदेशको गरम ठाउँबाट आएको व्यक्ति हुँ । वैंगलोर ठण्डा ठाउँ भएको हुँदा त्यहाँ पिनासको रोग लाग्यो । एउटा पानी तताउनकोलागि हिटर किनें । नुहाउन मात्र के लागेको थिएँ बत्ती निभ्यो । बत्ती निभेकोहुँदा नुहाउन पानी तयार गर्न सकिएन । त्यसकारण मुख मात्र धोएर बाबाको दर्शन गर्न गएँ । दर्शन लाइनमा गएर बसें । एकै छिनमा स्वामीको हँसिलो स्वरुप गर्दै एउटा हातले आफ्नो लामो लुगा समाती अर्को हात हावामा घुमाउँदै बिस्तारै मेरो अगाडि आएर उभिनुभयो र भन्नुभयो, “कोही कोही यहाँ स्नान नगरिकन पनि दर्शनमा आएका छन्” । मैले बाबालाई कसरी थाहा पाउनुभयो भनी सोधें । उहाँले भन्नुभयो, “म तिम्रो बिछ्यौना र बाथरुम जहाँ पनि हुन सक्छु” । त्यसपछि म दगुर्दै कोठातिर गएँ र बेसरी स्नान गरी फेरि वरण्डामा आएर बसिरहें । भजन समाप्त भएपछि बाबा मेरो छेउमा आएर, “साधारण स्नान भए पुग्छ चिन्ता नगर भन्नुभयो । सर्व व्यापकता र सर्वज्ञता अवतारको गुणहरु हुन् ।”

एकपटक भगवान्ले एउटा बुढा मानिसलाई भन्नुभयो, “आज तिम्रो श्रीमतीको वार्षिक तिथी हो । त्यसपछि उनको घरमा भएका अरु सानातिना घटनाहरुको विरण पनि सुनाउनु भयो । त्यसै बीचमा उहाँले कैयौं मानिसहरुसँग भेट घाट कुराकानी गर्नुभयो तर पनि उहाँलाई प्रत्येक मानिस र प्रत्येक कुराको सम्झना भइरहन्छ । मानिसहरुले बिर्सन्छ तर भगवान्ले बिर्सनु हुँदैन ।

एकपटक एकजना श्रीमान् र श्रीमती बाबा कहाँ आए । तिनीहरु दुवै घरमा साह्रै झगडा गर्थे । बाबाले श्रीमती चाहिंलाई अन्तरवार्तामा बोलाउनु भयो । श्रीमान् पनि श्रीमतीको पछिलाग्दै भित्र गए । बाबाले दुवैजनालाई अन्तर्वार्ता दिनुभयो । बाबाले उनीहरुलाई “तिमीहरु दुवैजना घरमा झगडा गर्छौ यहाँ पनि झगडा गर म तिमीहरुलाई समय दिन्छु” भन्नुभयो । यसबाट हामी भगवान्को सर्वव्यापकता, र सर्वज्ञताबारे प्रत्यक्ष थाहा पाउन सक्ने छौं ।

एकपटक म कोडाइक्यानलको बगैंचामा सेवादलको साथमा थिएँ । बाबाले तिनीहरुलाई आइसक्रिम बाँडदा मलाई पनि दिनुभयो । स्वामी मन्दिर मा आउनुभयो र आइसक्रिम बाँडनुभयो । म पनि मन्दिरमा गएर आइसक्रिम लिन हात थापें । स्वामीले भन्नुभयो, "तिमीले बाहिर आइसक्रिम लिइसक्यौ" मैले भने, "मैले आइसक्रिम खाइन भनेको छैन" । बाबाले सोध्नुभयो, "किन हात पसारेको त ?" मैले भने "त्यहाँ सेवा दलले दिएका थिए । म त तपाईको हातले दिएको खाना खोज्दैछु स्वामी ।" त्यसपछि उहाँले आफ्नै दैविक हातले एउटा आइसक्रिम दिनुभयो । उहाँले फेरि सोध्नुभयो "मिठो छ ? दुइटा लेउ भन्नुभयो ।" यस प्रकारको सर्वव्यापकताले हामीलाई आनन्द र लाभ दुवै हुनेछ ।

प्र.नं. ६: बाबा फेरि प्रेम साई भएर आउनु हुनेछ त्यसबखत सत्य, धर्म, शान्ति र प्रेमका आदर्शहरु संसार भरि नै पूर्णरुपले स्थापित हुनेछन् । त्यसबखत हाम्रा भूमिकाहरु के हुनेछन् ?

अनिलकुमार : बाबा भन्नुहुन्छ, "यो अवतार त्यसै सित्तै आएको छैन । धर्मको पुनर्स्थापना हुनेछ । हाम्रो कार्य तथा भूमिका मनुष्यलाई व्यक्तिगत तवरबाट सुधार्नुहुनेछ । स्वामीको भूमिका चाहिं व्यापक रुपमा सुधार्नु हुनेछ । त्यसकारण हामी सबैले आ आफ्नो स्थानबाट उहाँको कार्यमा सहयोग गर्नुपर्छ । ती नै हाम्रा भूमिका हुनेछन् ।

प्र.नं. ७: देवीहरुका काम के हुन ?

अनिलुकमार : देव र देवी भगवान् र भगवती भन्ने व्याकरणमा लिङ्गको दृष्टिले मात्र प्रयोग गरिन्छ । आध्यात्मिक दृष्टिले भगवान् पुलिङ्ग र भगवती स्त्रीलिङ्गी भन्ने हुँदैन । साँच्चै भन्ने हो भने भगवान् न त पुरुष न त स्त्री हुनुहुन्छ । भगवान् स्त्री पुरुष दुवै हुनुहुन्छ । पदार्थलाई स्त्री, बललाई पुरुष मानिन्छ । जस्तो बिजुली बाल्न सकारात्मक र नकारात्मक तार चाहिन्छ । देवीमा परम शक्ति हुन्छ । देवीमा पराशक्ति पनि हुन्छ जसबाट झन्कार निस्कन्छ र घटवढ गर्छ यो समस्त सृष्टिकोलागि जिम्मेवार रहन्छ । यस प्रकार देवीलाई प्रेम, करुणा, सहिष्णुता र महान शक्ति, पराशक्तिका प्रतीक भन्न सकिन्छ । यो समस्त सृष्टिकोलागि जिम्मेवार देवी नै हुन् । यस प्रकार देव र देवीलाई अलग गर्न मिल्दैन । तिनीहरु एउटै सिक्काका दुई पाटामा हुने

बुट्टा मात्र हुन् । सुविधाकोलागि मात्र देव र देवी मानिएको हो । शिवलाई पनि अर्धनारेश्वर (आधा पुरुष र आधा स्त्रीको) रुप मानिन्छ । सकारात्मक र नकारात्मक अर्थात् वस्तु र शक्ति यसको अर्थ ऐक्यवद्धता हो । शरीर भौतिक वस्तु हो । त्यसभित्र रहेको प्राण झंकार हो र श्रोत चाहिं किरण (Radiation) हो ।

वास्तवमा यो त्रिमूर्ति हो । यस प्रकार देवीबाट जुनसुकै कार्य पनि हुनेहुँदा उहाँको महत्व पूर्ण स्थान छ । जमिन भयो भने त्यसमा वीउहरु उम्रन्छन् । देवी जमिन हुन् र वीउ भगवान् हुन् । तार भयोभने त्यसमा करेन्ट जान्छ । तार देवी र करेन्ट भगवान् हुन् । सुन भगवान् र गहना देवी हुन् । सुन्दरताको देवी सुन्दरम् हुन् र अस्तित्व चाहिं सत्यम् अर्थात् भगवान् हुन् । अस्तित्व नभई सौन्दर्य हुँदैन । सत्यम् र शिवम् मिली आएको सौन्दर्यताबाट आनन्द प्राप्त हुन्छ । सत्यम् भगवान् र शिवम् देवी हुन् । यस प्रकार भगवान् सत्यम् र देवी शिवम्ले सौन्दर्यता प्राप्त हुन्छ ।

प्र.नं. ८ हामीहरु सबैलाई कानून बोजिम अपराधीहरुलाई दण्डसजाय हुन्छ भन्ने कुरा थाहा छ तर पनि कानून र धार्मिक गुरुहरुले भने अनुसार चल्ने (सज्जन) मानिसहरुले पनि दण्ड सजाय पाउँछन् किन होला ?

अनिलकुमार : दुष्ट मानिसले दुःख पाएकोलाई दण्ड या सजाय भनिन्छ । धर्मात्मा व्यक्तिले दुःख पाएको छ भने भगवान्ले उसको परीक्षा लिएको ठान्नुपर्छ । कुनै ज्यानमारालाई झ्यालखाना हालिएको देख्दा हामी त्यसलाई भगवान्ले परीक्षण गरेको भन्दैनौ । त्यसलाई कहिले झुण्ड्याइन्छ भनी सोधपुछ गर्छौं । तर असल मानिसले कष्ट भोगेको देख्यो भने भगवान्ले उसको धैर्य र क्षमाशीलताको परिक्षण गरिरहनु भएको हो भन्छौं । ज्यानमाराहरु सजायका भागी हन्छन् तर असल मानिसहरु परीक्षामा सफल हुँदै उच्च नाम कमाउँदै प्रशंसा र स्यावासी पाउँदै अघि बढ्दै जान्छन् । भक्तको परीक्षणबाट उसको नाम विश्वकोलागि एउटा नमूना बनी चम्कन्छ । अपराधीकोलागि अनुसन्धान चाहिं कानून अनुसार जेल सजाय या अन्य दण्डमा सीमित हुन्छ र

उसलाई कसैले प्रशंसा पनि गर्दैन। भगवान्द्वारा हुने परीक्षणबाट दैवत्वको अनुभूति हुन्छ। आफूले गरेको कर्मको फल अनुसार दण्डसजाय पाइन्छ। भगवान्बाट परीक्षण हुन्छ, अदालतबाट दण्डसजाय तोकिन्छ। भगवान्बाट भक्तलाई भइरहेको स्थितिबाट उच्च स्थितिमा लैजानकोलागि परीक्षण गरिन्छ। अपराधीलाई उसले त्यो अपराध नदोहऱ्याइयोस् भनी सजाय गरिन्छ। भगवान् भक्तले दैवत्व प्राप्त गरी प्रगति गर्दै गएको जानकारी लिई आनन्दको अनुभूति लिने उद्देश्यले परीक्षण गर्नुहुन्छ। देशमा प्रचलित कानून अनुसार अपराधीले सजाय पाओस भनी दण्डित गरिन्छ। भगवान्बाट हुने परीक्षण आध्यात्मिक किसिमको हुन्छ। कुनै दुष्ट व्यक्तिको मृत्यु भयो भने हामी मरेछ भन्छौ तर कुनै राजनीतिज्ञ या महात्मा गान्धी जस्ता ठूला व्यक्तित्वको मृत्यु भयो या मारिए भन्दैनौ। उहाँको निधन भयो या हत्या गरियो भन्छौं। त्यसकारण परीक्षण भनेको दैवत्व प्राप्तिकोलागि भ्रमणमा जाँदा बाटोमा राखिएका संकेत शिलाहरु हुन् भन्ने सम्भनु पर्छ। दण्ड सजायले यति गरेपछि अघि बढे हुन्छ भन्ने संकेत दिन्छ। परीक्षणले भगवान्को उच्च स्थानतिर जाने संकेत गर्छ। परीक्षणले प्रकृतिको नियम कानून कस्तो हुन्छ, भन्ने सिकाउँछ। प्रकृतिको कानून कठीन छ। हामीले यसलाई जति सहनसक्छौ उति हामी बढी आध्यात्मिक बनी सानो बालकलाई गाली गर्दा या पिट्दा उ आफ्नो आमाबाबुको गोडामा टाँसिन गए भैं भगवान्को पाउमा हामी पनि टाँसिन पुग्छौं। यस प्रकार भगवान्को पाउमा पुग्न धेरै कठीनाइहरु आइपर्छन्।

जसरी बालकले आफ्नो आमालाई कहाँ गइन् भनी खोज्दै हिंडछ त्यसरी नै नदीले आफ्नो आमा महासागरलाई खोज्दै हिंडछ। पानी विना माछो बाँच्न नसके भैं मानिस परमेश्वरबाट सृष्टि भएकोहुँदा उहाँको सान्निध्यमा नपुगुन्जेल उसले वास्तविक आनन्दको अनुभूति नै पाउँदैन। – साई बाबा

कुराकानी भाग – २

आजको यो कुराकानी शीर्षकमा सहभागी हुनुभन्दा पहिले केही भन्न चाहन्छु । दाजुभाइ दिदीबहिनी हो ! आज हामी यहाँ यो नवरात्रीको पवित्र उत्सव मनाउन पाउँदा धेरै भाग्यशाली भएका छौं । भगवान्ले एकपटक भन्नुभएको थियो, "तिमीहरु यहाँ बाबाकै अनुग्रहले रहेकाछौ" यसको फाइदा हामी पछि यहाँ पाउने छौं । हामी जे खान्छौं त्यसबाट उत्निखेरै हामी शक्ति पाउँदैनौं । अहिले मैले शारीरिक व्यायाम गरेंभने त्यसबाट पाउने बढी शक्ति या तागत तुरुन्तै पाउँदिन । यसकोलागि मैले धेरै अभ्यास गर्नुपर्छ । त्यस्तै भगवान्को समीप हुन पाएको फल, आनन्द, लाभ इत्यादि भविष्यमा थाहा पाउन सकिने छ । हामीहरु आफ्नो आमाबाबुसँग बसुन्जेल उनीहरुबाट पाएको प्रेम र स्नेहको कुनै प्रशंसा गर्दैनौं । उनीहरु आफूबाट टाढा भएपछि उनीहरुले गरेको प्रेम र स्नेहको ख्याल गर्छौं । त्यस्तै हामी आफ्नो पारिवारिक स्तरको प्रेमको ख्याल नगर्नेले दैविक प्रेमको करा के बुझ्दछौं बाबाको प्रेम त हजारौं आमाहरुबाट पाएकोभन्दा पनि धेरै हुन्छ । उहाँको प्रेम त अनन्त छ । उहाँ हामीलाई आशीर्वाद दिइरहनु हुन्छ । यो कुरा हामीहरु भविष्यमा अनुभव गर्नेछौं ।

हामी यहाँ धेरैजसो विभिन्न परिस्थितिवश आफ्ना श्रीमतीहरुसँग आउन पाएनौं या अन्यकारणले उनीहरुलाई घरैमा रोकिन बाध्य हुनु पर्‍यो । भगवान् अरुलाई जस्तै ती आउननपाउने हाम्रा परिवारहरुलाई समेत् आफ्नो अपार प्रेम वर्षाइरहनु हुन्छ । यसै सिलसीलामा एउटा उदाहरण एकपटक नेलोर भन्ने ठाउँमा एउटा परिवारको एउटा अपाङ्ग छोरो रहेछ । श्रीमान् चाहिं बाबा कहाँ बराबर जाँदा रहेछन् । श्रीमती घरैमा छोराको हेरविचार गरी बस्दी रहिछिन् । एकपटक श्रीमान् बाबाको जन्मदिवस समारोहमा गएको बखत श्रीमती चाहिं घरमा जन्मदिवसमा समेत् बाबा कहाँ दर्शन गर्न जान पाइएन भनी बढो चिन्तित भएर बसिरहेकी थिइन् । त्यसै दिन सपनामा स्वामी आएर उनलाई "म भोलि जन्म दिवसको दिन दिउँसो तिम्रो घर आउनेछु " भनी जानुभयो । उनले पनि भोलिपल्ट नजीकैको दुईजना पुरानो भक्तहरुलाई बोलाएर

स्वागत तयारीको व्यवस्था मिलाइन् । बाबाकोलागि एउटा कुर्सी राखे र उहाँको आगमनको प्रतीक्षा गरी बसे । बेलुकी पख गलैंचामा र कुर्सीमा बाबाकोलागि ओच्छाइएको चकटी भरी तिनीहरुले विभूति देखे । भगवान्ले आफ्नो वचन पूरा गरेको देखेर तिनीहरु सबैको आनन्दको सीमा रहेन ।

अनिलकुमारलाई प्रश्नहरु

प्र.नं. १ सपनामा हामीले देख्ने स्वामी साँच्चैको रुपमा आउनु हुन्छ कि हाम्रो आफ्नै काल्पनिक उपज हो ?

अनिलकुमार : भगवान् बाबाले इच्छा गरेपछि मात्र सपनामा देखा पर्नुहुन्छ । एकपटक एउटी आइमाई सिकिस्त बिरामी परिन् । उनको सासुले उनलाई आफ्नो कुल देवता भगवान् सुब्रह्मण्यमको पूजा प्रार्थना गर्न भनिन् । त्यसै रातमा उनले सपनामा गेरुवा वस्त्र लगाएको, झ्याम्म कपाल भएको रुपमा एकजना देखिन् । सपनामै उनलाई अन्तरवार्तामा आउन बोलाइयो । त्यसपछि उनी भऱ्याङ्ग चढेर माथिल्लो तलामा गइन् । त्यहाँ सुब्रहम्हण्यम्को ठाउँमा त उनले बाबाको दर्शन पाइन् । त्यहाँ बाबाले उनको घाँटीमा त्रिशुलले छोइदिनुभयो । त्यसपछि तिनी निन्द्राबाट ब्युझिन् । उनले आफ्नो सासुलाई सपनाका सबै वृत्तान्त सुनाइन् । सासुले खुशी हुँदै भगवान् सुब्रहमण्यम् साईको रुपमा आएर हामीलाई आशीर्वाद दिनुभएछ भनिन् ।

प्र.नं. २ स्वर्गमा भएका भगवान्हरु बाबाको दर्शन गर्न चाहनुहुन्छ । के उहाँहरु अझ पनि बाबाबाट विछोड हुनु पऱ्यो भन्ने ठान्नु हुन्छ ?

अनिलकुमार : हिजो बाबाले भन्नुभयो, “भगवान् भनेको को हो ? जबसम्म तिमी आफूलाई भगवान्बाट अलग छु भन्ने ठान्छौ तबसम्म त्यहाँ भगवान् हुनुहुन्न । भगवान् त तिमी मानै हुन्नुहुन्छ । तिमी नै भगवान् हौं ।” त्यसकारण भगवान् त भित्र लुकेको हुनुहुन्छ । हामीले भगवान्लाई अहिलेसम्म चिनेकोछैन । त्यसैले हामी भगवान्हरु स्वर्गमा बस्नु हुन्छ र उहाँहरु नै बाबाको दर्शन गर्न खोज्नुहुन्छ भन्छौं । अलगपन धारणा नै यही हो । एकपटक स्वामीलाई, “तपाई भगवान् हो ?” भनी सोद्धा उहाँले हो तिमी पनि भगवान् हो तर तिमीलाई यो कुरा थाहा छैन भन्ने जवाफ दिनुभयो ।

प्र.नं ३ के कोही इच्छा (काम) का शिकार भएका छन् ? के कोही निर्दोष व्यक्तिले पनि दुर्व्यवहार सहनु परेको छ ?

अनिलकुमार : संस्कृत भाषामा कामको अर्थ इच्छा हुन्छ । तिम्रो मनमा इच्छा रहुन्जेल भगवान्को साथ रहन सक्तैनौं कहिल्यै रामको साथ नछोडने सीतालाई सुनौलो मृगतिर मन जाने वित्तिकै रामसग विछोड हुनुपऱ्यो । यसैगरी मानिसलाई पनि इच्छालेगर्दा भगवान्बाट टाढा राख्दछ । भगवान् कहाँ जान काम (इच्छा) वाधक हुनआउँछ । के गर्नु ? हामी सबैमा इच्छा हुन्छ तर पनि भगवान् दयासागर हुनुहुन्छ । उहाँ हामीलाई कृपा गर्नुहुन्छ । आजकल दशहरा (दशैं) को शुभ अवसर छ । विजया दशमीको दिन शिरडी बाबाले मानव शरीर त्यागिदिनुभयो । शिरडीमा छँदा उहाँ भन्नुहुन्थ्यो, "भित्री इच्छाले जे माग्छौ माग, तिमीहरुलाई नपुगुन्जेल दिइरहन्छु , म त मेरा भक्तहरुको गोडाको धूलो हुँ ।"

एकपटक एउटा भक्तलाई एउटा ठूलो ढुङ्गा गुडेर लाग्दा शिरडी बाबाले भन्नुभएको थियो, "पहिले यो ढुङ्गा आएर म माथि बज्र्यो त्यसैले यो भक्त बाँच्यो ।" त्यसबखत सबै चोट र दुःख जति शिरडी बाबाले लिनुभयो । एक चौथाई दुःख मात्र भक्तले सहनुपऱ्यो । कस्तो करुणा आर्थर ओस्वोर्ने भन्ने प्रख्यात लेखकले शिरडी बाबा, साईबाबा र रमन महर्षि जस्ता संतहरुबाट धेरै अनुभूति बटुलेर अतुलनीय साई बाबा (Incredible Sai Baba) भन्ने जस्ता अरु पनि धेरै पुस्तकहरु लेखेका छन् । उनीद्वारा लिखित एउटा अनुभव यस प्रकार छ : एउटा केटो पेट दुखेर साह्रै छट पटाइरहेको थियो । त्यो केटोलाई उसको बाबुले धेरै डाक्टर वैद्यलाई देखाइ उपचार गराइसकेका थिए तर निको हुन सकेको थिएन । एक दिन एउटा आगन्तुक आएर एकपटक शिरडी बाबाकहाँ लैजान सल्लाह दिए । त्यसै राती सपनामा शिरडी बाबा आएर उनीसँग बिरामी छोरा बारे कुरागर्नुभयो । जादु गरे जस्तै त्यो केटोलाई केही नगरी बाबाले निको पारिदिनुभयो । ओस्वर्नले अर्को एउटा घटनाको पनि उल्लेख गरेका छन् । कलकत्ताको एउटा क्रिश्चियन मठमा एउटी साधवी बस्दथिन् । त्यहाँ २५ वर्ष बसिसकेपछि उनलाई त्यहाँबाट अन्यत्रै जाने इच्छा भयो । उनीसँग खर्च पनि कम र केही थाहा नभएको हुँदा कता जाने के गर्ने भयो । त्यसै राती प्रार्थनापछि उनको सपनामा शिरडी बाबा आउनुभयो र

"एउटा किताबमा दुई सय रुपियाँ छ त्यही खर्च गरी जानु तिम्रो भन्दा (दाजुको छोरा) आएर तिमीलाई लैजानेछ र बस्ने व्यवस्था मिलाउने छ भन्नुभयो।" यस प्रकार उनले शिरडी बाबाको निर्देशन र अनुग्रहबाट नयाँ ठाउँमा बस्नपाइन्। तर उनले शिरडी बाबा को हो भन्ने जानेको पनि थिइनन्। एक दिन ओसवर्नको घरमा निमन्त्रणामा जाँदा शिरडी बाबाको फोटो देखेर मात्र आफ्नो जीवन रक्षक शिरडी बाबालाई चिनिन्।

प्र.नं. ४ मोक्ष, मुक्ति (liberation), आत्मानुभूति, ईश्वर साक्षात्कार, विलय (merger) यिनीहरुमा के भिन्नता छ कृपया बताई दिनुस्।

अनिलुकमार : यसको उत्तर सजिलै छ। सबै अर्थ एउटै हो। शरीरसँग सम्वन्धित जे छ त्यो अविद्या हो।

शरीरसँग सम्बन्धित भन्ने कुरा छोडेर शरीरभन्दा माथि गएपछि आत्मानुभूति साक्षात्कार प्राप्त हुन्छ। त्यसपछि न तिम्रो रुप हुन्छ न त कुनै नाम बाँकीरहन्छ।

बाबा भन्नुहुन्छ,

जीवन + इच्छा	=	मनुष्य
जीवन - इच्छा	=	भगवान्
अर्थात इच्छा सहितको जीवन	=	मनुष्य
इच्छा रहितको जीवन	=	ईश्वर

इच्छा रहित भएपछि हामी स्वतन्त्र आत्मा बन्छौं। हामी सबै भगवान्बाट आएका हौं र भगवान्कहाँ नै जान्छौं किनकी हामी जहाँबाट आउँछौं त्यही फर्कन्छौं। के हामी मनलागेको ठाउँमा जान सक्तैनौं ? यसको उत्तर सजिलो छ। यो विश्वलाई हामीले जस्तो रुपमा हेर्छौं त्यसै अनुसार हामी भिन्न पाउँछौं। एउटा सामान्य उदाहरण लिउँ - यहाँ आगो छ। त्यहाँ यसका झिल्काहरु छन्। आगोमा र झिल्कामा गुण एउटै हुन्छ। दुवैले प्रकाश दिन्छन्, बल्छन् र दुवैको रंग रातो हुन्छ। आगो या झिल्का दुवै निभ्दा कालो कोइलामा परिणत हुन्छ। आगोबाट सम्बन्ध विच्छेद भएपछि झिल्कोबाट प्रकाश र बल्ने शक्ति स्वतः नष्ट हुन्छ। त्यही कालो कोइलालाई आगोमा सल्कायोभने फेरि त्यसमा प्रकाश र बल्ने शक्ति फर्कन्छ त्यसैगरी मानिस पनि भगवान्बाट छुट्टिने गर्छ।

एउटा सानो बालकको नै उदाहरण लिउँ । तिनीहरु शुरुमा शुद्ध र चोखो हुन्छन् । तिनीहरु जति जति ठूला हुँदै जान्छन् । जीवन चक्रमा इन्द्रियहरुको दास भई आफ्ना पहिलेको स्वभाव सबै बिर्सन्छन् । हामी पनि माया मोहले गर्दा कोइला जस्तै काला हुन्छौं । पुनः भगवान् रुपमा आयौंभने हामीमा प्रकाश आउँछ । यस प्रकार यो भगवान्सँगको बिछोड र भौतिक आनन्द र सुखपट्टि लाग्नाले हामीमा यो भिन्नता देखिन्छ ।

प्र.नं. ५ मृत्युपछि के हुन्छ ,
अनिलकुमार : मृत्युदेखि सबै मानिस किन चिन्तित हुन्छन् मलाई आश्चर्य लाग्छ । यहाँ हामी जसरी जीवन यापन गर्छौं त्यसैमा सन्तोष मानी खुशी हुनुपर्छ जसरी हामी पूर्वजन्मको कर्म अनुसार फल भोग्छौं त्यसै गरी यो जन्मको कर्म, अनुसार भावी जीवनमा फल भोग्छौं । त्यसैलाई हामी कर्मको भोग भन्छौं । आज जस्तो गर्छौं भोलि त्यसै अनुसार फल भोग्छौं । आज राम्रो गर्‍यौंभने भोलि राम्रो फल पाउँछौं । त्यस्तै खराब काम गर्‍यौंभने फल पनि खराब नै पाउँछौ । हामी कसैले पनि कर्मको फल नभोगी सुख पाउँदैनौं ।

प्र.नं. ६ म क्रिश्चियन भएको र हिन्दू धर्मबारे धेरै जानकारी नभएको हुँदा व्रम्हको प्रार्थना कसरी गर्ने कृपया यस बारे केही प्रकाश पारिदिनुस् ? के व्रम्ह भनेको क्राइष्टका बुबा हुन् ?
अनिलकुमार : कुरा के छ भने बाबाले कुनै नयाँ धर्म फैलाउन खोज्नु भएको होइन । उहाँ धर्म परिवर्तनको पक्षमा हुनुहुन्न । जसले जुन धर्म मान्दछ त्यो त्यसै धर्म मान्ने सच्चा धार्मिक भक्त बनोस् भन्ने उहाँको इच्छा छ । कुनै व्यक्ति क्रिश्चियन या मुसलमान जे छ त्यसले आफ्नो धर्म पालन राम्रोसँग गरोस् भनी बाबा भन्नुहुन्छ । मेरो (अनिलकुमारको) विचारमा क्राइष्टको बुबा जेहोवा र व्रम्ह एकै हुन् । क्राइष्टले भनेका थिए, "मलाई जसले पृथ्वीमा पठाउनु भएको थियो उहाँ आफै फेरि यहाँ आउनु हुँदैछ ।" अहिले बाबा आउनु भएको छ तर उहाँ क्राइष्ट होइन । क्राइष्ट त देवदूत हुन् । क्राइष्टको बुबा जेहोवाले क्राइष्टलाई पठाए । क्राइष्टले भनेअनुसार अहिलेको बाबा जेहोवा हुनु हुन्छ ।

अर्को कुरा काइष्टले एउटा भेडाको पाठो बोकेका थिए । त्यसबखत उनले त्यो पाठोलाई देखाएर भने, "मलाई जसले यहाँ पठाउनु भयो उहाँ फेरि यहाँ आउनु हुनेछ" । त्यो पाठो कराउँछ बाबा... बाबा...... । ती दश आचार संहिता र माउण्टमा दिएको सन्देशको पालना गरौं । जेसस काइष्ट र बाबाले दिनु भएका सन्देशहरु एकै र हुबहु मिल्दछन् त्यो हेरौं । तिनीहरुका उद्देश्य पनि एउटै छन् । बाइवलमा पनि "मै सत्य हुँ, म नै बाटो हुँ, म नै ज्योति हुँ भनिएको छ ।" म सत्य हुँ भनेको अर्थ "म सत्य साई बाबा हुँ, म बाटो हुँको अर्थ म नै सत्य धर्म हुँ, म ज्योति हुँ को अर्थ म नै शान्ति र प्रेम हुँ भन्ने अर्थ र भाव आउँछ । मनै धर्म, शान्ति प्रेम सबै हुँ भन्ने भाव स्पष्ट देखिन्छ ।" बाइबलमा पनि, "तिमी सत्यलाई बुझ्नेछौं र सत्यले नै तिमीलाई मुक्ति दिनेछ भनी लेखिएकोछ ।" "असतोमा सद्गमय" को अर्थ पनि त हामीलाई "असत्यबाट सत्यतिर लैजानुस "भनेको हो । बाबाले भन्नुभएको कुरा झुठा हुँदैन । सत्य दुई प्रकारका छन् एउटा निम्न र अर्को उच्च । "स्वर्गको राज खोज तिमीलाई जे पनि मिल्छ" को अर्थ त्यस पछि जे माग्छौ त्यो पाउने छौ भन्ने हो ।" जेसस काइष्टले "मेरो पछि पछि लाग" भन्नु भएको थियो । बाबा भन्नु हुन्छ, "म जे भन्छु त्यसलाई सुनेर कार्यान्वयन मा ल्याउ" । क्रिश्चियन धर्म मान्नेले जेससक्राइष्टले भनेको मान्छ । जेसस क्राइष्टले भनेकाथिए, "म रुपियाँ पैसालाईभन्दा प्रेमलाई महत्व दिन्छु ।" धनी व्यक्तिलाई स्वर्गको ढोका भित्र पस्नुभन्दा उँटलाई सीयोको नाथ्रीमा पस्न सजिलो हुन्छ ।"

बाबा भन्नु हुन्छ, "रुपियाँ पैसा भनेको आउँछ जान्छ तर नैतिकताले सँधै राम्रो कुराको मात्र वृद्धि गराउँछ"

प्र.नं. ७. स्वामीले दुर्गा, लक्ष्मी र सरस्वतीबारे व्याख्या गर्नु भएकोथियो, कृपया ती देवीहरुको भित्री अर्थ र गुणहरु बताइदिनुस् ।

अनिलकुमार : बाबा भन्नुहुन्छ, "दुर्गा, लक्ष्मी र सरस्वती हामी भित्र रहेका त्रिमुर्ति हुन् । तिनीहरु बेग्ला बेग्लै देवीहरु होइनन् । एउटी शक्तिकोलागि, एउटी इच्छाकोलागि र अर्को बुद्धिको निम्ति प्रख्यात छन् । हामीमा कुन नित्य

र कुन अनित्य कुन स्थायी र कुन अस्थायी छुट्याउन र आफूमा भएको दैवत्वको जाँचबुझ गर्न दिएको त्यो बुद्धि र विवेक नै सरस्वती हुन्। हाम्रो धन, धान्य, उन्नति, प्रगति, स्वास्थ्य र चिताएको कुरा पुऱ्याउन हामीमा भएको देवी लक्ष्मी हुन्। त्यसै गरी हामीमा भएको दुर्गाले हामीलाई खान, हिड्न र काम गर्ने शक्ति प्रदान गर्छिन्। नवरात्री भरि हामी यिनै तीन दुर्गा, लक्ष्मी र सरस्वतीको पूजापाठ आराधना गर्छौं।

प्र.नं. ८ कर्ता (जीव) व्यक्तिगत रुपमा, दैविककर्ता र द्रष्टा वा साक्षी जो कार्य गर्दैन यी तीनमा के फरक छ ? अहंकार, फूर्ति र दैविक कार्य कहाँ रहन्छ ?

भगवान्ले काम गर्न थाल्नुभयोभने अहङ्कारलाई टिक्न असम्भव नै हुन्छ। हामी राम्रोसँग काम गर्दैछौं। हाम्रो काम हेर्ने साक्षी भगवान् हुनुहुन्छ। केही काम नगर्ने द्रष्टा (साक्षी) भनेको आत्मा हो। कामगर्ने अहंकार नै हो। "म" मेरो भन्ने भावनालाई अहंकार भनिन्छ। "म" भन्ने जुन सत्य छ त्यसको सट्टा "म भन्ने शरीरलाई सम्झने चाहिं अहंकार हो। मेरो भन्ने भावना जो छ त्यो नै अहंकार हो। त्यही अहंकारले काम गर्छ। आत्माले केही गर्दैन खाली साक्षी मात्र भएर बस्छ। भगवान्का दैवी लीलाहरु उहाँलाई नै छोडिदिनुपर्छ। सम्पूर्ण सृष्टि नै भगवान्का लीला हुन्।"


यहाँ गर्ने सबै उनै सर्वोच्च चेतना हुन्। त्यो जो सृष्टिको अनेक रुपमा छ त्यसैले यो सारा सृष्टिको काम गर्छ।

जब सबै काम गर्ने ईश्वर हुन् भने हामीले अहंकारी भई काम गर्छौं भनी किनभनेको होला ? यसको अर्थ के होला ? तिमीमा अहंकार हुन्जेल तिमी ईश्वर कर्ता हुन् भन्ने भाव लिन र भन्न सक्तैनौ।

यदि हामी अहंकारी भई कुनै काम गर्छौंभने त्यसलाई ईश्वरले गरेको हो भनी भन्नुको कुनै अर्थ हुँदैन। ईश्वर र अहंकार साथसाथै कहिल्यै हुँदैनन्। तिनीहरु रात र दिन, अध्याँरो र उज्यालो जस्तै सँधै विपरीत रहन्छन्। तिनीहरु कहिल्यै मिल्दैनन्। तिमी आफू अहंकारी भयौभने भगवान्लाई अहंकारी

भन्नमिल्दैन । यो केवल राजनीतिक नारा सरह मात्र हुन्छ । एकपटक तिम्रो मनमा सबै काम गर्ने ईश्वर हुन् भन्ने भावना पस्योभने तिमीमा अहंकार आउँदैन । बत्ती निभेपछि अन्धकार हुन्छ । बत्ती बाल्ने बित्तिकै अन्धकार नाश भई उज्यालो देखापर्छ । एकपटक कर्ता भगवान् हुन् भन्ने भएपछि अहंकारले काम गर्ने ठाउँ नै हुँदैन । शरणागति या पूर्ण आत्मसमर्पण भन्ने नै त्यही हो ।

प्र.नं. ९ : "म जतिखेर पनि व्यस्त रहन्छु" भनी बाबा भन्नुहुन्छ । हामी दिनको दुईपटक उहाँको् दर्शन गर्न पाउँछौं बाँकी दिन भरी उहाँ के गरेर वस्नुहुन्छ ? बाबा विहानको नास्ता, भोजन र रातिको खानामा के खानुहुन्छ ?
अनिलकुमार : बाबा विश्वका सबै मानिसलाई दर्शन दिनुहुन्छ, सबैसँग कुरा गर्नुहुन्छ, सबैलाई काम गर्न निर्देशन दिनुहुन्छ । उहाँ आफूले व्यवस्था गरेको संघ संगठनहरुको हेरविचार गर्नुहुन्छ । संघ र संगठनको प्रत्येक कुरामा उहाँको निर्देशन र अनुमति हुनैपर्छ । मानिसको दुःख भगवान्कोलागि आनन्द हुन्छ । अर्थात् भगवान्कोलागि सुख र दुख बराबर छ । मानिसलाई परेको आपदविपद भगवान्को्लागि सुल्झाइदिने अवसर हुनजान्छ। मानिसहरु कहिले के सोधपुछ गर्न आउलान् र निर्देशन दिउँ भनी भगवान् पर्खिएर वसीरहनुहुन्छ। तर हामी निरोगी, धनी, सुखी रहुन्जेल उहाँकहाँ जाँदैनौं । वास्तवमा हामी त जवान, मानसिक तन्दुरुस्त र उहाँले दिनुभएको प्रेरणा लिनसक्ने अवस्थामा नै जानुपर्ने हो तर हामी जाँदैनौ । यस प्रकार भगवान् आफ्नो सृष्टिप्रति ज्यादै व्यस्त रहनुहुन्छ । सूर्य, चन्द्र, तारा तथा अन्य पाँचै तत्वहरु (पृथ्वी, जल, अग्नि, आकाश, वायु) सबै आ-आफ्ना काममा व्यस्त छन् । सबैभन्दा व्यस्त सृष्टिकर्ता बाबा आफै हुनुहुन्छ। भगवान् सबैभन्दा बढी काममा व्यस्त, हँसमुख, लगनशील देखिनुहुन्छ । उहाँ के खानुहुन्छ भन्ने प्रश्नको उत्तरमा उहाँ विरलै मात्र खानुहुन्छ । उहाँ प्रत्येक छाकको खाना जम्मा ३ चम्चा मात्र खानुहुन्छ ।



शब्दार्थ

भगवान् श्री सत्य साई बाबाले प्राय: प्रयोग गर्नुहुने संस्कृत शब्दहरुको अर्थ – उहाँकै शब्दमा ...

भारत : बाबा कहिल्यै इण्डिया (India) भन्नु हुँदैन । उहाँ जहिले पनि भारत शब्द मात्र प्रयोग गर्नुहुन्छ । 'भा' को अर्थ भगवान् र 'रत' को अर्थ प्रेम अर्थात् भारत भनेको भगवान् प्रति प्रेम दर्शाउने ठाउँ भन्ने बुझिन्छ । यसबाट भारतको अर्थ इण्डिया मात्र नभई अमेरिका, बेलायत, जापान, इटाली जनुसुकै मुलुक पनि हुनसक्छ यदि त्यहाँ भगवान्प्रति प्रेम छ भने । भारतको अर्को अर्थ पनि छ : 'भा' माने भावना, 'र' माने राग र 'त' माने ताल हुन्छ । यस प्रकार जहाँ भाव, राग र ताल मिलाएर भजन गाइन्छ त्यो देश भारत हुन्छ ।

हिन्दू : भारतमा बस्ने मानिसलाई हिन्दू भनिन्छ । धेरै मानिस यसलाई धर्म पनि भन्छन् । इसाई धर्म मान्नेहरुलाई क्रिश्चियन, इस्लाम धर्म मान्नेहरुलाई मुसलमान, हिन्दू धर्म मान्नेलाई हिन्दू भनिन्छ । यसमा बाबाको भनाई बेग्लै छ । बाबा हामी सँधै सबै भगवान्प्रति प्रेमगर्ने हुँदा हामी सबै हिन्दू हौं भन्नुहुन्छ । यसलाई बाबा यस प्रकारबाट पनि परिभाषा दिनुहुन्छ ।

H = History - इतिहास : प्रत्येक देशको आ–आफ्नो इतिहास हुन्छ ।

I= Individuality- व्यक्तित्व : प्रत्येक देशको आ आफ्नो व्यक्तित्व या चरित्र (स्वभाव) हुन्छ ।

N = Nationality - राष्ट्रियता : प्रत्येक देशको आ–आफ्नो राष्ट्रियता हुन्छ । प्रत्येकले आफ्नो देशलाई आफ्नो आमालाई प्रेम गरे झैं सम्मान तथा माया गर्नुपर्छ ।

D = Divinity - दैवत्व : जीवन नै ईश्वर हो । ईश्वर नै जीवन हो ।

U = Unity - एकता : प्रत्येक परिवारमा आपसमा एकता र मेल हुनुपर्छ । राष्ट्र राष्ट्रमा एकता हुनुपर्छ । यस्तो एकता शुद्धताबाट आउँछ । यस प्रकार शुद्धताबाट एकता र एकताबाट दैवत्व प्राप्त हुन्छ ।

मानव : मानवको अर्थ मानिस हुन्छ । मा माने होइन, नव माने नयाँ अर्थात् मानव नयाँ होइन । यसले कयौं योनी बिताएर आएको हो भन्ने अर्थ बुझाउँछ ।

मा माने माया ।
न माने होइन ।
व माने आफ्नो आचरण आफै बनाउ ।

यसको मतलब मायालाई हटाएर आफ्नो आचरण आफैं बनाउनेलाई मानव भनिन्छ ।

व्यक्ति – जसले व्यक्त गर्छ त्यसलाई व्यक्ति भनिन्छ । उसले के व्यक्त गर्नु पर्छ त ?जसले दैवत्वको विषयमा आफ्नो भावना व्यक्त गर्छ त्यसलाई व्यक्ति भनिन्छ ।

प्रपञ्च - विश्वलाई नै प्रपञ्च भनिन्छ । पञ्चको अर्थ पाँच हुन्छ । विश्व नै पाँच तत्वले बनेकोले यसलाई प्रपञ्च भनिएको हो ।

ईश्वर (GOD)
G = Generator - सृष्टिकर्ता – ब्रम्हा
O = Organiser - संरक्षक – विष्णु
D = Destroyer - संहारकर्ता – शिव

देह : देह भनेको शरीर हो । शरीर त्यो हो जुन सजिलैसित जल्दछ । यो शरीरलाई जीउँदो रहुन्जेल इच्छा र कामनाहरुले जलाँदछ; मृत्यु पछि झन सजिलै जल्छ ।

शरीर : जुन नाशवान हो । त्यसैलाई शरीर भनिन्छ ।

क्षेत्र : शरीरलाई क्षेत्र पनि भनिन्छ । क्षेत्रको अर्थ खेत मैदान पनि हुन्छ । खेत या बारीमा खन्ने, जोत्ने, गोडने, मल जल गरी बीउ छरेमा बालीनाली सप्रन्छ । शरीर पनि राम्रा विचारहरु रोपिने एक प्रकारको खेत नै हो । खेतकोलागि पानी पोषकतत्व

हो । नराम्रा गुणरुपी घाँसपातलाई शरीरबाट हटाउनुपर्छ । प्रेमरुपी पानी पटाएर आशीर्वादरुपी फल पाइन्छ । बाबा यो शरीरलाई मन्दिर र आफूभित्र हुने आत्मालाई ईश्वर मान्नुहुन्छ ।

समाज : 'सम' माने सबैलाई बराबर देख्ने र 'अज' माने जन्मेको अर्थात् समाजमा सबैलाई बराबर देख्ने भावना जन्मनु पर्छ ।

स्त्री : संस्कृत भाषामा आईमाईलाई 'स्त्री' र लोग्ने मानिसलाई 'पुरुष' भनिन्छ । बाबा भन्नुहुन्छ, "आध्यात्मिक दृष्टिले सबै मानिस स्त्री हुन् । भौतिक दृष्टिले मात्र स्त्री र पुरुष भनिन्छ । आध्यात्मिकतामा लिंगको कुरै उठ्दैन । सबै स्त्री प्रकृति मात्र हुन्छन् ।

पुरुष : पुरुषको अर्थ लोग्नेमानिस अर्थात शक्ति हो । पदार्थले शक्ति पायो भने जीवन्तता प्राप्त गर्छ । स्त्री (प्रकृति-पदार्थ) र पुरुष (शक्ति) मिलेपछि जीवन हुन्छ । हामीले चलनचल्तीको भाषामा शक्ति-जीवन भन्दैनौं न त हामी पदार्थ-जीवन नै भन्छौं । भगवान् मात्र पुरुष हुनुहुन्छ ।

वेदहरु : वेदहरु पवित्र ग्रन्थ हुन् । कुरान, बाइबल, या अन्य लेखकहरुद्वारा लेखिएका ग्रन्थभन्दा वेदहरु बेग्लै खालका छन् । भगवान्‌बाट श्रुति उपदेशहरुलाई उच्च चेतनाद्वारा ऋषिमुनिहरुले जगेर्ना गरिएका स्मृति हुन् । वेद भनेको सम्झिएर राखिएका ग्रन्थ पनि हुन् । यस विषयमा बाबा भन्नुहुन्छ, "वेद वेदना अर्थात् भगवान् प्रतिको क्रन्दनबाट आएको उपज हो ।"

उपनिषद:'उप' भनेको नजीक, 'नि' माने तल र 'सद' माने बस अर्थात् नजीकै तल बस यसबारे भगवान् भन्नुहुन्छ, "शिक्षक, कुनै उच्च आसनमा र विद्यार्थी आसनभन्दा तल बसेका हुन्छन् । प्रश्न सोध्ने विद्यार्थी तल र प्रश्नको उत्तर दिने शिक्षक उच्च आसनमा हुन्छन् ।"

भागवद्गीताः भगवद्को अर्थ ईश्वर र गीताको अर्थ गीत हुन्छ । गीता शब्दलाई उल्टो गरी पढदा तागी हुन्छ जसको अर्थ पेय मादक पदार्थ हुन्छ । जसले त्याग गर्छ त्यो त्यागी हुन्छ । ईश्वरले कहिले र कुन बेला गीता गाउनु भयो ? भगवान् त जहाँतही गाउन सक्नुहुन्छ तर गीता चाहिं कुरुक्षेत्रको युद्धक्षेत्रमा गाइएको हो । 'कुरुको' अर्थ "गर्नु" र 'क्षेत्रका' अर्थ "शरीर" हुन्छ । यसको पूरा अर्थ शरीरले गर्ने भन्ने हुन्छ । शरीरलाई धर्मक्षेत्र पनि भनिन्छ । 'धर्मको' अर्थ "असल" र 'क्षेत्रको' अर्थ "शरीर" हुन्छ । यसको भावार्थ शरीरले धर्मकार्य गर्नुपर्छ भन्ने हो । यसमा सिकाउने गुरु को हो त ? हामी कृष्ण गीता भन्दैनौं किनभने कृष्ण त एउटा नाम मात्र हो । गीता गाउने त स्वयं भगवान् नै हुनुभएकाले भगवद्गीता भनिएको हो ।

पुराण : पुराणको अर्थ प्राचीन अथवा पहिलेको भन्ने हुन्छ । अर्को "पुर " माने शरीर पनि हुन्छ । यसलाई आफ्नै शरीरसँग सम्बन्धित भने पनि हुन्छ । रामायण र भागवत्लाई प्राचीन कथा या वर्णनको रुपमा मात्र नलिई तिनीहरु सबै हामी आफैमा घटेका कुरा हुन् । हाम्रो आफ्नै जीवन कालमा रामायण र भागवत्मा भएका कुराहरु घटिरहेको हामी पाउँछौं । यसर्थ पुराणको अर्थ प्राचीन कुरा या वर्णन मात्र नभई आफ्नै (पुर) शरीरसँग सम्बन्धित भने पनि हुन्छ ।

बुद्धि : बुद्धिले शरीर र मनलाई निर्देशीत गर्छ । त्यसकारण बुद्धिले आत्मा देखाउँछ । बुद्धिले ठीक र गलत, असल र खराब छुट्याउने विवेक प्रदान गर्छ । बुद्धि नै हो जसले अन्तर्दृष्टि प्रदान गर्छ । अन्तर्दृष्टीको बाटोमा रहनु नै समाधी हो ।

मानस : संस्कृत भाषामा मनलाई मानस भनिन्छ। मन विचारै विचारले भरिएको हुन्छ। बाबा मानस भएकोले नै उसलाई मानिस भनिएको हो भन्नुहुन्छ । मन अनुसारको मानिस हुन्छ । मन भनेको विचारहरुको पोको हो। विचार अनुसारको मानिस हुन्छ।

जीव : व्यक्तिगत आत्मालाई जीव भनिन्छ। सर्वव्यापी आत्मतत्वलाई दैव भनिन्छ। व्यक्तिगत आत्मालाई विवेक भनिन्छ भने सर्वव्यापी आत्मालाई ज्ञान भनिन्छ। यो नै दैव र व्यक्तिवीचको एकत्व भाव हो। विवेक र ज्ञानको एकत्व भाव नै सच्चा समाधी हो।

द्वैत : द्वैतको अर्थ दुई भन्ने हुन्छ। दुई भन्नाले मानिस र ईश्वर अथवा ईश्वर र भक्त आदि हुन्छ। उदाहरणः- उखु र चिनी

विशिष्ठ द्वैत : दुई भइकन पनि विशेष सम्बन्ध भएकोलाई विशिष्ठ द्वैत भनिन्छ। दुई भइकन पहिले टाढा भइरहेकोमा पछि निकट या नजीक हुन आएकोलाई विशिष्ठ द्वैत भनिन्छ। जेसस क्राइष्टले जब "म देवदूत हुँ" भने त्यतिबेला देवदूत भगवान्बाट टाढा छन् भन्ने बुझिन्छ र यो द्वैत भयो। तिनै क्राइष्टले पछि, "म भगवान्को पुत्र हुँ" भन्ने बित्तिकै, छोरा र बाबुको बिचमा निकट सम्बन्ध रहेझैं उनी भगवान्को नजीक र प्यारो हुन गए। यसैलाई विशिष्ट द्वैत भनिन्छ।

अद्वैत : दुई नभएको अर्थात् एक बाहेक अरु केही छैन। भगवान् बाबाले यसैमा जोड दिनुहुन्छ। उखुकै उदाहरण लिउँ हामीले उखुलाई पेलेर त्यसको रसलाई उमालेर खुँदो बनाई त्यसबाट चिनी पाउँछौं। चिनी अद्वैत हो, उखुको रस विशिष्ट द्वैत र उखु चाहिं द्वैत हो।

लेखकको परिचय

नाम : प्राध्यापक श्री अनिलकुमार कामाराजु

जन्म मिति : २५-१०-१९४२ (ई.सन्)

क्षेत्रिय संयोजक श्री सत्य साई संगठन	- १९८०-१९८३
प्रान्तिय उपाध्यक्ष श्री सत्य साई संगठन	- १९८३-१९८५
प्रान्तिय अध्यक्ष श्री सत्य साई संगठन	- १९८५-१९८९
प्रमुख अतिथि अखिल जापान सत्य साई संगठन राष्ट्रिय सम्मेलन	- १९९२
प्रमुख अतिथि श्री सत्य साई संगठन हङकङ्ग भ्रमण	- १९९२
प्रमुख अतिथि श्री सत्य साई संगठन बैंकक, थाइलैण्ड	- १९९२

उप प्राध्यापक (लेक्चरर)	- आन्ध्र क्रिश्चियन कलेज, गुण्टुर, आन्ध्रप्रदेश, भारत-१९६३-१९८९
क्याम्पस प्रमुख (प्रिन्सिपल)	- श्री सत्य साई इन्स्टिच्यूट अफ हाइयर लर्निङ्ग, बैंगलोर, ह्वाइटफिल्ड-१९८९-१९९५
प्राध्यापक (प्रोफेसर)	- जीव विज्ञान शास्त्र-श्री सत्य साई इन्स्टिच्यूट अफ हाइयर लर्निङ्ग, प्रशान्तिनिलयम, पुट्टपर्ति-१९९५ देखि हालसम्म
समूहगत अध्ययन परामर्श दाता	- रोटरी फाउण्डेशन अन्तराष्ट्रिय समझदारी अन्तर्गत अमेरिका भ्रमण -१९७५

यसको अतिरिक्त हाल प्राध्यापक अनिलकुमार भगवान् श्री सत्य साई बाबाले प्रशान्तिनिलयम तथा अन्य कतै पनि हुने समारोहमा तेलेगु भाषामा दिनुहुने दिव्य सन्देशहरुको तुरुन्त अंग्रेजी भाषमा अनुदित गर्ने दोभाषे (Interpreter) को कार्य गर्नुहुन्छ।उहाँले गर्ने यो पुनित कार्यले तेलेगु भाषा नबुझ्ने भक्तहरुले बाबाबाट वर्षिएको अमृतवाणीबाट ठूलो लाभ उठाउन पाएका छन्। उहाँ अहिले बाबाको सम्बन्धमा अन्य कृतिहरुको लेखन कार्यमा पनि व्यस्त हुनुहुन्छ।

पृष्ठ	पंक्ति	भएको	हुनुपर्ने
८	२०	हुन्थ्या	हुन्थ्यो
९	१८	सिप	सीप
११	२०	होइनस	होइन
१५	२१	प्रवचनकाहरू	प्रवचनका रूप
१६	३	भाषमा	भाषामा
२८	२८	सबैचिज	सबै चीज
४७	१०	रहस्या	रहस्य
४७	११	प्रमद्वारा	प्रेमद्वारा
५१	६	हरीर	शरीर
५३	२०	साधाना	साधना
६५	२१	बद्धि	बुद्धि
६९	२१	विश्वाविख्यात	विश्वविख्यात
७०	८	किलयुगमा	कलियुगमा
७०	९	दुष्टरू	दुष्टहरू
७१	१६	पैतालमा	पैतालामा
७२	५	सुने	सुनें
७२	२९	सादाकोलागि	सदाको लागि
७४	२७	चर	तर
७४	२८	सकछु	सक्छु
७७	१०	गछा	गर्छौं
८९	५	छाति	छाती
१०१	१०	वस्तमा	वस्तुमा
१०१	२२	नवयूवक	नवयुवक
१०५	१८	अशक्ति	आसक्ति
१०६	१	किव	कवि
१०६	१८	भनते	भने त
१०७	१	एन्द्रिक	ऐन्द्रिक
१०७	२४	सच्च	सच्चा
११०	३	चूनौति	चुनौती
११०	७	किवता	कविता
११०	१५	प्रशान्ति निलयमा	प्रशान्ति निलयममा
११०	१७	एउता	एउटा

पृष्ठ	पंक्ति	भएको	हुनुपर्ने
१११	२२	कुनै क	कुनै न
१११	२६	स्वामीका	स्वामीको
११२	२२	भन्ने	भने
१२३	६	रेलेको	रेलको
१२७	२६	दु:ख दन्दा	दुखद् भन्दा
१२८	२	अकर्षित भएर	आकर्षित भएर
१४०	१	ढोग	ढोंग
१४३	२	वर्णन गर्नू	वर्णन गर्नु
१४३	११	मुख्य द्वार	मुख्य द्वार
१४३	१३	अकर्षित	आकर्षित
१४८	१२	साधाना	साधना
१४८	१३	जानसिकेपछि	जानिसकेपछि
१४९	(१०,११,१५)	अद्वैत	अद्वैत
१४९	१७	बचउने	बचाउने
१४९	२८	रितिरिवाज	रीतिरिवाज
१५३	२४	भगान्	भगवान्
१६२	१६	पलना	पालना
१६२	२५	जिम्मेवरी	जिम्मेवारी
१६५	२७	चारैतरिबाट	चारैतिरबाट
१६६	११	रहन्जुले	रहुन्जेल
१६९	८	उहाँ	उहाँले
१७५	१८	अवस्थहरू	अवस्थाहरू
१७६	४	अर्धमक्त	अर्धभक्त
१७६	२१	अकर्षित	आकर्षित
१७८	१७	द्वैतवद	द्वैतवाद
१८१	८	अफठ्यारो	अप्ठ्यारो
१८५	२९	छ	छन्
१८६	२५	करो	कुरो
१८९	१२	आएको	आएका
चित्रमुनि (क)	५	एकाकर	एकाकार
लेखकको परिचय	२०	भापमा	भाषामा



